# लिगल आइ

## केन्द्रीय महाधिवेशन

## २०८०

**प्रधान सम्पादक**

अधिवक्ता विकास भट्टराई

**सम्पादक मण्डल**

अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल

अधिवक्ता कमल इटनी

अधिवक्ता प्रताप पौडेल

रत्नसुन्दर खुजु

**प्रकाशक**

**नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन**

**थापाथली, काठमाडौं, नेपाल**

**लिगल आइ**

**केन्द्रीय महाधिवेशन–२०८०**


प्रकाशन : २०८० जेठ

सर्वाधिकार : नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन

लेआउट : आनन्द शर्मा, एड. चौतारी प्रा. लि., कमलपोखरी, ०१–४४२६१९१

मुद्रण : वेत्रावती प्रिण्टिङ्ग प्रेस, नयाँ बानेश्वर, काठमाडौं

प्रकाशक : नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन, थापाथली, काठमाडौं

फोन : ०१–४२५१०८४

# प्रकाशन समिति

| | | |
|---|---|---|
| संयोजक | : | राजु कटवाल |
| सह संयोजक | : | शर्मिला थापा विष्ट |
| सदस्य | : | कीर्तिनाथ शर्मा पौडेल |
| सदस्य | : | शर्मिला गौतम बस्याल |
| सदस्य | : | सन्तोष तिवारी |
| सदस्य | : | आर.सी. बिमल (पौडेल) |
| सदस्य | : | हेमन्तराज दाहाल |
| सदस्य | : | आर.सी. गौतम |
| सदस्य | : | सेमन्त दाहाल |
| सदस्य | : | निर्मला भण्डारी |
| सदस्य | : | दुर्गाप्रसाद पोखरेल |
| सदस्य | : | अशोककुमार मेहता |
| सदस्य | : | अच्युतम आचार्य |
| सदस्य | : | सरोज अधिकारी |
| सदस्य | : | विनोद कार्की |
| सदस्य | : | ध्रुवराज शर्मा पराजुली |
| सदस्य | : | विश्वजित तिवारी |
| सदस्य | : | रेशमराज गिरी |
| सदस्य | : | सन्तोष पाण्डे |
| सदस्य | : | अन्जना अर्याल |
| सदस्य | : | माया घिमिरे |
| सदस्य | : | विवस बस्नेत |
| सदस्य | : | विनोद कर्ण |
| सदस्य | : | गोकुल भण्डारी |
| सदस्य | : | जनक सिंह साउद |
| सदस्य सचिव | : | दिब्यराज घिमिरे |

# नेपाल डेमोक्र्याटिक लयर्स एशोशिएन
# केन्द्रीय कार्यसमिति (२०७५-२०८०)



**योगेन्द्र बहादुर अधिकारी**
अध्यक्ष



**सुरेश कुमार पौडेल**
वरिष्ठ उपाध्यक्ष



**डा. सुषमा बराल (बास्कोटा)**
महिला उपाध्यक्ष



**मुरारी खड्का**
उपाध्यक्ष



**राजन प्रसाद दाहाल**
उपाध्यक्ष



**राजु कटुवाल**
उपाध्यक्ष



**फणिन्द्र राज कोईराला**
उपाध्यक्ष



**गोकर्ण सिंह थापा**
उपाध्यक्ष



**खड्ग बहादुर सिजापती**
उपाध्यक्ष



**बीर बहादुर जेठरा**
उपाध्यक्ष



**लक्ष्मीदेवी दाहाल (रावल)**
महासचिव



**सुधा खतिवडा**
कोषाध्यक्ष



**खड्ग बहादुर बुढाथोकी (सुवास)**
सचिव



**विष्णु बस्याल**
महिला सचिव



**भरत प्रसाद खरेल (पदेन)**
सदस्य



**निर्मल गौतम**
सदस्य



**अश्वीनी कुमार भट्टराई**
सदस्य



**राम बन्धु शर्मा**
सदस्य



**किर्तिनाथ शर्मा**
सदस्य

# नेपाल डेमोक्र्याटिक लयर्स एशोशिएन
# केन्द्रीय कार्यसमिति (२०७५–२०८०)



**लोक बहादुर शाह**
सदस्य



**शर्मिला थापा बिष्ट**
सदस्य



**दमन राज बम**
सदस्य



**अब्दुल अजीज आलम**
सदस्य



**यज्ञ लक्ष्मी चौलागाई**
सदस्य



**उद्धब राज भट्ट**
सदस्य



**नागेन्द्र प्रसाद यादव**
सदस्य



**शर्मिला गौतम बस्याल**
सदस्य



**अर्जुन कुमार बास्कोटा**
सदस्य



**मनोजकुमार चौधरी**
सदस्य



**सन्तोष कुमार पाण्डे**
सदस्य



**रन बहादुर थेबे**
सदस्य



**शारदा कुमारी पौडेल**
सदस्य



**अमृत बहादुर नेपाली**
सदस्य



**सरोज अधिकारी**
सदस्य



**रुपेश लामा**
सदस्य



**जगदिश बम**
सदस्य



**सन्तोष तिवारी**
सदस्य



**कुमार मगर**
सदस्य



**दिव्य राज घिमिरे**
सदस्य



**अ. मदन कुमार डंगोल**
सदस्य



**अ. गणेशराज सिग्देल**
सदस्य



**अ. हेमन्तराज दाहाल**
सदस्य



**अ. सुधा रिजाल**
सदस्य

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी पी स्मृति भवन, ललितपुर, नेपाल

नेपाली कांग्रेस नेपाल केन्द्रीय कार्यालय

जेठ २३, २०८०

# शुभकामना

लोकतान्त्रिक प्रणालीको पहेरदारीमा सधैं प्रयत्नशील रही राष्ट्रियता, लोकतान्त्रिक समाजवादका मूल्य, मान्यता तथा प्रक्रिया एवं मानव अधिकार, कानूनको शासन र सामाजिक न्यायको सिद्धान्तको लागि नेतृत्वदायी भूमिकामा कटिबद्ध रही सदा अग्रपंक्तिमा रहने नेपाल डेमोक्रेटिक लयर्स एशोसिएशन (डि.एल.ए. नेपाल) ले चौंथो दशकको गन्तव्य तय गर्दा सम्म अनेकौं आरोह अबरोहहरु पार गर्दै पर्यटकीय नगर चितवनको टाँडीमा यही जेठ २६ र २७ गते एघारौं महाधिवेशन सम्पन्न गर्न गईरहेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

नेपालको लोकतान्त्रिक आन्दोलनका हरेक कालखण्डमा अग्रणी भूमिका निर्वाह गर्दै गौरवशाली इतिहास बोकेको नेपाली कांग्रेसले— माओवादी सशस्त्र द्वन्द्वको अन्त्य र शान्ति प्रक्रिया, हतियार व्यवस्थापन, संविधानसभाको निर्वाचन, संविधान निर्माण, संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा, राजनीतिक स्थिरता, आम निर्वाचन र गणतन्त्र संस्थागत लगायतका हरेक गतिबिधिमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ । नेपाली कांग्रेसको साहसिक र दुरगामी निर्णय तथा लोकतन्त्र र समृद्धिप्रति प्रतिबद्ध भएकाले देशका लागि यस पार्टीको भूमिका आगामी दिनमा पनि अपरिहार्य रहेको छ । यो यथार्थलाई ने.क.पा. लगायत कुनै पनि राजनीतिक शक्तिले नजरअन्दाज गर्न सक्दैन । नेपाली कांग्रेसको यस एतिहाँसिक क्रियाकलापका सफलतामा शुभेच्छुक संस्थाको रुपमा रहेको नेपाल डेमोक्रेटिक लयर्स एशोसिएशनको साथ र सहयोगको अपरिहार्य भूमिका रहेको थियो र सदा रहिरहने छ ।

मानव अधिकार, विधिको शासन, स्वतन्त्र न्यायापालिका र सुशासनको प्रत्याभूतिका लागि यस नेपाल डेमोक्रेटिक लयर्स एशोसिएशन (डि.एल.ए. नेपाल) द्वारा चालिएका कदमहरु प्रशंसनीय छन् । यस कदमलाई अझ सशक्त बनाउँदै लैजान चितवन जिल्लाको टाँडीमा सम्पन्न हुन लागेको ११ महाधिवेशनले थप उर्जा मिल्नेछ भन्ने कुरामा बिस्वस्त छु । अन्तमा यस नेपाल डेमोक्रेटिक लयर्स एशोसिएशन (डि.एल.ए. नेपाल) को ११ औं महाधिवेशन भव्य र शव्य रुपमा सम्पन्न होस् भन्ने शुभकामना ब्यक्त गर्दछु ।

जय नेपाल ।

शेरबहादुर देउवा
**सभापति**

टेलिफोन (००९७७-१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स ५१८३२६६
E-mail: info@nepalicongress.org / Internet Access: http://www.nepalicongress.org

नेपाली कांग्रेस

केन्द्रीय कार्यालय

बी पी स्मृति भवन, ललितपुर, नेपाल

जेठ २४, २०८०

# शुभकामना

स्वतन्त्र र सक्षम न्याय प्रणाली स्थापना तथा विधिको शासन एवं लोकतान्त्रिक प्रणालीको स्थापनामा सदैव प्रयत्नशील रही राष्ट्रियता, संवैधानिक सर्वोच्चता, स्वतन्त्र, निष्पक्ष र भ्रष्टाचारमुक्त न्यायपालिका एवं मानव अधिकार र सामाजिक न्यायको सिद्धान्तप्रति प्रतिवद्ध रहँदै आएको नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन (डि.एल.ए., नेपाल) को ११ औं महाधिवेशन रमणीय भूमि चितवन जिल्लाको टाँडीमा सम्पन्न हुन लागेको जानकारी पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ ।

नागरिकको संवैधानिक अधिकारको संरक्षण गरी कानूनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता तथा सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्दै लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्ने, फौजदारी न्याय अनुभुति गर्ने अवस्थाको सृजना गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गरी सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति समेत गराई संवैधानिक मर्म, मूल्य र मान्यताका लागि नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन (डि.एल.ए., नेपाल) को क्रियाशीलता साँच्चै सह्रानीय छ । यस महाधिवेशनले यस क्रियाशिलतालाई अझ प्रगाढ बनाउने छ भन्ने विश्वास लिएको छु ।

राष्ट्रियता, संवैधानिक सर्वोच्चता, विधिको शासन, स्वतन्त्र, निष्पक्ष र भ्रष्टाचारमुक्त न्यायपालिका, सामाजिक न्यायको सिद्धान्त एवं मानव अधिकारको वकालत गर्दै मुलुकमा दिगो शान्ति, सुशासन, समृद्धि तथा सामाजिक न्याय सुनिश्चितताको लागि यस विशेष दिनले प्रेरणा प्रदान गर्ने छ भन्ने बिश्वासका साथ नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशन (डि.एल.ए., नेपाल) को ११ औं महाधिवेशन सफलताका साथ सम्पन्न होस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**जय नेपाल !**

पूर्ण बहादुर खड्का

उपसभापति

एवं

प्रमुख

केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

टेलिफोन : (००९७७-१) ५१८३२६३ /५१८३२६४/५१८३२६५, फ्याक्स : ५१८३२६६
E-mail: info@nepalicongress.org / Internet Access: http://www.nepalicongress.org

नेपाल सरकार
Government of Nepal

**मा. धनराज गुरुङ्ग**
मन्त्री
**कानून, न्याय तथा संसदीय मामिला**

**Hon. Dhanraj Gurung**
**Minister for**
**Law, Justice and Parliamentary Affairs**

मितिः २०८०/०२/२६

# शुभकामना

स्थापना कालदेखि अनेकौं उकाली ओराली झेल्दै मुलुकमा दिगो शान्ति, सुशासन, विकास, समृद्धि तथा सामाजिक न्याय सुनिश्चितताको लागि समान र सहज पहुँच सहितको जनआस्थामा आधारित न्याय प्रणालीको स्थापनामा सशक्त भुमिकामा रहेको **नेपाल डेमोक्याटिक लयर्स एशोसिएशन (डि.एल.ए. नेपाल)** को पर्यटकीय नगर चितवनको टाँडीमा यही जेष्ठ २६ र २७ गते एघारौं महाधिवेशन सम्पन्न हुन गईरहेको थाहा पाउँदा खुशी लाग्यो। शुरुदेखि नै नेपाल डेमोक्याटिक लयर्स एशोसिएशन (डि.एल.ए. नेपाल) ले लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्न, आम नागरिकले लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गर्न, फौजदारी न्यायलाई अनुभुती गर्न तथा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गरी सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन, अधिनायकबादतर्फ उन्मुख भएको कम्युनिष्ट सरकारले मानव अधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका लगायतका मूल्य मान्यतालाई लत्याउँदा सरकारलाई खवरदारी गर्न तथा राज्यलाई संकट परेको समयमा हातेमालो गर्न समेत क्रियाशिल रुपमा बिभिन्न कार्यक्रम गर्दै आईरहेको तथ्य सर्वविदितै छ। वर्तमान परिस्थितिमा डिएलएले आफ्नो भूमिकालाई अझ सशक्त बनाउन आवश्यक भएको छ।

नेपालको संविधानले प्रत्याभूत गरेका हक अधिकार तथा स्वच्छ, निष्पक्ष, सुलभ, गुणस्तरीय एवम् प्रभावकारी न्याय सम्पादनको सुनिश्चितता गर्दै विकास र समृद्धिप्रतिको हरेक नागरिकको इच्छा-आकाँक्षालाई पूर्ति गर्न एवम् सुशासनको अनुभूति दिलाउनुको साथै पेशागत दक्षतासंगै व्यवसायिक आचरण र निष्ठामा समेत प्रतिवद्ध रहन आजको यस विशेष दिनले **नेपाल डेमोक्याटिक लयर्स एशोसिएशन (डि.एल.ए. नेपाल)** लाई थप हौसला प्रदान गर्नसकोस् भन्ने शुभेच्छाका साथ यस ११ औं महाधिवेशन भब्य तथा सभ्य रुपमा सफलताका साथ सम्पन्न हुन सकोस् भन्ने शुभकामना समेत ब्यक्त गर्दछु।

धनराज गुरुङ
कानून न्याय तथा संसदीय मामिला मन्त्री

फोन नं.: ०१-४२११९७४, फ्याक्स नं.: ९७७-१-४२११६८४, पोष्ट बक्स नं.: ४६८१, सिंहदरबार, काठमाडौं, नेपाल
E-mail: infolaw@moljpa.gov.np, Website: www.moljpa.gov.np

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय
बी.पी. स्मृति भवन, ललितपुर, नेपाल

जेठ २२, २०८०

# शुभकामना

लोकतन्त्र, कानूनको शासन, स्वतन्त्र र निष्पक्ष न्यायप्रणालीका पक्षमा निरन्तर क्रियाशील नेपाल डेमोक्याटिक लयर्स एशोसिएशन (डि.एल.ए. नेपाल) को एघारौं महाधिवेशनका अवसरमा 'लिगल आई' विशेषाङ्क प्रकाशित हुन लागेको थाहा पाउँदा खुशी लागेको छ। महाधिवेशनको सफलताको कामना गर्दछु।

डि.एल.ए. नेपालले नेपालको लोकतान्त्रिक आन्दोलनमा सदैव आफुलाई अग्रभागमा उभ्याउदै स्वतन्त्र न्यायपालिका र चुस्त न्यायप्रशासनका सन्दर्भमा आवाज उठाउँदै आएको छ। न्यायलयको स्वतन्त्रता र निस्पक्षता लोकतन्त्रिक व्यवस्थाको प्रमुख आधार स्तम्भ हो। यसर्थ, यसको मर्यादालाई बचाईराख्नु न्यायिक नेतृत्व र कानून व्यवसायी सबैको नैतिक कर्तव्य हो।

नेपाली कांग्रेस स्वतन्त्र न्यायपालिकाको पक्षमा सदैव दृढतापूर्वक उभिएको छ। लोकतन्त्र र न्यायको आधारभूत मर्ममाथि हुने सबैखाले प्रहारलाई रोक्न र अदालतप्रतिको जनविश्वासलाई डगमगाउन नदिन विगतमा कांग्रेसले नै निकासका लागि अग्रसरता लिदै आएको छ। स्वतन्त्र, निस्पक्ष र सक्षम न्यायपालिका विना हामीले विश्वास गरेको उदार लोकतन्त्र र जनअधिकारको रक्षा सम्भव छैन भन्ने कुरामा म प्रष्ट छु। त्यसैले न्यायालय भित्रको शुद्धता र पवित्रताको लागि स्पष्ट नीति र दृष्टिकोणका साथ अझै धेरै काम गर्नु आवश्यक छ। मानव अधिकार, विधिको शासन स्वतन्त्र न्यायापालिका र सुशासनको प्रत्याभूतिका लागि नेपाल डेमोक्याटिक लयर्स एशोसिएशनले गरेका रचनात्मक अभियानलाई अझ सशक्त बनाउन, न्यायलयभित्रका विकृतिलाई हटाउन, कानून व्यवसायीको व्यवसायिक हित, प्रतिष्ठा र पेशागत सुरक्षाका सन्दर्भमा अझै खरो ढङ्गले उपस्थित जनाउन यो एघारौं महाधिवेशनले थप उर्जा दिनेछ भन्ने अपेक्षा लिएको छु।

अन्त्यमा 'लिगल आई' कानूनको विषयमा जान्न चाहानेका लागि पठनीय र संग्रहनीय बनोस्। नेपाल डेमोक्याटिक लयर्स एशोसिएशन (डि.एल.ए. नेपाल) ले सम्पूर्ण लोकतन्त्रवादी कानून व्यवसायी, नवोदित कानून व्यवसायीलाई समेट्दै पेशागत हक हित र सुरक्षाका साथै लोकतन्त्र र लोकतान्त्रिक मूल्य मान्यताको सम्वर्द्धनका लागि अझै क्रियाशिल रहन सकोस्। एघारौं महाधिवेशनको सफलताको हार्दिक शुभकामना!

**जय नेपाल!**

गगनकुमार थापा
**महामन्त्री**

टेलिफोन : (००९७७-१) ५१८३२५३ /५१८३२६४/५१८३२५५, फ्याक्स : ५१८३२६६
E-mail: info@nepalicongress.org / **Internet Access: http://www.nepalicongress.org**





# नयाँ कार्यसमितिका चुनौती

लोकतन्त्रको आधारस्तम्भ भनेको स्वतन्त्र न्यायपालिका, विधिको शासन, मानव अधिकार, सिमित सरकार, संवैधानिक सर्वोच्चता, मौलिक हकको ग्यारेन्टीलगायतका विषयहरु हुन् । यस्ता विषय अपहरणमा परेमा त्यो देशमा लोकतन्त्र रहँदैन । लोकतन्त्रलाई संस्थागत गर्नको लागि यी सबै विषयलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाले बडो गम्भीरतापूर्वक लिनुपर्छ । एउटा निकायले मात्र त्यस्ता विषयमा गडबढी गरेमा जनताले दुःख पाउँछन् र लोकतन्त्रमा दाग लाग्छ । संविधानले दिएको आ-आफ्नो अधिकारको सिमा भित्र रही ती तीन निकायले कार्य गर्ने हो भने मौलिक हक हनन् हुँदैन । मौलिक हक हनन् नहुनु भनेको जनताको अधिकारको रक्षा हुनु हो ।

ती तीन निकायमध्ये कार्यपालिका बढी अराजक हुन खोज्दछ । यो हरेक देशको विशेषता नै हो, त्यही भएर शक्तिपृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्तको जन्म भएको हो । जनताको अधिकार खोस्ने मध्ये कार्यपालिकाको नै हात बढी देखिन्छ । यसैलाई ध्यानमा राखी कार्यपालिकालाई नियन्त्रण गर्न व्यवस्थापिका र न्यायपालिकालाई संविधानले नै अधिकार दिएको हुन्छ । त्यस्तै न्यायपालिका र व्यवस्थापिका आफ्नो कार्यक्षेत्र तथा अधिकार बाहिर गएर कुनै काम गर्न खोजेमा वा गरेमा कार्यपालिकाले पनि ती दुई निकायलाई नियन्त्रण गर्ने क्षमता राख्दछ । यसैलाई शक्तिसन्तुलनको सिद्धान्त भनिन्छ । यो सिद्धान्तलाई सम्बन्धित निकायहरुले उचित रुपमा कार्यान्वयन गरेमा संविधानलाई जीवन्त गराउन मद्दत पुग्दछ । संविधान जीवन्त हुनु भनेको लोकतन्त्रले संस्थागत हुने मौका पाउनु हो ।

कहिलेकाँही ती तीन वटै निकायले आफ्नो सीमा भन्दा बाहिर गई कार्य गर्न सक्दछन् । यस्तो अवस्थामा नागरिक समाज सचेत हुन जरुरी हुन्छ । कानून व्यवसायीहरु नागरिक समाजका अभिन्न अङ्ग हुन् । कानून व्यवसायीले आन्दोलन गरी धेरै परिवर्तन गर्न सक्छन् भनेर धेरै उदाहरण दिन सकिन्छ । २०६२/०६३ सालको परिवर्तन होस् वा न्यायपालिकालाई सुधार गर्न होस्, कानून व्यवसायीको आन्दोलन महत्वपूर्ण रहेको छ । त्यसमा पनि लोकतान्त्रिक कानून व्यवसायीले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई लोकतान्त्रिक पद्दतीमा हिडाउन अहम् भूमिका खेलेका छन् । लोकतान्त्रिक कानून व्यवसायीहरु एकजुट भई नेपाल डेमोक्रेटिक लयर्स एशोसिएशन (डिएलए) नामक संस्था गठन गरिएको पनि धेरै भइसकेको छ । यो संस्थाले आफ्नो उद्देश्य अनुसार कार्य नसकेको भनी बेलाबेलामा गुनासो आउने

भएपनि त्यो सबै सत्य होइन । माथि नै भनिए जस्तो लोकतन्त्र बहाल गर्नको लागिलगायत न्यायालय सुधारका लागि भएका आन्दोलन उल्लेखनीय रहेका छन् । यस्तो संस्थाको अव नयाँ नेतृत्व चयन हुँदै छ । अवको नेतृत्व मुलुकलाई संविधानले लक्ष्य लिएको समाजवाद उन्मुख बनाउने दिशामा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नुपर्छ । नेपालको संविधानको प्रस्तावनमा उल्लेख भएका बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई अझ दरिलो बनाउन नयाँ नेतृत लाग्नुपर्दछ । यसैगरी जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजको विकास गराउन नयाँ नेतृत्वसमक्ष चुनौती देखिएको छ । किनभने, लोकतान्त्रिक मूल्य र मान्यताका ती विषयहरुलाई कतिपय अवस्थामा सम्बन्धित निकायहरुले नै बेवास्ता गर्ने गरेका आरोप लाग्दै आएको छ । जुनसुकै पार्टीको सरकार आएपनि नागरिक स्वतन्त्रताको अपहरण भयो भन्ने आरोप लाग्ने गरेको छ, संविधानमा उल्लेख भएको पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति भएन भन्ने गुनासो पनि त्यत्तिकै सुनिने गरेको पाइन्छ । निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राजको बारेमा सरकारले केही गरेन वा पालना गरेन भन्ने झन् बढी आवाजहरु आइरहेका पाइन्छ । नागरिक समाजको अगुवाको हैसियतले कानून व्यवसायीहरुले यसबारेमा सधैं ध्यान दिई लोकतान्त्रिक मूल्य र मान्यतालाई जस्ताको तस्तै राख्नको लागि पहल गर्न जरुरी छ । डिएलएको नयाँ नेतृत्व यस्ता विषयमा प्रमुख भूमिका खेल्छ भन्ने विश्वास गरिएको छ ।

यिनै विश्वासका साथ डिएलएको यसपटकको महाधिवेशनमा पनि कानून व्यवसायीहरु माझ लोकप्रिय रहेको लिगल आइ प्रकाशन गर्ने प्रकाशन समिति निर्णय गरेअनुसार यो जमर्को गरिएको छ । यो लिगल आइ प्रकाशन गर्दा केही कमिकमजोरी भएमा पाठकबृन्दले क्षमा दिनुहुनेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा डिएलएको महाधिवेशन भव्य र सभ्यसाथ सम्पन्न भई नयाँ नेतृत्वले आफ्नो कार्यकाल सफलताका साथ सम्पन्न गर्न सकोस् भन्ने कामना पनि गर्दछु । डिएलएमा केही मनमुटाव भएपनि आगामी दिनमा वार्ताद्धारा त्यसलाई समाधान गर्न पनि अव आउने कार्यसमिति सक्षम हुने छ भन्ने विश्वास लिएको छु ।

**अधिवक्ता राजु कटवाल**



## सम्पादकीय

# निडर नेतृत्व आवश्यक

लोकतान्त्रिक कानून व्यवसायीहरुको ११औं महाधिवेशनले नयाँ नेतृत्व चयन गर्ने भएको छ । नयाँ नेतृत्वले कानून व्यवसायीको समस्या, नवोदित कानून व्यवसायीको पेशामा सुनिश्चित हुने वातावरणलगायतको विषयमा सोचेर अगाडि बढ्नु पर्ने चुनौती रहेको छ । कानून व्यवसायीहरुको सङ्ख्या बढ्दै गएको छ । यो व्यवसायमा सिण्डिकेटको बारेमा बेलाबेलामा कुरा उठ्ने गरेको पनि छ । यस्तो अवस्थामा नयाँ कानून व्यवसायीहरुलाई पेशामा टिकिरहने वातावरणको सिर्जना गर्नु पनि कम चुनौतीको विषय होइन ।

साँच्चै भन्ने हो भने नेपाल डेमोक्रेटिक लयर्स एशोसिएशन (डिएलए) को स्थापना कानून व्यवसायीहरुको हकहितमा कार्य गर्नको लागि भएको हो । यसको स्थापना कालदेखि केही समयसम्म यसले सह्रानीय कार्य गरेको थियो । त्यसपछि यसले कानून व्यवसायीको हकहित भन्दाबढी राजनीतितिर ध्यान दिएको हो कि भन्ने केही गुनासो पनि आउनु गरेको थियो । यस्तो गुनासो केही हदसम्म उचित नै होला, तर यस संस्थाले कानून व्यवसायी हकहितको बारेमा पटक्कै केही पनि गरेन भन्ने होइन । डिएलएले कानून व्यवसायीको हकहितमा धेरै कार्य गरेको छ । यसका साथै सरकारले गैरसंवैधानिक तथा गैरकानूनी कार्य गरेको खण्डमा त्यसविरुद्ध यो संस्था डटेर लागेको धेरै उदाहरण पनि छन् । यसको मतलव सार्वजनिक रुपमा कसैले गैरसंवैधानिक तथा गैरकानूनी कार्य गरेमा त्यसविरुद्ध डटेर लागेर त्यस कार्यलाई बदर गराउन पहल गरी संविधान र कानूनलाई ट्र्याकमा ल्याउने कार्य पनि डिएलएको हो ।

कानून व्यवसायी समाजका आँखा हुन् । समाजमा रहेका असहाय, निमुखा तथा अन्यायमा परेकालाई न्याय दिनको लागि प्रयास गर्ने उनीहरुको प्रमुख कार्य हो । कुनै पनि जटील विषयलाई एकै जनाले समाधान गर्न नसक्ने भएकै कारणले संगठित भएर अगाडि बढ्नु परेको हो । संगठित भएर लाग्ने हो भने जुनसुकै जटील कार्य पनि सजिलै समाधान गर्न सकिन्छ । यही उद्देश्यका साथ डिएलए जस्तो लोकतान्त्रिक संस्थाको गठन भएको हो । जुन उद्देश्यका साथ डिएलए गठन भएको हो, त्यस उद्देश्यलाई पूरा गर्न यो संस्था त्यति लागेको छैन भनेर बेलाबेलामा कुरा उठ्ने गरेको पनि छ ।

लोकतान्त्रिक मूल्यमान्यताहरुलाई बचाई राख्नको लागि यस संस्थामा विश्वास राख्ने सम्पूर्ण कानून व्यवसायीहरुको दायित्व तथा कर्तव्य हो । यसका साथै स्वतन्त्र न्यायपालिकामा हुनुपर्ने जुन अवयवहरु छन्, त्यसलाई हनन् हुन नदिन सधैं खवरदारी गर्ने कर्तव्य पनि कानून व्यवसायीको हो । स्वतन्त्र न्यायपालिकालाई निर्देशित बनाउने प्रयत्न कार्यपालिकाले गर्ने स्वभाविकै हो । तर, यसविरुद्ध खवरदारी गर्ने कर्तव्य कानून व्यवसायीको हो । यसरी

खवरदारी गर्नको लागि कानून व्यवसायीहरुले सडक तथा कानूनी तथा संवैधानिक व्यवस्था अनुसार आन्दोलन  गरेका धेरै उदाहरणहरु छन् । यसरी आन्दोलन गर्दा लोकतान्त्रिक कानून व्यवसायीहरुको अग्रणी भूमिका रहेको छ । विगतमा एकै प्रधानमन्त्रीले दुई पटकसम्म प्रतिनिधि सभा विघटन गर्दा डिएलएको नेतृत्वमा कानून व्यवसायीले संवैधानिक तथा कानूनी व्यवस्थाबमोजिम आन्दोलन गरेका थिए । रिट निवेदनमार्फत बहस पैरवी गर्नु पनि आन्दोलनको एक रुप हो ।

न्याय क्षेत्रमा धेरै चुनौतीहरु छन् । यसलाई खवरदारी गर्न डिएलएको अवको नेतृत्व सक्षम हुनै पर्छ । डिएलएमा बेलाबेलामा देखिने असमझदारीलाई हल गर्नु पनि अवको नेतृत्वको कर्तव्य हो । डिएलएमा आवद्ध कानून व्यवसायीलाई एक ढिक्का बनाई विधिको शासन, स्वतन्त्र तथा सक्षम न्यायपालिका, मानव अधिकारको रक्षाका गराउन अधिकतम् पहल गर्ने खालको अवको नेतृत्वको आवश्यक छ । देशभरबाट चितवनमा भेला भई नेतृत्व चयन गर्न आतूर लोकतन्त्रमा विश्वास गर्ने कानून व्यवसायीहरुको इच्छा निश्चय पनि मुलुकमा सुशासन होस् भन्ने रहेको छ । जसले जेसुकै भने पनि राजनीतिले हरेक क्षेत्रमा प्रभाव पारेकै हुन्छ । राजनीतिबाट कानून व्यवसायी अलग हुनुपर्छ भन्ने मान्यता रहेपनि सत्प्रतिशत त्यो मान्यता कायम राख्न सकिदैन । यसो भन्दैमा कानून व्यवसायीले पूरै राजनीतिक रङ्ग दलेर आफ्नो भनाई राख्नुपर्छ भन्ने होइन । कानून व्यवसायीले संविधान र कानूनलाई साथमा राखेर राजनीति गर्नुपर्छ । संविधान र कानूनमा टेकेर कानून व्यवसायीले गलतलाई गलत र उचितलाई उचित भन्न सक्नुपर्छ । कसैलाई उचित लागेको विषय अर्कोलाई गलत लाग्न सक्छ, कसैलाई गलत लागेको विषय अर्कोलाई उचित लाग्न सक्छ । यो स्वभाविक विषय हो । तर, कसैले मनमा लागेको कुरा स्वार्थरहित, निस्वार्थ भावले व्यक्त गर्दछ भने त्यही विषय नै सत्य हो ।

हो, डिएलएको अवको नेतृत्व यस्तै स्वार्थरहित र निस्वार्थ भाव भएको कानून व्यवसायी चयन हुनुपर्छ । जटील विषयलाई पनि सहजै गाँठो फुकाउन सक्ने व्यक्ति डिएलएको नेतृत्वमा आउनुपर्छ । अध्यक्षदेखि सदस्यसम्म सबैको उत्तिकै भूमिका रहेको हुन्छ । त्यसकारण निस्वार्थ भाव भएका र निडर अध्यक्षदेखि सबैभन्दा तलको सदस्य पनि बडो होसियार पूर्वक चयन गर्न लोकतान्त्रिक पक्षधर कानून व्यवसायी सक्षम हुनु हुनेछ भन्ने विश्वास लिइएको छ । अन्त्यमा यस लिगल आइ अत्यन्तै छोटो समयमा प्रकाशित गर्न लागिएका कारण केही गल्ती अवस्य पनि छन्, त्यसकारण आदरणीय पाठकहरुले यसलाई माफ दिनु हुने छ भन्ने आशा राखेको छु ।

**अधिवक्ता विकास भट्टराई**
संयोजक
सम्पादक समिति

# विषय सूची


| क्र.सं. | नाम | शिर्षक | पेज नं. |
|---|---|---|---|
| १ | अन्तर्वार्ता : अध्यक्ष अधिकारी | न्यायपालिका सुधार्न निर्मम ढंगले लाग्नु पर्ने बेला आएको छ | १७ |
| २ | अन्तर्वाता : अधिवक्ता लक्ष्मीदेवी दाहाल (रावल) | लोकतन्त्रमा विश्वास गर्ने कानून व्यवसायीलाई एक ढिक्का बनाउनेछु | २१ |
| ३ | वरिष्ठ अधिवक्ता यदुनाथ खनाल | रिट क्षेत्राधिकारको व्यावहारिक पक्ष | २७ |
| ४ | अधिवक्ता डा. अवतार न्यौपाने | चेक अनादरमा बैकिङ्ग कसूर र मिलापत्र | ३९ |
| ५ | अधिवक्ता विकास भट्टराई | संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारमा देखिएको विवाद | ४६ |
| ६ | अधिवक्ता स्वागत नेपाल | छद्म निरपेक्षता कि धर्म निरपेक्षता ? | ५० |
| ७ | अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल | नेपालको संविधानका विशेषताहरु | ६१ |
| ८ | अधिवक्ता सरोज कृष्ण घिमिरे | गैरआवासीय नेपालीको विदेशी लगानीसम्बन्धी कानूनी पाटो | ६४ |
| ९ | अधिवक्ता रादिका चम्लागाई | मनोवैज्ञानिक आघातका कारण बकपत्र परिवर्तनले अनपेक्षित फैसलाहरू | ७० |
| १० | पत्रकार यम विरही | लोकतान्त्रिक गणतन्त्रका पन्ध्र बर्ष सकिने कि सच्चिने ? | ८७ |
| ११ | अधिवक्ता जनक राज आचार्य | सम्पत्ति कानूनमा बौद्धिक सम्पत्तिको स्थिती | ९१ |
| १२ | अधिवक्ता विशाल कुमार उपाध्याय | भू- राजनीतिः पावर यूरोपबाट एसिया तिर सर्दै | ९६ |
| १३ | अधिवक्ता रुद्र कन्दङवा | किन भ्रष्टाचारको सिमसारमा भासिन्छन् नेताहरु ? | १०३ |

| | | | |
|---|---|---|---|
| १४ | तुलसी राम पोखरेल आचार्य तथा अधिवक्ता | कालीगण्डकी डाइभर्सन गर्न नहुने कारण | १०७ |
| १५ | अधिवक्ता शर्मिला थापा विष्ट | नेपाली परिपेच्छमा महिला र मानवअधिकार | ११५ |
| १६ | अधिवक्ता झबिन्द्र ज्ञवाली | मुलुकी अपराध संहितामा वातावरणीय विषयवस्तु | १२१ |
| १७ | अधिवक्ता सरोज अधिकारी | नेपाली काँग्रेस, डि.एल.ए. र प्रजातन्त्र | १२५ |
| १८ | अधिवक्ता सुधिर कुमार कर्ण | नागरिकता सम्वन्धि संवैधानिक व्यवस्था र नागरिकता विहिनताको पिडा | १२७ |
| १९ | अधिवक्ता विष्णु वस्याल | सरोगेसी सम्वन्धी कानून : नेपालमा कानूनको आवश्यकता र चुनौति एक विश्लेषण | १३१ |
| २० | अधिवक्ता कृष्णप्रसाद भण्डारी | कानूनी सहायताको विकासक्रम र दक्षिणपूर्वी एशियामा यसको अभ्यास | १३९ |
| २१ | अधिवक्ता विष्णु प्रसाद खनाल | Cyber law in Nepal | १५० |
| २२ | अधिवक्ता प्रमिश खनाल र आभाष मैनाली | Criminal Breach of Trust: New Crime Under Laws of Nepal | १५५ |
| २३ | लक्ष्मीदेवी दाहाल (रावल) महासचिव | प्रतिवेदन, २०८० | १६१ |
| २४ | सुधा खतिवडा (कोइराला) कोषाध्यक्ष | आर्थिक प्रतिवेदन, २०८० | १८० |
| २५ | लेखा परीक्षकको प्रतिवेदन (२०७५/७६ देखि २०७८/७९ सम्म) | | १९२ |
| २६ | प्रेस विज्ञप्ती | | २२० |
| २७ | हालसम्मका कार्यसमिति | | २५९ |
| २८ | प्रदेश कार्यसमिति | | २६३ |
| २९ | इकाई कार्यसमिति | | २६५ |
| ३० | आजीव सदस्य निर्देशिका (संशोधन २०८० सहित) | | २७६ |

# न्यायपालिका सुधार्न निर्मम ढंगले लाग्नु पर्ने बेला आएको छ - अध्यक्ष अधिकारी



## अन्तर्वार्ता:

**नेपाल डेमोक्रेटिक लयर्स एशोसिएशनका अध्यक्ष योगेन्द्रबहादुर अधिकारीसँग अधिवक्ता विकास भट्टराईले समसामयिक विषयमा लिएको अन्तर्वार्ताको सारसङ्क्षेप**

» **नेपाल डेमोक्रेटिक लयर्स एशोसिएशन (डिएलए) स्थापना गर्नुको उद्देश्य यहाँले बताइदिनु हुन्छ कि ?**

डिएलए स्थापना खासगरी मुलुकमा लोकतन्त्रको स्थापना गरी जनताको मौलिक हकलाई कार्यान्वयन गर्न, लोकतन्त्रमा विश्वास गर्ने कानून व्यवसायीको हकहित र बृत्ति विकास गर्ने उद्देश्यले स्थापना भएको हो । यस्तो पवित्र उद्देश्यका साथ स्थापना गर्ने लक्ष्मण अर्याललगायत अग्रजहरुलाई स्मरण गर्न चाहन्छु । मानव अधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिकाको वकालत गर्ने कानून व्यवसायीहरुलाई एउटा छाता मुनी राख्नको लागि अग्रजहरुले गरेको प्रयासलाई धेरै नै हदसम्म सह्राना गर्दै उहाँहरु प्रति नमन गर्न चाहन्छु ।

» **स्थापना कालदेखि हालसम्म आइपुग्दा डिएलएले आफ्नो उद्देश्यमा कत्तिको कार्य गरेको थियो र छ ?**

संस्थाले धेरै आरोह अवरोह पार गर्दै हालको अवस्थासम्म आइपुगेको छ । संस्थाले विगतदेखि नै मानव अधिकार, स्वतन्त्र न्यायपालिका, कानूनी शासन, संवैधानिक सर्वोच्चता, कानून व्यवसायीहरुको हकहितलाई नै ध्यानमा राखेर कार्य गर्दै आएको छ । यो संस्थाले न्यायपालिकालाई बदनाम गराउने खेलहरु प्रति सधैं विरोध गरी त्यसमा सचेत गराउँदै आएको छ । लोकतन्त्रमा विश्वास गर्ने नवोदित कानून व्यवसायीहरुलाई पेशामा आकर्षक गराउन केही मात्रामा भएपनि व्यावसायिक हकहितको कार्यक्रम ल्याइएको छ । यो कार्यक्रम जति गर्नुपर्थ्यो त्यो भने हुन सकेको छैन । यसलाई विस्तार गर्न आवश्यक छ । यसैलाई दृष्टिगत गरी हाल सातै प्रदेशमा यस संस्थाको सांगठिन

विस्तार भई ८४ वटा कमिटि गठन भइसकेको अवस्था छ । यी कमिटिहरुले आउने दिनमा कानून व्यवसायीहरुको हकहितमा कार्य गर्न पूर्वाधारहरु तयार गरी सोहीबमोजिम अगाडि बढ्नुपर्दछ ।

» **यहाँको अध्यक्षको कार्यकालमा संस्थामा के कस्तो सुधार भएको छ, त्यसलाई छोटकरीमा बताइदिनु हुन्छ की ?**

मेरो नेतृत्वको कार्यसमितिले थापाथलीस्थित कार्यालयमा भौतिक सुधार गरेको छ । लोकतन्त्रमा विश्वास राखी डिएलएमा आवद्ध आम कानून व्यवसायीको नामावली ‘ अपडेट’ गरेका छौं । न्यायपालिकामा हुने गरेका विकृति-विसङ्गतिविरुद्ध उभिरहचौं । हाम्रो कार्यकालमा दुई पटकसम्म प्रतिनिधिसभा विघटन भयो । मुलुकमा संवैधानिक सर्वोच्चता रहेको अवस्थामा संविधानभन्दा माथि गएर प्रतिनिधिसभा विघटन गरेको सह्य भएन । त्यसविरुद्ध हामी कानूनी प्रकृयाबमोजिम पनि लागेकै हो । अन्त्यमा दुवैपटक सर्वोच्च अदालतले प्रतिनिधिसभालाई पुनर्स्थापना गरिदियो । यसले संवैधानिक सर्वोच्चतालाई मर्न दिएन । संविधानलाई ट्र्याकमा ल्याउने कार्य सर्वोच्च अदालतले गरिदियो ।

यसबीचमा न्यायपालिकाभित्र आन्दोलन पनि भयो । सो आन्दोलनको सम्बन्धमा भएका टिकाटिप्पणीलाई लिएर केही असमझदारी पनि भएको थियो । वास्तवमा यो असमझदारी कुरा नबुझेर हो वा बुझाउन नसकेर हो, डिएलएमा आबद्ध केही कानून व्यवसायीहरुको विरोध आवाज पनि आएको थियो । वास्तवमा हाम्रो भनाई न्यायपालिकाको आगनमा आन्दोलन नगरौं भनिएको हो । संवैधानिक तथा कानून प्रकृयालाई अवलम्बन गरी समस्याको निकास निकालौं भन्ने हाम्रो आग्रह थियो । तत्कालीन प्रधानन्यायाधीशलाई महाभियोगबाट पनि कारवाही गर्न सकिन्छ भन्ने हाम्रो भनाई थियो । आखिरीमा महाभियोगकै प्रकृयामा गएर समस्याको निकास भएको यथार्थ हो । सो आन्दोलनले नेपाल बारलाई पनि केही न केही क्षति भएको मैले महसुस गरेको छु । नेपाल बारले गरेको र गर्ने गरेको हरेक क्रियाकलापलाई मैले नस्वीकार्ने कुरै आउँदैन । केवल विधि र प्रकृयामा कहिलेकाँही धेरै थोरै असहमति हुन सक्छ । कुरा त्यति मात्र हो । न्यायपालिका सुधार्ने र विधि तथा प्रकृयालाई संस्थागत गर्ने आन्दोलनमा हाम्रो सधैं एकबद्धता रहन्छ अर्थात विकृति विसंगतिविरुद्ध हाम्रो आवाज सधैं दरिलो थियो र हुन्छ पनि ।

» **न्यायपालिका भित्र गोलाप्रथा लागू भइसकेको छ । यसको फाइदा र बेफाइदा के के होलान् ?**

हो, न्यायपालिकाभित्र गोला प्रथा लागू भएको पनि धेरै भइसकेको छ । यो प्रकृया उचित नै छ । तर यतिले मात्र पुग्दैन । न्यायपालिका भित्र सुधार गर्नुपर्ने धेरै विषयहरु छन् । तिनीहरुलाई पनि पहिचान गरी सुधार गर्न जरुरी भइसकेको छ ।

**» अहिले नागरिकताको विषयमा भएको प्रमाणीकरण अत्यन्त विवादित अवस्थामा रहेको छ। सो विवादको बारेमा यहाँको के धारणा छ ?**

नागरिकता वितरण गर्दा अत्यन्त .होसियारी अपनाउनै पर्छ। हरेक सरकार राष्ट्र र नेपाली जनताप्रति वफादार हुनैपर्छ । यसो भनेर नेपाली जनता नागरिताविहीन भएपनि केही फरक पर्दैन भन्ने पटकै होइन । मेरो भनाईको मतलव कोही पनि नेपाली, नागरिकता विहीन भएर बस्नु नपरोस् भन्ने हो भने विदेशीले कुनै पनि हालतमा नेपाली नागरिकता नपाउन भनेर होसियार हुनै पर्छ। कुनै व्यक्ति नेपाली हो/होइन भन्ने बारेमा सरकारले नै बुझेर सोहीबमोजिम गर्नु/गराउनु पर्छ । राष्ट्र र राष्ट्रियतालाई केन्द्रविन्दुमा राखेर सरकारले कार्य गर्नुपर्छ। अब यो विषय न्यायपालिकाभित्र पनि गईसकेको छ। सर्वोच्च अदालतले यसबारेमा सबै केलाएर उचित निर्णय दिने नै छ।

**» लामो सयमसम्म न्यायपालिका नेतृत्वबिहीन जस्तै गरेर राखियो । यसबारेमा यहाँको धारण के छ होला ?**

हो, न्यायपालिका धेरै लामो समयसम्म कायममुकायमको भरमा सञ्चालन गर्ने वातावरणको सिर्जना गरियो । जुनसुकै पार्टीको सरकार बनेपनि न्यायपालिकालाई आफ्नो अनुकूल चलाउनको लागि प्रयास गर्ने गरिन्छ । अर्थात, सरकारमा गएपछि न्यायपालिकामा हस्तक्षेप गरेर आफू अनुकूल गराउने प्रयत्न हुने गरेको पाइन्छ। सरकारसँग सम्बन्धित विषयको आदेश वा फैसला गर्दा आफू अनुकूल भयो भने सरकारमा रहेका व्यक्तिले न्यायपालिकाको प्रशंसा गर्ने र आफू अनुकूल भएन भने त्यसको साटो फेर्ने कार्य भइरहेको देखिन्छ। न्यायपालिकालाई लामो समयसम्म नेतृत्वविहीन बनाउने खेल पनि यसैको परिणाम हो। यसले कसैलाई भलो गर्दैन। स्वतन्त्र न्यायपालिकाको अस्तित्वलाई सबैले सम्मान गर्नैपर्छ।

**» रेशम चौधरीविरुद्ध भएको कैद माफी दिने कार्यको हाल चर्चा चलिरहेको छ। यस बारेमा पनि यहाँको धारणा बताइदिनुस् न।**

रेशम चौधरीलाई लागेको कैद माफी दिएको विषय अत्यन्तै विवादित भएर रहेको छ। तीन तहको अदालतबाट कैद भएको विषयलाई लिएर एकाएक माफी दिएपछि विरोध हुनु स्वभाविकै हो। तैपनि यस विषयसँग सम्बन्धित विधि र प्रकृयालाई पनि हेर्नु पर्ने हुन्छ। उच्च अदालतको फैसलालाई सदर गरेको भएपनि सर्वोच्च अदालतले फैसलाको पूर्ण पाठ तयार गरिसकेको छैन। सर्वोच्चले के कसरी आफ्नो फैसला लेख्छ, त्यसलाई विश्लेषण गरेर माफी दिएको विषय सम्बन्धित हुन्छ। सर्वोच्चको फैसला र माफी दिएको विषयलाई एकै ठाउँमा राखेर केलाएपछि मात्र सोसँग सम्बन्धित धेरै कुराहरुको आँकलन गर्न सकिन्छ। हाल विरोध र समर्थन गर्नुभन्दा पनि सर्वोच्चको फैसला आएपछि माफी दिएको विषयको बारेमा धारणा बनाउँदा उचित हुन्छ जस्तो लाग्छ । माफी दिएको

विषयविरुद्ध पनि सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भइसकेको अवस्था छ। सर्वोच्चले रिट निवेदनको रोहमा रही अझ बढी व्याख्या गर्ने नै छ। यही रिट निवेदनको अन्तिम आदेश हुँदा माफी दिने सम्बन्धमा सर्वोच्चले बृहत रुपमा व्याख्या गर्ला नै ।

» **अन्त्यमा केही भन्न बाँकी छ र ?**

अव न्यायपालिकामा भएको विकृति विसंगतिलाई पूर्णरुपमा निराकरण गर्न सम्बन्धित पक्षहरु निर्मम ढंगले लाग्नु पर्ने भएको छ । न्यायपालिकाको चिन्ता गर्नेहरुले यसको सुधार गर्न आफ्नो आफ्नो ठाउँबाट योगदान दिनु पर्ने भएको छ। यसलाई वेवास्ता गरि बस्यौं भने झन् झन् दुर्गतीतर्फ जाने मैले देखेको छु। कानून व्यवसायी र न्याय क्षेत्रभित्र रही कार्य गर्नेहरु एक ढिक्का भई न्यायपालिका भित्र देखिएका दुर्गुणलाई हटाउने प्रयत्न गर्न ढिला गर्नु हुँदैन । समयमा नै यसतर्फ कदम चाली उचित निकास निकाल्ने प्रयास गरी सार्थक रुप दिन सबैसमक्ष आग्रह गर्दछु ।

# लोकतन्त्रमा विश्वास गर्ने कानून व्यवसायीलाई एक ढिक्का बनाउनेछु

## अन्तर्वार्ताः



## अधिवक्ता लक्ष्मीदेवी दाहाल (रावल)

**प्रश्नः नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको महासचिव हुनुभएपछि संस्थाले गरेको महत्वपूर्ण कार्यहरु के-के हुन् ?**

उत्तरः दशौ महाधिवेशन चितवनको गैंडाकोटबाट महासचिवको पदमा निर्वाचित भई कार्यभार सम्हालेपछि हामीले संस्था स्थापनाको लक्ष्य, उद्धेश्य तथा यसको निष्ठा र आदर्श बमोजिम संगठनलाई क्रियाशील बनाउने कार्यमा सक्रिय रह्यौं । हाम्रो कार्यकालमा हामीले मानव अधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका, लोकतन्त्र र जनहितको पक्षमा काम गर्यौंध । कानून व्यवसायीहरुलाई संस्थाप्रति अनुशासित बनाउँदै, संगठन विस्तार अनि संगठनलाई सांगठानिक रुपमा मजबुत बनाउने काममा हामी निरन्तर लागी रह्यौं । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा संस्थालाई चिनाउने कार्य गर्दै कार्य योजना समेत अघि बढाउँदै लग्यौं ।

कोभिड महामारीले विश्व नैं आक्रन्त भई हामी नेपालीहरु समेत त्यसबाट अछुतो रहन नसक्दा समेत कानून व्यवसायी, पत्रकार तथा अन्य व्यक्तिहरुलाई कोभिडबाट सुरक्षित गराउन पहिलो पटक खोपको व्यवस्था गर्न सरकारसंग माग गरी खोप लगाउन सफल भयौं । यसबाट धेरै कानून व्यवसायीहरु लाभान्वित हुनु भएको थियो । यस समयमा बिभिन्न ठाउँहरुमा गएर राहत वितरणका कार्यहरु समेत गरेका थियौं । यस कार्यकालमा हामीले न्यायपालिका प्रति कार्यपालिकाको हस्तक्षेप हुँदा सरकारलाई चेतावनी दिने,  नेपाली सस्कृती जगेर्ना गर्ने,  संस्थागत सुदृढीकरण तथा प्रभावकारी कार्यान्वयनमा जोड दिने, संस्थाले नियमित रुपमा प्रकाशन गर्दै आएको लिगल आई

देखि क्यालेन्डर सम्म प्रकाशन गर्ने, कार्यालयलाई पहिले भन्दा व्यवस्थापन गर्ने, राजनैतिक पाटीसंग सहकार्य गर्ने, विभिन्न विषयहरुमा छलफल कार्यक्रम, सभा, सम्मेलन तथा भेलाहरु गरेका थियौं ।

त्यस्तैगरी आधारभूत सिप तथा क्षमता अभिबृद्धि कार्यक्रमहरु गर्ने, कानून व्यवसाय, पेशागत स्थायित्व, कानून व्यवसायीको सम्मान र स्वाभिमानको रक्षा गर्ने, नवद्वित कानून व्यवसायीहरुलाई पेशामा स्थापित गराउने, सामाजिक अभियन्ताको भूमिका निर्वाह गर्ने, कानूनी राज्यको पक्षमा योगदान पुर्याउने ब्यक्तित्वहरुलाई सहयोग र सम्मान गर्ने, सर्वसत्तावादी अधिनायकवादी प्रवृत्तिको विरोध गर्ने, Covid–19 मा Lock down को समयमा पनि IMPACT OF Covid–19 AND ROLE OF LAWYER, सविधान संशोधन सिद्धान्तः प्रक्रिया र चुनौति, न्यायमा पहुँच र सूचना प्रविधिको प्रयोग, कानून  व्यवसायी महिला र सेवाग्राहीमा पर्नसक्ने मनोसामाजिक प्रभाव र तनाव व्यवस्थापन, कानून व्यवसायी महिलालाई पेशामा परेको असर र समाधानका उपाय, संघिय लोकतान्त्रिक सविधान कार्यान्वयनका पाँच वर्षः सफलता र चुनौतिहरु, कानून व्यवसायमा महिलाः पितृसत्ता कति बाधक?, महामारीमा महिला अधिकार, सर्वोच्च अदालतको फैसलाको विधिशास्त्रीय समिक्षा, साइबर अपराधः महिला विरुद्धको हिंसा र नेपालको कानुनी व्यवस्था, फैसला कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपायहरु जस्ता अत्यन्तै महत्वपूर्ण बिषयवस्तुहरुमा वेविनार समेत गरेका थियौं । हामीले यस कार्यकालमा तत्कालिन अवस्थामा प्रतिनिधि सभा बिघटन गर्ने राष्ट्रपतिको कार्य असंवैधानिक र निन्दनीय भएकोले राजनीति र कानुनी मार्ग प्रसस्त गर्न सरकारलाई दवाव सृजना गर्ने, विविध बिषयमा नागरिक समाजसँग सहकार्य गर्ने कार्य गरेका थियौं ।

यस अवधीमा नेपाल बार एशोसिएशनको निर्वाचनमा दुईपटक यस संस्थासंग आवद्ध उम्मेदवारहरुलाई सहभागी समेत गराएका थियौ । त्यस्तै नेपाली काँग्रेसको १४ औं महाधिवेशनलाई सफलताका साथ सुसम्पन्न गर्नको लागि एक शुभेच्छुक संस्थाको हैसियतले यस संस्थासंग आवद्ध कानून व्यवसायीहरुलाई देशै भरि परिचालन समेत गरिएको थियो । यस संस्थाले लोकतान्त्रिक बिचार राख्ने अन्य सस्थाहरुको बिभिन्न तहको निर्वाचनमा समेत सक्रिय रुपमा सहयोगी भूमिका निर्वाह गरेको थियो ।

यस संस्थाले राष्ट्रिय स्तरका कन्फ्रेन्स, गोष्ठि, सेमिनार गर्नुका साथै Politics र Profession को पुलको रुपमा समेत कार्य गर्दै आईरहेको छ । यस संस्थाको आर्थिक श्रोत भनेको सदस्यता शुल्क र सदस्यता नविकरण शुल्क मात्र हो । यद्यपी ति आर्थिक श्रोतहरु समेत नियमित हुन नसक्दाको अवस्थामा समेत हामीले यस कार्यकालमा संस्थाको कार्यालय स्थापना गरी व्यवस्थित गर्यौंम । निष्कर्षमा भन्नु पर्दा अनुकुल वा प्रतिकुल जुनसुकै अवस्थामा पनि हाम्रो कार्यकालमा उल्लेखनीय कार्यहरु भएका छन् ।

**प्रश्नः नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनले आफ्नो स्थापनाकालदेखि आजसम्म खेलेको भूमिकालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

उत्तरः यो संस्थाले आफ्नो स्थापनाकालदेखि हालसम्म सक्षम र सृजनात्मक भूमिका खेल्दै आएको छ । स्वतन्त्र न्यायापालिकाको पक्षमा र कानून व्यवसायीहरुको पेशागत हित, बृद्धि विकास र दक्षता अभिवृद्धिका लागि यो संस्था अविछिन्न लागिरहेको छ । निरन्तर रुपमा लागिरहने छ । हालको अवस्थासम्म आइपुग्दा हाम्रा अग्रजहरुले खेलेको भूमिकालाई हामीले मार्गदर्शनको रुपमा लिंदै कार्य गरिरहेको अवस्था छ । डि.एल.ए. को स्थापना कालदेखि नै स्वतन्त्र न्यायपालिका, विधिको शासन, संवैधानिक सर्वोच्चता, मानव अधिकार, सामाजिक न्याय लगायतका विषयमा उल्लेख्य रुपमा कार्य गरिरहेको छ । प्रतिनिधि सभा बिघटन गर्ने राष्ट्रपतिको असंवैधानिक र निन्दनीय कार्य प्रति यस संस्थाले डटेर लडेको थियो । सरकारका गैह्य संवैधानिक र गैरकानूनी कार्य विरुद्ध यस संस्था पहरेदारको रुपमा निरन्तर लड्दै आएको हो । जुनसुकै राजनैतिक पार्टीका सरकारले गरेको भएपनि त्यसको हामीले त्यसको घोर विरोध र भत्सर्ना गरेका छौं । छोटकारीमा भन्नु पर्दा यस संस्थाले कानूनी क्षेत्रमा खेलेको भूमिका प्रशंसनीय छ ।

**प्रश्नः संस्था विस्तारमा तपाईको आफ्नो भूमिकालाई कसरी हेर्नुभएको छ ?**

उत्तरः म विगत १७ बर्ष अगाडि देखि यस डि.एल.ए.नेपालमा बिभिन्न भूमिकामा आबद्ध रहि क्रियासिल रहँदै आईरहेको छु । शुरुको अवस्थामा यस संस्था केन्द्रमा मात्र सिमित थियो । तत्कालिन अवस्थामा यस संस्थालाई देशै भरी बिस्तार गर्ने योजना अनुरुप म स्वयं कार्यसमितको सदस्य पदमा रहँदा हरेक एकाईमा उपस्थित भई एकाई गठनको लागि शहजीकरण गरेको थिएँ । पछिल्लो समयमा नेपाल प्रादेशिक संरचनामा गएपछी यस संस्थाले समेत संविधानको मर्म अनुरुप संस्थालाई प्रादेशिक संरचनामा रुपान्तरण गर्यो । यस संस्थालाई जिल्ला, उच्च तथा सर्वोच्च एकाईको रुपमा बिस्तार गर्दा होस् वा संवैधानिक प्रावधान अनुरुपको संरचनामा संस्थागत विस्तार गर्दा होस् म कार्यसमिति भित्र नै बसेर कार्य गर्ने मौका पाएँ । जसले गर्दा आज यस संगठनमा ८४ एकाईहरुमा १३००० भन्दा बढी सदस्यहरु आवद्ध छन् ।

**प्रश्नः स्वतन्त्र न्यायपालिका माथि हुने राजनीतिक हस्तक्षेपका कुराहरु यत्रतत्र उठिरहेको छ, यस बारे तपाईको दृष्टिकोण कस्तो छ ?**

उत्तरः न्यायपालिका माथि राजनीतिक हस्तक्षेपका प्रयास बिगत देखि बर्तमान सम्म बेलाबेलामा हुँदै आएको छ । न्यायपालिकाले आफु विरुद्ध फैसला वा आदेश गर्योक भने न्यायपालिकालाई असहयोग गर्ने र आफ्नो पक्षमा भयो भने न्यायपालिकालाई आफ्नो संस्था सम्झिने राजनीतिज्ञहरुको क्रियाकलाप देखिन्छ । यी दुबै कार्य स्वतन्त्र न्यायपालिकाका विरुद्धका कृयाकलापहरु हुन् । न्यायपालिकाले संविधान र कानूनी

व्यवस्था अनुसार कार्य गरेको कुरालाई पनि "तेरो र मेरो" भनी असन्तुष्टी प्रकट गर्नु कानूनी राजको उपहास हो । राजनीति र राजनीतिज्ञले आफूलाई सर्वेसर्वा बनाउने प्रयास संसारभरी हुने गरेको छ । नेपालमा यस्तो कार्य अझ बढी हुने गरेको देखिएको छ । हाम्रो संस्थाले न्यायपालिकामाथि हुने राजनीति हस्तक्षेपका विरुद्ध आवाज बुलन्द गर्दछ र स्वतन्त्र न्यायपालिकाको पक्षमा अग्रपंक्तिमा उभिँदै आएको छ र सदा उभिरहन्छ ।

**प्रश्नः न्यायपालिकामाथि आम जनताको भरोसा बढाउन के गर्नुपर्छ भन्ने ठान्नु हुन्छ ?**

उत्तरः न्यायपालिकामा जनताको भरोसा घट्नु भनेको राम्रो संकेत होइन । न्यायालय स्वतन्त्र भएन वा निष्पःक्ष न्याय निरोपण गर्न सकेन भने जनताले न्याय अनुभूत गर्न सक्दैनन् र समाज बिघटनतिर लम्किन्छ । देशमा प्रजातन्त्रसमेत धरापमा पर्दछ । न्यायालयको सबै बेथितीको मुख्य जरो भनेकै योग्यता र क्षमताका भन्दा न्यायाधीश नियूक्तिमा हुने राजनीतिक हस्तक्षेप प्रमुख हो । हामीले न्यायालय प्रति जनताको आस्था र विश्वास बढाउन योग्य न्यायाधीशहरु नियुक्ती गर्नुपर्दछ । न्यायाधीश नियुक्ती गर्ने प्रकृया र योग्यतामाथि बृहत पुनर्विचार गरी योग्य, निडर, क्षमतावान र नैतिक आचरण शुद्ध भएको व्यक्ति छानिनुपर्छ । न्यायालयमा बढेको भ्रष्टाचार र बेथितिलाई निर्मुल पार्नु पर्दछ । अदालतमा जनताको सहज पहुँच र सजिलै मुद्दा दर्ता हुने र मुद्दाको प्रकृया अघि बढ्ने गरी आधारशीलाहरु तयार गर्नुपर्दछ ।

कर्मचारीहरुलाई कार्य योजनासहितको मूल्यांकन गरी जिम्मेवारी तोक्ने र बढुवा गर्ने एउटा छुट्टै निष्पक्ष र सक्षम व्यवस्था तर्जुमा गर्नुपर्ने हुन्छ । अदालतमा विचाराधिन मुद्दाहरुमा हुने गरेको ढिलोसुस्तीले पनि आम नागरिकहरु न्यायलयप्रति उदासिन देखिन्छ । यसै तथ्यलाई ध्यानमा राखी सर्वोच्च अदालतले मुद्दाहरुलाई चाँडो टुङ्गो लगाउने प्रयास गरी योजनाहरु तय गरेपनि आशातित रुपमा सफलता हात पर्न सकेको छैन । यसर्थ मुद्दा जनताको चाहना अनुसार छिटो मुद्दा फर्छ्यौट हुन सकेको छैन । न्यायपालिकाले पेशी व्यवस्थापनलाई सुधार्ने प्रयास गरेपनि त्यसले अझै राम्रो परिणाम दिन सकेको छैन ।

न्यायपालिका भित्र भ्रष्टाचार व्यापक छ भनिन्छ । यस्तो गुनासो आउन नदिने वातावरण भएमा जनतामा अझ न्यायपालिका माथि भरोसा र विश्वास गर्न सकिन्थ्यो । न्यायपालिकामा गोला प्रथा लागू भएपछि यस संस्था माथि जनताको विश्वास बढेको आभाष भइरहेको छ, तर पनि यसले मात्र पुगेको छैन । न्यायपालिकाले शुद्ध न्याय दिन्छ भनेर विश्वास दिलाउन जे जस्तो कार्य गर्नुपर्छ त्यसलाई पहिचान गरी सोही बमोजिम सम्बद्ध क्षेत्रले पहल गर्नुपर्ने देखिन्छ । डि.एल.ए. नेपालमा मेरो नेतृत्वले त्यसतर्फ मेरो सक्रिय योगदान पुर्याउनेछ ।

**प्रश्नः संगठनलाई अघि बढाउने सम्बन्धमा तपाईका अन्य दृष्टिकोणहरु के के छन् ?**

उत्तरः यो संस्था लोकतान्त्रिक कानून व्यवसायीहरुको छाता संगठन हो । लोकतन्त्रमा विश्वास गर्ने देशभरका कानून व्यवसायीहरुलाई एकढिक्का बनाई उहाँहरुको चाहना तथा आवश्यकतालाई ध्यानमा राखी कार्यक्रमहरु बनाईनेछ । समय सापेक्ष रुपमा तमाम कानून व्यवसायीहरुको रायसल्लाह र चाहाना बमोजिम अगाडि बढ्न आवश्यक छ । कार्यपालिकामा रहेका जुनसुकै दलले पनि स्वतन्त्र न्यायपालिकाको सिद्धान्त, विधिको शासन, मानव अधिकारको उल्लंघन गर्न प्रयत्न गरेका हुन्छन् । यसका धेरै उदाहरणहरु हामी सामु छन् । लोकतन्त्रमा विश्वास गर्नेहरु हामी ड.एल.ए.मा आवद्ध कानून व्यवसायीहरु यसमा मुकदर्शक भएर बस्न सक्दैनौं । यस्ता असंवैधानिक र निन्दनीय कार्यको बिरुद्ध बिगतमा झै डि.एल.ए. नेपालको आवाज बुलन्द हुनेछ । यसैगरी अग्रज कानून व्यवसायीहरुलाई सम्मान गर्दै "रिफ्रेशमेन्ट" कार्यक्रम, नवोदित कानून व्यवसायीलाई प्रोत्साहन तथा स्थापित गराउन व्यावसायिक तालिमको आवश्यक छ ।

अन्तर्राष्ट्रिय संस्थासँग आवद्ध भई कानून व्यवसायीहरुलाई अन्तराष्ट्रिय स्तरको लाई सुहाउँदो कार्यक्रम लागू गर्ने धेरै सम्भावनाहरु देखिन्छ । यो संस्थाको आफ्नै भवन बनाई कार्यालय व्यवस्थित गर्न जरुरी छ । यी यस्ता कार्यहरु पूरा गर्न सकेमा संस्थाका लागि कोशेढुँगा सावित हुने थियो । एउटै उद्देश्य तथा प्रकृतिका अन्तर्राष्ट्रिय तहमा प्रजातन्त्रवादी कानून व्यवसायीहरुको संस्थासँग अन्तर सम्बन्ध कायम गरी डि.एल.ए.ले धेरै भन्दा धेरै पेशागत दक्षता अभिवृद्धि सम्बन्धी कार्यक्रम गर्न जरुरी छ । असहाय र आर्थिक रुपमा बिपन्न वर्गलाई निशूल्क कानूनी सेवा उपलब्ध गराउन सकिन्छ । राष्ट्रहितलाई ध्यानमा राखी अन्तर्राष्ट्रिय स्तरका संस्थासँग सहकार्य गरी कार्यक्रमहरु तय गर्न सकिन्छ । मेरो नेतृत्वले संगठनका यस्ता कार्य र विचारहरुलाई निरन्तरता दिनेछ ।

**प्रश्नः तपाई अध्यक्षको उम्मेदवारको रुपमा प्रस्तुत हुनु भएको छ, तपाईको उम्मेदवारी केका लागि ?**

उत्तरः मैले यस संस्थामा महासचिवको हैसियतमा कार्य गर्दा धेरै अनुभवहरु बटुल्ने मौका पाएको छु । डि.एल.ए.नेपाल जस्तो बौद्धिक संस्थालाई चलायमान बनाउन तथा यस संस्थासंग आवद्ध सदस्यहरुलाई अपनत्व महशुस गराउन अनुभवी व्यक्तित्वको आवश्यकता महत्वपूर्ण रहन्छ । संगठनको महत्वपूर्ण पदमा नेतृत्व लिईसकेपछि यतेष्ठ समय संगठनमा दिएर संगठन सुदृढीकरणको लागि समर्पित रही संगठनलाई गतिशील बनाउन मेरो भूमिका उल्लेखनीय हुनेछ । यस अवधिका आफ्ना अनुभवलाई मनन गर्दा डि. एल. ए. लाई गतिशील बनाई वर्तमानमा हुदै गरेको संगठन विस्तारको कार्यक्रमलाई निरन्तरता दिन, संगठनलाई विधान वमोजिम सन्चालन गर्न र समयानुकूल आवश्यकता अनुसार विधान संशोधन तथा परिमार्जित गरी संस्थालाई आधुनिकिकरण

गर्न, संगठनमा आवद्ध बरिष्ठ अधिवक्ता, अधिवक्ता र अभिबक्ता समेतको उचित अभिलेखिकरण गर्दै निजहरुको योगदानको कदर,मुल्यांङ्कन र सम्मान गर्न, नेपाल बार एसोसिएसनको निर्बाचनमा योग्य उमेदवार छनौट गरि यस संस्थाको भूमिकालाई संबृद्ध बनाई स्वतन्त्र न्यायपालिका, विधिको शासन, संवैधानिक सर्वोच्चता, मानव अधिकार, सामाजिक न्याय लगायतका विषयमा वकालत गर्न, डि.एल.ए. नेपालको केन्द्रिय कार्यालयको लागि जग्गा उपलब्ध गराई कार्यालय भवन समेत निर्माण गरि व्यबस्थित रुपमा संचालन गर्न, समय सापेक्ष रुपमा डि.एल.ए. नेपालको हालसम्मको गतिविधिहरुलाई प्रविधिको प्रयोग गरी सम्पुर्ण रेकर्ड प्रणालीलाई आधुनिकीकरण गर्न, संगठन विस्तार र सुदृढीकरण गर्दै राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा समेत संस्थाको पहिचान बढाउँदै समान प्रकृतिका संगठनहरुको बिच समन्वय र सहकार्य गर्न, कानुन व्यवसायी महिलाहरुको व्यवसायीक दक्षता अभिवृद्धि गर्दै पेशामा स्थापित गराउन, राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका बिषयहरुमा सल्लाहकारहरु समेतको सुझाव तथा सल्लाह अनुरुप संस्थालाई सहभागि गराउन, संस्थाका सदस्यहरुमा संस्थाप्रति आफ्नो भूमिका तथा योगदान खोज्ने प्रबृत्तिको बिकास गराउन, नव प्रवोद्दित कानुन व्यवसायीहरुलाई पेशामा स्थापित गराउन अभिप्रेरित गर्न, यस पेशा प्रति आकर्षित गर्न, बिभिन्न प्रकारका दक्षता तथा क्षमता अभिवृद्धि सम्बन्धि तालिमको अबसर प्रदान गर्न, यस संस्थामा आवद्ध कानुन व्यवसायी महिलाहरुलाई संगठनको महत्वपूर्ण पदमा रहेर कार्य गर्न अभिप्रेरित गर्न तथा नेतृत्व विकासको लागि अवसरहरु खोज्न, संवैधानिक प्रावधान अनुरुपको सहभागिता सुनिश्चित गराउन, तराई मधेश लगायतका प्रदेशहरुका महिलाहरुको सशक्त सहभागिता गराउन, लोकतान्त्रिक विचारधारा राख्ने अन्य व्यवसायिक संस्थाहरुसंग समन्वय गरी कानून व्यवसायीहरुको बृत्ति बिकासका लागि कार्य गर्न, संगठनमा आबद्ध सदस्यहरुलाई अनुशासित र मर्यादित बनाउन मापदण्ड सहितको निर्देशिका बनाई लागू गर्न आवश्यक भएकोले सो कार्य सम्पन्न गर्नका लागि मैले अध्यक्ष पदमा मेरो उम्मेदवारी प्रस्तुत गरेको हुँ ।

मेरो यस संस्थाको महिलाले पहिलो पटक गरिमामय महासचिव पदमा रहेर कार्यकाल सफलताका साथ सम्पन्न गर्दाको अनुभवलाई पुनः पहिलो पटक महिला अध्यक्ष पदमा रहेर काम गर्ने चाहना राखिरहँदा विशुद्ध रूपमा "संगठनमा मेरो निरन्तरता डि.एल.ए. नेपालको सुदृढीकरणको प्रतिबद्धता" को लागि समर्पित हुनेछ ।

# रिट क्षेत्राधिकारको व्यावहारिक पक्ष



**वरिष्ठ अधिवक्ता यदुनाथ खनाल**
पूर्व अध्यक्ष, डीएलए नेपाल

**कार्यविधिको स्वरूप**
↓
**देवानी कार्यविधि (संक्षिप्त कार्यविधि समेत)**
↓
**फौजदारी कार्यविधि**
↓
**असाधारण कार्यविधि**
↓
**विशेष कार्यविधि**

## रिट क्षेत्राधिकार र यसको सिद्दान्त

» असाधारण कार्यविधिसँग सम्बन्धित,
» असाधारण क्षेत्राधिकारको बिषय,
» मौलिक हक अधिकार लागू गर्ने कुंजी (साधन),
» समता र न्यायमा आधारित राज्य बिरुद्धको उपचार पद्दति,
» रिटले पुनराबेदनको स्थान लिन सक्दैन । अर्को उपयुक्त एवं सुविधाजनक उपाय हुँदा हुदै रिट क्षेत्राधिकार ग्रहण गर्न मिल्दैन ।

## रिट क्षेत्राधिकारको उदेश्य

» संबिधानद्वारा प्रदत्त मौलिक हकको प्रचलन गराउनु,
» अर्को उपचारको व्यवस्था नभएको वा भएपनि सो उपचार अपर्याप्त वा प्रभाबहिन देखिएको अन्य कुनै कानुनी हकको प्रचलन गराउनु,
» सार्बजनिक हक वा सरोकारको कुनै विवाद (Public Interest Litigation) समाबेश भएको कुनै संबैधानिक वा कानुनी प्रश्न निरोपण गर्नु ।

## रिट क्षेत्राधिकार कुन-कुन अदालतले ग्रहण गर्न सक्छन् ?

» सर्बोच्च अदालत
नेपालको संबिधानको धारा १३३(२)(३)



» उच्च अदालत
नेपालको संबिधानको धारा १४४ (१)(२)
» न्याय प्रशासन ऐन २०७३ दफा ८ (१)
» जिल्ला अदालत
नेपालको संबिधानको धारा १५१(१) र न्याय प्रशासन ऐन २०७३ दफा ७(२) बमोजिम बन्दीप्रत्यक्षीकरणको रिट मात्र

## रिट क्षेत्राधिकार को-कस उपर जारी हुन्छ ?

» राज्य (State)
» सरकार, संबैधानिक अंगहरु, सरकारी कार्यालयहरु, सरकार मातहतका संस्थाहरु
» राज्यका निकायहरुसँग जोडिएर आएका पदाधिकारी र व्यक्ति समेत

## रिट क्षेत्राधिकार जारी नहुने अवस्थाहरू

» संसदीय प्रक्रिया (Parliamentary Proceedings) उपर रिट जारी हुदैन,
» राज्यको दायित्व, निर्देशक सिद्दान्त तथा नीतिहरु लागु गर्न (Directive Principles या state Policy) जारी हुदैन,
» राजनैतिक प्रश्नहरु (Political Questions) निराकरण गर्न जारी हुदैन,
» सैनिक अदालतमा परेको सेना सम्बन्धि अपराधको मुद्दा उपर जारी हुदैन,
» विवेकको प्रयोग गर्ने अधिकारी उपर जारी हुदैन (गर्नुपर्छ, गर्न सक्नेछ)
» कानुनी अधिकार नै नभएका वा ब्यक्तिगत संस्थाका बिरुद्धमा जारी हुदैन ।

## रिट निवेदनमा हकदैयाको कुरा खुलेको हुनुपर्ने

» कुनै कानुन (ऐन, नियम, विनिमय, आदेश, परिपत्र) लाई संविधानसंग वा संघीय कानुनसँग प्रदेश वा स्थानीय कानुन अनि प्रदेश कानुनसँग स्थानीय कानुन बाझिएकोले बाझिएको जतिलाई असंवैधानिक ठहराई बदर गराउनका लागि **जुनसुकै नेपाली नागरिक**ले निवेदनपत्र दिन पाउँदछ ।
» सार्वजानिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको संवैधानिक वा कानुनी प्रशनको निराकरणका लागि उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा लगायत अन्य उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी माग्न दिइने निवेदनपत्र सो विवादको विषयवस्तुसंग **सरोकार वा सम्बन्ध भएको व्यक्तिले** दिन सक्तछन् ।
» बन्दी प्रत्यक्षीकरणको लागि दिइने बाहेक अन्य निवेदनपत्र आफ्नो संवैधानिक वा कानुनी हकमा (कानुनमा अन्य उपचारको व्यवस्था नगरिएका हकमा) असर (आघात) परेको व्यक्तिले सो हकको प्रचलनका लागि आफ्नो हक देखाई निवेदन दिन सक्तछन् ।

## रिटका प्रकारहरू

१. **बन्दीप्रत्यक्षीकरण (Habeas Corpus)**
   गैर कानुनी तवरबाट थुनछेक गर्ने उपर जारी हुने

२. **परमादेश (Mandamus)**
   सार्बजनिक कानुनी कर्तब्य गर्दिन भनि जवाफ दिने उपर जारी हुने

३. **प्रतिषेध (Prohibition)**
   न्याय सम्बन्धि काम गर्ने (अर्ध न्यायिक समेत) कुनै अंग वा मुद्दाका पक्ष उपर जारी हुने

४. **उत्प्रेषण (Certiorary)**
   न्यायिक वा अर्ध न्यायिक काम गर्नेले गरेको गल्ति उपर जारी हुने

५. **अधिकारपृच्छा (Quo Warranto)**
   पद वा आहोदा सम्बन्धि अधिकार सोध्नमा जारी हुने

६. **अन्य उपयुक्त आदेशहरु (Other Necessary Orders)**

### १. बन्दीप्रत्यक्षीकरण

» कुनै पनि अधिकारी वा व्यक्तिले गैरकानुनी थुनामा राख्दा वा बन्दी बनाउदा बन्दीलाई अदालत वा न्यायाधिश समक्ष उपस्थित गर भनि गैर कानुनी रुपबाट थुनछेक गर्ने उपर जारी हुने,

» यो रिटको उदेश्य बन्दीको अपराध वा निरअपराध निस्चय गर्ने नभई बन्दीलाई कानुनी तबरबाट थुनामा राखिएको छ वा छैन हेर्ने र गैर कानुनी तबरबाट बन्दी बनाईएको भए छुटकारा दिलाउने हो,

» कानुनले बन्दी बनाउन पाउनेमा समेत कानुनको रित नपुर्याई थुनामा राखिएको देखिएमा पनि यो रिट जारी हुने, (ने.का.प. २०६३ नि.नं ७६७२ पृष्ठ ३८८)

» मानबिय मर्यादा, स्वच्छ, तार्किक र उपयुक्त प्रक्रियाको बेवास्ता गरि थुनामा राखिनु हुँदैन,

» क्षेत्राधिकारको अभाब, क्षेत्राधिकारको दुरुपयोग वा क्षेत्राधिकारको प्रयोग नगरी थुनामा राखे गैर कानुनी हुन्छ,

» यो वैयक्तिक स्वतन्त्रता तथा मानब अधिकारको संरक्षणको एक प्रभाबकारी उपयुक्त साधन हो ।

### २. परमादेश

» मौलिक हक अधिकारको रक्षाको लागि अधिकार बाहिरको कानुन लागु गर्नबाट रोक्ने ,

» संबैधानिक परिसिमालाई कायम राख्ने,

» कानुनी त्रुटी र प्राकृतिक न्यायका नियमको उल्लङ्घनलाई सुधार गर्ने,
» कानुनले निर्दिष्ट गरेको सार्बजनिक कानुनी कर्तब्य भएको, बिबेकाधिकारको प्रयोग गर्ने ठाउँ कत्ति पनि नभएको अधिकारीले कानुनी कर्तब्य पुरा गर्न इन्कार गरेकोमा जारी हुने क्ष

### ३. प्रतिषेध

» अधिकार क्षेत्रको उल्लंघन गरि निर्णय हुन लागेमा जारी हुने,
» प्राकृतिक न्यायको सिद्दान्त बिपरित निर्णय हुन लागेमा जारी हुने,
» असान्दर्भिक कानुनको आधारमा वा अपुरो निर्णय हुन लागेमा जारी हुने,
» अदालत, न्यायिक निकाय वा अधिकारीहरुलाई कानुनी त्रुटी गर्नबाट रोकी अनुशासन कायम गर्छ ।
» यो न्यायिक निस्कृयताको आदेश कार्यबिधिमा मात्र लागु हुने निषेधात्मक प्रकृतिको हुन्छ ।

### ४. उत्प्रेषण

» कुनै न्यायिक र अर्धन्यायिक निकायले आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गई निर्णय गरिसकेकोमा जारी हुने,
» प्राकृतिक न्यायको सिद्दान्त बिपरित निर्णय भएकोमा जारी हुने,
» मिसिल फायलमा कानुनको स्पस्ट भुल वा कपटपूर्ण नियतबाट निर्णय भएकोमा जारी हुने,
» अदालत, न्यायिक निकाय वा अधिकारीहरुलाई अनुशासनमा राख्नु र त्रुटीहरुलाई सुधार्नु यसको मुख्य प्रयोजन हो ि

### ५. अधिकारपृच्छा

» कुनै सार्बजनिक अधिकार प्राप्त व्यक्ति वा पदाधिकारीले गरेको कुनै काम कारबाही के कुन अधिकार अन्तर्गत रही गरिएको हो भनि सोधिने आदेश (Means "by what authority"),
» अधिकार प्राप्त नगरेको व्यक्तिले नियुक्त गरेकोमा
» अयोग्य व्यक्तिलाई नियुक्ति गरेकोमा,
» पुरा गर्नु पर्ने अनिबार्य प्रक्रिया पुरा नगरी नियुक्ति गरेकोमा,
» गलत कानुन प्रयोग गरि नियुक्ति गरेकोमा ।

### ६. अन्य उपयुक्त आदेशहरु

» परम्परागत रिटले नसमेटेका कुराहरुको सवालमा जारी गर्ने अन्य उपयुक्त आदेश (संविधानको धारा १३३(३))
» राज्यको गतिविधिले पिडित भएका उपर क्षतिपूर्तिका लागि जारी हुने,
» सरकारलाई अन्य निर्देशनात्मक आदेशहरु समेत जारी गर्न सक्ने (कोरोना COVID–19

महामारीको व्यवस्थापनको सन्दर्भमा सर्वोच्च अदालतवाट जारी भएको आदेशहरू)

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
आदेश
०७६-WO-०९३२
विषयः अन्तरिम आदेश जारी गरी पाउँ।

अधिवक्ता मिना खड्का वस्नेतसमेत------------------------------------------ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत---------------------------------- विपक्षी

०७६-WO-०९३५

अधिवक्ता मनिषकुमार श्रेष्ठसमेत------------------------------------------निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयसमेत-------------------------------विपश्री

मुद्दा - उत्प्रेषण समेत।

अन्तरिम आदेश सम्वन्धमा छलफलका लागि पेश हुन आएको निवेदनहरू सहितको मिसिल अध्ययन गरियो।

अन्तरिम आदेश सम्वन्धमा छलफलका लागि पेश हुन आ
मिसिल अध्ययन गरियो।

निवेदक अधिवक्ता मीना खड्का वस्नेत समेतले
निवेदनमा निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिव
वस्नेत, श्री माधव कुमार

अधिवक्ताद्वय श्री यदुनाथ खनाल, श्री गोपालकृष्ण घिमिरे तथा विद्वान अधिवक्ताहरु श्री सुनिल कुमार पोखरेल, श्री बिष्णु लुईटेल, श्री विकास भट्टराई, श्री पंकज कुमार कर्ण, श्री अनन्तराज लुइटेल, श्री भेषराज पन्त, श्री दमन बहादुर चन्द, श्री दान बहादुर बुढा, श्री सन्तोष भण्डरी, श्री सुजन नेपाल, श्री लक्ष्मी नानी थापा, श्री कमल कोइराला तथा निवेदक अधिवक्ताहरु श्री कीर्तिनाथ शर्मा, श्री रामदत्त ओझा, श्री मनिराम उपाध्याय, श्री दिपकराज जोशी, श्री मनिषकुमार श्रेष्ठ र श्री देवी कुमारी जोशीले बहस प्रस्तुत गर्नु भयो। त्यसैगरी विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतको तर्फबाट उपस्थित हुनु भएका माननीय महान्यायाधिवक्ता श्री अग्नी खरेल, विद्वान नायव महान्यायाधिवक्ता श्री पदम प्रसाद पाण्डेय, विद्वान सह न्यायाधिवक्ताद्वय श्री संजीव राज रेग्मी, श्री लोकराज पराजुली एवं सुदुर पश्चिम प्रदेश, मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको तर्फबाट उपस्थित हुनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री विजयकान्त मैनाली, विद्वान अधिवक्ताहरु श्री गोविन्द प्रसाद शर्मा बन्दी, डा. श्री दिनमणि पोखरेलले गर्नु भएको बहस समेत सुनियो।

हुन्छ ।

कोभिड १९का कारण नेपाल लगाएत बिश्व नै लकडाउनको अवस्थामा रहेको समयमा नेपाल आफ्नो नागरिकको सुरक्षामा प्रयत्नसिल रहे पनि त्यो प्रयास प्रयाप्त रहेको देखिन आएन। यस लकडाउन (Lockdown)को अवस्थामा नेपालका नागरिकहरु विश्वको जुनसुकै कुनामा रहेको भएतापनि निजहरूले खान, बस्न र स्वास्थ उपचारको अभावमा बस्नु नपरोस् भन्ने कुरालाई मध्यनजर राख्दै यस लकडाउन(Lockdown)को अवधिसम्मका लागि विदेशमा रहेको नेपाली नागरिकहरूको संरक्षणका सम्वन्धमा तत्काल देहाय वमोजिम गर्नु गराउनु भनी नेपालको संविधानको धारा १३३ अर्न्तगत नेपाल सरकारको नाममा देहाय वमोजिमको आदेश जारी गरिदिएको छ । आदेशको जानकारी बिपक्षीहरूलाई गराउनु ।

१. बिदेशमा खान, बस्न र स्वास्थ्य उपचारको अभाव झेलिरहेका वा बिपतमा परेका नेपाली नागरिकहरूको पहिचान गरि नेपाल फर्कन चाहने ईच्छुक नेपाली

नागरिकहरूलाई सम्वन्धित मुलुकसंग कुटनैतिक माध्यमवाट समन्वय गरी नेपाल ल्याउने आवश्यक व्यवस्था गर्नु गराउनु, उक्त कार्य तत्काल संभव नभएको अवस्थामा निजहरूलाई तत् तत् स्थानमा खान, बस्न र स्वास्थ्य उपचारको यथोचित प्रवन्ध गरी नागरिकहरुको हक हितको रक्षा गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्नु ।

२. यसरी सो बमोजिम नेपालीहरू विदेशबाट नेपाल आएको अवस्थामा आएका सम्पूर्ण व्यक्तिहरुको नाम थर वतन सहितको अद्यावधिक लगत राखेर मात्र नेपाल प्रवेश गराउने व्यवस्था मिलाउनु। निजहरूलाई क्वारेन्टाईनमा राख्नु ।

३. नेपाल भारतको सिमामा रहेका नेपाल आउन ईच्छुक नेपाली नागरिकहरूलाई नेपालमा ल्याई निश्चित समय क्वारेनटाईनमा राख्ने व्यबस्था मिलाउनु, त्यस्तो प्रवन्ध गर्न तत्काल संम्भव नभएमा भारत सरकार संग समन्वय गरी लकडाउन अवधिसम्मका लागि निजहरुलाई खाने, बस्ने तथा उपचारको यथोचित व्यवस्था मिलाउन पहल गर्नु ।

४. क्वारेनटाईनमा रहेका व्यक्तिहरूलाई WHO को मापडण्ड अनुसार स्वास्थ उपचार लगाएतका सेवा प्रदान गर्ने व्यबस्था गरि क्वारेन्टाईनलाई व्यवस्थित तवरले संचालन गर्ने व्यबस्था मिलाउनु ।

५. विदेशमा रहेका नेपालीहरुको भिसा समाप्त भएको वा राहदानीको म्याद समाप्त भएको कारणवाट कुनै समस्या पर्ने अवस्था भएमा त्यस्ता नेपाली नागरिकहरु रहेको मुलुकसंग समन्वय गरी नेपाली नागरिकहरुको विदेशको वसाई नियमित गर्ने व्यबस्था मिलाउनु ।

न्यायाधीश

न्यायाधीश

इति संवत २०७६ चैत्र २५ गते रोज ३ शुभम्----------------।

## वैकल्पिक उपचारको बाटो नरहेको हुनुपर्ने

- » बैकल्पिक उपचारको बाटो हुँदा हुँदै रिट क्षेत्रमा प्रवेश गरेकोले असाधारण अधिकार क्षेत्रको प्रयोग गरी निवेदकको माग बमोजिमको आदेश जारी गर्न मिल्दैन **(ने. का. प. २०५० (ग) अंक १२, नि. नं. ४८३३)**
- » वैकल्पिक उपचारको वाटो अवलम्वन गर्न नसक्ने अवस्था रहे नरहे तर्फ ध्यान जान आवश्यक हुन्छ र वैकल्पिक उपचार प्रभावकारी भएपनि सो उपचार अवलम्वन गर्न सक्ने अवस्था नभएमा संविधानले व्यवस्था गरेको असाधारण अधिकार आकर्षित हुने । **(ने. का. प. २०६१, अंक ४, नि. नं. ७३६७)**
- » पुनरावेदन लाग्न सक्ने वैकल्पिक मार्ग रहेभएकोमा रिट निवेदनको औचित्यतर्फ केहि विचार गरिरहन नपर्ने । **(ने. का. प. २०६१, अंक ७, नि. नं. ७४०६)**

## बिलम्ब, प्राकृतिक न्याय र अन्य उपचार

- » यथोचित समयमा रिट निबेदन दर्ता गर्नु पर्दछ, ढिलो (Delay) गर्नु हुदैन,
- » विलम्बको सिद्धान्त (Doctrine of Laches) को प्रमुख तत्त्व समयको अन्तराल हो । यसले समन्यायलाई पराजित गर्दछ । विलम्बको सिद्धान्त र हदम्यादको सिद्धान्त एकै होइनन् ।
- » हदम्याद नै छैन, रिट निबेदन जहिले दिए पनि हुन्छ भन्ने मान्यतालाई बिलम्बको सिद्दान्तले बन्देज लगाईदिन्छ,
- » विलम्बको सिद्धान्त लाग्न सक्ने अवस्था छ छैन भन्ने निष्कर्षमा पुग्न मुद्दा वा सोमा भएको कामकारबाहीको प्रकृति, सम्बन्धित पक्षले मुद्दाको सन्दर्भमा देखाएको आचरण, निजले न्यायका लागि न्यायिक निकायमा आउन लगाएको समय, निजलाई उपचार प्रदान गरेको खण्डमा त्यसबाट अरूको हकहितमा पर्ने वा पर्न सक्ने असर र न्यायको उद्देश्य पूरा हुने वा नहुने समेतका कुराहरूलाई समष्टिगत रूपमा हेरिनु पर्छ । (ने. का. प. २०७६, अंक ४, नि. नं. १०२५४)
- » प्राकृतिक न्यायको सिद्दान्त (उचित सुनुवाईको मौका) बिपरित भए गरिएकोमा र अन्य उपचारको बाटोमा लागि परेको कारण ढिलो भएकोमा बिलम्बको सिद्दान्त लागु हुदैन ।

## सार्बजनिक हित वा सरोकार र रिट क्षेत्राधिकार (१)

सार्बजनिक हित वा सरोकार निहित रहेको मुद्दामा सर्बसाधारण जो सुकैले नालिस उजुर गर्न सक्ने :

- » संविधानको धारा १३३(२) अनुसार रिट क्षेत्रमा
- » कार्यबिधि संहिताको दफा ९१ अनुसार अदालतको अनुमति लिएर फिराद पत्र दिने
- » सार्बजनिक महत्व वा सरोकारको विषयमा स.अ ले मिसिल झिकी निर्णय गर्ने वा निर्णयको लागि पठाउन सक्ने संविधानको धारा १३४ र न्या. प्र ऐन ०७३ को दफा १९ र २०)

## सार्बजनिक हित वा सरोकार र रिट क्षेत्राधिकार (२)

» सार्वजनिक सरोकारको विषयमा निवेदन दिने निवेदकले विवादको विषयवस्तुसँग **सार्थक सम्बन्ध र तात्त्विक सरोकार** (Meaningful Relation and Substantial Interest) रहेको कुरा देखाउन सक्नुपर्दछ। अन्यथा निवेदन गर्ने हकदैया स्थापित हुन सक्दैन।

» सार्वजनिक सरोकारका विवादहरूमा हकदैयाको सिमालाई बढाइएको हुन्छ भन्दैमा सबैलाई सबै विषयमा स्वतः निवेदन गर्ने हकदैया हुन्छ भनी अर्थ गर्न नमिल्ने। **(ने. का. प. २०७३, अंक ३, नि. नं. ९५६०)**

## अन्तरिम आदेश

» अन्तरिम आदेश जारी हुने अवस्था :

» पक्षलाई अपुरणीय क्षति हुने अवस्था देखिएमा (Irreparable damage),

» प्रथम दृष्टिमा नै मौलिक हक वा कानुनी व्यवस्थाको गम्भीर उल्लङ्घन भएको देखिएमा (Prima facie case),

» सुबिधा सन्तुलनको दृष्टिकोणले (Balance of Convenience) उचित र आवश्यक देखिएमा,

## रिट निवेदनमा खुलाउनुपर्ने कुराहरू (१)

» निवेदक र प्रत्यर्थीहरूको नाम, थर, वतन

» अधिकार क्षेत्र सम्बन्धी कुरा

» निवेदकको के कस्तो संवैधानिक वा कानुनी हक कसरी हनन हुन गएको छ सो कुरा

» कुनै कानुनले अधिकार प्रदान गरेको छ अर्थात् यस्तो कानुनी हक छ भन्ने कुरा

» त्यस्तो प्राप्त हक अधिकारलाई कसैले बाधा विरोध गरेको छ भन्ने कुरा

» त्यस्तो अधिकार प्रचलन गर्न कानुनमा अन्य व्यवस्था छैन भन्ने कुरा

## रिट निवेदनमा खुलाउनुपर्ने कुराहरू (२)

» कुन कानुन (ऐन, नियम विनिमय, आदेश) वा कुन कानुनको कुन व्यवस्था संविधान संग कसरि बाँझिएको छ वा कुन कानुनले मौलिक हकमा कस्तो अनुचित नियन्त्रण लगाएको छ भन्ने कुरा।

» कुनै ऐन अन्तर्गत नियम निर्माण भएकोमा सो नियम ऐनसँग बाझेको भए सो कुराको आधारमा नियम बदर गराउन निवेदन दिन सकिन्छ।

## रिट निवेदनमा खुलाउनुपर्ने कुराहरू (३)

» सार्वजनिक हक वा सरोकारको विवादको निरोपणको लागि दिइने निवेदनपत्रमा सो विवाद किन वा कसरि सार्वजनिक हक वा सरोकारको हो, त्यसमा के कस्तो सवैधानिक वा कानुनी प्रश्न उपस्थित भएको छ र सो विवादको समाधान कुन रूपमा वा कसरि हुन सक्तछ र त्यो विवादको विषयवस्तुसँग निवेदकको सम्बन्ध वा सरोकार के छ भन्ने कुरा।

» निवेदकले मागेको उपचार
» उपचारका आधारहरू
» निवेदकले माग्ने उपचारका साथै आदेश जारी गर्नुपर्ने कारण एवं अवस्था पनि निवेदन पत्रमा देखाउनु पर्दछ ।

## लिखित जवाफ के हो ?

» अधिकारको माग गरी सम्बन्धित व्यक्तिले सक्षम अदालतमा रिट निवेदन दर्ता गरे पछि अदालतले कानूनले तोकेको विधि र प्रकृया अनुसार त्यस्तो रिट निवेदनमा प्रारम्भिक सुनुवाई गर्दछ ।
» रिटमा विपक्षी बनाईएका पदाधिकारी वा कार्यालयबाट आफ्नो भनाई प्रस्तुत गर्न अदालतबाट कारण देखाउ आदेश जारी गरिन्छ ।
» सुनुवाईको क्रममा निवेदन जिकिर र निवेदकको कानून व्यवसायीको प्रष्टोक्तिबाट विपक्षी बनाएको निकाय वा पदाधिकारीले गरे बिराएको देखिएमा प्रत्यर्थीबाट वा अदालतले उपर्युक्त ठहराएको निकाय वा अधिकारीबाट रिट जारी हुनु नपर्ने भए कारण र सोलाई पुष्टी गर्ने आधार प्रमाण खुलाई जवाफ पठाउनु भनि आदेश गर्न सक्छ । यसलाई कारण देखाउ आदेश भनिन्छ ।
» अदालतबाट कारण देखाउ आदेश जारी भएपछि सो सम्बन्धमा आफ्नो तर्फबाट प्रतिवाद वा जवाफ दिने कार्यलाई लिखित जवाफ भनिन्छ।

## लिखित जवाफ लेखनमा ध्यान दिनुपर्ने कुराहरू (१)

» रिट निवेदन सोहि अदालतको अधिकारक्षेत्रभित्र पर्छ वा पर्दैन ? पर्ने भए रिट निवेदकलाई रिट निवेदन दिने हकदैया (Locus standi) छ कि छैन ?
» रिट निवेदकले धेरै विषयवस्तु वा धेरै व्यक्ति कार्यालय वा संस्थाहरूलाई विपक्षी बनाएको भए प्रत्येक विषयमा हरेक व्यक्तिको विरुद्ध छुट्टाछुट्टै रिट निवेदन दिनु पर्ने हुनसक्छ ।
» प्रतिपादित सिद्धान्तको आधारमा खण्डन गर्नुपर्ने र प्रश्न उठाउनुपर्ने छ कि?
» यसै विषयमा अघि सर्वोच्च अदालतमा रिट निवेदन दिएको वा निर्णय भइसकेको वा समानान्तर अधिकारक्षेत्र (Paralleled Jurisdiction) भएको पुनरावेदन अदालतमा पनि रिट निवेदन दिएको तथ्यहरू लुकाएको छ कि ?
» रिट निवेदकले उपचार माग गरेको कुरामा वैकल्पिक उपचारको (Alternative remedies) व्यवस्था छ कि ?
» वैकल्पिक उपचारको व्यवस्था भएकोमा सो उपचार अपर्याप्त वा प्रभावहीन भएको भनी रिट निवेदकले उल्लेख गरेकोमा पर्याप्त वा प्रभावयुक्त छ भन्ने कुरा संविधान वा कानूनको आधारमा स्पष्ट गर्नुपर्ने आधार छ कि ?
» रिट निवेदकले अनुचित विलम्ब (Undue delay) गरी प्रवेश गरेको छ कि ?
» सो विलम्बलाई अनुचित विलम्ब होइन भनी निवेदकले उल्लेख गरेकोमा अनुचित विलम्ब हो भन्ने प्रमाणित गर्ने आधार छ कि ?



- » रिट निवेदकले तथ्य वा कानून लुकाई (Fact or Law) स्वच्छ र सफा हातले प्रवेश गरेको छैन कि ? सो कुरा स्पष्ट गर्नुपर्ने छ कि?
- » नियत वा दुराशयको (Malafide intention) जिकिर लिएको भए सो यति कारणले बदनियत वा दुराशय छैन, कानूनबमोजिम सदाशयतापूर्वक गरेको हो भनी प्रमाणित गर्नुपर्ने अवस्था हुन सक्छ ।
- » कुनै कार्य भएको मिति सम्बन्धी कुरा (The day of cause of action) सम्बन्धमा स्पष्ट गर्नुपर्ने भएमा सो दिन होइन यो दिन हो भनी तथ्य वा कानूनी आधारमा पुष्टि गर्नुपर्ने छ कि ?
- » प्राङन्याय (Res Judicata) सम्बन्धमा प्रश्न उठाउनुपर्ने छ कि?
- » जुन संविधान वा कानूनका आधारमा रिट निवेदन प्रस्तुत गरिएको छ, सो संविधानको धारा वा ऐन, नियम, विनियमको दफा लागू नहुने भई खण्डन गर्नुपर्ने छ कि ?
- » रिट निवेदनमा उल्लेख गरिएको रिट निवेदनलाई प्रत्यक्ष असर पार्ने कानून खारेज भइसकेको छ कि ? रिट निवेदनमा कुनै प्रतिपादित सिद्धान्त (नजिर) को उल्लेख गरिएको भए सो सिद्धान्त प्रस्तुत रिट निवेदनको सम्बन्धमा लागू नहुने भई खण्डन गर्नुपर्ने छ कि ?
- » रिट निवेदकले विपक्षी बनाउनु पर्नेलाई विपक्षी बनाइएको छैन र सो आधारमा रिट निवेदन खारेज हुने स्थिति छ कि ?
- » रिट निवेदकले काल्पनिक (Hypothetical), अपरिपक्क (Premature), प्राज्ञिक (Academic) वा तथाकथित नीतिगत कुराहरू (So–called policy making) को सम्बन्धमा रिट निवेदन दिएको छ भने रिट निवेदन खारेजी हुने आधार हुनसक्छ ।

» एकतर्फी रुपमा अन्तरिम आदेश जारी गरिएको भए खारेज (Vacet) मा जाने एवं जारी गर्नुपर्ने अवस्था विद्यमान छैन भनी सोको अनौचित्य माथि प्रकाश पार्नुपर्ने हुनसक्छ।

### उच्च अदालतको रिट क्षेत्राधिकार

**नेपालको संबिधानको धारा १४४(१)(२)**

**न्याय प्रशासन ऐन २०७३ दफा ८ (१)**

» संबिधान र कानुनमा आधारित रिट क्षेत्राधिकार,

» परम्परागत पांच किसिमका रिट निवेदनका अतिरिक्त हाल अन्य उपयुक्त आदेश पनि दिन सक्ने,

» आफ्नो प्रादेशिक क्षेत्राधिकार सम्म मात्र रिट जारी गर्न सक्ने मान्यतालाई परिष्कृत गर्न थालिएको

### जिल्ला अदालतको रिट क्षेत्राधिकार

**नेपालको संबिधानको धारा १५१(१)**

**न्याय प्रशासन ऐन २०७३ दफा ७ (२)**

» जिल्ला भित्र भएका गैर कानुनी बन्दीहरु उपर मात्र, बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने सिमित क्षेत्राधिकार

» उच्च अदालतमा पुनराबेदन लाग्ने,

» संबिधानमा बन्दीप्रत्यक्षीकरणको आदेश र निषेधाज्ञाको आदेशलाई परिपुरक जस्तै देखाईएको।

# चेक अनादरमा बैकिङ्ग कसूर र मिलापत्र



**अधिवक्ता डा. अवतार न्यौपाने**
awatarneupanel@gmail.com

## १. परिचय

बैंकमा खोलिएको खातामा निक्षेप छैन वा निक्षेप भए पनि पर्याप्त छैन भन्ने जानी जानी कुनै व्यक्तिले चेक काटी कसैलाई हस्तान्तरण गरेमा र त्यसरी हस्तान्तरण गरिएको चेक भुक्तानीको लागि सम्बन्धित बैंकसमक्ष प्रस्तुत गर्दा पर्याप्त निक्षेप नभएको कारणसमेतबाट बैंङ्गबाट उक्त चेक अनादर हुन्छ । कहिलेकाहीँ कुनै व्यवसायमा विश्वासको वातावरण सिर्जना गर्नका लागिसमेत चेक काटी कारोबार हुन सक्छ । चेक काटी कारोबार हुने व्यक्तिबीचको लेनदेनको विषय हो र त्यस्तो विषयमा धारकले चेकमा उल्लिखित रकम र उक्त चेकमा उल्लिखित रकमको ब्याज भराई लिन पाउने अधिकार रहेको हुन्छ । चेक पनि माग्नासाथ भुक्तानी दिनु भनी कुनै बैङ्कउपर खिचिएको विनिमेयपत्र हो ।

## २. चेक अनादर

विनिमेय अधिकारपत्र ऐन, २०३४ मा विनिमेय पत्र (चेक) का बारेमा धेरै कुराहरू उल्लेख गरिएको छ। चेक पनि माग्नासाथ भुक्तानी दिनु भनी कुनै बैङ्क उपर खिचिएको विनिमेयपत्र[१] हो । प्रचलित कानूनअन्तर्गत करार गर्न सक्ने व्यक्तिले (विनिमेय अधिकारपत्र) चेक लेख्ने, खिच्ने स्वीकार गर्ने, दरपीठ गर्ने, विनिमेय गर्ने आदि सम्पूर्ण काम गर्न सक्छ र त्यसको निमित्त सबै पक्ष उत्तरदायी हुन्छ । तर, त्यस्तो काम नाबालकले गरेको भए निज बाहेक अरू सबै पक्षहरु उत्तरदायी हुनेछन् । विनिमेय पत्र अनादर भएको ब्यहोरा नोटरी पब्लिकद्वारा जनाउन लगाउन (नोट गराउन) सकिनेछ । यसरी जनाउन लगाउँदा अनादर भएको दिन र अनादर भएको कारण उल्लेख गर्नुपर्छ । विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा ७१ मा अनादर भएको ब्यहोरा नोटरी पब्लिकद्वारा जनाइसकेपछि धारकले नोटरी पब्लिकद्वारा अनादर भएको बेहोरा प्रमाणित गराई लिन सक्ने व्यवस्था गरिएको छ । विनिमेय अधिकारपत्र भुक्तानी दिन इन्कार गरी वा स्वीकार नगरी अनादर भएमा धारकले सो कुरा मनासिब समयभित्र नोटरी पब्लिकसमक्ष उजूर गरी सो पत्र वा त्यससाथ संलग्न कागजमा अनादर भएको व्यहोरा नोटरी पब्लिकद्वारा जनाउन लगाउन (नोट गराउन) सक्छ ।

चेक अनादरको सूचना जुन व्यक्तिलाई दिनुपर्ने हो, निजलाई वा निजको अधिकार प्राप्त अभिकर्तालाई वा निजको मृत्यु भएमा निजको हकवालालाई मौखिक वा लिखित रूपमा

१ विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा २ (ज)

दिन सकिनेछ । चेकको ड्रयीले भुक्तानी दिनुपर्ने रकमको भुक्तानी दिन इन्कार गरी अनादर गरिएकोमा सो कुराको सूचना धारक वा त्यसप्रति उत्तरदायी हुने कुनै पक्षले सो अधिकारपत्रको सम्बन्धित सबै पक्षलाई सूचना दिनुपर्छ र तीमध्ये कुनै पक्षलाई यस्तो कुरा सूचित नगरिएको भए त्यस्तो पक्ष सो अधिकारपत्र प्रति उत्तरदायी हुने छैन । चेक अनादर भएको कारणबाट क्षतिपूर्ति वा हानि नोक्सानी भराउनको लागि ब्याज कायम गर्दा वाणिज्य बैङ्कले कर्जामा लिने अधिकतम ब्याज दरबाट हिसाब गर्नुपर्ने व्यवस्था विनिमेय अधिकारपत्र ऐन, २०३४ मा गरिएको छ ।

## ३. चेक अनादरको उपचारसम्बन्धी कानूनी व्यबस्था

आफ्नो खातामा पर्याप्त मौज्दातको रकम नभएको जानीजानी चेक काँटी दिई चेक अनादर भएमा निम्न ४ किसिमबाट उपचार खोज्ने गरिन्छ ।

- » बैङ्किङ् कसूर तथा सजाय ऐन, २०६४ दफा ३ (ग), १५, १७ र १८,
- » विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १५, १६, २८, २९, ३९, ४३, ४९, ५३, ५४, ५५, ५६, ६५, ६६, ६७, ७०, ७१, ७२, ७३, ७४, ७५, ७६, ७७, १०६, १०७, १०७ क, र १०८,
- » मुलुकी ऐन ठगीको महलको १,२ र ४ नं. हाल मुलुकी अपराध सहिता, २०७४ को परिच्छेद २१ ठगी, अपराधिक विश्वासघात तथा अपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर अन्तर्गत दफा २४९, २५१, २५२, २५३, २५४ र २५५ **र**
- » मुलुकी ऐन लेनदेन महलका व्यबस्था हाल मुलुकी देवानी सहिता, २०७४ को परिच्छेद १५ लेनदेन व्यबहार सम्बन्धी व्यबस्था अन्तर्गत दफा ४७४, ४७६, ४७८, ४८२, ४८८ र ४९२

सर्वोच्च अदालतबाट मातहतका अदालतहरुलाई (च.नं. १५२१) २०७५ साल मंसिर २५ गते मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २८७ मा व्यवस्था भएबमोजिम जारी गरेको परिपत्रमा चेक अनादर मुद्दामा दस्तूर मात्र लिने वा विगो बमोजिम अदालती शुल्कसमेत लिनेसम्बन्धी अडबड परेको विषयमा दिइएको निकासमा निम्न बमोजिम छ ।

- » मुलुकी देवानी संहिता, २०७४ को दफा ४८८ को दावी लिएकोमा कानूनबमोजिम अदालती शुल्क र फिराद दस्तूर लिने,
- » चेक अनादर मुद्दा बैंकिङ्क कसुर सम्बन्धी ऐन, २०६४ शुल्क नलाग्ने,
- » विनिमेय अधिकारपत्र ऐन, २०३४ बमोजिम दावी लिएको अवस्थामा फौजदारी कार्यविधि निमायवली, २०७५ को नियम ९० बमोजिम हुने व्यवस्था गरेको छ ।

सर्वोच्च अदालतको परिपत्रको आधारमा समेत चेक अनादरको विषयको कानूनी उपचारका ३ थान कानून क्रियाशील रहेका पाइन्छ ।

## ४. चेक अनादरमा बैकिङ्ग कसुर

बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ सोही सालको माघ २३ मा प्रमाणीकरण भई सोही मितिदेखि लागू भएको हो । बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को प्रस्तावना हेर्दा बैकिङ्ग तथा वित्तीय प्रणालीको कारोबारमा हुन सक्ने कसूरजन्य कार्यबाट बैकिङ्ग तथा वित्तीय प्रणालीमा पर्ने असर र जोखिमलाई न्यून गरी बैकिङ्ग तथा वित्तीय प्रणालीप्रति विश्वसनीयता अभिबृद्धि गर्ने उद्देश्यबाट उक्त ऐन बनाइएको हो । यसैगरी बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ मा[२] बैकिङ्ग कसूर भन्नाले परिच्छेद २ वमोजिमको कसूर सम्झनु पर्छ भन्ने उल्लेख गरी परिच्छेद २ मा १४ किसिमबाट हुने बैकिङ्ग कसूरका सम्बन्धमा व्यवस्था गरिएको छ । बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ पहिलो संशोधन हुनुपूर्व को दफा ३ मा अनाधिकृत रूपमा खाता खोल्न वा रकम भुक्तानी माग गर्न नहुने भन्ने शीर्षक अन्तर्गत खण्ड (ग) मा आफूले काटेको चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको जानी जानी चेक काटी भुक्तानी लिन वा दिन नहुने भन्दै सो कार्यलाई बैकिङ्ग कसूरका रूपमा परिभाषित गरेको थियो । उक्त दफा अनुसार बैकिङ्ग कसूर कायम हुनको लागि देहायबमोजिम पूर्वावस्थाको विद्यमानता रहनुपर्ने देखिन्छ :

(क) चेक काट्ने कार्य भएको,
(ख) चेकलाई खाम्ने रकम आफ्नो खातामा नभएको,
(ग) खातामा रकम छैन भन्ने कुरा चेक काट्नु भन्दा पहिले नै थाहा जानकारी भएको र
(घ) भुक्तानी लिने दिने कार्य भइसकेको ।

उपरोक्त पूर्वावस्थाहरूको अध्ययनबाट केवल आफ्नो बैकिङ्ग खातामा खाम्ने रकम छैन भन्ने जान्दाजाँदै चेक काट्नुसम्म बैकिङ्ग कसूर हुने नभई त्यसरी काटिएको चेकबाट भुक्तानी लिने दिनेसम्मको कृया नै सम्पन्न भैसकेको अवस्थामा मात्र उक्त कसूरले पूर्णता पाउने देखिन्छ । सामान्यतः आफ्नो बैकिङ्ग खातामा के कति रकम मौज्दात रहेको छ वा छैन भन्ने कुराको हेक्का चेक काट्ने व्यक्तिलाई हुनुपर्छ । कुनै कारणबस सो कुरा एकीन हुन नसकी वा तथ्यको भ्रममा परी वा आफै झुकिन पुगी खातामा मौज्दात रहेको निक्षेपभन्दा बढी रकमको चेक काटिनु एउटा पक्ष हुन सक्छ । तर, आफ्नो खातामा चेकमा उल्लेख भएको रकमलाई खाम्ने निक्षेप छैन भन्ने कुराको पूर्वजानकारी हुँदाहुँदै खातामा हुँदै नभएको वा भएको भन्दा बढी रकमको चेक काटी भुक्तानी लिनेदिने कार्य गरिन्छ भने त्यस्तो कार्य सिधै बैंकलाई झुक्याउन वा नोक्सान पार्ने नियतबाटै भएको हुन्छ ।

नेपाल सरकारद्वारा व्यवस्थापिका संसद सचिवालयमा मिति २०७२ चैत्रमा अर्थमन्त्रीद्वारा पेश गरिएको बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को पहिलो संशोधन विधेयक, २०७२ मा दफा ३ (ग) का सम्बन्धमा संशोधन प्रस्ताव गरिएको थिएन । तर, व्यवस्थापिका संसदबाट नेपाल सरकारद्वारा पेश गरिएको विधेयकमा थप गरी दफा ३ (ग)[३] लाई यसप्रकार संशोधन गरी

---

२ बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा २ को खण्ड (ख)
३ बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को पहिलो संशोधन विधेयक २०७२

व्यवस्थापिका संसदबाट पारित गरियो । “दफा ३ (ग) आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटी दिने ।” यसरी संसदबाट पारित ऐनले पुन चेक अनादरको विषय बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ (ग) र सजाय १५ बमोजिम हुनसक्ने उपचारको बाटो केही फराकिलो बनाएको छ । बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) र दफा १५(१) को संशोधन मात्र अध्ययन गर्दा चेक अनादरको विषयसमेत बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गत कारवाही र किनारा गराउँदा समेत विगो भराई लिन सकिने व्यवस्था देखिन्छ । तर, यस सम्बन्धमा पहिलो संशोधनमा गरिएको प्रस्तावना र थपिएको परिभाषा खण्डको समेत अध्ययन गर्न जरुरी छ ।

आफ्नो खातामा पर्याप्त रकम छैन भन्ने जान्दाजान्दै कुनै व्यक्तिले अर्को कुनै व्यक्तिका नाममा काटी दिएको चेक अनुसार बैकिङ्गबाट भुक्तानी हुन नसकी चेक अनादर हुनु र चेकलाई खाम्ने रकम आफ्नो खातामा छैन भन्ने जानीजानी चेक काटी बैकिङ्गलाई झुक्याई रकम भुक्तानी नै लिनेदिने गर्नु फरक कुरा हुन् । आफ्नो खातामा रकम छैन भन्ने जान्दाजादै चेक काटी दिने कार्यमा निश्चित रूपमा धारकलाई धोका दिने चेक काट्नेको बद्नियत अन्तर्निहित रहेको हुन सक्छ । यस्तो व्यक्ति व्यक्ति बीच परस्पर विश्वासमा गरिएको विनिमेय कारोबारको विषयलाई सरकार वादी भई चल्ने बैकिङ्ग कसूरको रूपमा अभियोजन गर्ने कार्यबाट सम्बन्धित धारकले उल्टै आफ्नो लेना रकममा व्याज असुल गर्न नसक्ने प्रतिकूल अवस्था पनि सृजना हुन सक्छ ।

राज्यको एउटा निकायले कानुन बनाउँछ भने त्यसको प्रचलन र व्याख्या अरु नै निकायहरूबाट गरिन्छ । राज्यको शक्तिपृथकीकरणको लागि यो अपरिहार्य पनि हुन्छ । तर, कतिपय अवस्थामा कानून निर्माण गर्ने निकायको भावना बुझाइमा हुन जाने कमी कमजोरीका कारण कानून कार्यान्वयनमा केही द्विविधा पर्न सक्दछ । कानूनको व्यवस्थालाई सही ढंगबाट बुझ्न नसक्दा यदाकदा यसको प्रयोग र पालनमा अन्यौल उत्पन्न हुनसक्छ । परिणामतः मर्का पर्ने पक्ष अर्थात पीडितको न्यायमा पहुँचको अधिकार नै कुण्ठित हुन पुग्छ । चेकमा उल्लेखित रकम असुल गर्नका लागि बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को १५ (१) वमोजिम विगो भराई विगोबमोजिम जरिवाना र ३ महिनासम्म कैदको सजायको व्यवस्था गरिदिएको छ । चेकमा उल्लेखित रकमको व्याज बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गत धारकले पाउन सक्दैन । यदी व्याजसमेतको रकम असुल उपर गर्नका लागि विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा ५४ र १०७क बमोजिम माग दावीका लागि सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नुपर्छ ।

## ६. चेक अनादर र मिलापत्र

महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको मिति २०७७ चैत्र २६ गतेको बैठकले गरेको निर्णय तथा सरकारी वकिल सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (१) बमोजिम नेपाल सरकार बादी हुने मुद्दाको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन जारी गरिएको निर्देशन नं. ५ मा चेक अनादरसम्बन्धी बैंकिङ्क कसूर मुद्दामा मिलापत्र गराउन आदेश दिनेसम्बन्धी निर्देशन दिएको छ । उक्त निर्देशनमा सर्वोच्च अदालतबाट

पुरुषोत्तम दंगाल विरुद्ध महान्यायाधिवक्ताको कार्यालयसमेत भएको परमादेश मुद्दामा[४] २०७७ साल माघ १८ गते भएको आदेशसमेतलाई विचार गरी बैकिङ्क कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड(ग) अनुसार सर्वसाधारण पीडित भएको बैकिङ्क कसूर मुद्दामा पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) अनुसार मिलापत्रसम्बन्धी कारवाही अगाडि बढाउने निर्देशन भएको छ ।

महान्यायाधिवक्ता कार्यालयको निर्देशन नं. ६ मा चेक अनादरसम्बन्धी बैकिङ्क कसूर मुद्दामा प्रतिवादीले पीडितलाई विगो बुझाईसकेको अवस्थामा मुद्दा नचलाउने र पुनरावेदन नगर्नेसम्बन्धी निर्देशन दिएको छ। बैकिङ्क कसूर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) अनुसार कसूर अन्तर्गतको ललिता कुमारी सिहको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रेश्मा शाह भएको बैकिङ्क कसुर (चेक अनादर) मुद्दामा[५] जाहेरवालाले प्रतिवादीबाट विगो रकम प्राप्त गरिसकेको छु भनी अदालतमा गरेको बकपत्र साथै रकम प्राप्त भएको भरपाई समेत पेश गरेको देखिएकोले बिगो नहुँदा प्रतिवादीलाई बिगो बमोजिम जरिवाना र बिगो भराईदिनु नपर्ने ठहर गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला सदर हुने भनी सर्वोच्च अदालतबाट २०७६ साल असार २ गते भएको फैसला उपर मिति २०७७ साल बैशाख ८ गते[६] पुनरावलोकन अनुमति नहुने गरी आदेश भएको छ। पीडित पक्ष र प्रतिवादीले मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७ को उपदफा (२) मा उल्लेखित व्यवस्था तथा महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ मा[७] भएको व्यवस्था अन्तर्गत “यस प्रकृतिका मुद्दामा अभियोजन पूर्व प्रतिवादीबाट पीडितले रकम प्राप्त गरिसकेको भए मुद्दा नचलाउने निर्णय गर्ने र अदालतमा मुद्दा दायर भएपछि पीडितले त्यस्तो रकम प्राप्त गरिसकेको अवस्थामा त्यस्तो फैसला उपर पुनरावेदन नगर्ने” भनी महान्यायाधिवक्ता कार्यालयबाट मातहतको कार्यालयहरुलाई निर्देशन जारी भएको छ । सरकारी वादी हुने मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट भएको निर्देशनबाट मिलापत्र हुने देखिन्छ ।

सर्वोच्च अदालत पूर्ण इजलासबाट गणेश रावलको जाहेरीले वादी नेपाल सरकार विरुद्ध निर्मला सोडारी भएको बैकिङ्क कसूर मुद्दामा[८] भएको आदेशमा फैसलाको कार्यान्वयन गर्दा पक्षहरुको पहलमा नेपाल सरकार तर्फ पनि हाल प्रचलित मिलापत्रको लागि स्वीकृति दिने प्रकृया अपनाउन सकिने नै हुँदा सो तर्फ पनि जान सकिने गरी आदेश भएको छ । यस पूर्ण इजलासको फैसलाबाट समेत बैकिङ्क कसूरको मुद्दामा महान्यायाधिवक्ता कार्यालयको निर्देशनबाट मिलापत्रको व्यवस्थालाई कार्यान्वयनको थप जोड दिएको छ ।

---

४ ०७७-WO-००१५

५ ०७५-RB-०१४१

६ ०७६-RV-०२३४

७ महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ को परिच्छेद २ को २.२ (२.२.२६)

८ ०७६-NF-००११

सर्वोच्च अदालत पूर्ण इजलासबाट गणेश रावलको जाहेरीले वादी नेपाल सरकार विरुद्ध निर्मला सोडारी भएको बैकिङ्ग कसूर मुद्दामा[९] भएको आदेशमा चेक अनादरको विषयमा विवाद उत्पन्न भएमा कानूनले २ वटा मार्ग पीडितलाई प्रदान गरेको हुन्छ भने सो मध्ये कुनै मार्ग अवलम्बन गर्ने स्वतन्त्रता पीडितलाई हुन्छ । सो कुरा सर्वोच्च अदालतबाट स्वीकार गरी आएको पनि छ । बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गत कुनै विवाद आउँछ भने उचित अनुचितको कसीमा भन्दा पनि प्रचलित ऐन कानूनको परिधि भित्रै रही निरोपण गर्नुपर्ने हुँदा यी प्रतिवादीले काटेको चेक अनादर भएका दिन लागू रहेको कानुनहरु मध्ये पीडितले रोजेको कानूनी उपचारको मार्गलाई अदालतले इन्कार गर्न सक्ने अवस्था देखिदैन ।

प्रस्तुत मुद्दामा दुईवटा चेक मध्ये पहिलो चेक काटेको कुरा र दोस्रो चेकमा भएको दस्तखत आफ्नो हो भन्ने कुरालाई प्रतिवादीले स्वीकार गरेको र खातामा रकम नरहेको भन्ने कुरा बैंकबाट प्रमाणित भैरहेको अवस्थामा प्रतिवादीको कार्य बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को विपरित देखिदा, विनिमेय अधिकार पत्र ऐन, २०३४ अन्तर्गत फिराद गर्नुपर्ने भनी अभियोग दावी नै खारेज गरेको सर्वोच्च अदालतको संयुक्त इजलासको २०७६ साल असार ९ गतेको फैसला अभियोग दावीमा सीमित रही फैसला गर्नुपर्ने न्यायको मान्य सिद्धान्त अनुरुप नदेखिएकोले सो फैसला कायम रहन सक्ने नदेखिँदा उल्टी भै प्रतिवादीलाई बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसूरमा सोही ऐनको दफा १५(१) बमोजिम सजाय भएको छ। साथै प्रस्तुत फैसलाको कार्यान्वयन गर्दा पक्षहरुको पहलमा नेपाल सरकार तर्फ पनि हाल प्रचलित मिलापत्रको लागि स्वीकृति दिने प्रकृया अपनाउन सकिने नै हुँदा सो तर्फ पनि जान सकिने गरी आदेश भएको छ। यस पूर्ण इजलासको फैसलाबाट समेत बैकिङ्ग कसूरको मुद्दामा महान्यायाधिवक्ता कार्यालयको निर्देशनबाट मिलापत्रको व्यवस्थालाई कार्यान्वयनका थप जोड दिएको छ ।

## ७. निचोड

आफ्नो खातामा प्रर्याप्त मौज्दातको रकम नभएको जानीजानी चेक काँटी दिई चेक अनादर भएमा ४ किसिमबाट उपचार खोज्ने गरिन्छ । मुलुकी अपराध संहिता, २०७४ को ठगीको प्रावधान अनुसारसमेत उपचार खोज्न सकिन्छ । साविकको मुलुकी ऐनको ठगीको महलको १, २ नंम्बरको प्रतिस्थापनको रुपमा मुलुकी अपराध संहिताको प्रावधान रहेतापनि हाल यस कानून अनुसार उपचार खोज्ने कार्य कम देखिन्छ । त्यस्तै मुलुकी देवानी संहिता, २०७४ को दफा ४८८ अनुसार दावी लिएकोमा कानूनबमोजिम अदालती शुल्क र फिराद दस्तुर लाग्ने हुँदा यस ऐनअनुसार उपचार खोज्दा अदालती शुल्कका कारणबाट कम मात्रामा फिराद पर्ने देखिन्छन् । हाल बैकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा १८ बमोजिम दावीमा शुल्क नलाग्ने हुँदा यस विषयमा जाहेरी पर्ने गरेका छन् । तथापी विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७ (१) अनुसारको दावी लिइएको अवस्थामा फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९० बमोजिमको दस्तुर लाग्ने व्यवस्था भएकोले यही कानून अनुसार

९ ०७६-NF-००११

पीडितलाई सहि उपचार प्राप्त हुने देखिन्छ । तथापी चेक अनादरको सूचनाका सम्बन्धमा विनिमेय अधिकार पत्र ऐन, २०३४ लाई संशोधन गरी स्पष्ट पार्न जरुरी छ ।

बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ लाई २०७३ असोज १८ गते गरिएको पहिलो संशोधनको आधार देखाई हाल चेक अनादरको विषयलाई विनिमेय अधिकार पत्र ऐन, २०३४ को सट्टा बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गत मुद्दा दायर गरिएको पाइन्छ । यसरी बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) र १५(१) को संशोधनले गर्दा विनिमेय अधिकारपत्र ऐन, २०३४ अन्तर्गतको चेक अनादरको विषयमा मुद्दा कम परेको पाइन्छ । पीडितले रकम प्राप्त गरिसकेको भए मुद्दा नचलाउने निर्णय गर्ने र अदालतमा मुद्दा दायर भएपछि पीडितले त्यस्तो रकम प्राप्त गरिसकेको अवस्थामा त्यस्तो फैसला उपर पुनरावेदन नगर्ने" भनी महान्यायाधिवक्ता कार्यालयबाट मातहतको कार्यालयहरुलाई निर्देशन जारी भएको छ । सरकार वादी हुने मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट भएको निर्देशनबाट मिलापत्र हुने देखिन्छ । सर्वोच्च अदालतको पूर्ण इजलासबाट गणेश रावलको जाहेरीले वादी नेपाल सरकारविरुद्ध निर्मला सोडारी भएको बैकिङ्ग कसूर मुद्दामा भएको आदेशमा फैसलाको कार्यान्वयन गर्दा पक्षहरुको पहलमा नेपाल सरकार तर्फ पनि हाल प्रचलित मिलापत्रको लागि स्वीकृति दिने प्रकृया अपनाउन सकिने नै हुँदा सो तर्फ पनि जान सकिने गरी आदेश भएको छ । यस पूर्ण इजलासको फैसलाबाट समेत बैकिङ्क कसूरको मुद्दामा महान्यायाधिवक्ता कार्यालयको निर्देशनबाट मिलापत्रको व्यवस्थालाई कार्यान्वयनका थप जोड दिएकाले सम्बन्धित पक्षले पनि त्यसतर्फ जोड दिनु पर्छ ।

# संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारमा देखिएको विवाद



**अधिवक्ता विकास भट्टराई**
एलएल.एम., संवैधानिक तथा कमर्सियल ल

नेपालको संविधानले वन, जंगल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधतालाई संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत राखेको छ । साझा सूचीमा राख्नुको मतलव यस्ता चिजबस्तुहरु संघ, प्रदेश र स्थानीय तहको बराबर हिस्सा भन्ने नै हो । यति मात्र होइन, ती तीन निकायका साझा सूचीमा सहकारी, शिक्षा, खेलकूद, पत्रपत्रिका, स्वास्थ्य, कृषि, विद्युत, खानेपानी, सिंचाई जस्ता सेवा पनि रहेका छन् । नेपालको संविधानको अनुसूची- ९ मा तीन तहका सरकारलाई दिइएको अधिकारको साझा सूचीमा सेवा शूल्क, दस्तूर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शूल्क, खानी तथा खनिज, विपद व्यवस्थापन,सामाजिक सुरक्षा र गरिवी निवारण, व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क छन् । पुरातत्व, प्राचीन स्मारक र संग्राहलय, सुकुम्बासी व्यवस्थापन, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी तथा सवारी साधन अनुमति पनि तीन तहका सरकारका साझा सूचीमा परेका विषयहरु हुन् ।

संविधानले यस्ता विषयहरुलाई साझा सूचिमा राखेको भएपनि त्यसको के कसरी प्रयोग गर्ने भन्नेसम्बन्धमा न त संविधानले स्पष्ट रुपमा उल्लेख गरेको छ न त कानून बनाएर नै त्यसलाई व्यवस्थित गरिएको छ । यस्ता अधिकारको विषयलाई लिएर ती निकायहरु बीच विवाद उत्पन्न हुने देखिन्छ । यस्तो विवादको सुरुवात भने भइसकेको छ । सव डिभिज बन कार्यालय, विष्णुपादुका तथा डिभिजन बन कार्यालय, सुनसरी र धरान उपमहानगरपालिका बीच बन क्षेत्रलाई लिएर विवाद उत्पन्न भएको छ । यो त एउटा सुरुवात मात्र हो । यस्तो विवाद भविष्यमा अझ आउने देखिन्छ । धरान उपमहानगरपालिकाले बन क्षेत्रमा सावुन उद्योग सञ्चालन गरेपछि प्रदेश सरकार अन्तर्गत रहेको सव डिभिजन बन कार्यालय त्यसको विरोध जनाएपछि विवाद उत्पन्न भएको हो । उपमहानगरपालिकाले पूर्वमा सर्दु खोला र विष्णुपादुका जाने सडक, पश्चिममा डंगडंगे खोला र सर्दु खोला, उत्तरमा डंगडंगे खोला र पाखि भित्ता तथा दक्षिणमा सर्दु खोला बीच पर्ने ५७ हजार ३ सय ९७ दशमलव १३ बर्गमिटर बन क्षेत्रमा विशेष औधोगिक ग्राम सञ्चालन गर्ने निर्णय गरी सावुन फ्याक्ट्रीको लागि तयारी गरिरहेको थियो । एकलौटी रुपमा त्यस्तो कार्य गर्न नसक्ने भनी प्रदेश सरकारले उल्लेख गरेपछि ब्यापक विवाद भएको थियो । त्यस्तो विवाद न्यायालयसम्म पुगेको थियो ।

उपमहानगरपालिकाले धराने मायालु सावुन उत्पादन गर्नको लागि स्काभेटर लगाई माटो सम्याउने कार्य गरिरहेको अवस्थामा प्रदेश सरकारले त्यस्तो कार्य संविधान र कानून विपरित भएकाले त्यसलाई रोकी पाउन विवाद अदालतमा पुग्नु अघि सम्बन्धित निकायमा पत्राचार गरेको थियो । सो पत्राचार भएपछि पनि उक्त कार्य जारी राखेकाले प्रदेश सरकारले उच्च अदालत, विराटनगरमा उत्प्रेषण र परमादेशको माग गर्दै रिट निवेदन दायर गरेको थियो । रिट निवेदनमा बन ऐन, २०७६ का विभिन्न प्रावधान विपरित हुने गरी उपमहानगरपालिकाले बन क्षेत्रमा उद्योग उत्पादन गर्नको लागि पहल गरेको उल्लेख गरिएको थियो । उपमहानगरपालिकाले पेश गरेको लिखित जवाफमा बन ऐन अन्तर्गत मुद्दा दायर गर्ने अधिकार महान्यायाधिवक्ता वा मुद्दा दायर गर्न तोकिएको सम्बन्धित तहको न्यायाधिवक्तालाई मात्र हुने छ भनी जिकिर लिएको थियो ।

बन ऐन, २०७६ को दफा २ मा निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको बन सिमाना लगाईको वा नलगाईको बनले घेरिएको वा बन क्षेत्रभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल, तलैया, सिमसार, नदी खोलानाला, बगर पर्ती वा ऐलानी जग्गाले गोगटेको क्षेत्रलाई बन क्षेत्र भनी ब्याख्या गरेको छ । त्यस्तै दफा ३ ले उपफा २ मा उल्लेख गरिएको त्यस्तो बन क्षेत्रको भू-स्वामित्व र सो सम्बन्धमा निर्णय गर्ने अधिकार नेपाल सरकारमा राखेको छ । प्रदेश सरकारद्धारा दायर गरिएको रिट निवेदनमा त्यस्तो बन क्षेत्रको नेपाल सरकारको स्वामित्व भएको र त्यसको निर्णय गर्ने अधिकार पनि त्यसैमा रहेको उल्लेख गर्दै उपमहानगरपालिकाद्धारा एकलौटी रुपमा सावुन फ्याक्ट्री निर्णय गर्न लागेको जनाइएको थियो । उपमहानगरपालिकाद्धारा पेश गरिएको लिखित जवाफमा उपभोक्ताको हितको लागि मेडिकेटेड सावुन उत्पादन गर्ने अधिकार पनि आफूसँग निहित रहेको जनाइएको थियो ।

रिट निवेदकले नेपालको संविधानको धारा १४४ को उपधारा (१) र (२) बमोजिम उत्प्रेषणलगायत परमादेशको आदेश जारी गरी पाउन माग गरेको देखिन्छ । निश्चय पनि धारा १४४ संविधानमा उल्लेख भएका मौलिक हकसँग सम्बन्धित छ । कुनै पनि मौलिक हक हनन् भएको अवस्थामा सम्बन्धित व्यक्ति वा नागरिक वा संघसंस्थाले सम्बन्धित उच्च अदालतमा रिट निवेदन दायर गर्न सक्छ । तर उल्लेखित विवादमा सरकार पक्ष नै उत्प्रेषण र परमादेशको आदेशसहित माग लिएर उच्च अदालत, विराटनगर प्रवेश गरेको देखिन्छ । सो अदालतका न्यायाधीशहरु कृष्ण कमल अधिकारी र मुरारीबाबु श्रेष्ठको संयुक्त इजलासले धारा १४४ को प्रयोग सरकारी निकायले गर्न पाउँदैन भनी स्पष्ट रुपमा बोलेको अवस्था छ । कतिपय अवस्थामा धारा १३३ प्रयोग गरी सरकारी निकाय सर्वोच्च अदालत प्रवेश गरिरहेका पनि देखिएको छ । यस्तो अवस्थामा धारा १४४ केवल नागरिक तथा प्राकृतिक व्यक्तिको लागि मात्र हो भनी उच्च अदालतले स्पष्ट पारेको छ । वास्तवमा धारा १३३ र १४४ नागरिक तथा प्राकृतिक व्यक्तिलाई मात्र हो । धारा १३३ मौलिक हक हनन् भएमा सर्वोच्च अदालत प्रवेश गर्न पाउने बाटो हो भने १४४ सोही अवस्थामा उच्च अदालत प्रवेश गर्न पाउने गरी दिइएको

अधिकार हो । कुनै पनि सरकारी निकायले ती धाराहरु प्रयोग गरी न्यायालय प्रवेश गर्न पाउँदैनन्, किनभने मौलिक हक भनेको सरकारविरुद्ध लागू हुन्छ । उच्च अदालतको आदेशमा उल्लेख छ-'सामान्यतया त्यस्ता मौलिक हकको प्रचलनका लागि सम्बन्धित व्यक्ति/नागरिक अदालत प्रवेश गर्न पाउने हुन्छ । तर, कतिपय अवस्थामा निजको हकमा अन्य व्यक्ति वा नागरिक स्तरका संघ संस्थासमेत प्रवेश गर्न पाउने हुन्छ । मौलिक हकको हनन् भएको अवस्थामा हनन् भएको व्यक्तिको अलावा अन्य व्यक्ति, संघ संस्था अदालत प्रवेश गरी मौलिक हको प्रचलन गराउने गरेको हाम्रो अभ्यास रही आएको छ, तर मौलिक हकसँग जोडेर सरकारी निकाय स्वयम् असाधारण अधिकार क्षेत्रको बाटो अवलम्बन गर्न पाउने गरी कानूनले व्यवस्था गरेको देखिदैन ।'

उच्च अदालत पनि संविधान तथा कानूनमा उल्लेख नभएपनि व्यबहारिक रुपमा अभिलेख अदालत नै मान्नुपर्दछ । संविधानले सर्वोच्च अदालतलाई मात्र अभिलेख अदालत मानेको छ, तर उच्च अदालतलाई संविधान तथा कानूनले ठूलो जिम्मेवारी दिएका कारण त्यसको भूमिकालाई पनि कम आंक्न मिल्दैन । न्यायाधीशहरु अधिकारी र श्रेष्ठको इजलासले सरकारी निकायहरु धारा १४४ प्रयोग गरी अदालत प्रवेश गर्न सक्दैन भनी स्पष्ट रुपमा बोलेको पाइन्छ । धारा १३३ को मकसद पनि धारा १४४ जत्तिकै हो, केवल धारा १४४ उच्च अदालतसँग सम्बन्धित छ भने धारा १३३ सर्वोच्च अदालतसँग । उच्च अदालत, विराटनगरको सो आदेशलाई सर्वोच्च अदालतले 'रिफरेन्स' को रुपमा लिनुपर्दछ ।

नेपालको संविधानको अनुसूची-९ ले स्थानीय तह, प्रदेश तह र संघीय सरकारको साझा अधिकारको बारेमा उल्लेख गरेको भएपनि त्यसलाई कसरी प्रयोग गर्ने भन्ने बारेमा संविधानकै धारा ५७ को उपधारा (५) ले स्पष्ट गरेको छ । सो उपधारा (५) मा उल्लेख छ-'संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग यो संविधान र संघीय कानून, प्रदेश कानून र गाउँ सभा वा नगर सभाले बनाएको कानूनबमोजिम हुनेछ ।' अनुसूची-९ मा रहेको विषयलाई तीनै तहको सरकारको साझा अधिकारको रुपमा त मान्नुपर्ने भयो, तर त्यसलाई के कसरी प्रयोग गर्ने, यसमा भएको लाभ कसरी भाग लगाउने अर्थात यसको व्यवस्थापन कसरी गर्ने भन्नेसम्बन्धमा सरकार तथा व्यवस्थापिकाले कुनै वास्ता गरेको छैन । धारा ५७ (५) मा भएको व्यवस्थाबमोजिम सरकार तथा व्यवस्थापिकाले कानून बनाइदिएको भए सायद धरान उपमहानगरपालिका र प्रदेश सरकार बीच विवाद उत्पन्न हुने थिएन । उच्च अदालतले गरेको अन्तिम आदेशमा यससम्बन्धमा उल्लेख गरेको छ-'संविधानले स्थानीय तहलाई समेत अधिकार दिइरहेकोमा हालसम्म तत्सम्बन्धी कानून निर्माण नभएबाट त्यस्तो अधिकारको प्रयोगमा अन्यौल नै रहेको देखिन्छ, तरपनि प्रस्तुत विवादित विषयमा यस अदालतको क्षेत्राधिकार आकर्षित हुने नभई नेपालको संविधानको धारा १३७ आकर्षित हुने देखिदा त्यसतर्फ थप विवेचना गरिरहन परेन ।'

नेपालको संविधानको धारा १३७ मा संवैधानिक इजलासको गठन र त्यसको क्षेत्राधिकारको बारेमा उल्लेख गरिएको छ । धारा १३७ को उपधारा (१) मा सर्वोच्च अदालतमा एक संवैधानिक

इजलास रहने त्यसमा प्रधानन्यायाधीश र न्यायपरिषद्को सिफारिसमा प्रधानन्यायाधीशले तोकेका अन्य चार न्यायाधीश रहने व्यवस्था छ। त्यस्तै उपधारा (२) को खण्ड (क) मा संघ, प्रदेश, प्रदेश र प्रदेश, र स्थानीय तह तथा स्थानीय तहहरु बीचको अधिकारको क्षेत्रको बारेमा भएको विवाद सम्बन्धीलगायतका विषयको विवादलाई संवैधानिक इजलासले सुनुवाई गर्ने गरी क्षेत्राधिकार तोकिएको छ । उच्च अदालत, विराटनगरले धरान उपमहानगरपालिका र प्रदेश सरकार बीच चलेको विवादलाई संविधानको धारा १३७ को उपधारा (२) को खण्ड (क) अनुसार संवैधानिक इजलासले सुनुवाई गरी निरोपण गर्नुपर्ने विषय भएको उल्लेख गरेको हो।

नेपाल संघीय व्यवस्थामा प्रवेश गर्नु अघि कानून बनाउने एकलौटी अधिकार केन्द्रलाई मात्र रहेको थियो । संघीयतामा प्रवेश गरेपछि भने त्यस्तो अधिकार संघ, प्रदेश र गाउँ सभा वा नगर सभालाई दिइएको छ। प्रदेश र गाउँ सभा वा नगर सभाले बनाएको कानून संघीय कानूनसँग बाझिएमा त्यस्तो बाझिएको कानून बदर हुने पनि व्यवस्था छ । यस अर्थमा स्थानीय तह, प्रदेश सभा र संघीय सरकारलाई दिएको साझा अधिकारको बारेमा प्रयोग गर्ने तरिकाको बारेमा स्पष्ट हुने गरी पहिले संसदले कानून बनाउन जरुरी छ। पहिले संघीय संसदले कानून बनाएपछि मात्र त्यसको आधारमा स्थानीय तह र प्रदेश सभाले कानून बनाउँदा उपयुक्त हुन्छ। पहिले स्थानीय तह र प्रदेश सभाले कानून बनाउने हो भने संघीय संसदले बनाएको कानूनसँग बाझिन सक्छ । धरान उपमहानगरपालिका र प्रदेश सरकार बीच चलेको विवाद संवैधानिक इजलासमा आएपनि तीनै तहको साझा अधिकारको बारेमा कानून नबन्दासम्म सुल्झाउन अप्ठेरो हुने देखिन्छ । अधिकार दिएर मात्र हुँदैन, त्यसलाई कार्यान्वयन गर्ने विषयमा जतिसक्दो छिटो स्पष्ट गराउनु पर्दछ। वास्तवमा यस्तो संवेदनशील विषयलाई सरकारले जतिसक्दो चाँडो प्राथमिकतामा राखी कानून बनाउन जरुरी छ। धरान उपमहानगरपालिका र प्रदेश सरकारको यो विवाद देख्दा र सुन्दा सामान्य लागेपनि यसलाई गम्भीर रुपमा लिनुपर्छ। धरान उपमहानगरपालिका अन्तर्गत रहेको बन क्षेत्रमध्ये ५७ हजार ३ सय ९७ दशमलव १३ वर्ग मिटर सो उपमहानगरपालिकाले सधैंका लागि कब्जा गर्ने हो कि भन्ने डर प्रदेश सरकारलाई लागेको छ भने उक्त उपमहानगरपालिकाले सो बन क्षेत्र आफ्नो पनि अधिकार क्षेत्रभित्र पर्ने हो भनेर उद्योग खोल्न तम्सिएको देखिएको छ। त्यसैले यो विवाद चाँडो भन्दा चाँडो सुल्झाउन पहिले संघीय संसदले कानून बनाउन आवश्यक छ भने त्यसपछि स्थानीय स्तरमा यसैसँग सम्बन्धित कानून निर्माण गर्न जरुरी देखिन्छ।

# छद्म निरपेक्षता कि धर्म निरपेक्षता ?
## धर्म सम्बन्धी विश्वका संवैधानिक व्यवस्था र नेपाली मोडेल

अधिवक्ता स्वागत नेपाल

### के हो धर्म निरपेक्षता ?

धर्म निरपेक्षता भनेको राज्यलाई धर्मबाट अलग गर्नु हो, व्यक्तिलाई धार्मिक गतिविधिबाट अलग गर्नु होइन । खासमा यो कुनै पनि व्यक्तिले 'अन बायस' भएर राज्य संयन्त्रबाट व्यवहार पाउने प्रत्याभूति पनि हो ।[१] ग्रिक रोमन दार्शनिकहरु मार्कस (Marcus Aurelius), मेडिभस, भोल्तेयर, जोन लक, थोमस जेफर्सन ब्रटान्ड रसेलसम्मले यो दर्शनमा सबल तर्कहरुका साथ योगदान पुऱ्याएका छन् । युरोपेली पदावलीमा लेसिज्म (Laicism) पनि भनिने धर्मरिपेक्षता (Secularism) लाई आधुनिकीकरणतर्फको अभियानका रुपमा बुझिन्थ्यो, जतिबेला अफिसियल स्टेट चर्चहरु अर्थात् आधिकारिक राजकीय चर्चहरु प्रचलनमा थिए । तर, नेपालमा धर्म निरपेक्षता अधार्मिकता र क्रिश्चियानिटी वा इस्लामिज्मको बढावा हो भन्नेसम्म पनि गलत धारणाहरु पाइन्छन् । जुन एकदमै हाँसोलाग्दो तथ्य हो ।[२]

माथिका प्रामाणिक बुझाइहरु भन्दा फरक रुपमा नेपाली समाज धर्म निरपेक्ष घोषणा नगरिक नै निरपेक्ष थियो, हो र रहने छ । हामी हिन्दूहरू संसारकै एक नम्बर निरपेक्ष हौँ । हामी जुनसुकै मन्दिर, मस्जिद चर्च, गुम्बा, सबैतिर ढोग्न, शीर नत गर्न र प्रसाद खान सक्छौँ, अरू धर्मका जस्तो सङ्कीर्ण छैनौँ । ३३ कोटी देवीदेवतामा एक-दुई जिसस, मोहम्मद कोही थपिएर हामी रिसाउँदैनौँ, बरु रमाउँछौं । निरपेक्षता राज्य नास्तिकता होइन न त अधार्मिकता वा क्रिश्चिनीकरण नै हो । बरु सबैभन्दा निरपेक्ष भनेको हिन्दू हो । हिन्दू धर्म हाइन, निरपेक्ष मानवतावादी जीवन संस्कार हो । त्यसैले हिन्दूको उदार निरपेक्षता संसारका सबै देशले सिक्नुपर्छ । यो आलेखको चुरो कुरो यत्ति नै हो, बाँकी प्रामाणिक मिमांसा तल गरिन्छ ।

संसारको सबैभन्दा जेठो संविधान (मनुस्मृति) लेखिएको भूमि नेपालमा हामी संसारको सबैभन्दा कान्छो संविधान अभ्यास गरिरहेका छौं । बर्तमान् संविधान निर्माणका समयमा सङ्घीयता, समानुपातिकता, शासकीय स्वरूपका विविध रूपका आदि धेरै-धेरै पक्ष विपक्षमा विश्वका मोडेलहरूको चर्चा गरिए । संविधान सभाका विषयगत समितिहरूले पनि अध्ययन गरे । अवधारणापत्रहरू तयार गरी बझाइए तर धर्म निरपेक्षताको विश्वका मोडेलहरूको बारेमा कसैले अध्ययन गरेन । त्यसैले त्यो खाली ठाउँ भर्नका लागि नयाँ तथ्य उद्घाटनका

१ Holyoake, G.J. (1896).The Origin and Nature of Secularism
२ नेपाल, स्वागत, राजधानी दैनिक २०६८ कात्तिक १ ।

लागि संवैधानिक र दार्शनिक दृष्टिबाट नेपालको धर्म निरपेक्षताको वैश्विक महत्व राख्ने गरी यो अध्ययनको प्रयत्न गरिएको हो ।

धर्म निरपेक्षतालाई धेरैले राज्यलाई धर्मबाट अलग गर्नु हो भनेर सबैभन्दा छोटो वाक्यमा बुझाउन खोज्छन् तर त्यो गलत हो । धर्म निरपेक्षता पाश्चात्य विश्वबाट नेपालसम्म व्यवहारिक अनुवाद हुँदा त्यस्तो भएको हो । त्यसैले धर्म निरपेक्षताको विश्व अभ्यासमा रहेका मोडेलहरू र नेपालीपनलाई फरक-फरक ढङ्गले तर जोडेर हेर्नुपर्छ । धार्मिकताका आधारमा नेपालका कतिपय कानूनहरू बने, शासन व्यवस्थासमेत चले तर पनि इतिहासमा नेपालमा कुनै मठाधीश वा सन्त-महन्तले राज्यका कानूनको व्याख्या गरेर राज्यले गरेका कुनै पनि निर्णयलाई धर्मका आधारमा ठीक भएन भनी अमान्य घोषणा गरेन । कुनै मस्जिदका धर्मगुरु वा चर्चका पोपले कुनै शासकलाई मान्यता दिन वा नदिने वा सोझै धार्मिक कानून चलाउने काम भएन । तर पनि शासकले धार्मिकताका आधारमा मुलुक निश्चित कालखण्डमा चलेको साँचो हो । त्यसैले हामीकहाँ कुनै मठ वा मन्दिरबाट मुलुक वा शासक चलेनन् बरु शासकले मठ-मन्दिरहरू चलाए । पशुपतिका भट्ट वा मूल भट्टले शासकलाई होइन, शासकले चाहिँ पशुपतिका भट्ट वा मूल भट्टलाई चलाए । त्यसैले अरू पाश्चात्यमा मुलुकमा धर्म निरपेक्षतालाई राज्यलाई धर्मबाट अलग गर्नु हो भनेर होइन, चर्चलाई राज्यबाट अलग गर्नु धर्म निरपेक्षता हो भनेर व्यवहारमा बुझियो । हामीकहाँ कुनै पनि मन्दिर, चर्च, मस्जिद, गुम्बालाई राज्यबाट अलग-अलग गरिनुपर्ने अवस्था नै छैन ।

कतिपय गुम्बा, मस्जिद, मन्दिर आदि राज्यकै संरक्षणमा समिति नै गठन गरेर सञ्चालित छन् तर तिनले राज्य र शासकलाई चलाएका छैनन् । त्यसैले हामीकहाँ चर्चलाई राज्यबाट अलग भने जस्तो मन्दिर, मस्जिद, गुम्बा वा चर्चलाई राज्यबाट होइन कि राज्यलाई धार्मिक आधारमा गरिने शासनबाट अलग भनेर धर्म निरपेक्षतालाई बुझिनु जरुरी हुन्छ । त्यो यसकारण पनि जरुरी छ कि विश्वका धर्म निरपेक्षताका मोडेलहरूबारे अध्ययन गर्दा कति हदसम्म राज्य चर्चबाट अलग भएका छन् वा कति धार्मिक कानूनहरू छन् भनेर हेर्ने गरिन्छ । ती भेदहरूको बारेमा पछि चर्चा गरिने छ । सोझो रूपमा यो धर्मतन्त्र अर्थात् Theocracy को विपरीतार्थक शब्द हो । यस्तो थिओक्र्यासी पुरानत ग्रीकदेखि वर्तमानसम्म धार्मिक कानून लागू भएका मुलुकहरूसम्ममा कायम रहेका छन् । हुन त ती पक्षमा वैचारिक परिवर्तनहरू आइसकेका छन् तर सो पक्षतर्फ प्रवेश गर्नपूर्व धर्म निरपेक्षताका स्थापित मान्यताहरूतर्फ विचार गरौँ ।

धर्मनिरपेक्षता (Secularism) शब्द पहिलो पटक प्रयोग गर्ने दार्शनिक ब्रिटिश लेखक जर्ज ज्याकोब होल्योक (George Jacob Holyoake) (१८१७-१९०९) हुन् । उनले धार्मिक विश्वासहरुको अन्त्य र आलोचना नगरिकन सामाजिक व्यवस्थापनलाई धर्मबाट अलग गर्ने विचारको व्याख्या गर्न पहिलो पटक सेक्युरालिज्म वा धर्म निरपेक्षता शब्द आविष्कार र प्रयोग गरेका थिए ।[३] उनले आफ्नो व्याख्यामा धर्मनिरपेक्षता कुनै पनि धर्मको विरोधी 'आर्ग्युमेन्ट' वा प्रतितर्क होइन भनेर स्पष्ट लेखेका छन् ।

३ Kosmin, Barry A. Contemporary Secularity and Secularism

 इन्स्टिच्यूट फर द स्टडी अफ सेक्युलारिज्म इन सोसाइटी एण्ड कल्चरका (Institute for the Study of Secularism in Society and Culture) का ब्यारी कोज्मिन (Barry Kosmin) जो ट्रिनिटी कलेजका प्राज्ञिक परियोजना प्रमुख पनि हुन्, ले धर्मनिरपेक्षतालाई अतिवादी र नरमवादी दुई प्रकारका समूहमा विभाजन गरेका छन् । तीमध्ये अतिवादीले सबै प्रकारका धार्मिक विश्वासको विरोध गर्छन् भने नरमवादीले विरोध पनि गर्दैनन् र समर्थन पनि जनाउँदैनन् ।[४] ती दुवै खाले प्रवृत्ति अहिले नेपालमा पनि देखिएका छन् । तर, वास्तविक धर्मनिरपेक्षता भने ज्याकोबले नै भनेझैँ दुवैभन्दा फरक रहेर सबैलाई सम्मानका साथ धार्मिक विश्वासको विरोध र अन्त्य नगरी सामाजिक व्यवस्थापनको सोच हो भन्ने विचार हो भनेर बुझ्नेहरु अहिले पनि एकदमै कम मात्र छन् ।

कहिलेकाहीँ अतिवादी धर्मनिरपेक्षता सबै किसिमको धार्मिक अधिकारको लागि खतरापूर्ण हुने गर्छ । केही मुलुकहरु संवैधानिक रुपमा मात्र धर्मनिरपेक्ष हुन्छन् तर व्यवहारमा त्यस्तो हुन्न । जस्तो कि संयुक्त राज्य अमेरिका, फ्रान्स, भारत, मेक्सिको, दक्षिण कोरिया र टर्कीसमेत संवैधानिक रुपमा धर्म निरपेक्ष भए पनि शासनको स्वरुपमा धार्मिकता स्पष्ट नगरे पनि व्यवहारमा त्यस्तो छैन । ज्याकोबले सेक्युरल रिलिजन भन्ने आफ्नो लेखनमा सेक्युलर इथिक्स अर्थात् निरपेक्षताको आचार पनि सुझाएका थिए । उनले आफ्नो सुझावमा कुनै पनि धर्मको असान्दर्भिकता पुष्टि गर्न प्रयत्न नगर्ने, धर्मसँग कुनै पनि स्वार्थ नखोज्ने, धर्म विरोधी बन्न नहुने आधारहरु नै निरपेक्षताका आधार हुन् भनेका छन् ।

विश्वमा ८१ मुलुक धर्म निरपेक्ष रहेका छन् । संयुक्त अधिराज्यमा नेशनल सेक्युलर सोसाइटी र अमेरिकामा अमेरिकन्स युनाइटेडजस्ता धर्मनिरपेक्षता प्रवर्द्धन गर्ने संघसंस्थाहरु पनि प्रशस्तै छन् । ती दुवै संस्थाले धर्म निरपेक्षताको लागि योगदान पुऱ्याउने व्यक्तिलाई 'सेक्युरालिस्ट अफ द इयर' नामको अवार्ड पनि प्रदान गर्ने गरेका छन् । त्यो पुरस्कार पछिल्लो पटक इरानको वर्कर कम्युनिष्ट पार्टीका मारयाम नामाजेलाई प्रदान गरिएको थियो ।[५] अनि विद्यार्थीहरुका लागि निरपेक्ष विद्यार्थी इकाइहरु पनि गठन गरिएका छन् ।

टर्कीमा सन् १८६५ मा मुस्ताफा केमालले स्थापना गरेको संसारको सबैभन्दा पुरानो धर्म निरपेक्षतावादी संस्था आतारुक थट एशोसिएशनले अग्रसरता लिएर सामाजिक सेवाका कामहरु गरिरहेको छ । सन् १९६१ को संविधानमार्फत टर्कीले आफूले आफूलाई धर्मनिरपेक्ष मुलुक घोषणा गरेको हो ।[६] भारतको संविधानको प्रस्तावनामा नै 'भारत एक धर्म निरपेक्ष मुलुक...' भन्ने उल्लेख गरिएको छ ।[७] नेपालमा धर्म निरपेक्षताको अर्थ क्रिश्चियानिटी र गौवध हो भन्ने अर्थ धेरैले लगाइरहेका छन् । खासगरी तराइका धेरै जिल्लाहरुमा यस्ता घटना र विवादहरु भएका छन् । राजाको सक्रिय शासनको युग सकिएपछि अझै पनि प्रधानमन्त्री र

४ नेपाल स्वागत, सौर्य दैनिक पृष्ठ ५, साउन ५ गते २०६९ ।
५ http://www.secularism.org.uk/secularist-of-the-year-20111.html
६ टर्किस संविधानको प्रस्तावना
७ भारतीय संविधानको प्रस्तावना

राष्ट्रपतिले राजाका साँस्कृतिक गतिविधिलाई निरन्तरता दिइरहेका छन् । के निरपेक्षता भनेको निरन्तरताका कारिणीहरुको परिवर्तन हुनु मात्र हो र ?

## भन्दैमा निरपेक्ष हुन्छ ?

कुनै पनि मुलुकको संविधानमा धर्म निरपेक्ष लेखेर मात्र वास्तविक निरपेक्ष हुँदैन । यसको उदाहरण गत वर्षको जुन महिनामा रुसमा देखियो । हिन्दूहरुको ज्ञानग्रन्थ गीताको इन्टरनेशनल सोसाइटी फर कृष्ण कन्ससिअस (इस्कोन) का संस्थापक ए. सी. भक्तिवेदान्त स्वामी प्रभुपाद (Abhay Charanaravinda Bhaktivedanta Swami Prabhupada) ले अनुवाद गरी रुसमा बिक्री बढाएपछि साइबेरियाको टोम्सस्थित एक अदालतमा गीतामाथि प्रतिबन्ध लगाउन मुद्दा परेको थियो । अल्पसंख्यक हिन्दूका पक्षका वकिल मिखायल फ्रोलोब (MiKhail Frolov) ले बहसको क्रममा धार्मिक अल्पसंख्यकसम्बन्धी अधिकार आयोगको दृष्टिकोण सुनेर मात्र फैसला गर्न माग गरेपछि अदालतले २९ डिसेम्बरमा गीतामा प्रतिबन्ध नलाग्ने निर्णय दियो । रुसी सरकारले गीतामाथि फैसला पूर्वसमेत रोक लगाएको थियो । सोविरुद्ध भारतीय सडक र सदनमा खेद, विरोध र प्रदर्शनहरु भए । भारतका लागि रुसी राजदूतले पनि सो खेदप्रति सार्वजनिक रुपमै दुःख व्यक्त गरे । [८]

हामी पनि संघीयता र धर्म निरपेक्षताको युगमा प्रवेश गरिसकेकाले अबको नेपाली धर्मनिरपेक्षताको मोडेल कस्तो हुने भन्ने सम्बन्धमा यो घटना हाम्रा लागि अध्ययनयोग्य छ । विश्वमा धर्म निरपेक्षताको आन्दोलनको इतिहास हेर्दा सबैभन्दा बढी धर्मनिरपेक्षताका अभियन्ताहरु कम्युनिष्ट शासनमा नै मारिएका उदाहरणहरु छन् । नेपालमा भने खासगरी कम्युनिष्ट बलमा धर्म निरपेक्षता प्राप्त भए पनि त्यसका मोडेलका बारेमा चर्चा हुने गरेको छैन ।

रुसी संवैधानिक व्यवस्था हेर्ने हो भने रुस स्पष्ट धर्मनिरपेक्ष मुलुक हो । रुसी संविधानको धारा १४ को उपधारा (१) र (२) मा क्रमशः भनिएको छ : १) रुसी महासंघ एक धर्मनिपेक्ष राज्य हो । कुनै पनि धर्म राज्यपोषित रुपमा संस्थागत र वाध्यकारी हुने छैन । २) सबै विश्वासका धार्मिक संलग्नताहरु राज्यविभक्त र राज्यका लागि समान हुनेछन् ।[९] तर, यो व्यवस्थाका बावजुद निरपेक्ष भनेर पनि रुसी व्यवहार गीताको मुद्दामा फरक देखियो । यो धर्मनिरपेक्षताको परम्परागत कम्युनिष्ट मोडेल हो । त्यसो त रुसको धर्मनिरपेक्षताविरुद्धको दमनकारी नीति इतिहासदेखि नै प्रष्ट छ । त्यहाँको राज्यनीति धर्मविरोधी मात्र होइन निरपेक्षताविरोधी नै देखिएको छ । त्यस्तै उदाहरण अरु मुलुकहरु पनि देखिएका छन् । [१०]

विश्वमा निरपेक्षताका मोडेलहरु राजनीतिक र कानूनी दर्शनमाजस्तो व्यवस्थित ढंगमा कुनै

८ http://www.ndtv.com/article/india/russian-court-refuses-to-ban-translation-of-bhagavad-gita-161516
९ रुसी महासंघीय संविधान धारा १४ उपधारा १ र २
१० नेपाल स्वागत, नागरिक दैनिक, १२ पुस २०६८

विद्वानहरुले वर्गीकृत गरेर नबताए पनि व्यवहारमा देशअनुसार नकारात्मक निरपेक्षता र सकारात्मक निरपेक्षता मुख्य रुपमा देखिने गरेका छन् । फ्रेञ्च मोडेलमा शिक्षाका कुनै पनि अङ्गमा धार्मिकतालाई प्रवेश दिइन्न । विद्यार्थीका पाठ्यक्रम पनि धर्म निरपेक्ष शिक्षा (Secular Education) को सिद्धान्तमा आधारित छन् । तर, इण्डियन मोडेल केही लचिलो छ । भारत सरकारले आफैँ अमरनाथ र वैष्णोंदेवीमा हुने तीर्थ यात्रामा व्यवस्थापनको काम गर्छ, जसरी नेपालमा हिन्दूका धेरै मन्दिरमा हुने धार्मिक महत्वका कार्यक्रमहरुमा सोझै सरकारी व्यवस्थापन रहन्छ र मुस्लिमका लागि हज यात्रामा पनि प्रत्यक्ष संलग्नता राज्यले राख्ने गरेको छ । उता भारतमा शिख समुदायलाई सरह नभए पनि अल्पसंख्यक क्रिश्चियनहरुले केही अनुदान रकम पाइरहेका छन् । नेपालमा हिन्दू बहुल भएर पनि इस्लामधर्मका अनुयायीहरुलाई कमिटि नै बनाएर हज यात्रा व्यवस्थापन गरेजस्तो भोलि हिन्दूहरुले पनि चारधाम जान्छौँ हामीलाई व्यवस्था गर्नुपर्छ भन्ने माग उठ्यो भने वा  क्रिश्चियनहरुले पनि भ्याटिकन सिटी जान्छौँ हाम्रो लागि व्यवस्थापन होस् भन्ने हो भने सरकारले के गर्ला ? यो विषय विवादित बनेको छैन र बन्नु हुन्न पनि, तर राज्य यसबारेमा स्पट हुनु जरुरी छ । हामी कुन मोडेलको धर्म निरपेक्षतामा जाने हो अहिल्यै पहिचान हुनु आवश्यक छ । हुन त धर्म निरपेक्षताको कुरा गर्नेहरुले राज्यको तर्फबाट एक रुपियाँ पनि आश गर्नु हुन्न र आफ्नो धर्मप्रति राज्यको कति पनि संलग्नता खोज्नु हुन्न भन्ने सैद्धान्तिक आधार पनि हो ।[११] नेपालमा धर्म निरपेक्षता घोषणा भएको बेलामा सामयिक टिप्पणीकार अस्टिन क्लिन (Austin Cline) ले लेखेका थिए 'एक पटक त अचम्म पनि लाग्यो कि विश्वभरी धर्म निरपेक्षताको विरोध गर्ने र सापेक्षताका कुरा गर्ने क्रिश्चियन र इस्लाम धर्मका अनुयायीहरु किन नेपालमा धर्म निरपेक्षताको पक्षमा छन् ।[१२] यो प्रश्नको जवाफमा समय, देश र परिस्थिति अनुसार निर्णय गर्नुपर्छ भन्यो भने सायद ठीक हुन्छ । त्यसैले विश्वभरी मुस्लिम क्रिश्चियन र धर्म निरपेक्षतावीच विवाद रहे पनि नेपालमा धर्म निरपेक्षताको पक्षमा उहाँहरु उभिनु भएको छ । यो नेपालको विशेष परिस्थिति हो ।

संवैधानिक रुपमा धर्मनिरपेक्ष सबै मुलुकहरु पनि व्यवहारमा निरपेक्ष छैनन् । जस्तो कि फ्रान्समा सबैजसो क्रिश्चियन विदाका दिन सार्वजनिक सरकारी विदा दिइन्छ । क्याथोलिक स्कूलका शिक्षकहरुलाई सरकारले तबल दिन्छ । भारतमा हजयात्रीलाई सरकारले विमान टिकट सहयोग दिन्छ । कमनवेल्थ राष्ट्रप्रमुखहरुले प्रोटेस्टेन्ट आस्था अनुसारको कोरोनेशन अथ (सत्तारोहरण सपथ) लिने गर्छन् । स्कटल्याण्ड आफैँमा धर्मनिपेक्ष राज्य हो तर, धार्मिक राजा छन् । त्यसैगरी कहिलेकाहीँ धर्मनिरपेक्षता भइसकेको मुलुक पनि धार्मिक प्रक्रिया पूरा गरिरहने हो भने त्यो फेरि धर्मनिरपेक्षबाट सापेक्षतामा पनि जान सक्ने उदाहरणहरु समेत छन् । इरान त्यसको एउटा उदाहरण हो । त्यहाँ १९२५ मा धर्म निरपेक्षता घोषणा भएर १९७९ को डिसेम्बरसम्म लागू भयो । तर, अहमद साह (Ahmad Shah Qajar) लाई खत्तम गरेर धर्म निरपेक्षता कायम गराउँदै पालभी वंशका रेजा पालभी (Reza Pahlavi) लाई पनि अन्त्य गरी इरानमा गणतन्त्र घोषणाका साथ निरपेक्षता पनि अन्त्य भयो । इरान पनि १९२५ मा नै धर्म

११ महान अभियान, मासिक वर्ष ३ अंक १

१२ http://atheism.about.com/b/2003/07/13/secularism-in-nepal.htm

निरपेक्ष मुलुक थियो । इराक पनि सन् १९३२ मा धर्म निरपेक्ष थियो । तर फेरि १९६८ मा नयाँ संविधानसँगै इस्लाम धर्म सापेक्ष बन्यो ।

त्यस्तै मदागास्कर १९६० देखि हालसम्म धर्मनिरपेक्षता सापेक्षताको दोसाँधमा गुज्रिरहेको मुलुक हो । सरकार बनाउनु र ढलाउनुजस्तो होइन धर्मनिरपेक्षताको स्थापना र अन्त्य । हामी एउटा युगमा प्रवेश गरिसकेका छौँ र यसको सुव्यवस्थापनमा सबै तहबाट उत्तिकै सम्वेदनशीलताका साथ लाग्नुपर्छ ।

## नीति निरपेक्ष : व्यक्ति सापेक्ष

२७ अगस्त २००७ मा अमेरिकामा डेमोक्रेटिकतर्फका उपराष्ट्रपतीय उम्मेद्वार जोसेफ लिबरम्यान (joseph lieberman) ले 'द कन्स्टिच्यूसन ग्यारेन्टिज फ्रिडम अफ रिलिजन, नट फ्रिडम फ्रम रिलिजन' (The constitution gurantees freedom of relegion not freedom from relegion) अर्थात् संविधानले धर्मको स्वतन्त्रताको प्रत्याभूत गरेको छ न कि धर्मबाट स्वतन्त्रता भन्ने अभिव्यक्ति दिएपछि अमेरिकी धर्म निरपेक्षताको मोडेलको विषयमा व्यापक विवाद भयो । आमसञ्चारका विद्यार्थीका लागि पनि रुचीकर पात्र अर्का राष्ट्रपतीय उमेद्वार अल गोर (Albert Arnold "Al" Gore) ले आफूले चुनाव जितेमा हरेक कार्यकारी र महत्वपूर्ण निर्णय लिँदा आफ्नो स्थानमा जिसस भए के गर्नुहुन्थ्यो होला भनेर सोची त्यही गर्नेछु भन्ने भाषणै गरे । तर, जर्ज डब्ल्यू बुसले हरेक क्याबिनेट बैठक प्रार्थनाबाट सुरु गरेर गोरलाई पनि पछि पारिदिएका थिए । उनी मन्त्रिपरिषद् बैठक सकिएपछि पनि प्रार्थना गर्ने गर्थे ।

अमेरिकी संविधानको प्रथम संशोधनले नै संसदले कसैले कुनै धर्ममा आस्था राख्न प्रतिबन्ध लगाउने कुनै कानुन कहिल्यै पनि बनाउन नसक्ने व्यवस्था गरेको छ, तर संविधानमा चर्चबाट राज्यलाई पृथक राख्ने भनेर 'सेपेरेसन अफ चर्च एण्ड स्टेट' भन्ने शब्दांशहरु नै चाहिँ परेका छैनन् । त्यसलाई राज्य र चर्चको पृथकीकरणको योजना नीतिसम्म चाहिँ भन्न सकिन्छ । तर पनि संविधानको धारा ६ को तेस्रो अनुच्छेदमा सार्वजनिक कार्यालयहरुलाई धार्मिक अभ्यासको स्थान बनाउन प्रतिबन्ध नै लगाइएको स्पष्ट रुपमा लेखिएको छ ।[१३] त्यसले भने राज्यको निकायलाई धर्मबाट अलग गरेको मान्न सकिन्छ ।

अमेरिकाका फाउण्डिङ्ग फादर्समध्येका थोमस जेफर्सन र जेम्स म्याडिसनले प्रारम्भिक मस्यौदा तयार गर्दा कतै पनि क्रिएटर वा गड भन्ने शब्द नै प्रयोग गरेका थिएनन् । सन् १७७७ मा नै जेफर्सनले तयार गरेको धार्मिक स्वतन्त्रता विधेयकमा सबै नागरिकलाई धार्मिक स्वतन्त्रताको प्रत्याभूत थियो । जेफर्सन आफैँले नागरिक अधिकारहरु धार्मिक विश्वासहरुमा भर नपर्ने उल्लेख गरेका छन् ।[१४]

त्यहाँ संविधान निर्माणको समयमा तीन मुख्य विवादहरु थिए- पहिलो राज्यले एउटा कुनै

१३ संयुक्त राज्य अमेरिकाको संविधानको प्रस्तावना

१४ Jefferson, The Portable, P 225

चर्चलाई राट्रिय चर्चको रुपमा संरक्षण गर्नु पर्ने, दोस्रो सबै चर्चहरुलाई समर्थन गर्नु पर्ने र तेस्रो कुनै पनि चर्च वा धर्मलाई समर्थन गर्न नहुने । संविधान निर्माता फाउन्डिंग फादरहरुले सावधानीपूर्वक त्यसको समाधान निरपेक्षताको मध्यमबाट गरे । हुन पनि अमेरिकी संविधानको प्रस्तावनामा नै स्पष्ट शुरुमै “We the People...” भनेर जनताकै बलमा जनताले नै गरेर हुने हो सबैथोक भन्ने सन्देश दिइएको छ । न्यायाधीश रोबर्ट एचले त सार्वजनिक सवारी साधनमा पनि निरपेक्षतालाई ख्याल गरिनुपर्ने आदेश दिएका थिए । अमेरिकी उदाहरणहरुले राष्ट्रप्रमुख धर्मभिरु भए पनि देश चाहिँ धर्म निरपेक्ष हुन सक्ने पाठ लिन सकिन्छ । यो उदाहरण अमेरिकामा मात्र होइन स्कटल्याण्ड र विश्वको पूरानो इस्लाम मुलुक भएर पनि धर्म निरपेक्ष टर्की लगायतका देशहरुमा देखिएको छ । त्यसैले हिजो नेपालमा राजतन्त्र हुँदासमेत धर्म निरपेक्ष घोषणा गरिएको थियो भने केही बिग्रने थिएन बरु सबैका साझा हुने प्रयास भन्न मिल्ने थियो । भोलि पनि सबैका साझा राष्ट्रप्रमुख बन्न चाहने गणतन्त्रमा जो भए पनि झन् बढी निरपेक्ष हुनु जरुरी हुन्छ ।

नेपालमा महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय, मुस्लिम समुदाय, र अपांगता भएका व्यक्ति, अल्पसंख्यक एवम् सिमान्तकृत समुदाय र पीछडिएको वर्ग तथा क्षेत्रका समुदायसम्बन्धी आयोग गठन गरेर त्यसैले नेपाली समाजमा रहेको राजनीतिक सामाजिक, साँस्कृतिक आर्थिक विभेदको अन्त्य गर्ने शोषित पीडित जनताको उत्कट अभिलाषा र जातजाति, भाषा, धर्म, सम्प्रदाय र क्षेत्रको आधारमा सामाजिक बहिष्करणमा परेका सिमान्तकृत समुदायले आफ्नो पहिचान र राज्य व्यवस्थाको हरेक पक्षमा आफ्नो समानुपातिक प्रतिनिधित्वको खोजी गर्ने र राज्य व्यवस्थामा समावेश हुन चाहने सतत् प्रयत्न नै उक्त (विस २००७ साल देखिका सबै) जनआन्दोलन सफल हुनुको मूल कारण थियो ।[१५] यसबाट के बुझ्न सकिन्छ भने निश्चित जाति समुदाय आर्थिक विपन्नताको दुष्चक्रमा फस्नुको कारण पनि हिजोको एकल धार्मिक दवाव पनि हो । जति बेला पढ्ने सामग्रीहरु केवल धार्मिक पुस्तकहरु मात्र थिए तिनै पुस्तकहरु निश्चित जाति र वर्ग, समुदायका व्यक्तिहरुले पढ्नु हुन्न भन्ने सोचका कारण उनीहरु शिक्षामा मूलदेखि नै कमजोर भएर कमजोर हालतमा पुगेका हुन् । त्यसैले यो निरपेक्षताको प्रश्न धार्मिक, सामाजिक र साँस्कृतिक मात्र नभएर आर्थिक अधिकारसँग पनि जोडिएको विषय हो ।

ऐतिहासि रुपले धार्मिक पूजा पाठ गर्ने स्वतन्त्रता मौर्य सम्राट अशोकको शासन कालमा इशापूर्व तेस्रो शताब्दीमा भारतमा पनि रहेको र सातौं शताब्दीमा पनि मोहम्मदले घोषणा गरेका थिए[१६]

धार्मिक, साँस्कृतिक विविधतायुक्त मुलुकमा धार्मिक र साँस्कृतिक क्रियाकलापहरुका बीच

१५ विघटित संविधान सभाको विषयगत समिति, संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणा पत्र २०६६ (पृ९१)

१६ विघटित संविधान सभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको अवधारणा पत्रको बुँदा नं. २.२.२.११

समुचित सन्तुलन र समन्वय कायम हुनु पर्दछ । धार्मिक स्वतन्त्रताको अधिकारले कुनै व्यक्तिलाई प्रत्यक्ष वा परोक्ष रुपमा शोषण, विभेद वा अन्याय गर्न तथा आर्थिक प्रलोभन वा अन्य जुनसुकै प्रभाव वा दवावमा पारी धर्म परिवर्तन गराउने कार्यलाई अनुमति प्रदान गर्दैन । धर्म निरपेक्षतातको मूल मर्मको रुपमा रहेको सबै धर्महरुको सहअस्तित्व र सहिष्णुताले मात्र विभिन्न सम्प्रदायबीचको सहिष्णुता कायम हुन सक्छ । धार्मिक विविधतायुक्त राष्ट्रमा आफ्नो धार्मिक स्वतन्त्रताको प्रयोग गर्दा अरुको धार्मिक स्वतन्त्रताको अधिकारको पनि ख्याल गर्नु पर्ने मान्यता अझ बढी सान्दर्भिक हुन्छ । साथै, विभिन्न धार्मिक संघसंस्थाहरुको पारदर्शिता पनि उत्तिकै आवश्यक हुन्छ ।

## अन्तर्राष्ट्रिय कानूनमा धर्म निरपेक्षता

प्रत्येक व्यक्तिलाई विचार, सद्विवेक तथा धर्मको स्वतन्त्रताको अधिकार हुने, आफूले रोजेको धर्म वा आस्था परिवर्तन गर्ने स्वतन्त्रता र व्यक्तिगत रुपमा वा अरुसँग मिलेर तथा सार्वजनिक वा नीजि रुपमा पूजा आजा, नियम अभ्यास तथा शिक्षणमा आफ्नो धर्म आस्था प्रकट गर्न पाउने अधिकार रहेको हुन्छ ।[१७] त्यसैगरी अन्तर्राष्ट्रिय कानूनहरुले विचार स्वतन्त्रता र धर्मको स्वतन्त्रताको अधिकार हुने व्यवस्था गरेको छ ।[१८] धार्मिक, साँस्कृतिक आधिकारलाई आर्थिक अधिकारसँग समेत जोडेर व्यवस्था गर्न बनेका अन्तर्राष्ट्रिय कानूनहरुले धर्मसमेतको आधारमा राज्यले भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ । जसअनुसार सबै धर्म, सँस्कृति र समुदायका नागरिक वीच राज्यले समान व्यवहार गर्नुपर्छ ।[१९]

प्रत्येक व्यक्तिलाई विचार, विवेक र धर्मको स्वतन्त्रताको अधिकार रहन्छ । व्यक्तिगत रुपमा वा अरुसँग मिलेर सार्वजनिक वा नीति रुपमा पूजाआजा, नियम, अभ्यास तथा शिक्षणमा धर्म वा आस्था प्रकट गर्न पाउने स्वतन्त्रता व्यक्तिकै विवेकमा निहित हुन्छ । त्यसमा कसैले आफूले रोजेको धर्म वा आस्था अवलम्बन वा ग्रहण गर्ने निजको स्वतन्त्रतामा आघात पुऱ्याउन करकाप गर्न सक्तैन ।[२०] संयुक्त राज्य अमेरिकामा सरकारलाई धर्मबाट नियन्त्रण हुनबाट रोक्ने र धर्मलाई सरकारबाट नियन्त्रण हुनबाट रोक्ने दुई प्रकारका सिद्धान्तहरु रहेको पाइन्छ । यही सिद्धान्तलाई आत्मसात गरी संविधानको पहिलो संशोधनले यस्तो व्यवस्था गरेको छ । जनवादी गणतन्त्र चीनमा नागरिकलाई धार्मिक आस्थाको स्वतन्त्रता हुने प्रत्यभूति दिएको छ । कुनै पनि धर्म अवलम्बन गर्न वा नगर्न राज्य, सार्वजनिक निकाय वा व्यक्तिले कसैलाई बाध्य नपार्ने, राज्यले सामान्य धार्मिक क्रियाकलापहरुलाई संरक्षण गर्ने, सर्वजानिक शान्ति, नागरिकको स्वास्थ्य वा राज्यको शैक्षिक प्रणालीमा असर पार्ने गरी धर्मको प्रयोग हुन नदिने पनि प्रावधान राखिएको छ ।[२१]

---

१७ मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ धारा १८
१८ सबै किसिमका जातीय भेदभावहरु उन्मुलन गर्ने सम्बन्धी महासन्धीको धारा ५ (घ) (७)
१९ आथिर्क, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा २ (२)
२० नगरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र धारा २
२१ जनवादी गणतन्त्र चीनको संविधान धारा ३६ ।

भारतमा सार्वजनिक नैतिकता, स्वास्थ्य र व्यवस्थासमेतका आधारमा प्रत्येक व्यक्तिलाई धार्मिक आस्था तथा धर्मको अवलम्बन र अभ्यासको स्वतन्त्रता हुने तथा धार्मिक अभ्याससँग सम्बन्धित आर्थिक, वित्तीय, राजनीतिक वा अन्य धर्मसापेक्ष क्रियाकलापहरुलाई नियमन वा नियन्त्रण गर्न कानून बनाउन सक्ने अधिकार राज्यलाई प्रदान गरेको छ ।[२२] त्यहाँको संविधानको धारा २६ ले सार्वजनिक व्यवस्था, नैतिकता र स्वास्थ्यको अधीनमा रही धार्मिक सम्प्रदायलाई धार्मिक तथा परोपकारी संस्था खोल्न तथा संचालन गर्न, आफ्नो धार्मिक मामिला व्यवस्थापन गर्न, चल अचल सम्पत्ति प्राप्त गर्न र कानूनबमोजिम त्यस्तो सम्पत्तिको प्रशासन गर्ने अधिकार हुने व्यवस्था गरेको छ ।

दक्षिण अफ्रिकाले प्रत्येक व्यक्तिलाई धार्मिक आस्था, विचार, विश्वास र मतको अधिकार हुने, धर्म अवलम्बन गर्दा सार्वजनिक निकायले बनाएको नियमहरु पनि पालना गर्नु पर्नेलगायतका व्यवस्थाहरु गरेको गरेको छ ।[२३]

स्वीस फेडेरेशनले पनि आफ्नो विधानको धारा १५ ले विवेक र धार्मिक स्वतन्त्रताको अधिकार नागरिकलाई दिलाएको छ ।

वंगलादेश संवैधानिक रुपमा एउटा धर्म निरपेक्ष मुलुक हो । वंगलादेशको मुख्य आधारभूत संरचना राष्ट्रियता, प्रजातन्त्र, धर्म निरपेक्षता र समाजवाद हो भनेर संवैधानिक रुपमै घोषित छ ।[२४]

श्रीलंकाको समाज चाहिँ बहुधार्मिक प्रकृतिको छ ।[२५] तर, राज्यको नीति चाहिँ बौद्ध धर्मलाई विशेष संरक्षण र सम्बर्द्धन गर्ने रहेको छ ।[२६] उसले बहुधार्मिक पाठ्यक्रम सुरु गरिसकेको छ ।

पाकिस्तानको त नामै इस्लामिक रिपब्लिक अफ पाकिस्तान भनिएकोले राज्यरक्षित धर्म नै इस्लाम धर्म हो भन्ने बुझिन्छ । दमन छैन तर राज्य निरपेक्ष हुन सकेको छैन । इजिप्टलाई पनि टर्कीले निरपेक्ष हुन सुझाव दिएको छ ।

## नेपालको संवैधानिक अभ्यास

नेपाल सरकार वैधानिक कानुन, २००४ ले मौलिक हकको रुपमा धार्मिक स्वतन्त्रतालाई प्रत्याभूत गरेको थियो । नेपाल अन्तरिम शासन विधान, २००७ ले राज्यका निर्देशक सिद्धान्त अन्तर्गत धर्मसमेतका आधारमा राज्यले भेदभाव नगर्ने सुनिश्चितता गरेको थियो । धर्मको अधिकारलाई बेग्लै भने व्यवस्था गरेको पाइँदैन ।

नेपाल अधिराज्यको संविधान, २०१५ ले राज्यले नागरिक बीच धर्म, वर्णसमेतका आधारमा

२२ भारतको संविधानको धारा २५
२३ दक्षिण अफ्रिकी संविधान धारा १३
२४ वंगलादेशी संविधानको प्रस्तावना
२५ श्रीलंकाली संविधानको धारा २
२६ श्रीलंकाली संविधानको धारा ७

भेदभाव नगर्ने व्यवस्थालाई सुनिश्चित गर्दै मौलिक हकका रुपमा प्रत्येक नागरिकलाई प्रचलित परम्पराको मर्यादा राखी, सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने तर कसैले कसैको धर्म परिवर्तन गराउन नपाउने गरी धर्मसम्बन्धी हकको व्यवस्था गरेको देखिन्छ ।

नेपालको संविधान, २०१९ ले पनि २०१५ सालकै व्यवस्थालाई कामय राख्दै धार्मिक कृयकलाप गर्न पाउने कुरा थप गरी धार्मिक अधिकारलाई निरन्तरता प्रदान गरेको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ ले पनि मुलतः सोही व्यवस्थालाई निरन्तरता प्रदान गरेको देखिन्छ ।

अन्तरिम संविधान, २०६३ ले नेपाललाई धर्म निरपेक्ष राज्यको रुपमा स्थापित गऱ्यो । धारा २३ ले धर्मसम्बन्धी हकलाई मौलिक हकको रुपमा राख्दै प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवम् साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्व देखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुने छ भनेको छ । कसैको धर्म परिवर्तन गराउन नपाउने र एक अर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न नपाइने गरी प्रत्येक धार्मिक सम्पदायलाई कानूनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफनो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुने व्यवस्था गरेको छ । धर्मसम्बन्धी कालक्रमिक कानूनी व्यवस्थाको अध्ययनले नेपाल लिखित कानूनको युगमा प्रवेश गरेपछि २०१९ सालको संविधानपूर्व कहीँ कतै पनि हिन्दू अधिराज्य भनी उल्लेख गरिएको पाइँदैन । तर, सबै धर्मलाई समान संरक्षणको प्रत्याभूति प्रदान गर्दै हिन्दू धार्मिक विश्वासमा आधारित मुख्य कानूनहरु प्रचलनमा रहे पनि विवाह आदि सांस्कृतिक अधिकारहरु प्रदान गरिएका थिए ।

बर्तमान संविधानले बहुधार्मिक बहुसांस्कृतिक भनेर धर्म निरपेक्षतालाई स्वीकार गर्दै परम्परादेखि चलिआएको रैथाने धर्मको र अन्य धर्मको पनि समान संरक्षणको प्रत्याभूति गरेको छ । तर पनि धर्म निरपेक्षता भनेको सापेक्षताको विपरितार्थक शब्द हो मात्र भन्ने बुझियो तर सापेक्षता भनेकै के हो भन्ने चाहिँ कम्युनिष्ट अर्थमा बुझियो र हामी गलत ठाउँमा भासिन पुग्यौं । सापेक्षता भएका देशमा राष्ट्रप्रमुख, सरकार, न्यायालय र संसदले गरेका निर्णयहरु पनि आधिकारिक राजकीय धर्मगुरुले उल्टयाउन सक्ने, फतवासमेत जारी गर्न सक्ने अधिकार भएको व्यवस्था हो भनेर बुझिएन । नेपालमा कहिल्यै राजगुरु वा पशुपतिका मूलभट्टले सरकार, संसद वा न्यायालयको निर्णय बदर गर्न सक्ने अधिकार थिएन । त्यसैले नेपाल धर्म सापेक्ष नै थिएन । हामीले कम्युनिष्ट अर्थमा सापेक्षता र निरपेक्षतालाई बुझेको कारणले हालसम्म गलत बाटोमा हिँड्न पुग्यौं ।

## निष्कर्श

» हिन्दू आफैँमा धर्म नभई निरपेक्षताको मोडेल हो । हिन्दू हुनु नै खुला र सही निरपेक्ष हुनु हो । हिन्दू भनेपछि निरपेक्ष भन्नै पर्दैन ।

» धर्मसम्बन्धी मानव अधिकार व्यक्तिको अन्तर्चेतना, आस्था र भावनासँग सम्बन्धित

अधिकार भएकोले यो व्यक्तिको आधारभूत अधिकार हो ।

» धर्म निरपेक्षतालाई सही अर्थमा नबुझिएकोले यो धर्म, सँस्कृति र सामाजिक मान्यताविरोधी हो भन्ने भ्रम रहेकोमा त्यसको अन्त्य हुनु जरुरी छ ।

» सरकार चाहिँ निरपेक्ष भएर नै विविधतामा एकता कायम गराउन सकिन्छ ।

» निरपेक्षताका नाममा राज्य नास्तिकता वा धार्मिक विश्वास विरोधी नीति झन् खतरनाक हुन्छ ।

» संविधानले मात्र धर्म निरपेक्षता घोषणा गरेर मात्र हुँदैन, व्यवहार निरपेक्ष हुनुपर्छ ।

» नेपाली धर्म निरपेक्षताको मोडेल सकारात्मक र सर्वधर्म समभावको नीतिबाट हुनुपर्छ ।

» नेपाली सञ्चार, पाठ्यक्रम र साहित्य पनि धर्म निरपेक्ष हुनु जरुरी छ ।

» भविष्यमा आउन सक्ने, धार्मिक, साँस्कृतिक र सामाजिक विवादलाई व्यवस्थापन गर्न आजैदेखि हिन्दू मोडेलको निरपेक्ष समाजको जग सुरु गरिनु आवश्यक छ ।

» कुनै पनि धार्मिक, साँस्कृतिक, सामाजिक मानव अधिकारको हनन्का घटनामा सोही धर्मसँग सम्बन्धित व्यक्तिहरुभन्दा धर्मनिरपेक्ष व्यक्तिहरुको सहभागितामा अध्ययन टोलीहरु गठन गरी छानबिन गरिनुपर्छ ।

» सबैसँग उत्तिकै मिल्न सक्ने, कुनै शक्ति मुलुकहरुसँग पनि एक पक्षीय रुपमा नलाग्ने अनि असंलग्न र अहस्तक्षेपको नीति लिने भएकाले हामी नेपालीहरु विश्वमा सबैभन्दा फरक, व्यावहारिक र असल धर्म निरपेक्षताको मोडेल प्रस्तुत गर्न सक्ने छौँ । जो सर्वधर्म समभाव नीतिको हुने छ । विश्वका लागि धर्म निरपेक्षताको नेपाली मोडेल आफ्नै खालको, नयाँ र अनुशरणीय हुनेछ ।

# नेपालको संविधानका विशेषताहरू



**अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल**

**एलएल.एम. संवैधानिक कानून त्रि.वि.वि.**

संविधान देशको मूल कानून हो । कानून भित्र ऐन, नियम, विनियम, नियमावली, अदलतले गरेका फैसला (नजिर) आदि पर्दछन् । नेपालमा जयस्थिति मल्लले चलाएका सामाजिक सुधारले कानूनी स्वरुप ग्रहण गरेका थिए । गोर्खाका राजा राम शाहको न्यायप्रियता त झन चर्चित थियो । श्री ५ पृथ्वीनारायण शाहले दिएका दिब्य उपदेशले राज्य सञ्चालनमा महत्व पाएका थिए । जंगबहादुर राणाले ल्याएको मुलुकी ऐन, १९१० ले राज्यको पहिलो लिखित कानूनको स्थान लिएको थियो । यसपछि बिभिन्न सनद,सवाल,इस्तिहार,पञ्चपत्र वा लालमोहर जस्ता माध्यमवाट कानूनी ब्यवस्था गरिन्थ्यो । बि.सं. १९९० पछि विकसित राजनैतिक घटनाक्रमका कारण बि.सं. २००४ मा पद्मशमशेरले कानूनी रुपमा शासनलाई ब्यवस्थित गर्नका लागि नेपालको बैधानिक कानून, २००४ लागू गर्ने घोषणा गरेपछि नेपालको संबैधानिक बिकासले ठोस रुप लिएको पाइन्छ । नेपालमा हालसम्म जारी भएका संबिधानःनेपाल सरकार बैधानिक कानून, २००४, नेपालको अन्तरिम शासन विधान,२००७, नेपाल अधिराज्यको सँबिधान, २०१५, नेपालको संविधान, २०१९, नेपाल अधिराज्यको सँबिधान, २०४७, नेपालको अन्तरिम संविधान, २०६३ र हालको संविधान हुन् ।

## हालको सँविधानका विशेषताहरू

वि.सं २००४ को वैधानिक कानूनबाट सुरु भएको नेपालको संवैधानिक इतिहासमा यो छैटौं संविधान भए पनि सार्वभौम नेपाली जनताका तर्फवाट जारी भएको यो पहिलो सर्वोच्च कानून हो । नयाँ सविधानका विशेषताहरु यसप्रकार छन् ।

यो संविधानलाई ३७ भाग, ३ सय ८ धारा र ९ अनुसूचीमा बिभाजित गरिएको छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सार्वभौम र राजकीय सत्ता जनतामा निहित, सात प्रदेशको संघीय संरचना, संघ, प्रदेश र स्थानीय गरी तीन तहको राज्य संरचना, संघीय संसद र प्रदेश सभाबाट निर्वाचित संवैधानिक राष्ट्रपति, सुधारिएको संसदीय शासन प्रणाली, प्रतिनिधिसभावाट निर्वाचित प्रधानमन्त्री कार्यकारी प्रमुख हुने यो संविधानको प्रमुख विशेषता हुन् । त्यसैगरी प्रधानमन्त्रीले जहिलेतहिले प्रतिनिधिसभा विघटन गर्न नपाउने व्यवस्था गरिएको छ भने दुई वर्षसम्म प्रधानमन्त्रीविरुद्ध अविश्वास प्रस्ताव ल्याउन नपाइने र दुई तिहाइले संविधान संशोधन गर्न सकिने व्यवस्था गरिएको छ। मिश्रित निर्वाचन प्रणाली अन्तर्गत केन्द्रमा प्रतिनिधिसभा र राष्ट्रियसभासहित दुई सदनात्मक संघीय संसद रहनेछ भने प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित १६५ र समानुपातिक ११० सहित २७५ सदस्य रहनेछन् । केन्द्रमा वढीमा २५ सदस्यीय मन्त्रिपरिषद् हुने व्यवस्था गरिएको छ। राष्ट्रियसभामा सात प्रदेशबाट निर्वाचित

५६ र राष्ट्रपतिबाट नियुक्त प्रदेश प्रमुख, प्रदेशमा एक सदनात्मक सभा, सात प्रदेशमा कुल साँसद ५५० जना हुनेछन् । प्रदेशमा प्रदेश सभाबाट निर्वाचित मुख्यमन्त्री, राष्ट्रपतिबाट नियुक्त प्रदेश प्रमुख हुनेछ । प्रदेशमा प्रदेश सभाका कुल सांसदको २० प्रतिशतबाट नबढ्ने गरी मन्त्रिपरिषद् हुनेछ । प्रदेश सभामा संघीय संसद जस्तै ६० प्रतिशत प्रत्यक्ष र ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट सांसद चुनिनेछन् । प्रदेशको सीमांकन संघीय आयोगले टुंग्याउने छ भने प्रदेशको नामकरण प्रदेश संसदको दुई तिहाइले गर्नेछ ।

प्रदेशसभाले आफ्नो राजधानी तय नगर्दासम्म केन्द्रीय सरकारले तोकेको स्थानबाट कार्य सञ्चालन हुनेछ । संविधानमा नै केन्द्र, प्रदेश र स्थानीय सरकारको अधिकार क्षेत्र विभाजन गरिएको छ । प्रदेशसभाको निर्वाचन र प्रदेश सरकार नबन्दासम्म उनीहरूको अधिकार पनि केन्द्रले प्रयोग गर्ने संक्रमणकालीन व्यवस्था संविधानमा रहेको छ । एकीकृत न्यायपालिका र केन्द्रमा सर्वोच्च अदालत हुनेछ । सर्वोच्च अदालतमा संवैधानिक इजलास रहने छ । प्रदेशपिच्छे उच्च अदालत हुनेछ भने साबिक जिल्लामा जिल्ला अदालत रहनेछ । आमा वा बाबाको नामबाट वंशजको नागरिकता मिल्ने व्यवस्था कायम गरिएको छ । नेपाललाई धर्मनिरपेक्ष राष्ट्र भनिएको छ । धर्मनिरपेक्षताको व्याख्या यसरी गएिको छ- 'धर्मनिरपेक्षता भन्नाले सनातनदेखि चली आएको धर्म, संस्कृतिको संरक्षणलगायत धार्मिक, सांस्कृतिक स्वतन्त्रता सम्झनुपर्छ ।' मधेसी, थारू, मुस्लिम, आदिवासी जनजातिका लागि छुट्टाछुट्टै आयोग गठन गरिएको छ । सबै मातृभाषा राष्ट्रभाषा, सरकारी कामकाजको भाषाको देवनागरिक लिपिमा नेपाली भाषा राखिएको छ । राष्ट्रिय जनावर गाई, राष्ट्रिय झण्डा र राष्ट्रियगान यथावत कायम गरिएको छ ।

**Foreign policy in constitution**

The fundamental objective of Nepal's foreign policy is to enhance the dignity of the nation by safeguarding sovereignty, territorial integrity, independence, and promoting economic wellbeing and prosperity of Nepal.

- It is also aimed at contributing to global peace, harmony and security.
- **Article 5.1 National Interest**
- **Safeguarding of the freedom, sovereignty, territorial integrity, nationality, independence and dignity of Nepal, the rights of the Nepalese people, border security, economic wellbeing and prosperity shall be the basic elements of the national interest of Nepal.**
- **State Policy (Article 51)**
- **To conduct an independent foreign policy based on the Charter of the United Nations, non-alignment, principles of Panchasheel, international law and the norms of world peace, taking into consideration of the overall interest of the nation, while remaining active in safeguarding the sovereignty, territorial integrity,**

**independence and national interest of Nepal,**

- **To review treaties concluded in the past, and make treaties, agreements based on equality and mutual interest.**
- **Directive principle 50.4**
- The State shall direct its international relations towards enhancing the dignity of the nation in the world community by maintaining international relations on the basis of sovereign equality, while safeguarding the freedom, sovereignty, territorial integrity and independence and national interest of Nepal.

***Ratification of, accession to, acceptance of, or approval of, treaties or agreement.***

The ratification of, accession to, acceptance of, or approval of, treaties or agreements to which Nepal or the Government of Nepal is to become a party shall be as provided for in the Federal law.

Any law to be made pursuant to clause (1) shall, inter alia, require that the ratification of, accession to, acceptance of, or approval of, treaties or agreements on the following subjects must be made by a majority of two-thirds of the total number of the then members of both Houses of the Federal Parliament:

(a) peace and friendship, (b) defense and strategic alliance, (c) boundaries of the State of Nepal, and (d) natural resources, and the distribution of their uses. Provided that, out of the treaties or agreements under sub-clauses (a) and (d), if any treaty or agreement is of an ordinary nature, which does not affect the nation extensively, seriously or in the long term, the ratification of, accession to, acceptance of, or approval of, such treaty or agreement may be made by a simple majority of the members present in a meeting of the House of Representatives. (3) After the commencement of this Constitution, unless a treaty or agreement is ratified, acceded to, accepted or approved in accordance with this Article, such treaty or agreement shall not apply to the Government of Nepal .

**References**


1. The Constitution of Nepal,2072 Part-4,Article 51,Sub Article m (1)
2. The Constitution of Nepal, 2072 Part-4, Article 51, 3, b.
3. The Constitution of Nepal, Article 51,12).
4. The Constitution of Nepal, part-7, Article 5
5. The Constitution of Nepal Article 127)
6. The Constitution of Nepal Article 279)
7. The Fifteenth Plan, Fiscal Year 2019/20 – 2023/24).

# गैरआवासीय नेपालीको विदेशी लगानीसम्बन्धी कानूनी पाटो


**अधिवक्ता सरोज कृष्ण घिमिरे**
**उपप्राध्यापक** : त्रिभुवन विश्व विध्यालय
**संयोजक** : अन्तराष्ट्रिय सम्बन्ध समिति, सर्वोच्च अदालत बार एशोसिएशन
**सदस्य** : अन्तराष्ट्रिय सम्बन्ध समिति, नेपाल कानून व्यवसायी परिषद


## विषय प्रवेश, पृष्ठभूमि

करिब ७० देशमा लाखौं गैरआवासीय नेपालीहरुको (एनआरएन) बसोबास रहेको छ । एकातर्फ गैरआवसीय नेपालीले पठाएको विदेशी मुद्राले देशलाई ठूलो मात्रामा रेमिटचान्स र लगानी प्राप्त हुने गरेको छ, अर्कोतर्फ गैरआवासीय नेपालीले नेपालको सामाजिक आर्थिक विकासमा पनि उत्तिकै योगदान गर्दै आएका छन् । भूकम्पपछिको पुनःनिर्माणमा पनि उनीहरुको अतुलनीय योगदान रहेको छ । गैरआवसीय नेपालीहरुले बैंकिङ, ट्राभल, शिक्षा, विद्युत जस्ता क्षेत्रमा लगानी गरी रोजगारीको अवसरसमेत सिर्जना गरेका छन् । यसका बाबजुद देशमा रहेका भ्रष्टाचार, प्रशासनिक ढिलासुस्ती, राजनीतिक हस्तछेप, न्यायिक प्रक्रियाको सुस्तता, कानूनी अस्पष्टताले नेपालमा लगानीको वातावरण सहज नभएको बुझाइ गैरआवासीय नेपालीहरुमा रहेको छ । नेपाल विदेशी लागानीको महत्वपुर्ण गन्तब्य हो । प्रत्येक वर्ष सयौं विदेशी र हजारौ गैरआवासीय नेपाली नेपालमा लगानीको वातावरण बुझ्न आउछन् तर फर्किदा निराश भएर फर्केको देखिन्छ । यसैसन्दर्भमा प्रस्तुत लेखमा गैरआवासीय नेपाली र विदेश लगानीको बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

## गैरआवासीय नेपालीको योगदान :

गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ गैरआवासीय नेपालीलाई देशको सर्वाङ्गणीय विकासमा सहभागी गराई उनीहरुलाई नेपालप्रतिको सामिप्यता अभिवृद्ध गर्ने उद्देश्यले ल्याइएको हो । गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४ ले गैरआवासीय नेपालीको परिभाषा गरेको छ, जसअनुसार गैरआवासीय नेपाली भन्नाले नेपाली मुलुकको विदेशी नागरिकलाई जनाउँछ । यस परिभाषा भित्र विदेशमा बस्ने नेपाली नागरिक पर्छन । ऐनको परिभाषा खण्डमा नेपाली मुलकको विदेशी नागरिकको समेत परिभाषा गर्दै, *"कुनै व्यक्ति साविकमा स्वयम् वा निजको बाबु, आमा, बाजे, बज्यै नेपालको नागरिक रहि पछि दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क)को सदस्य मुलुकबाहेक अन्य मुलुकको नागरिकता लिएको व्यक्तिलाई जनाउँछ"* भनिएको छ । त्यस्तै, विदेशमा बस्ने नेपाली नागरिक भन्नाले सार्कको सदस्य मुलुकमा बसोबास गरेको, नेपाल सरकारबाट खटिई विदेशस्थित कुटनैतिक नियोग वा महावाणिज्य दूतावासमा बहाल रहेको र विदेशस्थित विभिन्न शिक्षण संस्थामा अध्ययन गरिरहेका नेपाली

नागरिकबाहेक कुनै पेशा, व्यवसाय र रोजगारी गरी विदेशी मुलुकमा कम्तिमा २ वर्ष बसोबास गरेको नेपाली नागरिकलाई गैरआवासीय नेपालीको दर्जामा राखिएको छ ।

गैरआवासीय नेपालीले देशको शान्ति र समृद्धि, सामाजिक, आर्थिक विकासमा गरेका संघर्ष र योगदानहरु महत्वपूर्ण र उदाहरणीय छन् । मुलुक बाहिर रहँदै आएका नेपालीहरुको पूँजी नेपाल भित्र्याएर देशको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्य लिएर विसं २०५९ सालमा स्थापना भएको गैरआवासीय नेपाली संघ आज एउटा विशाल संस्थाको रुपमा स्थापित भई विदेशमा रहने सारा नेपालीलाई समेट्ने छाता संस्थाको रुपमा रहेको देखिन्छ । गैरआवसीय नेपालीहरुले विदेशमा कमाएको पूँजीलाई स्वदेशमा ल्याई हाइड्रोपावर, होटल, रेष्टुरेन्ट, पर्यटन, बैंक तथा वित्तीय संस्थाहरु, वायु सेवा, कृषि, शिक्षा, घरजग्गा व्यवसाय जस्ता क्षेत्रहरुमा लगानी गरेका छन् । त्यसले नेपालको आर्थिक विकासमा सहयोग गरेको छ भने रोजगारी सिर्जना गर्न पनि उत्तिकै योगदान दिएको छ । आफूले विदेशमा सिकेको ज्ञान र प्रविधिलाई स्वदेशमा ल्याउने माध्यमसमेत बनेका छन् । साथै, गैरआवसीय नेपाली संघले नेपालमा लगानी मैत्री वातावरणका लागि महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् ।

गैरआवासीय नेपाली संघको निरन्तर प्रयासपश्चात राज्यले गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४, गैरआवासीय नेपालीसम्बन्धी नियम, २०६६ जारी गरी गैरआवसीय नेपालीको पहिचान र संरक्षणको व्यवस्था गरेको छ भने गैरआवसीय नेपाली संघले रोजगारी, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम, जनचेतना जगाउने लगायतका उल्लेखनीय काम गरेको देखिन्छ । यसका अलावा साँस्कृतिक, धार्मिक, परोपकारी कार्यहरु वृद्धाश्रम, क्रियापुत्री भवन, अस्पताल, बाटो, पिउने पानीको व्यवस्था जस्ता सह्रानीय काम एनआरएनहरुले गरेका छन् । २०७२ सालको महाविनासकारी भूकम्पपश्चात गैरआवसीय नेपाली संघले भूकम्प पीडितका लागि राहत संकलन गर्ने, वितरण गर्ने र पुनर्स्थापना, पुनर्निर्माणका लागि गरेको योगदानले संघ र गैरआवसीय नेपालीहरुको प्रतिष्ठालाई उच्च बनाएको छ ।

## नेपालको संविधान, गैरआवासीय नेपाली र राजनैतिक अधिकार :

देशलाई संक्रमणकालीन व्यवस्थाबाट शान्तिपूर्ण बाटोमा लैजाने र नेपाललाई आर्थिक विकासको बाटोमा हिडाउने पहल नेपालको संविधानले गरेको छ । यसैसन्दर्भमा नेपाली नागरिकहरु विदेशमा स्थायी बसोबास गर्न वा रोजगारी गर्ने हुँदा गैरआवासीय नेपालीको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति संविधानले लिएको हुँदा आर्थिक सामाजिक विकासमा गैरआवसीय नेपालीहरुको महत्वपूर्ण भूमिका अपेक्षा गरिएको छ । राष्ट्र निर्माणका लागि गैरआवसीय नेपालीको संवैधानिक महत्व दिइएको छ । यसका अलावा संविधानले नेपाली नागरिकको लागि व्यवस्था गरेका अधिकारहरुको उपभोग गैरआवसीय नेपालीले समेत गर्न पाउने गरी

व्यवस्था गरेको छ । जस्तै सम्पत्तिको अधिकार, श्रमको अधिकार, स्वतन्त्रता र समानताको अधिकार, संचारको हक, न्यायसम्बन्धी हक, यातनाविरुद्धको हक, छुवाछुत र भेदभावविरुद्धको हक, सूचनाको हक र गोपनीयताको हक आदि ।

नेपालको संविधानले गैरआवसीय नेपालीको सम्बन्धमा गैरआवसीय नेपाली नागरिकता प्रदान गर्न सकिने व्यवस्थासमेत गरेको छ ।संविधानको धारा १४ बमोजिम विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनको सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको साविकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानूनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिनेछ भन्ने व्यवस्थाबाट संविधानले गैरआवासीय नेपालीहरुलाई आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार उपभोग गर्न सक्ने बनाएको छ ।

गैरआवसीय नेपालीले आर्थिक सामाजिक र साँस्कृतिक अधिकार उपभोग गर्न पाउने भन्ने वाक्यांशले गैरआवसीय नेपालीको राजनैतिक अधिकारलाई समेट्दैन अर्थात गैरआवसीय नेपालीहरुलाई राजनैतिक अधिकारको सुविधा दिइएको छैन । गैरआवासीय नेपालीहरुलाई राजनैतिक अधिकारबाट बन्चित गर्नु पर्ने कारणका बारेमा संविधान निर्माण गर्ने बेलामा छलफल भएको, तर्क र व्याख्या गरिएको पनि देखिदैन । हुन त राजनैतिक अधिकार प्राप्त नहुनाले मात्रै गैरआवासीय नेपालीको राष्ट्रप्रतिको निष्ठा कमी हुने होइन । अन्य अधिकारबाट बञ्चित हुने पनि होइन । उक्त राजनैतिक अधिकारबाट बञ्चित हुनुको अर्थ गैरआवासीय नेपालीहरुले बालिग मताधिकार नपाउनु, निर्वाचनमा उम्मेदवार हुने र निर्वाचन प्रक्रियामा भाग लिने, संवैधानिक निकाय वा आयोगमा नियुक्ति हुने जस्ता अधिकारबाट बञ्चित हुनु हो ।

गैरआवसीय नेपालीहरुलाई किन राजनैतिक अधिकार दिइएन भन्ने विश्लेषण गर्दा, छिमेकी राष्ट्र भारतमा समेत विदेशका भारतीय नागरिक भनेर दिएको मान्यताले मतदान गर्ने, चुनाव लड्ने वा संवैधानिक पद धारण गर्ने अधिकार दिएको देखिदैन । त्यस्तो अधिकार अन्य राष्ट्रमा पनि देखिदैन । यसका अलावा संविधान निर्माताहरुले गैरआवसीय नेपालीहरुलाई राजनैतिक अधिकारबाट बञ्चित गर्नुको पछाडि गैरआवासीय नेपालीहरुको राष्ट्रप्रतिको निष्ठा र उत्तरदायित्वमा कमी हुन सक्ने वा राष्ट्रप्रतिको निष्ठा कम हुन सक्ने र राज्यले चाहेका बखत राज्यलाई अनिवार्य रुपमा सेवा गर्न नसक्ने वा गराउन नसकिने भन्ने बुझाई संविधान निर्माताहरुमा हुनसक्छ । यसका अलावा संविधान निर्माताहरुले गैरआवासीय नेपालीहरुलाई राजनैतिक अधिकार दिएको अवस्थामा नेपालको राजनीतिक गैरआवासीय नेपालीहरुले विदेशबाट सञ्चालन गर्ने, विदेशबाटै लगानीको राजनीति गर्ने, राजनीतिक दलमा विदेशबाट आउने पूँजीको प्रभाव देखिने जस्ता कारणले गर्दा त्यस्तो अधिकारबाट बञ्चित गरिएको हुनसक्छ ।

**गैरआवासीय नेपालीको विदेशी लगानीसम्बन्धी व्यवस्था :**

गैरआवसीय नेपालीहरुलाई स्वदेशमै लगानीको लागि आकर्षण गर्न सरकारले कानूनमार्फत र आफ्नो प्रतिवद्धतामार्फत अनुरोध पनि गर्दै आईरहेको छ । यसैसन्दर्भमा गैरआवसीय नेपालीको लगानीलाई कानूनले यसैगरी सम्बोधन गरी आर्कषण गर्न खोजेको छ। करीब ३५ लाख नेपालीहरु एसिया र अन्यपूर्वी एसियामा रहेका छन्। करीब ६ लाख नेपालीहरु युरोप, अमेरिका, क्यानडा, अष्ट्रेलियामा रहेका अनौपचारिक तथ्यांक छ । त्यो हिसाबले विदेशमा रहेका नेपालीहरुलाई हेर्ने हो भने नेपालीको संख्या विदेशमा ठूलो छ र दिनानु दिन बढ्ने क्रम पनि छ। देशले विदेशमा रोजगारी, मजदुरी गर्ने नेपालीबाट अर्बौ रुपैयाँ रेमिटचान्सबाट प्राप्त गर्छ भने नेपालमा नै लगानी गर्ने वा गरिरहेका गैरआवसीय नेपालीको समेत उल्लेखनीय संख्या र ठूलो पूँजी छ। तसर्थ, नेपाल सरकारले लगानी मैत्री वातावरण बनाउन प्रयास गरेको र गैरआवासीय नेपाली लगानीलाई प्राथमिकतामा राखेको देखिन्छ।

गैरआवासीय नेपालीसम्बन्धी ऐन, २०६४ ले लगानीको परिभाषा गर्दै 'लगानी' भन्नाले मुनाफा आर्जन गर्ने उद्देश्यले नेपालको कुनै उद्योग वा व्यवसायमा गरेको लगानी सम्झनु पर्छ र सो शब्दले उद्योग वा व्यवसाय र गैरआवासीय नेपालीका बीच सम्झौता गरी कुनै विदेशी उत्पतिको प्रविधिसम्बन्धी अधिकार, विशिष्टता, फर्मुला, प्रक्रिया, पेटेण्ट, ट्रेडमार्क वा प्राविधिक सीप वा ज्ञानको हस्तान्तरण गर्ने वा प्राविधिक सल्लाहकार वा व्यवस्थापन सेवा उपलब्ध गराउने कार्य समेतलाई जनाउने कुरा उल्लेख गरिएको छ । उक्त ऐनले लगानी प्रोत्साहन गर्न नेपाली मुलुकको विदेशी नागरिक भए बढीमा दश वर्ष, २ वर्ष विदेशमा बस्ने नेपाली नागरिक भए दुई वर्षसम्मका लागि परिचयपत्र दिने व्यवस्था गर्दै नेपालमा लगानी गरेको विदेशमा बस्ने नेपाली नागरिक कुनै उद्योग वा व्यवसायको सञ्चालक वा उच्च व्यवस्थापकीय पदाधिकारीको हैसियतले नेपालमा वसोवास गरेमा निजको गैरआवासीय नेपाली हैसियत कायमै रहने भएबाट नेपालमा लगानी गर्दा आफ्नो हैसियत सुरक्षित गराउने प्रत्याभूति दिलाएको छ ।

यदी, गैरआवासीय नेपालीले नेपालमा लगानी गर्न चाहेमा परिवर्तित विदेशी मुद्रामा आर्जन गरेको रकमका लागि विदेशी मुद्राको खाता खोली संचालन गर्न सकिने, विदेशी मुद्रामा लगानी गर्न सक्ने व्यवस्था गर्दै गैरआवासीय नेपालीले वा गैरआवासीय नेपालीको पचास प्रतिशत भन्दा बढी शेयर लगानी भएको कुनै विदेशी कम्पनीले विदेशी लगानीको लागि खुला गरिएको उद्योग वा व्यवसाय वा गैरनेपालीको लागि खुला गरेको अन्य कुनै उद्योग वा व्यवसायमा विदेशमा विदेशी मुद्रा आर्जन गरेको रकम नेपालमा परिवर्तित विदेशी मुद्रामा लगानी गर्न सकिने रहेकोसमेत छ। गैरआवासीय नेपाली वा कम्पनीले नेपालमा लगानी गर्ने रकम प्रचलित कानूनबमोजिम नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामार्फत प्राप्त गर्नुपर्ने प्रावधान रहेको छ। प्राप्त गरेको रकमको कानूनबमोजिम स्रोत खुलाउनु पर्ने अवस्थामा सोको स्रोत खुलाउनु पर्ने व्यवस्था रहेको छ ।

गैरआवासीय नेपालीले आफूले गरेको लगानीको प्रतिफल लाभ परिवर्तित विदेशी मुद्रामा लैजान सक्ने साथै नेपालमा बसोबास गर्ने वा लगानी गर्ने परिचयपत्र प्राप्त नेपाली मुलुकको विदेशी नागरिक वा निजको परिवारलाई दश वर्षसम्मको गैरआवासीय भिसा दिने व्यवस्था अर्को महत्वपूर्ण प्रावधानको रुपमा ऐनमा रहेको छ । करका सम्बन्धमा ऐनले गैरआवासीय नेपालीहरुका लागि कर नलाग्ने विषयहरुको समेत व्यवस्था गरेको छ । जसअन्तर्गत गैरआवसीय नेपालीले लगानी गर्दाको पूँजी रकममा कुनै कर नलाग्ने, गैरआवसीय नेपालीले निजको नजिकको नातेदार नेपाली नागरिकलाई निजी प्रयोगको लागि एक आर्थिक वर्षमा पन्ध्र लाख रुपैयाँसम्म बैंकमार्फत पठाएको रकममा कर नलाग्ने, साथै गैरआवासीय नेपालीले नाफा आर्जन नगर्ने गरी खडा भएको कुनै सामाजिक, धार्मिक, शैक्षिक, साँस्कृतिक, परोपकारी खेलकुद वा दैवी प्रकोपको उद्धार कार्यमा सम्बन्धित संस्थालाई कुनै बैंक वा वित्तीय संस्थामार्फत रकममा त्यस्तो रकम प्राप्त गर्दाको बखत कुनै कर नलाग्ने व्यवस्था छ । यसका अतिरिक्त गैरआवासीय नेपालीले नेपाली नागरिक सरह नेपालमा उद्योग वा व्यवसाय सञ्चालन गर्न पाउने प्रचलित कानूनबमोजिम अन्य विदेशी नागरिकलाई दिइएको सुविधा सरहको लगानी गरेबापतको सुविधा पाउने व्यवस्थासमेत गरेको छ । विदेशमा बस्ने नेपाली नागरिकले विदेशी मुलुकको नागरिकता लिएमा निजले प्राप्त गरेको परिचयपत्र स्वतः रद्द हुने व्यवस्था रहेको छ । परिचय पत्र रद्द भएमा विदेशमा बस्ने नेपाली नागरिकले सो हैसियतमा कुनै सुविधा तथा सहुलियत नपाउने व्यवस्था रहेको छ ।

गैरआवासीय नेपालीले नेपालमा लगानी गर्नका निम्ति लगानी गर्न सक्ने उद्योगमा विदेशी लगानीकर्ताले जस्तो पूर्व स्वीकृती लिई रहनु नपर्ने साथै पोर्टफोलियो लगानीसमेत गर्न सक्ने व्यवस्था वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी ऐन, २०७५ र तथा प्रविधि हस्तानतरणसम्बन्धी वैदेशिक लगानी नियमावली, २०७७ मासमेत गरिएको छ । गैरआवासीय नेपालीले लगानी गरेको उद्योग राष्ट्रियकरणसमेत हुँदैन । साथै गैरआवासीय नेपालीको लागि विदेशी लगानीकर्तालाई दिएको सुविधा बराबरको हुने व्यवस्थाहरुले गर्दा गैरआवासीय नेपालीको नेपालमा लगानी गर्ने सम्भावना कानूनी रुपमा दरिलो देखिन्छ ।

## गैरआवासीय नेपालीको नेपालमा लगानी संरक्षणः

आर्थिक उदारीकरण एवम् खुल्ला बजार नीतिको विश्वव्यापी लहरसँगै नेपालले पनि विदेशी लगानीका धेरै सम्भावनाहरु खुल्ला गरेको छ । हुन त विदेशी लगानी सोचेजति वा चाहेजति अपेक्षाकृत देखिदैन । अझ २०७२ सालको बिनासकारी भूकम्प र भारतीय सीमामा भएको नाकावन्दी साथै संक्रमणकालको निरन्तरता, संविधान लागू हुन भइरहेको कठिनाईले विदेशी लगानीको ठूलो सम्भावनालाई असर पुर्‍याएको भएता पनि हाल आएर विदेशी लगानीको वातावरण अध्ययनका लागि नेपाल आउने विदेशीका संख्या दिनानुदिन बढ्न थालेको देखिन्छ । वैदेशिक लगानीले देशलाई छिट्टै आर्थिकरुपमा दरिलो बनाई विकासमा अगाडि बढाउने प्रवल सम्भावना रहेको छ । यही कुरालाई विदेशी लगानी नीति, २०७१ मार्फत पनि बुझ्न सकिन्छ । उक्त नीति अन्तरगत निजी क्षेत्रको आर्थिक विकासमा अग्रणी भूमिका रहेको स्वीकार गर्दै

तिनको पूँजी, प्रविधि, सीप र ज्ञान परिचालन गर्ने, लगानी मैत्री वातावरण स्थापित गर्ने, आर्थिक, कूटनीति अवलम्बन गर्ने, अन्तर्राष्ट्रिय बजारमा सम्भाव्य औद्योगिक वस्तु तथा सेवाको उत्पादन बढाई निकासी अभिवृद्धी गर्ने, विदेशी लगानीलाई आकर्षण गर्नका लागि आवश्यक कानूनी सुधार गर्ने, संस्थागत एवं प्रक्रियागत पूर्वाधार तयार गर्ने, धितो पत्रमा लगानी गर्ने वातावरण तयार गर्ने, श्रम कानूनलाई लचिलो बनाउने, लगानीकर्तालाई एकै थलोबाट सेवा उपलब्ध गराउने (एक द्वार प्रणाली), औद्योगिक सुरक्षाको बन्दोबस्त गर्ने तथा परिचालन गर्ने, निजी लगानीमा संचालित उद्योग जबर्जस्ती बन्द गराउन खोज्ने वा बन्द गराउने माथि दण्ड जरीवाना गर्ने र स्वदेशी, विदेशी वा गैरआवसीय नेपालीको लगानीप्रति फरक व्यवहार नगर्ने जस्ता कानुन र नीतिले नेपालमा लगानी गर्न इच्छुक विदेशी वा गैरआवसीय नेपालीलाई प्रोत्साहन र संरक्षणको अनुभूति दिने प्रयास गरेको देखिन्छ । तर, यथार्थमा भन्दा यस्तो व्यवस्थाप्रति अझै लगानीकर्ता ढुक्क नभएका र लगानीकर्तालाई अविश्वास हुने वातावरण प्रशस्त रहेको देखिन्छ ।

**निष्कर्ष:**

वास्तविक रुपमा विभिन्न देशमा लाखौं गैरआवासीय नेपालीहरुको  बसोबास रहेको छ । एकातर्फ गैरआवासीय नेपालीले पठाएको विदेशी मुद्राले देशलाई ठूलो मात्रामा रेमिटचान्स र लगानी प्राप्त हुने गरेको छ । अर्कोतर्फ, गैरआवासीय नेपालीले नेपालको सामाजिक आर्थिक विकासमा पनि उत्तिकै योगदान गर्दै आएका छन् । भूकम्पपछिको पुनःनिर्माणमा पनि उनीहरुको अतुलनीय योगदान रहेको छ । नेपाली नागरिकहरु विदेशमा स्थायी बसोबास गर्न वा रोजगारी गर्ने हुँदा गैरआवसीय नेपालीको ज्ञान, सीप, प्रविधि र पूँजीलाई राष्ट्रिय विकासमा उपयोग गर्ने साथै वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमुलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति नेपालको संविधानले लिएको हुँदा आर्थिक सामाजिक विकासमा गैरआवसीय नेपालीहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । आर्थिक उदारीकरण एवं खुल्ला बजार नीतिको विश्वव्यापी लहरसँगै नेपालले पनि विदेशी लगानीका धेरै सम्भावनाहरु खुल्ला गरेको छ । वैदेशिक लगानीले देशलाई छिट्टै आर्थिक रुपमा दरीलो बनाई विकासमा अगाडि बढाउन सक्ने प्रवल सम्भावना रहेको देखिन्छ । यस कुरालाई विदेशी लगानी नीति, २०७१ को मर्ममार्फत पनि बुझ्न सकिन्छ । गैरआवासीय नेपालीले नेपालमा लगानी गर्नका निम्ति लगानी गर्नसक्ने उद्योगमा विदेशी लगानीकर्ताले जस्तो पूर्वस्वीकृती लिई रहनु नपर्ने साथै पोर्टफोलियो लगानी गर्न सक्ने व्यवस्था वैदेशिक लगानी तथा प्रविधि हस्तानतरणसम्बन्धी ऐन, २०७५ र वैदेशिक लगानी तथा प्रविधि हस्तानतरण सम्बन्धी नियमावली, २०७७ मासमेत व्यवस्था गरिएको छ ।

# मनोवैज्ञानिक आघातका कारण बकपत्र परिवर्तनले अनपेक्षित फैसलाहरू

अधिवक्ता रादिका चम्लागाई

## पृष्ठभूमि

नेपालमा कानूनी दायरामा आउने पीडित र पीडकको मनोवैज्ञानिक आघातका कारण पक्षहरुमा पर्न गएको मनोदशाबाट बकपत्रमा हुने परिवर्तन तथा त्यही परिवर्तनका कारण वास्तविक तथ्यभन्दा फरक पर्ने गरी कसरी गलत फैसलाहरु हुन्छन् भन्ने बारेमा औपचारिक अध्ययन भएका छैनन् । वास्तवमा धेरै मुद्दाहरुमा यस्तो हुने गरेका कारण यो बृहत्तर अनुसन्धानको विषय बनेको छ। यस विषयमा संक्षिप्त रुपमा भए पनि यहाँ प्रकाश पार्ने प्रयास गरिएको छ।

बलात्कार पीडित महिला, किशोरी तथा बालिकाहरूको मनोदशाको अध्ययन गरी उनीहरुका लागि अनुकूल वातावरणको सृजना गर्न सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाएर मात्र पुग्दैन, इमान्दारीपूर्वक कार्यान्वयन पनि गर्नु पर्दछ ।

## विषय प्रवेश

मनोवैज्ञानिक अवस्थाका कारण बकपत्र परिवर्तनले हुने कानुनी असरहरू धेरै हुने गरेका छन् । मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को परिच्छद ६ मा प्रमाण परीक्षणसम्बन्धी व्यवस्था छ । कुनै पनि विवाद समाधान गर्नका लागि वा कुनै पनि कुराको पुष्टी गर्न वा हो वा होइन भन्ने विषयमा निष्कर्षमा पुग्न वा अन्तिम टुङ्गोमा पुग्नका लागि पीडित पक्षले अदालतमा नियमपूर्वक उपस्थित भई न्यायाधीशको सामुन्नेमा उभिएर पीडित पक्षको तथ्यलाई पुष्टि गर्ने गरी सवाल जवाफ गर्नु नै बकपत्र हो । प्रचलित कानूनले बाहेक गरेको अवस्थामा बाहेक पीडित अदालतसमक्ष उपस्थित भई बकपत्र गरेपछि त्यस्तो प्रमाणलाई अदालतले प्रमाणमा लिनुपर्ने कानूनी व्यवस्था छ । सामान्यतया बकपत्र गर्दा जुन पक्षको हो त्यो पक्षको कानून व्यवसायीले सोधपुछ गरी जवाफ प्राप्त गरिसकेपश्चात् सोधपुछको सवाल जवाफमा केन्द्रित रही अर्को पक्षको कानून व्यवसायीले जिरह गर्नुपर्छ । तत्पश्चात् सोधपुछ र जिरहको सवाल जवाफ बाझिएको खण्डमा सोधपुछ गर्ने कानुन व्यवसायीले पुनः सोधपुछ गरी आएको जवाफ लेखी सकेपश्चात् पीडित वा साक्षी बकपत्र सम्पन्न भएको मानिन्छ । बलात्कारजस्तो जघन्य अपराधमा शक्तिशाली पक्षले कमजोर पक्षमाथि गम्भीर प्रकृतिको यौन हिंसा हुन्छ । हुन त बलात्कार जस्तो जघन्य अपराधलाई राष्ट्रिय स्वतन्त्र पार्टीका सभासद रहनु भएकी सोविता गौतमले यो अंगभंग जस्तो गम्भीर होइन, यसलाई अधिकारर्मीले गम्भीर बनाएको भन्ने आशयको भिडियो पनि सार्वजनिक भइसकेको छ । यसमा धेरै व्यक्तिका फरक धारणा आएपनि फौजदारी कानूनले यस प्रकृतिको अपराधलाई जघन्य अपराधको रुपमा

स्वीकारेको छ । कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा १८ वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ ।[1] जबरजस्ती करणीलाई नै बलात्कार भनिन्छ । बलात्कारका घटना भन्ने वित्तिकै हाम्रो मानसपटलमा एउटा पुरुषले अर्की महिलामाथि गरेको यौनजन्य अपराध नै आउने गर्दछ । बलात्कार विभिन्न तरिकाले भइरहेको पाइन्छ । व्यक्तिहरूको समूह मिलेर एकजना महिलालाई जबरजस्ती करणी वा बलात्कार गर्नुलाई सामूहिक बलात्कार भनिन्छ । नेपाललगायत विश्वका धेरै विकासोन्मुख देशहरुमा बलात्कारका घटनाहरु सार्वजनिक हुने गरेका छन् । धेरैजसो सामूहिक बलात्कारका शिकार महिलाहरू नै हुने गरेको पाइन्छ । त्यस्तै आफ्नो नजिकको नाता पर्ने व्यक्तिसँग यौन सम्बन्ध राख्नु हाडनाता करणी हो ।[2] विभिन्न राष्ट्रहरूको कानून तथा संस्कृतिअनुसार हाडनाता करणी अन्तर्गतका नाताहरूलाई फरक फरक रूपमा उल्लेख गरिएको पाइन्छ ।

बलात्कार भनेको पुरुषले महिलामाथि गर्ने यौन अपराध हो । बलात्कारका घटनाहरु दिन प्रतिदिन बढिरहेका छन् । बलात्कारका घटनाहरू घट्नुमा  आफूलाई मात्र सोच्ने, भोलिको कुराको ख्याल नराख्ने र उसले गरेका कार्यले अरूलाई कस्तो असर गर्छ भनेर नसोच्ने व्यक्तिबाट बलात्कारका घटनाहरु भइरहेको पाइन्छ । बलात्कारका घटना हुनुको मुख्य कारण उसको बाल्यकालको हुर्काइ, मानसिक सन्तुलन नबिग्रेको तर मानसिक अवस्था कमजोर हुनु आदि रहेका पाइन्छ । ती व्यक्तिहरू जसले आफ्नो यौन चाहनालाई नियन्त्रण गर्न नसक्ने व्यक्तिहरूबाट बढीमात्रामा बलात्कारका घटना हुने गर्दछन् । यौन पिपासुहरूले आफ्ना छोरी, दिदी, बहिनी वा आफन्त कोही देख्दैनन् केवल आफ्नो यौन चाहना पूरा गर्ने बाटो मात्र खोज्छन् । टाढाको व्यक्तिबाट भएको घटना भन्दा आफन्तबाट भएको घटनाहरूमा परिवारले नै ढाकछोप् गर्ने गरेको पाइन्छ । अन्यबाट भएका बलात्कारका घटनामा पनि समाजले महिलालाई नै दोषी ठान्ने गरेको पाइन्छ । किन नबोलेकी ? किन नकराएकी होला ? कसरी बलात्कार हुन्छ ? किन त्यहाँ गएकी ? तँ नै खराब भन्ने जस्ता प्रश्नहरू महिलामाथि थोपरिरहने गरेको पाइन्छ । त्यसको सट्टामा बलात्कृत हुनुमा तिम्रो दोष छैन भनेर परिवार र समाजले भन्नै सक्दैन । बलात्कार जस्तो जघन्य अपराधमा परेका पीडितहरु आफैं तनावग्रस्त हुन्छन् । त्यस्तो अवस्थाबाट बाहिर ल्याउन परिवारले र समाजले सहयोग नगर्ने थप चिन्ता हुन्छ । परिणामस्वरुप यस्ता दुर्घटनामा पर्दा महिलाहरू तीनवटा अवस्थामा पुग्ने गरेको मनोविद्का विश्लेषणहरु पाइन्छन् । बलात्कारका घटनाका बारेमा महिलाले आफूमाथि पनि पर्छ होला भनेर सोचेका पनि हुन्नन् । त्यो अचानक हुने र जघन्य अपराध भएकाले त्यो अवस्था भोग्नुपर्दा महिलाहरू कि चिच्याउँछन्, कि भाग्छन्  कि दुबै अवस्था गर्न नसकी उनीहरू प्रतिकार गर्न सक्दैनन् र बलात्कारीले बलात्कार गर्छ । तेस्रो अवस्थाका महिलाहरूमाथि नै समाजले आरोप लगाउँछन् । त्यो किन नकराएकी किन चुपलागेर बसेकी भनेर पीडित महिलामाथि नै लान्छना लगाउने गरेको पाइन्छ । तिरस्कृत हुनुपर्ने डर र त्रासबाट उनीहरू ग्रसित हुँदै त्यो घटना

१ मुलुकी अपराध (संहिता)ऐन २०७४
२ मुलुकी अपराध संहिता ऐन २०७४ दफा

विर्सन चाहन्छन् । कसैले सोध्यो भने उनीहरु त्यो कुरा बताउन चाहदैनन् । बताउँदा त्यो घीन लाग्दो र कहाली लाग्दो पीडादायी अवस्था सबै स्मरण गर्नुपर्ने हुन्छ । त्यो पीडितका लागि अत्यन्त कष्टकर हुन्छ ।  त्यो कुरा बताउँदा उनीहरूले भुक्तभोगी भएर बताउनुपर्ने भएकाले बलात्कार पीडितहरू त्यो दुर्घटनाको आघातबाट बच्न त्यो घटना भन्दा फरक कुरा बताएर पनि आफूलाई जोगाउन र त्यो घटनाबाट भाग्न चाहन्छन् । त्यो पीडादायी घटनाका बारेमा सम्झँदा उनीहरूमा तनाव अत्यन्तै बढ्छ र त्यो तनावले उनीहरूको दिमागको अघिल्लो भाग सोच्ने मस्तिष्कले काम गर्न सक्दैन ।

हाम्रो दिमागलाई बुझाउने दिमागको हाते ढाँचा र मस्तिष्क विज्ञान ।
हामी शान्त हुँदा हाम्रो दिमागको अवस्था यस्तो हुन्छ ।




दिमागको हाते ढाँचा (Hand Model of the Brain)
Trauma ले दिमागलाई कसरी असर गर्छ भन्ने कुरा बुझाउने सबैभन्दा सजिलो
ड्यान सिगेलको हाते ढाँचा




यिनै कारणहरुले गर्दा पीडितहरुले बकपत्र गर्ने बेलामा के के घटना भएको थियो भनेर सिलसिलेबार ढंगले बताउन नसकी र जाहेरीलाई समर्थन हुने गरी बकपत्र गर्न नसकी अधिकार प्राप्त अधिकारी समक्ष दिएको भनाईलाई परिवर्तन गर्ने गर्छन् । जसका कारण

बलात्कार पीडित महिला तथा किशोरीहरूले मुद्दा हार्ने गर्छन् । बलात्कार पीडित महिला तथा किशोरीहरूको बकपत्र परिवर्तनमा मनोबैज्ञानिक आघातको विश्लेषण हुनु जरुरी छ । अझ जिरहको बेलामा गरिने प्रश्नहरुले बलात्कार पीडित महिला तथा किशोरीहरुमा 'ट्रिगर' हुने गर्छ । ट्रिगर भनेको पहिले भएको घटना अहिले भएको अनुभूति गर्नु । जस्तै :अगुल्टाले हानेको कुकुर विजुली चम्कँदा तर्सिन्छ भने झैं हुनु हो ।

## अपत्यारिलो तथ्य : अरूबाट प्रभावित नभएपनि पीडितले वयान फेर्न चाहन्छन्, किन ?

सामान्यतया हामी बलात्कारका मुद्दामा पीडितले बकपत्र परिवर्तन गरेको कुरा हलुका ढंगले लिन्छौं । कि त पीडितले बार्गेनिंग गरेको वा होस्टाइल भएको हुन सक्ने मात्र अनुमान गर्छौं । तर वास्तविकता त्यस्तो मात्र हुँदैन । धेरैजसो घटनामा पीडितमा पर्न गएको मनोवैज्ञानि आघातका कारण उनीहरुले गर्ने बकपत्रमा परिबर्तन हुन पुग्छ र त्यसबाट समग्र मुद्दाको अन्तिम परिणाममा पीडित स्वयमले समेत नसोचेको फैसला समेत हुन पुग्दछ । यसतर्फ हामी धेरैले याद गरिरहेका हुँदैनौं ।

अमेरिकी एशोसिएट प्रोफेसर टानिया टेटलोका अनुसार बलात्कार पीडितहरुको बयान प्राय : परिबर्तन भई नै रहन्छ । त्यसका विभिन्न कारणहरु हुन्छन् । पहिलो कुरा, बलात्कार पीडितहरुको स्मरण शक्ति नै कमजोर बनेको हुन्छ । एक्कासी हर्मोनमा आउने परिवर्तनको कारणले औचित्यपूर्ण तथा योजनाबद्ध स्मरणमा असर गर्छ । दिइएका विकल्पहरुमा पनि छनौटमा समेत समस्या पर्ने गर्छ ।

बलात्कार पीडितहरु पोष्ट टम्याटिक स्ट्रेस डिस्अर्डर (पिटिएसडि) बाट पनि अस्वाभाविक गतिमा गुज्रन पुग्छन् । उनीहरु युद्धबाट फर्किएको सैनिकजस्तै हुन्छन् । उनीहरुको सेन्सर सिस्टमले नै मेमोरिहरुलाई ब्लक गरिदिन्छ । उनीहरुलाई बलात्कारको समयको विभिन्न पक्षको बारेमा गरिएका प्रश्नहरुले उनीहरुको विश्वासनीयताको परीक्षण गरेजस्तो लाग्छ । उंनीहरु कुनै बेला अस्वाभाविक ढंगले हाँस्छन् भने कुनै बेला फेरि स्वाभाविक व्यवहार देखाउँछन् । कुनैबेला ससाना झिना मसिना कुराहरु पनि हुबहु सम्झेर बताउन सक्छन् जो संवेगात्मक रुपमा बढी महत्वपूर्णजस्तो लाग्छ ।[३]

बलात्कार वा जबरजस्ती करणी भनेको विशेषगरी माहिलामाथि पुरुषले गर्ने जघन्य प्रकृतिको अपराध हो । जुन महिला तथा किशोरीको मात्र होइन कि उनीसम्बद्ध परिवारको समेत इज्जत प्रतिष्ठासँग जोडेर हेर्ने गरिएको पाइन्छ । त्यसकारण बलात्कार वा जबरजस्ती करणी जघन्य अपराधको शिकार बनेका महिला तथा किशोरीहरुमा विभिन्न खालका मनोबैज्ञानिक समस्या देखा पर्ने मनोविद्हरु बताउँछन् ।  बेलायतका कानूनविद् कोहोन मुर्रेले आफ्नो जीवनकाल

३ https://www.nola.com/news/crime_police/article_6lj1064431-316c-5277-bfe1-97d777a2e5b8.html

भरी नै बलात्कार पीडितका धेरै मुद्दा हेरेको कुरा उनको पुस्तक 'द साइकोलोजी अफ रेपिस्ट एण्ड रेप भिक्टिम' मा पाउन सकिन्छ । उनका अनुसार बलात्कार पीडितमा Dissociative Disorder जस्ता समस्याहरु देखा पर्न सक्छन् । जुन समस्याका कारण बलात्कार वा जबरजस्ती करणीमा परेका महिलाले जाहेरी अनुकूल हुने गरी अदालतमा गई बकपत्र गर्न सक्दैनन् । उनीहरु त्यो पीडाबाट उम्कन आफूलाई बलात्कार नभएको समेत बताउन सक्ने कुरा पनि उनले सो पुस्तकमा उल्लेख गरेका छन् । मनोविद् विजय ज्ञवालीका अनुसार बलात्कार पीडित महिला तथा किशोरीमा बलात्कार वा जबरजस्ती करणीका कारण उनमा अत्याधिक तनाव Stress हुन्छ । जुन तनाव Stress का कारण उनको दिमागको पहिलो भाग अर्थात् सोच्ने मस्तिष्क नै भद्दा (Dull) हुन्छ । दिमागको पहिलो भागले पुराना घटनाको याद गर्न मद्दत गर्छ । त्यो भागले राम्ररी काम गर्न नसक्ने भएपछि बलात्कार वा जबरजस्ती करणीका पीडित महिला तथा किशोरीहरुले त्यो घटनालाई शिलशिलेबार ढंगले भन्न नसक्ने मात्र होइन, उनीहरुले कसले आफूलाई बलात्कार गरेको हो सो कुरा पनि भन्न सक्दैनन् । त्यो पीडकले कस्तो कपडा लगाएको थियो, सो पनि भन्न सक्दैनन् । कुन कोठामा भएको थियो सो पनि बताउन सक्दैनन् । विपक्षी कानून व्यवसायीले आफ्नो पक्ष अनुकुल हुने गरी पटकपटक विभिन्न खालका प्रश्नमार्फत जिरह गर्दा उनीहरु सो घटनाको साक्षात्कार हुन नसक्ने मनोवैज्ञानिक समस्याका कारण उनीहरु बरु होइन वा बकपत्र फेर्न चाहन्छन् ।

बलात्कार वा जबरजस्ती करणीको अपराधबाट पीडित महिला तथा किशोरीहरुमा हुने आघात (Trauma) का कारण बकपत्र परिवर्तन गरेको कुरालाई न्यायालयले हल्का ढंगले हेर्न हुँदैन भन्ने भन्ने लाग्दछ । यस्ता प्रकृतिका मुद्दा चिकित्सकीय र अन्य प्रमाण बलियो हुँदाहुँदै जाहेरी अनुकूल पीडितले बकपत्र परिवर्तन गरेको कुरालाई आधार मानी पीडकको पक्षमा फैसला गर्दा पीडितमा कति चोट पर्ला सहजै अनुमान गर्न सकिने देखिन्छ । त्यसकारण यस्ता घटनामा मनोविद्हरुको राय पनि लिन सके बकपत्र परिवर्तनको कारण के हो भन्ने स्पष्ट गरी न्याय सम्पादन गर्न सके पीडितहरु थप पीडित हुने थिएनन् र न्यायसम्पादन प्रक्रिया पनि प्रभावकारी हुने थिए ।

## मनोवैज्ञानिक आघात अपराध अनुसन्धानको साइनो

यो अध्ययन नेपालमा बढ्दो कलिला बालिकादेखि बृद्धा महिलासम्मको बलात्कार र बलात्कार पछि पीडितले न्याय नपाउनुसँग सम्बन्धित रहेको छ । आजको समाजमा कलिला अबोध बालिकादेखि वृद्धा आमाहरु बलात्कृत हुनु लज्जास्पद विषय हो । यो भन्दा पनि लाजमर्दो विषय भनेको पीडकलाई कानूनको दायरामा ल्याउन नसक्नु हो । नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रीय अवस्थामा प्रवेश गरिसकेको छ । केन्द्रदेखि स्थानीय तहसम्म सुरक्षा व्यवस्थापन गर्ने निकायहरु छन् । यहाँ नमिता-सुनिता, ख्याती श्रेष्ठ, पूजा शाह, निर्मला पन्त, माया विक जस्ता हजारौं चेलीहरु सुरक्षित छैनन् । नेपाल प्रहरीको तथ्यांक हेर्दा विगत ५ वर्षमा महिला तथा बालबालिकासम्बन्धी घटना ३८ प्रतिशत बढिले वृद्धि भएको देखाउँछ । यो बलात्कारको घटनाक्रमलाई हेर्दा हाम्रो कमजोर सामाजिक चेतना, फितलो सुरक्षा व्यवस्था, भ्रष्टाचार र

न्यायिक सम्पादनको अवस्थालाई उजागर गरेको छ ।

नेपालले महिलाविरुद्ध हुने सबैखालको भेदभाव अन्त्य गर्ने महासन्धी, १९७९ मा हस्ताक्षर २२ अप्रिल १९९१ मा गरेको छ । यो मात्र होइन यस्ता दर्जनौ महासन्धीमा हस्ताक्षर गरेपनि जबसम्म अबोध बालिकादेखि वृद्धा महिलाको बलात्कार रोकिन्न वा उनीहरु सुरक्षित महशुस गर्न पाउँदैनन् तबसम्म हस्ताक्षरको कुनै अर्थ रहँदैन । मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ मा जबरजस्ती करणीसम्बन्धी कानूनको व्यवस्था गरिएको छ । जसमा कुनै पनि प्रकारको करकाप, प्रलोभन, धम्की दिई करणी गरेमा घटनाको प्रकृतिअनुसार सजायको व्यवस्था छ । दश वर्षभन्दा कम उमेरकी बालिकालाई जबरजस्ती करणी गरेको पाइएमा १६-२० वर्ष, १०-१४ वर्ष उमेर समुहकी बालिकाको हकमा १४-१६, १४-१६ वर्ष उमेर समुहकी बालिकाको हकमा १२-१४, १६-१८ वर्ष उमेरसमुहकी बालिकाको हकमा १०-१२ र १८ वर्षदेखि माथि उमेरको महिलाको हकमा १० वर्ष सजाय तोकिएको छ ।[4] यो तथ्याङ्कलाई हेर्दा १८ वर्ष उमेर पूरा भएपछिको महिलालाई बलात्कार गर्दा पीडा कम महशुस गर्ने बुझाइ हो कि भने झै लाग्छ । यसरी उमेर अनुसार फरक-फरक सजायको व्यवस्था आफैँमा परिपक्क देखिँदैन । कानूनमा जेजस्तो व्यवस्था भएपनि पीडकहरुले उन्मुक्ति पाइरहनुले कानून कार्यान्वयनको पक्ष भने निरिह देखिन्छ ।

नेपालमा बलात्कार जस्तो जघन्य अपराधमा नै कम उजुरी पर्छन् । बलात्कारको घटनामा सहयोग गर्नुको सट्टा परिवार, समाजले किशोरीलाई नै लान्छना लगाउँछ । हिम्मत गरेर घटना बाहिर ल्याउँदा पनि उनीहरु दोहोरो पीडामा पर्छन् । त्यही लान्छनाको कारण उनीहरु आफूलाई असुरक्षित ठानी उजुरी दिन जाँदैनन् । बलात्कार पीडित र पीडित परिवारले प्रहरी समक्ष गएर उजुरी दिनु भनेको आफैँमा चुनौतिको विषय हो । उजुरी दिएपनि कानूनबमोजिम न्याय पर्नेमा उनीहरु ढुक्क हुने अवस्था देखिँदैन । शक्तिको दुरुपयोग, राजनैतिक संरक्षण, आर्थिक प्रलोभन, नातावाद, कृपावाद जस्ता प्रवृत्तिहरु पीडितको न्याय प्राप्तिमा तगारो बन्ने गरेको देखिन्छ । अन्य हिंसा पीडित चेलीहरु एकपटक मर्छन् भने बलात्कार पीडित चेलीहरु समाजमा पटक-पटक मर्छन् भनिन्छ । त्यो बलात्कारको पीडाका कारण उनीहरु यो घटनाबाट भाग्न चाहन्छन् । त्यसकारण उनीहरु आफूलाई सुरक्षित महशुस गर्न घटना विर्सन चाहन्छन् । यो घटनाले पीडितमा अत्याधिक तनाव हुन्छ । जसका कारण उनीहरुको दिमागको अघिल्लो भागले सोच्न विश्लेषण गर्न सक्दैन । परिणामस्वरुप बलात्कार पीडितहरुले बलात्कारको घटनालाई शिलशिलेवार ढंगले बताउन नै सक्दैनन् । तर बलात्कार पीडितको यो मनोबैज्ञानिक पक्षको ख्यालै नगरी अदालतले बकपत्र परिवर्तन गरेको निहुँमा पीडितलाई हराउने पीडकलाई न्याय दिने गरेको छ । यो अध्ययनको महत्व बलात्कार पीडितका अन्य प्रमाण बलिया हुँदा हुँदै बकपत्र परिवर्तनलाई आधार मानेर मात्र न्याय सम्पादन गरिनुहुन्न । उनको मनोबैज्ञानिक पक्षको पनि ख्याल गरिनुपर्छ । बलात्कारका कारण पीडितमा के के मनोबैज्ञानिक समस्या आउँछ ।

४ मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८

बलात्कारका मुद्दामा पीडितले बकपत्र परिवर्तन गरेका कारण पीडकको पक्षमा मुद्दा फैसला हुने गरेको विषयमा ध्यान दिइने गरिएको छैन । पीडितले किन बकपत्र परिवर्तन गर्छन् त्यसका मनोबैज्ञानिक पक्षलाई बुझ्नका लागि महत्वपूर्ण भएको छ ।

## केही महत्वपूर्ण घटनाहरू

हालैको समयमा पनि बलात्कार जस्तो जघन्य अपराधमा सम्लग्न पीडकले सफाइ पाउने पीडित झन् पीडित बन्ने गरेको देखिएको अवस्था छ । सोही सम्बन्धमा यस अध्ययनका क्रममा विभिन्न संस्था तथा व्यक्तिगत रुपमा गरिएका अध्ययन प्रतिवेदनहरुमा समेत स्पष्ट रुपमा सोही समस्याहरुको उजागर गरिएका छन् । यसतर्फ सम्बन्धित निकायको ध्यान गएको पाइन्न ।

यसै सन्दर्भमा नख्खु कारागारमा थुनामा रहेका सुमन पहरीविरुद्ध नेपाल सरकार रहेको जबर जस्ती करणी मुद्दामा जबरजस्ती करणी स्थापित गर्ने विषयमा पीडित तथा अन्य व्यक्तिको भनाइ महत्वपूर्ण रहँदा रहँदै पनि अकाट्य भने हुँदैन भन्ने व्याख्या भएको छ ।[5] जबरजस्ती करणीका सम्बन्धमा पीडित तथा अन्य व्यक्तिहरुले व्यक्त गरेको कुरालाई पीडित रहँदा रहँदै पनि अकाट्यय भने हुँदैन । जबरजस्ती करणीका सम्बन्धमा पीडित तथा अन्य व्यक्तिहरुले व्यक्त गरेको कुरालाई पीडित तथा पीडकको शारीरिक परीक्षणलगायतका अन्य प्रमाणहरुले पुष्टी गरेको अवस्थामा प्रमाणमा लिनुपर्ने ।

पहिला अनुसन्धान अधिकारी समक्ष जबरजस्ती करणी भएको हो भनी कागज गरिदिएको र सो कुरा प्रतिवादीको वयानलगायतका अन्य प्रमाणहरुबाट पुष्टि भइरहेको अवस्थामा आएर जबरजस्ती करणी भएको होइन भनी पीडित तथा अन्य व्यक्तिले  वकपत्र गरेको आधारमा मात्र प्रतिवादीको स्वीकारोक्ति तथा चिकित्सकीय प्रतिवेदन (Medical Report) को प्रतिकूल हुनेगरी जबरजस्ती करणी भएको होइन भन्ने निष्कर्षमा पुग्न नसकिने । (प्रकरण नं. ३)

अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुने गरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीलाई सफाइ दिदै जाने हो भने पीडित तथा अन्य व्यक्तिउपर अनुचित प्रभाव पार्न सक्ने र अपराधीहरूले कहिल्यै पनि सजाय पाउने अवस्था नआई दण्डहीनताको स्थिति सिर्जना भइ अन्ततः समाज नै अराजकतातर्फ जाने भनेर फैसला गरे पनि पीडितको मनोबैज्ञानिक पक्षका बारेमा भने  अहिलेको सन्दर्भमा उपयुक्त उपायहरु भने सुझाउन सकेको छैन ।

जबरजस्ती करणीको कसुर हुनका लागि मुख्यतः तीन वटा आधारभूत तत्व हुनु अनिवार्य हुन्छ ।[६] नेकाप २०७४, अंक ४ नि नं. १८०१ अनुसार जबरजस्ती करणी गर्ने मनसाय, जबरजस्ती करणी गर्ने कार्य र पीडितको करणी गर्ने कार्यमा मन्जुरी नभएको अवस्थामा

५ ने.का.प २०६६, अंक ६ नि नं.८१७९

६ नेकाप २०७४, अंक ४ नि नं.१८०१

तथा यस्ता आधारभूत तत्व विद्यमान भएको अवस्थामा जबरजस्ती करणीको कसुर स्थापित हुने । एक अवोध ४ वर्षकी नाबालिका जसलाई यौन अंग के हो ? करणी के हो ? योनिको भागमा खेलाउँदा वा पीडितको योनिमा लिङ्ग छिराई करणी गर्न लाग्दा आफूलाई के गरेको हो भन्ने कुराको बारेमा थाहा हुनसक्ने अवस्था हुँदैन, त्यस्तो नाबालिकाले बालिग प्रतिवादीले आफ्नो इच्छाविपरीत करणी गर्न लागेको र आफ्नो सतित्व रक्षाको लागि बचाउका लागि हरसम्भव प्रयत्न गर्ने वा विरोध गर्ने भन्ने प्रश्न नै आउँदैन । जबरजस्ती करणीको वारदातको प्रमाणको पहिलो कडी भनेको स्वयम् पीडित हो भने अर्को कडी पीडितको शारीरिक परीक्षण हुने भनेरफैसला गरे पनि पीडितको मनोबैज्ञानिक पक्षका बारेमा भने  अहिलेको सन्दर्भमा उपयुक्त उपायहरू भने सुझाउन सकेको छैन ।

श्रीराम त्रिपाठीबिरुद्ध  नेपाल सरकार रहेको जबरजस्ती करणी मुद्दामा चरित्रकै विवाद रहेको मुद्दामा बाहेक अपराधी ठहर गर्न वा सफाइ दिनको लागि व्यक्तिको चरित्रलाई कानूनले खासै महत्व दिएको छैन ।[७] करणी एउटा घटना हो जो जुनसुकै जैविक व्यक्तिबाट जुनसुकै बेला जसरी पनि घटित हुने सम्भावना रहन्छ । यसका प्रस्फुटनका एक होइन अनेकौं छिद्र हुन्छन् । साधु सन्त देउतादेखि दुष्ट दुर्जन सबै यसको दायरामा आउन सक्ने हुन्छन् । त्यसैगरी यौन दुराचार र करणी गर्ने काम सामान्यतया कसैले पनि खास गरी बाबुले आफ्नो सन्तानको सामुन्ने गर्ने कुरा एक असामान्य कुरा भएको र पीडितकी बहिनी निक्कै कम उमेरकी भएकीले निजबाट यस्तो तथ्य थाहा पाउने अवस्था कमै पर्छ । अत: ती भनाइलाई प्रतिवादीको सफाइको आधार बनाउनु उपयुक्त नहुने (प्रकरण नं.६) भनेर फैसला गरे पनि पीडितको मनोबैज्ञानिक पक्षका बारेमा भने अहिलेको सन्दर्भमा उपयुक्त उपायहरू भने सुझाउन सकेको छैन ।

धुलिखेलमा कैदमा रहेको सुब्बा गाउँ तीन बिरुद्ध नेपाल सरकार रहेको जबरजस्ती करणी मुद्दामा मिति २०७१।४।३० मा घटेको वारदातको सम्बन्धमा मिति २०७१।५।८ मा पीडितको शारीरिक परीक्षण गराउँदा जबरजस्ती करणीको वारदात स्थापित गर्न आवश्यक पर्ने प्रमाणहरू नष्ट भई जाने अवस्था रहन्छ । यसका साथै पीडितले स्वयम् आफ्नो व्यहोरा लेखाउँदा एवं अदालतमा बकपत्र गर्दा प्रतिवादीले डर धाक देखाई वारदात घटाएको हो भनी लेखाएबाट यस्तो अवस्थामा हुने जबरजस्ती करणीमा पीडक र पीडितबीच संघर्ष नै नभएको हुँदा पीडितको शरीरमा संघर्षको चिह्नहरू नदेखिन सक्ने हुन्छ । तर पीडित स्वयम्ले जबरजस्ती करणी भए हो भनी लेखाएको एवं सोही व्यहोरा वारदातकै दिन अन्य साथीहरूलाई समेत बताएको अवस्थामा निजको शरीरमा संघर्षको चिह्न नभएको र जबरजस्ती करणी भएको कुनै प्रमाण फेला नपरेकोले जबरजस्ती करणी भएको होइन भनी मान्न नमिल्ने ।[८]

त्यसैगरी क्षेत्रीय कारागार शाखा झुम्कामा थुनामा रहेका कुमार गुरूङबिरुद्ध नेपाल सरकार रहेको जबरजस्ती करणी मुद्दामा समयको अन्तरालपछि अदालतमा भएको बकपत्रमा पीडित र जाहेरवालाले प्रतिवादीलाई फाइदा पुग्ने गरी वा सजायबाट उन्मुक्ति दिने कुनै लोभ लालच

७ नेकाप २०७३, अंक ६ नि नं.९६१९
८ नेकाप २०७४, अंक ५ नि नं.९८११

वा प्रभाव वा दबाबसमेतमा परी वा माफी दिने सोच बनाई आफ्नै मौकाको भनाईलाई खण्डन गरेपनि पीडितको स्वास्थ्य परीक्षणले वारदात स्थापित भइरहेको अवस्थामा पीडितको मौकाको भनाईलाई प्रमाणमा लिन मिल्ने भनेर[९] फैसला गरे पनि यसको मनोबैज्ञानिक पक्षका बारेमा भने अहिलेको सन्दर्भमा उपयुक्त उपायहरू भने सुझाउन सकेको छैन ।

मधुकर राजभण्डारी बिरुद्ध नेपाल सरकार रहेको जब/ज:ती क/णी म'द्दामा जाहेरवालीहरु तीन जना १७,१८, वर्षका केटीहरुलाई पाँच जना प्रतिवादीहरुले रातको ११:०० बजेको समयमा कोठा भित्र पसी जवरजस्ती करणी गरेको भनी किटानी जाहेरी परेको आधारमा प्रतिवादीहरु उपर प्रस्तुत मुद्दा चलेको देखिन आउछ। प्रतिवादी मध्येका मधुकर राजभण्डारीले बत्ति निभाई ढोकाको छेस्किनी लगाई इन्दिरा भण्डारीलाई जवरजस्ती करणी गरेको भन्ने कुराको किटानी बकपत्र जाहेरवाली मध्येकी भावना प्याकुरेलले अदालतमा समेत गरेको देखिन्छ। जाहेरवाली वर्ष १७ की इन्दिरा भण्डारीको गुप्ताङ्ग जाँच हुँदा भेजिनल स्वायव (ख्भनष्लबि क्धबद) मा पुरुष विर्य नदेखिएको भन्ने कारणबाट निज उपरको जवरजस्ती करणीको ३ नं. को अपराध शुरु र पुनरावेदन अदालतले कायम नगरेको र त्यस उपर श्री ५ को सरकरबाट समेत मुद्दा दोहोऱ्याउने निस्साको लागि यस अदालतमा निवेदन आएको देखिदैंन । तथापि दोहोऱ्याउने निवेदन वा पुनरावेदन पर्नु वा नपर्नुको कारणबाट गलत वा भ्रमक तार्किक आधारलाई मातहत अदालतबाट अनुसरण गरिने स्थितिमा रहन दिनु उपर्युक्त हुदैंन। जवरजस्ती करणीको अपराधमा पिडित स्वास्नीमानिसको योनीको डाक्टरी जाँच गरिदा पुरुष विर्य फेला नपर्नुबाट जवरजस्ती करणीको अपराध नभएको भन्ने प्रमाणित हुने अवस्था देखिन आउदैंन। पुरुष विर्य फेला पर्नुबाट सो अपराध हुँदा जवरजस्ती करणीको साथै पुरुष विर्य स्खलन भएको तथ्य समेत प्रमाणित हुने कुरा हुन्छ। तर त्याँहा पुरुष विर्त स्खलन नभएकोमा फेला पर्ने अवस्था रहदैंन । त्यस्तोमा जवरजस्ती करणी नै नभएको भनी अरु प्रमाणको उपेक्षा गर्न मिल्दैन । त्यसमा पनि पुरुष विर्य फेला पर्नु वा नपर्नुमा वारदातको कति समयपछि परीक्षण भएको हो भन्ने कुरा महत्वपूर्ण हुने ।[१०]

प्रस्तुत वारदातमा पिडित स्वास्नीमानिसको हाइमेन (Hymen) च्यातिएको स्थितिमा पछि भएको डाक्टरी जाचलाई लिएर पुरुष विर्य भेजिनल स्वायवमा हुनै पर्दछ भन्ने धारणा रहेको तल्लो अदालतको तर्फबाट जवरजस्ती करणीको अपराधको प्रकृतिलाई सहिरुपले सम्झने बुझ्ने गरेको देखिन आएन । यस्तो प्रकृतिको अपराधमा पिडित व्यक्ति यस्तो १७/१८ वर्षका केटीको कलिलो उमेर र निज उपर भएको शारीरिक एवं मानसिक बलत्कार अपराधीको पाशुविक मनोवृत्त र वर्वरतापूर्ण शारीरिक र मानसिक आक्रमणले पिडित महिलाले सहनुपर्ने जीवनभरीको मनोवैज्ञानिक चोट र कुण्ठा एवं पिडित परिवारले व्यहोर्नु पर्ने सामाजिक वदनामी सम्बन्धी तथ्यगत कुराहरु महत्वपूर्ण देखिन आउँछ। प्रतिवादी मधुकर राजभण्डारीले जुन किसिमले जाहेरवाली जस्तो उमेर र अवस्थाको केटीलाई भयावह स्थिति सिर्जना गरेको

९ नेकाप २०७४, अंक ५ नि नं.९८१२
१० ने.का.प. २०५७, अंक १० नि नं.६९४९

मिसिलबाट देखिन आउँछ। त्यस्तो अवस्थामा डाक्टरी जाँचबाट पिडित व्यक्ति वा प्रतिवादीको शरिरमा संघर्षको चिन्ह (Sing of struggle) देखिनु नदेखिनु पनि महत्वपूर्ण मान्न मिल्दैन । निज प्रतिवादी वारदातको लगत्तै फरार रही, पछि उपस्थित भई वारदात हुँदाको अवस्थामा आफू अन्यत्र रहेको जिकिर लिएको भएतापनि निजको सो जिकिर र निजबाट दिइएका साक्षीहरुको बकपत्रको विश्वसनीयता यसै पनि पत्यारलायक नदेखिने भनेर फैसला गरे पनि यसको मनोबैज्ञानिक पक्षका बारेमा भने  अहिलेको सन्दर्भमा उपयुक्त उपायहरू भने सुझाउन सकेको छैन ।

यसरी माथि उल्लेखित नजीर सिद्धान्तलगायत अन्य अनुसन्धान तथा प्रतिवेदनहरुका आधारमा जबरजस्ती करणीका मुद्दामा बयान परिवर्तन गरेका कारण पीडितलाई न्याय नपारी पीडकलाई न्याय दिईने गरिएको पाइन्छ। बलात्कार पीडितका मुद्दामा उनीहरूको मनोविज्ञानलाई ध्यान नदिई पीडितले बयान परिवर्तन गरेको निहुँमा पीडकलाई सफाइ दिनुले बलात्कार पीडित महिला तथा किशोरीहरू न्याय नपरेकोले उनीहरुको न्यायिक अधिकारको संरक्षण गर्नको निमित्त ठोस उपायहरु अहिलेको सन्दर्भमा पर्याप्त नदेखिएकोले यसको सम्बन्धमा अध्ययन गर्न जरुरी भइसकेको छ ।

बलात्कारका घटनामा किन पीडितका बकपत्र परिबर्तन हुन्छन् र यसमा पीडितहरुको मनोवैज्ञानिक मनोदशा र न्याय दिने क्रममा कस्ता कस्ता अवस्था आइपर्छन् र कसरी मुद्दाको प्रक्रियामा असरहरु पर्छन् भन्ने कान्तिपुर दैनिकमा नारी दिवसका विशेष सन्दर्भमा प्रकाशित मिति २०७४ फागनु २४ गतेको अधिवक्ता स्वागत नेपालको लेखले पनि अझ बढी प्रकाश पार्दछ ।[११]

## बलात्कारको तथ्य र मिथ्या

धेरैजसो बलात्कार पीडितहरू अत्यन्त गरिब, दलित भनिने परिवारका हुने गरेका छन्। कतिपय अवस्थामा सामान्य बाटोखर्च, राजस्व, हुलाक टिकट टाँस्ने रकम पनि नहुने घरपरिवारका पीडितहरू स्वयम् पीडकबाट आर्थिक प्रभावमा परेर मुद्दा हार्नुपर्ने स्थितिमा रहेको पाइएको छ।

बलात्कारसम्बन्धी जतिसुकै कडा कानून बने पनि बलात्कारका घटना किन बढिरहेका छन् ? यो प्रश्न महिला, कानूनविद् र अधिकारकर्मीलाई सोध्यो भने अधिकांशको जवाफ एउटै आउँछ- पुरुषवादी सोच नै बलात्कारको प्रमुख कारण हो। यो सोचको अन्त्य नभएसम्म यस्ता घटनाहरू नियन्त्रणमा आउनै सक्दैनन् ।

साहित्यकार तसलिमा नसरिनका कृतिहरूदेखि सिमोन द बाउबरको 'द सेकेन्ड सेक्स' सम्म पढ्दा पनि उनीहरूले निष्कर्षमा 'पुरुषहरूले मुखले जे भने पनि मनमनै महिलालाई बलात्कार गरिसकेका हुन्छन् भन्ने भाव लेखेका छन्। 'श्रीमद्‌भागवत महापुराण' ले पनि राम्रो काम होस्

११ नेपाल स्वागत, फाल्गुन २४, २०७४, कान्तिपुर दैनिक

या अपराधजन्य- तन, वचन र कर्मले मात्र नभएर मनले पनि हुन्छ भनेको छ।

यो तथ्यमा अडिएर अमेरिकी, युरोपेली र पश्चिमाले 'मनबाट पनि बलात्कार हुन्छ' भन्ने कानूनी व्यवस्था अझै गरेका छैनन्। उनीहरूले भर्खरै आशय करणीको व्यवस्था कानूनमा गर्न खोज्दै छन्। तर, नेपाली कानूनमा त्यही शास्त्रीय मान्यतालाई आत्मसात गरेर सम्वत् १९१० को पहिलो मुलुकी ऐनमै यस्तो व्यवस्था गरिएको थियो। वास्तवमा मनमनै पुरुषले महिलालाई बलात्कार गरिसकेका हुन्छन् भन्ने विचारको पछाडि पञ्चतन्त्रमा 'महिला पुरुषभन्दा आहारामा दुई गुणा बढी, बुद्धिमा चार गुणा बढी, व्यवसायमा ६ गुणा बढी र कामवासनामा ८ गुणा बढी अगाडि हुन्छन्' भन्ने स्वीकारोक्ति सन्देश दिइएको छ।

बलात्कारसम्बन्धी मुद्दामा वकिलदेखि न्यायाधीशसम्म, अधिकारकर्मीदेखि अनुसन्धानकर्मीसम्म त्यसैगरी स्वयम् पीडक र पीडित अनि चिकित्सकहरूसम्म पनि तथ्य र मिथ्याबीचमा प्रस्ट हुन सकेका छैनन्। यसकारण पनि बलात्कारका घटना बढिरहेका छन् र सही रूपमा न्याय निरुपण पनि हुन सकेको छैन। मिथ्याका रूपमा पहिलो तथ्य के हो भने, बलात्कारीलाई दिइने सजाय कडा हुनाले मात्रै पनि बलात्कार घट्दैन।

त्यसो हुने हो भने त इरानमा बलात्कारीलाई मृत्युदण्ड दिइन्छ भने बलात्कारको प्रकृति अनुसार ढुंगा प्रहार गरेर मारिन्छ पनि। अफगानिस्तानमा बलात्कारीलाई बलात्कार गरेको चार दिनमा टाउकोमा गोली हानेर मारिन्छ भने चीनमा बलात्कारीलाई मृत्युदण्डसम्मको सजाय व्यवस्था छ। कोरियामा गोली हानेर मारिन्छ भने साउदी अरेबियामा जनसमुदायको भीडमा बलात्कारीलाई ढुंगाले हानेर मार्नेसम्मका सजाय दिइन्छ। भारतमा बलात्कारीलाई जीवनभर जेलमा बस्नुपर्ने सम्मको सजाय पनि छ। तर पनि यस्ता घटना झनै बढिरहेका छन्, सजाय कडीकडाउ रहेका मुलुकमा पनि बलात्कारको अनुपात कम भएको छैन।

त्यसैगरी, बलात्कारीहरू हिम्मतवाला, साहसी, डरलाग्दा हुन्छन् भन्ने मिथ्याका कारण धेरैजसो महिलाहरू अझ बढी आत्मसंयम गुमाएर बलात्कारको सिकार हुन पुगेका छन्। सत्यचाहिँ के हो भने, बलात्कारी हीन मनोभावनाबाट ग्रसित र मनोरोगी हुन्छन्। उनीहरूलाई आफूजस्तै उमेर समूहका विपरीत लिंगीले मन पराउँदैनन्, स्वीकार गर्दैनन् भन्ने लाग्छ। र, एकान्त ठाउँ, बालबालिका, वृद्धा, सुत्केरी चहार्दै हिँडिरहेका हुन्छन्। अलिकति मात्रै हिम्मत बटुलेर प्रतिकार गर्न पनि बलात्कारीबारेको यस्तै नचाहिँदो मिथका कारण पीडितहरूले सकिरहेका हुँदैनन्। बेलायती न्यायाधीश कोहेन मुर्रेले पनि आफ्नो पुस्तक 'द साइकोलली अफ रेपिस्ट एन्ड रेप भिक्टिम' मा यो तथ्यलाई विस्तारमा उल्लेख गरेका छन्।

नेपालको कानूनमा मुलुकी ऐनले 'मनमनै बलात्कारको आशयले हेरेको प्रमाणित हुने अवस्थामा समेत सजाय व्यवस्था' गरेको छ। तर अर्को कानूनले बलात्कारको पीडा उमेर बढ्दै गएपछि कम हुने ठानेको छ। त्यसैले जतिजति पीडितको उमेर बढी हुन्छ, पीडकलाई उतिउति कम सजायको व्यवस्था गरेको छ। यसको अर्थ धेरै वृद्धा महिलाविरुद्ध भएको बलात्कारको घटनामा पीडितको उमेरका आधारमा कम सजायको व्यवस्थाले बलात्कार भावनात्मक

नभएर शारीरिक पीडा मात्र हो भन्ने कानूनले ठानेको छ । यस विषयमा कहीँकतै विमर्श भएको छैन र अदालतले पनि अहिलेसम्म बोलेको छैन ।

नेपालमा मनोवैज्ञानिक पक्षका आधारमा एक प्रतिशत मुद्दामा पनि न्यायाधीश, अनुसन्धानकर्मी र चिकित्सकहरूले बलात्कारका पीडितहरूको अवस्था (मनोदशा) लाई हेरेर तथ्यगत मूल्यांकन गरी सत्य स्थापित गर्न सकेका छैनन्। मनोविद्हरूले बलात्कार हुँदा मात्र हैन, प्राकृतिक रूपमा सन्तान जन्माउँदासमेत १० प्रतिशत महिलामा मानसिक पीडा हुने पत्ता लगाएका छन् ।

अझ बलात्कारपछि पीडित स्वयंले 'म बलात्कृत भएको होइन' भन्ने सबैले भनिदिऊन् अथवा 'म बलात्कृत भएको कुरा कसैले नपत्याइदेओस्' भन्ने मनोदशा आफूमा हुर्काइरहेको हुन्छ। यो घटना असत्य होस् भन्ने प्रयत्नका माझ 'म बलात्कृत भएँ' भनेर लाखौं-करोडौं पटक दिमागमा सोच आइरहने हुनाले पीडित आफैंले 'होइन' भन्न थाल्ने तथा घटनाको समय-तालिका र तथ्य फरक पर्ने गरी बोल्न थाल्ने प्रशस्तै उदाहरणहरू पाइने गरेका छन् ।

यही क्रममा जाहेरी दरखास्तको तथ्य बयानमा मिलेन भनेर मुद्दा कानूनबमोजिम नै ठानेर पीडक उम्कने गरी फैसला गर्ने गरिएको नजिर हाम्रा सामु छ। नयाँ वैज्ञानिक तथ्यको अध्ययन र सोधखोजको कमीकै कारण यस्ता फैसला हुने गरेका हुन्। त्यसैले कानून व्यवसायीसामू आउने बलात्कारका पीडितहरूलाई सुरुमा मनोपरामर्शदाता समेतको व्यवस्था गरेर उनीहरूलाई बोल्न सक्ने बनाएर मात्र बकपत्रका लागि अदालतसम्म लैजाने गर्दा उचित न्याय पर्न सक्ने देखिन्छ । यस्तो मनोवैज्ञानिक परामर्श कानूनी उपचारसँगै दिने अभ्यास विकसित मुलुकहरूले पनि गर्न थालेका छन्।

अर्को तथ्य के हो भने, नेपालमा बलात्कारका घटनाका पीडकलाई अन्य देशमा जस्तो मृत्युदण्डको व्यवस्था सोझै नभए पनि घुमाउरो पारामा 'बलात्कारीलाई मारिदियो भने बात नलाग्ने' व्यवस्था छ। त्यसको पनि उत्तिकै प्रचार हुनु जरुरी छ। 'आफ्नो सतित्वको रक्षार्थ केही गर्दा ज्यान मर्न गयो भने बात लाग्ने छैन' भन्ने व्यवस्थाले 'सीधै मार्ने होइन कि' सतित्वको रक्षा गर्ने क्रममा बलात्कारीलाई नमारी नहुने भयो भन्ने अर्थ लगाइनुपर्छ। त्यो जरुरी यसकारण पनि भएको छ कि, नेपाल प्रहरीभित्रै महिला प्रहरी बलात्कृत हुँदा संरक्षण भने प्रहरीले नै गरेका पनि उदाहरण छन्।

सबैभन्दा मुख्य कुराचाहिँ बलात्कार सामान्य फौजदारी मुद्दा मात्र होइन, त्यसैले यसलाई अन्य सामान्य फौजदारी मुद्दामा जस्तो प्रक्रिया र सजाय होइन, क्रुर तथा अमानवीय अपराध मानेर बेग्लै कानूनको व्यवस्था गर्नु अत्यन्त जरुरी छ।

त्यसैगरी इआदर्शडटकमको लेखकको नाम नभएको तलको लेख समेत यस विषयमा सान्दर्भिक छ ।

नेपालमा महिला माथि अन्याय परापूर्व कालदेखि नै हुँदै आएको पाइन्छ । हाम्रो धर्म संस्कृति

रितीरिवाज सामाजिक विधि व्यवहारमा पनि महिलाहरुलाई पछाडि नै पारेको देखिन्छ । पितृसत्तात्मक सोचका कारण घरपरिवार अधिकारबाट नै महिला भन्नासाथ नकारात्मक दृष्टिकोणले हेर्ने चलन छँदै छ । आर्थिक पहुँचमा, शिक्षा रोजगार र चेतनामा पछि परेका कारण महिलाहरु हेपिँदै आएका छन् ।

आज देशमा आएको परिवर्तन संचार जगतको बढ्दो विकास, विश्वव्यापीकरण कानूनी संरक्षणका प्रयासहरु भएको देखिएता पनि महिलाहरुप्रति गरिने व्यवहार र सोचमा परिवर्तन आएको देखिँदैन । चाहे अधिकारकर्मी होस् वा राजनैतिक कार्यकर्ता जुनसुकै ठाउँमा रहेतापनि महिलाहरु कुनै न कुनै हिंसा खप्न बाध्य बनिरहेका छन् । जवसम्म महिलाहरुलाई हेर्ने दृष्टिकोण र उनीहरुलाई गरिने व्यवहारमा सकारात्मक परिवर्तन आउँदैन तवसम्म यस्ता घटनाहरुबाट महिलाहरु पीडित भइ नै रहेका हुन्छन् ।

हाल भइरहेका हिंसामा प्रमुख स्थान घरेलु हिंसाले लिएको छ । त्यसपछि महिलाहरु यौनजन्य हिंसामा परेका पाइन्छ । हिंसाको सन्दर्भमा गरिएका सर्वेक्षणको आधारमा महिलाहरु आफ्नै श्रीमानबाट ८० प्रतिशत र अन्य परिवारका सदस्य एवम् व्यक्तिहरुबाट करीव २० प्रतिशत पीडित भएको बताइएको छ । समग्रमा नेपालमा प्रजनन् उमेरका ४ जनामा १ जना महिला कुनै न कुनै हिंसामा परेको तथ्याङ्कहरुमा उल्लेख गरिएका छन् । अझ बाहिर नआएका र मानसिक हिंसाबाट पीडितको संख्या यसभन्दा बढी छ भनी सजिलै अनुमान गर्न सकिन्छ ।

त्यस्तै प्रत्येक वर्ष पाँचहजार भन्दा बढी महिलाहरु वेश्यालयमा बेचिने अनुमान छ । दैनिक जसो बलात्कार यौन दुराचारका घटनाका समाचार आइ नै रहेका छन् । बालविवाह, बहुविवाह गैह्रकानूनी भनिएतापनि यसमा कमी आउन सकेको छैन । अन्तरजातीय, अनमेल विवाहमा झन् बढी हिंसा हत्या र सम्बन्ध विच्छेद हुने गरेको छ । हिंसा महिला भएकै कारण, महिलाबाट नै बढी हुने गरेको पाइन्छ । चाहे छाउपडी जस्तो सामाजिक कुरीतिका कारण होस् वा यौन जन्य, आर्थिक सामाजिक विभेद र असन्तुष्टि होस, कुटपिट, शारीरिक, मानसिक यातना एसिड खन्याएर होस वा बोक्सीको आरोपमा गरिएका अपमानजनक अभद्र, अमानवीय व्यवहार होस वा ज्यूदै जलाउने, अंग भंग गर्ने, मार्नेसम्मका घृणित कार्य भई नै रहेका अवस्थाहरु छन् ।

विश्वमा कोही महिलाहरु पनि हिंसाजन्य कार्यमा नपरुन् भनि विश्वव्यापी रुपमा हिंसा विरोधी अभियान सञ्चालन भइरहेका छन् । सचेतनामूलक कार्यक्रमहरु सञ्चालन भई रहेतापनि हिंसाजन्य क्रियाकलापमा कमी आउन सकेको देखिँदैन । यस्ता घटनाहरु बढ्दै जानुमा बढ्दो मानव अधिकार उल्लङ्घन, राजनीति र अर्थमुखी प्रशासन, अनुशासन हीनता, निरीह भ्रष्ट सरकार, बेरोजगारी आदि पर्दछन् ।

## स्वास्थ्य जाँचमा अदालतको निष्कर्ष

वर्तमान समयमा स्वास्थ्य परीक्षणलाई अदालतले प्रमाणमा लिने गरेको छ । यसले गर्दा झुठा जाहेरी हो या होइन भन्ने विषयमा पनि स्पष्ट गर्न मद्दत गर्ने गरेको पाइन्छ । तर, स्वास्थ्य परीक्षण प्रतिवेदनलाई पुष्टी गर्ने अन्य सबुत प्रमाण भएमा बलात्कार गरेको ठहर

हुने देखिन्छ । योनिमा विर्य नभेटिए पनि उसको गुप्तांगको रौं शरीरका अन्यभागका रौं तथा कोतारेको आदि देखिएमा पनि बलात्कार गरेको अदालतले ठहर गर्छ । पीडितको स्वास्थ्य परीक्षण साधारण छ भने कन्या जाली च्यातिएको छैन, निजको शरीरमा कुनै घाउचोट देखिँदैन भने निजलाई बलात्कार भएको अदालतले ठहर गर्न सक्दैन भनिएको छ। कन्याजाली साइकल चलाउँदा, खेल खेल्दा पनि च्यातिन सक्ने भएकाले कन्या जाली च्यातिन यौन सम्बन्ध हुनुपर्ने पनि छैन भन्ने निष्कर्ष अदालतको छ ।

## महिलाविरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९

महिला र पुरुष बीच पूर्ण समानता प्राप्त गर्न समाजमा र परिवारमा हुने महिला तथा पुरुषहरुको परम्परागत भूमिकामा परिवर्तन आवश्यक भएको कुरामा सजग हुँदै, महिलाविरुद्धको सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी घोषणापत्रमा उल्लिखित सिद्धान्तहरु कार्यान्वयन गर्न र सो प्रयोजनका लागि कुनै पनि प्रकार र प्रकृतिमा हुने त्यस्तो भेदभावको अन्त्य गर्न आवश्यक उपायहरु अवलम्वन गर्न कटिबद्ध भई नेपालले २२ अप्रिल १९९१ तदअनुसार ५ चैत २०४८ मा अनुमोदन गरेको हो । सो महासन्धिको पक्ष राष्ट्र भएपछि नेपालले महिलाका लागि लचिलो हुँदै धेरै कानूनहरुमा संशोधन गर्दै महिला मैत्री कानून बनाएको पाइन्छ, तर त्यति हुँदाहुँदै पनि बलात्कारका मुद्दामा बलात्कार पीडित महिला तथा किशोरीको मनोविज्ञानको पाटोबाट उनीहरुको पीडालाई मनन् गर्ने गरेको खासै पाइन्न । बलात्कारका मुद्दामा पीडितले बयान परिवर्तन किन गर्छन् भनेर उनीहरुको मनोविज्ञानको पाटोलाई बेवास्ता गर्दा न्यायसम्पादनमा पर्ने असरका बारेमा चासो दिएको पाइन्न । विधायिकी मनसायलाई पनि यहाँ व्याख्या नगरिएको हो कि भन्ने देखिन्छ ।

पक्ष राष्ट्रहरुले महिलाको सबै प्रकारको वेचविखन तथा महिलाको वेश्यावृत्तिको शोषण दमन गर्न कानूनी व्यवस्थालगायतका सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् ।[१२] यहाँ कानूनी व्यवस्थालगायतका सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् भन्नुले बलात्कार जस्तो जघन्य अपराधका पीडितको मनोविज्ञानलाई बेवास्ता गर्नुपर्छ भनेर पक्कै भनिएको होइन । जसरी अन्य कानूनी व्यवस्था नभएका कारण फैसला गर्न नसकिएका मुद्दामा अदालतले एमिकस क्यूरीका रुपमा बहस पैरवी गर्न नेपाल बार एशोसिएशनसँग सहयोग माग्छ त्यसरी नै चिकित्सकीय वा अन्य मजबुत प्रमाण अर्थात् बलात्कार भएको भन्न सकिने प्रमाण हुँदाहुँदै पीडितले बयान परिवर्तन गरेको अवस्थामा अदालतले एमिकस क्युरीका रुपमा मनोविद्को राय लिएर मात्र मुद्दा फैसला गर्नु भनेको विधायिकी मनसालाई मिचेर बलात्कार जस्तो जघन्य अपराधमा न्यायालयले न्याय सम्पादन गर्दा पीडितमाथि र सिंगो न्याय प्रणालीमा के कस्तो असर पर्ला यता तर्फ पनि ध्यान जान जरुरी छ ।

## बलात्कार सम्बन्धमा न्यायपालिकीय दृष्टिकोण

१२ नेकाप २०७३, अंक ६ नि नं.९६१९

ढिलो न्याय पाउनु भनेको न्याय नै नपाउनु सरह हो । लामो समय लाग्ने र महंगो न्याय प्रणालीका कारण र सामाजिक मान्यता वा इज्जतका कारण हतोत्साही भई बलात्कारका कतिपय मुद्दाहरु अदालतसम्म नै पुग्दैनन् । हुन त बलात्कारको मुद्दा सारकारवादी मुद्दा हो । सरकारले नै पीडितको पक्षमा आफू वादी भएर पीडितको पक्षमा निःशुल्क बहस पैरबी गर्छ । तर, सरकारी पक्षलाई मात्र पीडित पक्षले भरोसा नगरी निजी कानून व्यवसायी पनि राख्ने गरेको पाइन्छ । न्याय सम्पादन प्रक्रिया लामो र खर्चिलो त छँदैछ अर्को तर्फ पीडकलाई जेल हाल्दैमा सबै कुरा जितेको महसुस गर्ने परिपाटीका कारण पनि पीडितहरु न्याय पाएको अनुभूति गर्न नसकी अदालत नजाने गरेको पनि पाइन्छ । पीडकलाई जेलसजाय दिलाउनु भन्दा पीडितलाई सामाजिक, मानसिक, आर्थिक तथा सांस्कतिक रुपमा पुनर्स्थापना गर्ने तर्फ राज्यको ध्यान गएको पाइन्न । पीडकलाई जेलसजाय दिलाउँदैमा पीडितलाई न्याय परेको महसुस गर्न सकेको पाइन्न ।

बैतडीकी एक युवतीले सामुहिक बलात्कार भएको ८ वर्षपछि न्याय पाइन् ।  उनी एसएलसी परीक्षा दिइरहेकी थिइन् । गेसपेपर किन्न जाँदा तिर्खा लाग्यो पानी दिनुस् भन्दा पेय पदार्थमा नसालू पदार्थ मिसाएर खुवाई उनलाई दुईजना पुरुषले बलात्कार गरेका थिए । बैतडी जिल्ला अदालतले दुवै पीडकलाई जनही १३ वर्षको जेल सजाय र पचास हजार जरिवाना तोकेको थियो । तर, पुनराबेदन अदालतले सो फैसलाई उल्टी गरिदियो । जिल्ला अदालतले पीडकलाई जेल सजायको फैसला सुनायो तर पुनरावेदन अदालते सो फैसला उल्टी गरी पीडितलाई झनै पीडित बनाएको पाइन्छ । उनीजस्ता पीडितको मस्तिष्कमा के कस्तो असर पर्छ, त्यो फैसलाको आधार भनेको पीडितको जाहेरी अनुकूलको बकपत्र नहुनुलाई नै लिएको थियो । पीडित युवती भन्छिन् “म बलात्कार पीडित उनीहरुबाट लुकीलुकी हिंडेकी छु तर पीडकहरु भने खुलेआम छाति फुलाएर समाजमा हिंडिरहेका छन् ।” यो कस्तो न्याय हो ? उनी प्रतिप्रश्न गर्दै भन्थिन् - ‘सर्वोच्च अदालतमा विचाराधीन रहेको मेरो मुद्दामा २९औं पटकसम्म पेशीमा चढे पनि पालो आएको थिएन । कहिले साप्ताहिक पेशीसूचीबाट हटाइएको छ, कहिले हेर्न नभ्याइने र कहिले पालो नआएको कारण मैले न्याय कहिले पाउने । न्यायपालिका प्रति मैले र मजस्ता पीडितले के आशा गर्ने । मेरो देशमा गरिवले न्याय पाउन एकदमै कठिन भन्दा कठिन महसुस गरेकी छु ।’

## निष्कर्ष

बलात्कारसम्बन्धी मुद्दामा स्वयम् पीडितहरुले नै बकपत्र परिबर्तन गर्ने गरेका छन् । तर किन यस्तो हुन्छ भन्ने गहन अध्ययन नगरी सामान्य रुपमा लिने गरिएको छ । यो गम्भीर विषय हो ।

बकपत्र परिवर्तनको कारण मुद्दाको फैसलामा तात्विक रुपमै असर पर्ने गरेको, बकपत्र परिबर्तन हुनुको मुख्य कारण नै मुद्दाको फैसलामा असर परी अभियुक्तहरुले सफाइ पाउने र पीडितले न्याय नपाउने अवस्थाको अन्त्य गर्नु जरुरी छ ।

बलात्कारका घटनामा मुद्दाको रोहमा केवल प्रमाण र बयान तथा बकपत्रलाई मात्र आधार मानी फैसलासम्म पुगिने तर पीडितको मनोवैज्ञानिक पक्षको अध्ययन अनुसन्धान नहुने गरेको कारणले वास्तविक न्याय पीडितले प्राप्त गर्न नसकिरहेको अवस्था रहेको छ ।

बलात्कार पीडितहरु मध्ये अधिकांशमा पोष्ट ट्रम्याटिक स्ट्रेस डिस्अर्डर (पिटिएसडि) तथा मनोसामाजिक समस्याहरु हुने गरेको विज्ञहरुले उल्लेख गरेका छन् । यसैले गर्दा आफ्ना कुराहरु सिलसिलेबार ढंगले बताउन नसक्दा मुद्दाको तात्विक पक्षमा फरक पर्न जाने गरेको अवस्थालाई अन्त्य गर्नु जरुरी छ ।

यस अवस्थमा नेपालमा बलात्कारसम्बन्धी मुद्दामा भएको अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा स्वयम् पीडितहरुले नै बकपत्र परिबर्तन गर्ने गरेको पक्षलाई ध्यान दिई यस्ता मुद्दामा बकपत्र परिबर्तन हुन नदिने अवस्थाको सिर्जना गर्नुपर्छ ।

बलात्कारका घटनामा मुद्दाको रोहमा केवल प्रमाण र बयान तथा बकपत्रलाई मात्र आधार मानी फैसलासम्म पुगिने तर पीडितको मनोवैज्ञानिक पक्षको अध्ययन अनुसन्धान नहुने गरेको कारणले वास्तविक न्याय पीडितले प्राप्त गर्न नसकिरहेको अवस्था भएको हुँदा अदालतले स्वयम् नै मनोविद्हरुकै सहयोग र धारणासमेत लिई फैसलाका क्रममा निश्कर्षमा पुग्नु पर्ने अर्को महत्वपूर्ण पक्षमा पनि ध्यान दिइनु जरुरी छ । पीडितहरुको साधारण रुपमा स्वास्थ्य परीक्षण र यौनाङ्गहरु मात्र परीक्षण गर्ने गरिएकोमा मनोवैज्ञानिक पक्षको समेत परीक्षण गरिनु अत्यावश्यक छ ।

## सन्दर्भ सुची


» नेपालको संविधान
» नेपालको अन्तरिम संविधान, २०६३
» नेपालमा अधिराज्यको संविधान, २०४७
» मुलुकी अपराध संहिता, २०७४
» मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
» मुलुकी ऐन, २०२०
» महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९
» नेकाप २०७४, अंक ५ नि नं.९८११
» नेकाप २०७४, अंक ५ नि नं.९८१२
» ने.का.प २०६६, अंक ६ नि नं.८१७९
» नेकाप २०७४, अंक ४ नि नं.१८०१
» नेकाप २०७३, अंक ६ नि नं.९६१९
» नेकाप २०७४, अंक ५ नि नं.९८११
» नेकाप २०७४, अंक ५ नि नं.९८१२
» ने.का.प. २०५७, अंक १० नि नं.६९४९

» फाल्गुन २४, २०७४, कान्तिपुर दैनिक
» http://supremecourt.gov.np/nkp/full_detail/8914
» https://cijnepal.org.np/2014-04-22-10-44-10/
» http://supremecourt.gov.np/nkp/search?keywords=%E0%A4%AC%E0%A4%B2%E0%A4%BE%E0%A4%A4%E0%A5%8D%E0%A4%95%E0%A4%BE%E0%A4%B0
» https://www.rachelsvineyard.org/downloads/canada%20conference%2008/textofbrainpp.pdf
» http://inseconline.org/np/forum/%E0%A4%AE%E0%A4%B9%E0%A4%BF%E0%A4%B2%E0%A4%BE%E0%A4%AE%E0%A4%BE%E0%A4%A5%E0%A4%BF-%E0%A4%B9%E0%A5%81%E0%A4%A8%E0%A5%87-%E0%A4%B9%E0%A4%BF%E0%A4%82%E0%A4%B8%E0%A4%BE%E0%A4%95%E0%A5%8B-%E0%A4%9A/
» https://ratopati.com/story/39422
» https://www.nola.com/news/crime_police/article_61064431-316c-5277-bfe1-97d777a2e5b8.html

# लोकतान्त्रिक गणतन्त्रका पन्ध्र बर्ष सकिने कि सच्चिने ?



**यम विरही**
पत्रकार

२०६२/०६३ को सफल जनआन्दोलनपछि दुई सय ३८ वर्ष लामो राजतन्त्र अन्त्य भयो । त्यसैको परिणामस्वरुप १५ जेठ २०६५ का दिन जननिर्वाचित संविधानसभाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था शुभारम्भ भएको घोषणा गऱ्यो । मुलुकमा गणतन्त्र स्थापना भएको पनि १५ बर्ष व्यतित भइसकेको छ । लोकतान्त्रिक गणतन्त्र अब वयस्क हुनेक्रममा छ ।

देशको शासन व्यवस्था नै परिवर्तन भइ गणतन्त्रात्मक व्यवस्था सुरु भएको साइत पारेर फेरी जेठ १५ गते अर्को गणतन्त्र दिवश मनाइयो । गणतन्त्रमा प्रवेश गर्दैगर्दा संविधानसभाबाट संविधान जारी गर्ने नेपाली जनताको दशकौं देखिको सपना साकार भएको दिन थियो । गणतन्त्र घोषणा पछि नेपालको संविधान- २०७२ जारी भयो । वास्तवमा यो संविधानले मुलुकको राज्य संरचनामै उथलपुथल ल्याएको थियो । एकात्मक राज्य व्यवस्थाबाट संघात्मक; राजतन्त्रबाट गणतन्त्रात्मक, हिन्दु अधिराज्यबाट धर्मनिरपेक्ष; सामन्ती, निरङ्कुश र केन्द्रीकृत राज्यव्यवस्थाबाट समानुपातिक, समावेशी र सहभागितामूलक शासन व्यवस्थामा मुलुक रूपान्तरित भयो ।

संविधानमै किटान गरेर प्रत्येक नेपालीलाई शिक्षा, स्वास्थ्य, रोजगारी, आवास, खाना, स्वच्छ पानीजस्ता विषयलाई मौलिक हकका रूपमा लिपिबद्ध गरियो । संविधानको पालना र संरक्षणका लागि राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था भएसँगै गणतन्त्र पनि संस्थागत भयो । नयाँ संविधान जारीसँगै संघ, प्रदेश र स्थानीय तहको दुईपटक चुनाव सम्पन्न भइसकेको छ । संविधानअनुरूप दोस्रोपटक तीनै तहको निर्वाचन सम्पन्न हुनुले गणतन्त्र संस्थापक हुँदै गएको सन्देश दिएको छ ।

यतिबेला स्थानीय तह, सातवटै प्रदेशमा प्रदेश सभा र संघीय संसद्अन्तर्गत प्रतिनिधिसभा एवं राष्ट्रियसभा सञ्चालित हुँदा जनप्रतिनिधिमूलक संस्थाको बलियो उपस्थिति रहेको छ । २०७२ को संविधानले एकात्मक राज्यव्यवस्थामा केन्द्रमा मात्र निहित अधिकारहरू संवैधानिक रूपमै प्रदेश तथा स्थानीय तहमा विकेन्द्रित गर्‍यो । जस्को परिणामस्वरुप तीनै तहका सरकारका विभिन्न अंगमा समानुपातिक समावेशिताका आधारमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग र समुदायको उल्लेखनीय सहभागिता देखिएको छ ।

संविधानले केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले उत्पन्न गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य हुने सुनिश्चित गरेको छ । लोकतान्त्रिक गणतन्त्रले जनतालाई वास्तविक अर्थमा मालिक बनाएको छ ।  विभेद र उत्पीडनलाई अन्त्य गर्न कतिपय विषयलाई मौलिक हकका रूपमा कानूनको तर्जुमासमेत भइसकेको अबस्था छ । वास्तवमा गणतन्त्रको उपहारका रुपमा आएको नयाँ संविधानले जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताको सूत्रमा बाँध्न सकेको छ । प्रदेश र स्थानीयले पनि राज्यको शक्ति प्रयोग गर्न सक्ने अधिकार संविधानले नै लिपिबद्ध गरिदिएको छ । तीनै तहका सरकारका एकल र साझा अधिकार संविधानमै किटान गरिएका छन् । यसवीचमा लोकतन्त्रलाई साकार पार्न र जनअधिकारलाई बलियो पार्न आवश्यक मात्रामा संघ, प्रदेश र स्थानीय तहमा संविधानबमोजिम कानून, नियमावली र निर्देशिका समेत निर्माण भइसकेका छन् । एक हिसावले गणतन्त्रको यो अवधिलाई जनअधिकार रक्षाका लागि कानून निर्माणको वर्षका रूपमा पनि हेर्न सकिन्छ ।

संविधान कार्यान्वयन भएसँगै तीन तहका सरकारको सम्बन्ध सहअस्तित्वको सिद्धान्तका आधारमा हुने सुनिश्चित गरियो । यो १५ बर्षको अवधिमा मुलुकमा संघीय लोकतान्त्रिक प्रणालीको जग बसाउन संविधान सफल भएकै हो । अब संविधानमाथिका असन्तुष्टिहरूको सम्बोधन गरी सन्तुलित र न्यायपूर्ण व्यवस्थापन गर्न सके संविधानको पूर्ण कार्यान्वयनबाट थप उपलब्धि हासिल हुने निश्चित छ । बरु नागरिकको आशा र भरोसा जगाइराख्न संविधानको पालनामा सबै तह र क्षेत्रबाट प्रतिबद्ध हुनुपर्ने खाँचो छ ।

वास्तवमा गणतन्त्र दिगो बनाउनसंविधानले बलियो संसद्, स्थिर सरकार र स्वतन्त्र न्यायपालिकाको सुनिश्चितता गरेको छ । संविधानमा गणतन्त्र, संघीयता, शक्ति सन्तुलन, नागरिक अधिकार, समावेशितालगायत अत्यन्त राम्रा कुराहरू लेखिएका छन् । मुलुकलाई दिशानिर्देश गर्न यी बिषय पर्याप्त छन् । संविधानमा लेखिएका बाचा र कुंदिएका अधिकार हेर्दा सकारात्मकता मात्रै हात लाग्दछ । तर अंध्यारो पाटोका रुपमा हेर्दा आजका दिनसम्म आइपुग्दा पनि सत्ता सञ्चालकबाट कार्यान्वयनमा अपेक्षाकृत विश्वास दिलाउन नसकेको वास्तविकता हो । जे जति कमजोरी भएका छन्, समस्या लोकतन्त्र र संविधानमा होइन, सत्ता सञ्चालकको अकर्मण्यताको उपज हो ।

अहिलेसम्म मौलिक हकको प्रभावकारी कार्यान्वयन नै हुन सकेन । संविधानमा ३१ वटा मौलिक हक लिपिबद्ध गरिएसँगै तीन वर्षभित्र कानून बनाएर कार्यान्वयन गर्ने भनिए पनि तत्कालीन सत्ताधारीबाटै नीच मार्ने काम भयो । मौलिक हक कार्यान्वयनमा नआउँदा जनताले राहतको महसुस गर्न पाएका छैनन् । संविधानलाई बलियो पार्न विगतमा राजनीतिक दलले केकति इमानदारी देखाए भन्ने प्रश्नमा घोत्लिनु जरुरी छ । कोभिडले मुलुक थला परेका बेला कार्यकाल पूरा नहुँदै दुईदुईपल्ट अकारण प्रतिनिधिसभाको विघटन भयो । त्यसको परिणाम के भयो भनेर भनिरहनुपर्दैन । सार्वभौम संसद्लाई दलीय द्वन्द्वको थलो बनाइयो ।

कार्यपालिकाद्वारा न्यायपालिकालाई निर्देशित गरिएका प्रश्नहरू पनि विगतमा नउठेका

होइनन् । कतिसम्म भने संवैधानिक परिषद्मा बसेर प्रधानन्यायाधीशले सरकार प्रमुखसँग भाग खोजेका घटनाहरू पनि बाहिरिए । संवैधानिक अंगहरू कार्यपालिका मातहतको संस्था जस्तो भएको आभास भयो । सरकारका निर्णयसम्बन्धी विवादमा प्रधानन्यायाधीशको स्वार्थको सम्बन्ध रहेका प्रकरणहरू बाहिरिए ।

यसबीचमा कार्यकारी र न्यायपालिका नेतृत्वबाटै सर्वोच्च अदालतलाई विवादमा मुछ्ने काम भयो । न्यायपालिका कार्यपालिकाको प्रभाव र दबाबबाट मुक्त हुन नसकेका प्रश्नहरू संसददेखि सडकसम्मै उठे । स्वतन्त्र न्यायपालिकासमेत यो हदसम्मको विवादमा फस्नु सुखद स्थिति होइन । समस्या विकराल र क्रोनिक बन्दै गएपछि संविधान र लोकतन्त्रको हितमा प्रधानन्यायाधीशविरुद्ध महाभियोगसम्मको कदम उठाउनुपरेको घटना ताजै छ । त्यसो त महिनौंसम्म संसद् अवरुद्ध पारेर कानून निर्माण र जनजीविकाका ज्वलन्त समस्यामाथि छलफलसमेत हुन नसक्ने परिस्थिति पनि मुलुकले भोग्नुपरेको विडम्बना पनि ताजै छ ।

फेरी पनि भन्नैपर्छ, यस्तो अस्थिरता र बेथिति लोकतन्त्र, गणतन्त्र वा संविधानका कारण उत्पन्न भएको होइन । कारक प्रमुख राजनीतिक दल र तिनका नेता नै हुन् । दुर्भाग्य नै भन्नुपर्छ, नेपाली जनताले सुन्दर परिकल्पनासहित स्थापित गरेको गणतन्त्रको प्रतीक मानिने राष्ट्रपति संस्थासमेत विवादरहित हुन सकेन । राष्ट्रप्रमुख र सरकारको कार्यशैलीका कारण व्यवस्था विरोधीले संविधानमाथि नै प्रश्न उठाउने मौका पाए ।

२०७४ सालको निर्वाचनमा वाम गठबन्धनले झन्डै दुई तिहाइको बहुमत पाए पनि आन्तरिक किचलो, छिनाझप्टी र हानाथापका कारण तीन वर्षमै सरकार ढल्यो । आफ्नै पार्टीको सरकारका विपक्षमा सांसदले मत हाल्नुपर्ने विडम्बना पनि भोग्नुपऱ्यो । यति मात्र होइन, यसविचमा एकपछि अर्को गर्दै नाक थुन्नुपर्ने घटना प्रकरणहरु पनि बाहिरिए । अहिले आएर अर्थतन्त्रको जर्जरता, बढ्दो परनिर्भरता, उत्पादनमा ह्रास, चर्को महंगी, युवा जनशक्तिको विदेश पलायन, कर्मचारीलाई तलव खुवाउनसमेत मुस्किल जस्ता कारणले संघीयताको सफलतामै प्रश्नहरु उठ्न थालेका छन् ।

यसबीचमा वाग्मतीमा धेरै पानी बगिसकेको छ । अब लोकतान्त्रिक आन्दोलनको सफलतापछि गणतन्त्र र संविधान घोषणाका बेला दलहरुले गरेका बाचा पूरा गर्न आफू सुध्रिने संकल्पसहित लोकतन्त्रको यात्रा सुनिश्चित गर्न जरुरी छ । गणतन्त्र दिवस मनाइरहँदा आफ्नो निष्ठा र इमानदारीता कतिसम्म रह्यो भनेर राजनीतिक दलहरूले एकपल्ट आत्म समीक्षासहित प्रायश्चित गर्नैपर्छ । साथमा सत्ता सञ्चालनमा भएका कमीकमजोरीलाई सुधारेर अघि बढ्ने प्रण गर्नुपर्दछ । नत्र समग्र सुधारको दिशामा नजाने हो भने रेमिट्यान्सको भरले मात्र गणतन्त्रले खुट्टा टेक्न कठिन छ ।

संविधानमा जतिसुकै राम्रा कुराहरू स्वर्णाक्षरमा लेखिए पनि कार्यान्वयनमा इमानदारीबिना प्रतिफल हात लाग्न सक्दैन । कार्यान्वयनमा कमजोरी छ भने संविधानको दोष होइन, दोष राज्य संचालककै हुन्छ । वास्तवमा संविधान लेखनको विषयभन्दा सफल कार्यान्वयन

महत्वपूर्ण र कठिन पनि हो । संविधानमा रहेका निर्जीव अक्षरहरूलाई सजीव बनाउने र गति दिने त दलका नेताहरूबाटै हो । यसकारण आज सर्वसाधारणमा देखिएको निराशाको स्थिति तोडेर आशामा बदल्न खासथरी ठूला राजनीतिक दलले विगतका गल्ती नदोहोऱ्याउने बाचा गर्नु जरुरी छ ।

गणतन्त्रात्मक शासन व्यवस्था केबल संविधानमा अंकित शासन प्रणालीका रूपमा मात्र नभई जीवनपद्धतिका रूपमा संस्थागत हुँदा मात्रै सबैका निम्ति गौरवको विषय बन्नसक्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनापछि पनि नेताहरुबाटै भ्रष्टाचारका अनेक काण्ड र व्यथिति सतहमै छताछुल्ल हुनु साह्रै लज्जाको बिषय हो । सुशासन कायम गरी द्रुत आर्थिक र सामाजिक विकाससहितको समृद्धि हासिल गर्ने हो भने भ्रष्टाचार र कुशासनविरुद्ध निर्मम बन्नैपर्छ । भ्रष्टाचार र कुशासन बाँकी राखेर गरिवी, बेरोजगारी र असमानताको अन्त्य असंभव हुन सक्दैन । यसकारण आजको पहिलो आबश्यकता सुशासनका लागि राष्ट्रिय सङ्कल्प नै हो । यसका लागि सामूहिक उत्तरदायित्वको आबश्यकता पर्दछ । नत्र सामाजिक न्याय र समानतामा आधारित समाजवादउन्मुख अर्थतन्त्रको कुरा संविधानमा देख्न पाइने, भोग्न नपाईने खोटो बन्न पुग्छ ।

यसर्थ गणतन्त्र र संविधानको सफल कार्यान्वयन साझा एजेण्डा हुनुपर्छ । सत्ता सञ्चालन गर्ने पात्र र प्रवृत्तिमा सुधारसँगै प्रत्यक्ष अनुभूति गर्ने गरी दिगो आर्थिक विकास जनताले खोजेका छन् । गरीव, विपन्न, उत्पीडित वर्गको उत्थान नभै राष्ट्रिय एकता पनि बलियो हुँदैन । समृद्ध नेपालको सपना पूरा गर्ने बिषय लोकतान्त्रिक गणतन्त्रको सफल कार्यान्वयनमा निर्भर छ । यसर्थ, अब एउटा मात्र विकल्प छ- सकिने कि सच्चिने ।

# सम्पत्ति कानूनमा बौद्धिक सम्पत्तिको स्थिती



**अधिवक्ता जनक राज आचार्य**

## पृष्ठभूमि

मानव जीवनमा सम्पत्तिको स्थान जिविकासंग जोडिएर आउँछ। सम्पत्ति मानव जीवनयापनका लागि आवश्यक एक महत्वपूर्ण पक्षको रुपमा रहेको हुन्छ । यसको प्रभाव समग्रमा रहने विविध पक्षहरु भन्दा तुलनात्मक रुपमा अझ बढी प्रभावकारी भएर रहेको हुन्छ। समाजमा आर्थिक हैसियतलाई सामाजिक प्रतिष्ठासंग जोडेर व्यवहार गर्ने प्रवृत्ति हावि रहेको छ। समाज विकास क्रममा उपभोक्तावादी समाजको विकास संगसंगै चरणबद्ध रुपमा समाज, राष्ट्र र विश्व समुदायले आर्थिक सम्पन्नतालाई एउटा सुचकका रुपमा सम्पत्तिसंग तुलनात्मक तथ्याङ्क मान्ने गरेका पाइन्छ। सम्पत्तिका विविध रुप, स्वरुप र अवस्था रहेता पनि समष्टिगत ढाँचामा व्यवहारत सम्पत्तिको महत्वलाई नकार्न वा यसलाई वेवास्ता गर्न सकिदैन । मानव जीवनको जिविका, राष्ट्रिय जीवन साथै आपसी व्यवहार चलनचल्ती गर्नका लागि सम्पत्तिको आवश्यकता पर्दछ । विधिशास्त्री "Salmond" का अनुसार सम्पत्ति भन्नाले “Proprietory Right in Rem”[१] अर्थात् “वस्तुमाथिको स्वामित्वसम्बन्धी अधिकार”लाई जनाउँदछ। यसैगरी “Holland” का अनुसार “कुनै व्यक्तिको स्वामित्वअन्तर्गत रहेको वस्तु वा वस्तुहरुलाई” सम्पत्ति भनिन्छ । यसर्थ सम्पत्ति हुनका लागि त्यस वस्तु उपर हक र भोगको अधिकार स्थापित हुनु पर्ने देखिन्छ। मुलुकी देवानी संहिता, २०७४ को भाग-४, परिच्छेद-१ अन्तर्गत दफा २५१ मा उपभोग गर्न, खरिद, विक्री वा अन्यतवरले हक हस्तान्तरण वा कारोवार गर्न वा कुनै लाभ प्राप्त गर्न सकिने कुनै नगद, वस्तु वा कार्यलाई सम्पत्ति मानिनेछ भनि प्रष्ट पारिएको छ। सम्पत्ति हस्तान्तरण गर्न योग्य हुनका साथै यसबाट लाभ प्राप्त गर्नसमेत योग्य हुनुको अर्थ यसलाई मूल्यमा रुपान्तरण गर्न सकिने वस्तुका रुपमा बुझ्न सकिन्छ। सम्पत्तिलाई यसका प्रकृतिका आधारमा मूख्यतया भौतिक र अभौतिक रुपमा लिन सकिन्छ । भौतिक सम्पत्ति[२] अन्तर्गत त्यस्ता वस्तुहरु पर्दछन्, जसलाई भौतिक रुपमा छाम्न, हेर्न र हस्तान्तरण गर्न सकिन्छ । यसैगरी अभौतिक सम्पत्ति[३] लाई छुन, हेर्न सकिँदैन । यसको आकार-प्रकार,

---

१ According to Salmond, the term property has variety of sense1) Legal rights: these rights are owned by the way of a person can exercise them on others and it includes personal and proprietary rights.2) Proprietary rights: it means land, chattels, debts are included in property but not right to life and reputation are included.3) Corporeal rights: it says that only land chattels which can be seen are covered under corporeal rights but not debts and shares.

२ Tangible property (property that a person can touch) real property (land and attached buildings).

३ Intangible property that is, property that has no physical form.

रुपरंग, स्वरुप जस्ता भौतिक अवस्था हुँदैन । बौद्धिक सम्पत्तिलाई अभौतिक सम्पत्तिका रुपमा लिईन्छ । यसलाई चल सम्पत्ति[४] मानिन्छ ।

## बौद्धिक सम्पत्ति

सम्पत्तिका प्रकारमध्ये बौद्धिक सम्पत्ति अभौतिक प्रकारको सम्पत्ति हो । बौद्धिक सम्पत्ति अभौतिक रुपमा प्रकट हुने सम्पत्ति जसलाई स्पष्ट रुपले हेर्न, छुन सकिँदैन । यस प्रकारका सम्पत्तिको आकार, प्रकार, स्वरुप, रंग आदि दृश्यात्मक भौतिक रुप हुँदैन । यसर्थ बौद्धिक सम्पत्ति अमूर्त सम्पत्ति अन्तर्गत पर्दछ। नेपालको संविधानले सम्पत्तिको हकलाई मौलिक हकका रुपमा लिएको छ । संविधानको धारा २५ अनुसार, "सम्पत्ति" भन्नाले चल अचललगायत सबैप्रकारको सम्पत्ति सम्झनु पर्छ र सोशब्दले बौद्धिक सम्पत्ति समेतलाई जनाउँछ, भनि प्रष्ट पारिएको छ । मानवले आफ्नो बौद्धिक शीप, ज्ञान, प्रयत्नद्वारा स्वआर्जन गरेको सम्पत्तिलाई बौद्धिक सम्पत्ति भनिन्छ । यसरी सृजित सम्पत्तिलाई कानूनी रुपमा बचाउने, सृजनामाथि सर्जगको स्वामित्व स्थापित गर्ने, बौद्धिक सम्पत्तिको रक्षागर्ने कानून तथा अधिकार बौद्धिक सम्पत्तिसंग सम्बन्धित विषयहरु हुन् । विश्व बौद्धिक सम्पत्ति संगठनसम्बन्धी सन्धी 1967[५] का अनुसार बौद्धिक सम्पत्तिसंग सम्बन्धित सम्पत्तिमा कला, साहित्य, वैज्ञानिक कार्य, प्रदर्शनी, प्रदर्शनात्मक कला, दृश्यकला, प्रसारण, औद्योगिक, विज्ञान, प्रविधि, कलात्मक क्षेत्र आदि पर्दछन् भनी व्यवस्था गरिएको छ । यसर्थ बौद्धिक सम्पत्ति भन्नाले, व्यक्तिको बुद्धिको उपज सृजना गरेका नितान्त नयाँ, नौलो, नवीनतम् कार्यहरु नै हुन् । राज्यले कानूनी संरक्षण प्रदान गरेर बौद्धिक सम्पत्तिको संरक्षण एवम् प्रवर्धन गरिदिनु पर्ने कर्तव्य हुन्छ । बौद्धिक सम्पत्तिको अतिक्रमणलाई जोगाईदिएमा स्रष्टालाई सृजना गर्ने प्रोत्साहन मिल्न जान्छ ।

## कानूनमा बौद्धिक सम्पत्तिको स्थिति

नेपालको संविधानले सम्पत्तिको हकलाई "मौलिक हक" अन्तर्गत व्यवस्था गरेको छ । यसर्थ सम्पत्ति माथिको हकलाई विशेष हकका रुपमा सम्बोधन गरेको मान्न सकिन्छ । नेपालको संविधानको धारा २५ अन्तर्गत सम्पत्तिको हकसम्बन्धी व्यवस्था छ । संविधानको धारा २५(१) का अनुसार प्रत्येक नागरिकलाई कानूनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, वेचविखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ । सम्पत्तिलाई प्रष्टाउने गरी "सम्पत्ति" भन्नाले चल अचल लगाएत सबै प्रकारका सम्पत्ति

---

४ movable property means a property that can be moved from one place to another and can be taken into custody for removal without physically knocking it down and includes currency, coins, shares, document and instruments.

५ World Intellectual Property Organization (WIPO) states that 'Intellectual Property includes the rights relating to Literary, artistic and scientific works, Performances and Performing artists, Photographs and broad casts inventions in all fields of human endeavour- scientific discover-ies ,industrial designs, trade marks ,service marks and commercial names and resulting from intellectual activity in the industrial , scientific, literary or Artistic fields.

सम्झनु पर्छ र सो शब्दले बौद्धिक सम्पत्तिसमेतलाई जनाउँछ भनी स्पष्टीकरण दिईएको छ। बौद्धिक सम्पत्तिलाई मौलिक हकका रुपमा राखेर यसको कानूनी स्थिति संरक्षणात्मक तथा मजवुत र महत्वका साथ राज्यले सम्बोधन गरेको मान्न सकिन्छ। कानूनी स्थिति बलियो बनाएर मात्र राज्यको कर्तव्य पूरा हुँदैन, यसलाई कार्यान्वयन गरेर दायित्व वोध गरिनु पर्दछ। बौद्धिक सम्पत्तिलाई संरक्षण, प्रवर्धन तथा विकास गर्नका लागि ऐन, कानून तथा नियम बनाइएका छन् । कानूनको कार्यान्वयन सवल ढंगले हुन सकेमा मात्र कानून हुनुको वोध हुन्छ, तसर्थ यसतर्फ सरकारको ध्यान जानु जरुरी छ । बौद्धिक सम्पत्तिलाई सम्पत्तिका रुपमा ग्रहण गरी यसलाई संरक्षण, प्रवर्धन गर्नका लागि विषयगत रुपमा रहेका ऐन कानूनहरु निम्न छन् :–

१. प्रतिलिपि अधिकार ऐन, २०५९
२. पेटेन्ट ट्रेडमार्क ऐन, २०२२
३. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९

## प्रतिलिपि अधिकार ऐन, २०५९

प्रतिलिपि अधिकारलाई सम्वोधन गर्ने गरी आएको यस ऐनलाई प्रतिलिपि अधिकारलाई संरक्षण गर्ने ऐनका रुपमा लिन सकिन्छ । यस ऐनको दफा २ ले विभिन्न शब्दावलीहरुको परिभाषा गरेको छ । यसमा रचना, वेनामी रचना, रचयिता, प्रकाशन, रजिष्टार जस्ता शब्दलाई परिभाषित गरी यसको क्षेत्र सम्बन्धमा व्याख्या गरेको छ। प्रतिलिपि अधिकारलाई प्रतिलिपि अधिकार ऐन, २०५९ ले दफा ६ मा दर्ता गर्नुपर्ने र दफा ३ (१) मा प्रतिलिपि अधिकार प्राप्त हुने व्यवस्था सम्बन्धमा प्रष्ट व्यवस्था गरेको छ। दफा ७ मा आर्थिक अधिकारलाई प्रष्टयाएको छ । दफा ८ र दफा ९ मा प्रतिलिपि अधिकारको अवधिसम्बन्धी व्यवस्था छ । प्रतिलिपि अधिकारलाई रचनाकार, स्रष्टा वा सृजना गर्ने व्यक्ति सर्जकलाई पूर्ण अधिकारको प्रत्याभूति गर्ने सम्बन्धमा यस ऐनले व्यवस्था गरेको पाइन्छ। अनाधिकार प्रकाशन र सजाय सम्बन्धमा दफा १५-२२ सम्ममा व्यवस्था गरेको छ । ती व्यवस्थामा अनधिकृत रुपमा प्रकाशन वा प्रशारण गर्ने तथा मूललय, रचना, भाव जस्ता सृजनालाई तोडमोड गरी वा दुरुस्तै प्रकाशन गरी यसको कृतित्व अधिकार आफ्नो बनाउनेलाई दण्ड, जरिवाना र सजाय तोकिएको छ । प्रतिलिपि अधिकारका सम्बन्धमा यस ऐनले यथेष्ठ व्यवस्था गरेको छ।

## पेटेन्ट, ट्रेडमार्क ऐन, २०२२

यस ऐनले बौद्धिक सम्पत्तिसंग सम्बन्धित सम्पत्तिका बारेमा चासो राख्दछ। पेटेन्ट, ट्रेडमार्क व्यापारिक रुपमा प्रयोगमा आउने तथा बिक्री हस्तान्तरण हुने बौद्धिक सम्पत्तिहरु हुन। ऐनको दफा २ मा पेटेन्ट, ट्रेडमार्कको सम्बन्धमा व्यवस्था गरिएको छ। बौद्धिक सम्पत्तिसंग जोडिएर आउने यी पेटेन्ट, ट्रेडमार्कको कानूनी स्थितिलाई यस ऐनले सम्वोधन गरेको छ । दफा ३ ले पेटेन्ट उपर अधिकार प्राप्त गर्ने सम्बन्धमा कुनै पेटेन्ट उपर अधिकार प्राप्त गर्न चाहने व्यक्तिले सो पेटेन्ट यस ऐनबमोजिम आफ्नो नाममा दर्ता गराउनु पर्छ। दफा ७ ले पेटेन्टको दर्ता तथा दफा ८ ले पेटेन्टको अवधी सम्वन्धमा प्रष्टयाएको छ । यसैगरी ट्रेडमार्क दर्ता

प्रमाणपत्र प्राप्त गरेपछि विधिवत रुपमा ट्रेडमार्क दरखास्तवालाले प्राप्त गर्दछ ।

## विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९

यस ऐनको पहिलो संशोधन २०५२ मा भएको हो । यस ऐनले विदेशी लगानी तथा यसको प्रयोग कसरी भित्र्याउन सकिन्छ भन्नेसम्बन्धमा कानूनी व्यवस्था गर्दछ । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन र बौद्धिक सम्पत्तिका बीचमा धेरै सरोकारका विषय र यससंग सम्बन्धित सरोकारका क्षेत्रमा कानूनी स्थितीको बोध गराउँदछ ।

विदेशी उत्पत्तिको कुनै प्रविधि र त्यससंग सम्बन्धी अधिकार विशिष्टता, फरमुला, प्रक्रिया, पेटेन्ट वा प्राविधिक ज्ञानको उपयोग गर्ने विषय नै विदेशी लगानी तथा प्रविधि हस्तान्तरणसंग सम्बन्धित रहन्छ । आजको विश्वमा ज्ञानलाई सम्पत्तिका रुपमा लिने गरिन्छ । यसर्थ प्रविधि एउटा ज्ञान हो भने यसलाई औधोगिक रुपमा परिवर्तन गर्ने तथा व्यावसायिक प्रयोगमा ल्याउन लगानीको उत्तिकै आवश्यक्ता पर्दछ । लगानी र प्रविधि दुबै भित्राउनु पर्ने नेपाल जस्ता राष्ट्रको स्थितिसंग बौद्धिक सम्पत्तिको कानुनी हैसियतसमेत जोडिएर आउँदछ । बौद्धिक सम्पत्तिका रुपमा सम्पत्तिको विकास नेपालमा खासै भएको छैन । यहाँ प्राकृतिक स्रोत, व्यक्तिगत र पैत्रिक सम्पत्तिलाई नै मुख्य रुपमा सम्पत्तिका स्रोतका रुपमा रहेको पाईन्छ । उत्पादनलाई लगानीसंग नजोडेसम्म त्यसलाई व्यवसायिकीकरण गर्न सकिँदैन । विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनले बौद्धिक सम्पत्तिलाई लगानी गर्ने वातावरण निर्माण गरी व्यवसायिक उत्पादनमा सघाउ पुऱ्याउँदछ । वैदेशिक लगानी प्रतिवद्धता भए पनि प्रतिवद्धता अनुसारको विदेशी लगानी, नेपालमा भित्रन सकेको छैन । प्रतिवद्धता लगानी होइन । प्रतिवद्धता एउटा पूर्वसर्त हो, जसमा लगानी आउनका लागि अझै केही व्यवधानहरु छन्, जसलाई समाधान गर्नु पर्दछ भन्ने मान्यता हो । हाम्रो आजको आवश्यक्ता भनेको औधोगिकीकरणमा जान वा उत्पादन बढाउन उपलब्ध स्रोत साधनको परिचालन गर्न प्रविधि तथा आर्थिक लगानीको हो । त्यस्तो लगानी विदेशी भर पर्नु पर्ने अवस्था रहेको छ । विदेशी लगानी तथा प्रविधि बौद्धिक सम्पत्तिका रुपमा भित्रने गर्दछ । यसरी भित्रने बौद्धिक सम्पत्तिको रोयल्टीका रुपमा मूल्य चुकाउनु पर्दछ । प्रविधि भित्राउने तथा लगानी विस्तार गर्नका लागि यो ऐनले कानूनी मार्ग प्रशस्त गर्दछ ।

## निचोड

बौद्धिक सम्पत्ति माथिको लगानी कसरी र कस्तो अवस्थाबाट भएको छ त्यसको प्रयोग र हस्तान्तरण पनि उसैगरी हुनु पर्दछ । राष्ट्रको लगानीमा भएका अध्ययन, अनुसन्धानबाट प्राप्त बौद्धिक ज्ञानलाई सर्वसाधारणको पहुँचमा पुऱ्याउनु पर्दछ । व्यक्तिको वुद्धिबलबाट सृजित बौद्धिक सम्पत्तिको राष्ट्रले संरक्षण गरी उचित आर्थिक कदर हुने गरी व्यक्तिको हकमा सुरक्षित गरिदिनु पर्दछ । राष्ट्रिय सम्पत्तिका रुपमा राष्ट्रिय लगानी परेका बौद्धिक सम्पत्तिलाई व्यक्तिले मनोमानि रुपमा आर्थिक लाभ लिने गरी वनाईने कानुन अर्थात बौद्धिक सम्पत्ति कानुन बौद्धिक वर्गको मनोमानी हुनु हुँदैन । यो सर्वसाधारणको जीवनस्तर सुधारमा प्रयोग हुनुपर्दछ । नेपालका सन्दर्भमा सम्पत्तिको प्रकरण बौद्धिक सम्पत्तिको आर्जन भन्दा पैत्रिक सम्पत्तिका

रुपमा हस्तान्तरण हुन्छ । विश्वका राष्ट्रहरुको आर्थिक रुपमा ध्रुवीकरण बौद्धिक सम्पत्तिका कारणले भएको पाइन्छ । आविष्कार गरेर वा वैदेशिक लगानी भित्राएर राष्ट्र आर्थिक रुपमा सम्बृद्ध भएका उदाहरण प्रशस्त छन् । तर प्रत्यक्ष विदेशी लगानी (FDI) संसारमा कही पनि निरपेक्ष वा निःशर्त हुँदैन । यसर्थ बौद्धिक सम्पत्ति माथि व्यक्तिको भन्दा समुदायको अधिकार स्थापित हुनु पर्दछ । ज्ञानको वितरणमा पूर्वीय र पाश्चात्य चिन्तन नै फरक छन् । पूर्वीय दर्शनमा ज्ञानलाई मूल्य बिहीन रुपमा सेवा भावका साथ वितरण गरिनु पर्दछ भनि मानिन्छ तर पाश्चात्य दर्शनमा ज्ञानलाई मूल्यका आधारमा वितरण गरिनु पर्ने मान्यता राखिन्छ। हाम्रो गुरुकुल शिक्षा पद्धती र आधुनिक आवासीय शिक्षा प्रणाली यस्तै उदाहरण हुन् । समय, परिस्थिति र विश्व परिवेशअनुसारको मान्यताको विकास गरी बौद्धिक ज्ञानको मूल्यको सदुपयोग नेपाल जस्ता मुलुकले गर्न सक्नु नै बौद्धिक सम्पत्ति माथिको कानुनी स्थितिलाई स्वीकार्न हो ।

# भू- राजनीतिः पावर यूरोपबाट एसिया तिर सर्दै

**अधिवक्ता विशाल कुमार उपाध्याय**

समय मूल्यवान हुन्छ र समयानुसार सबैजसो चिजहरु परीवर्तन हुँदै जान्छन् र यो प्रकृतिको नियम पनि हो । इतिहासका पानाहरू पल्टाउँदाखेरी भूगोलको पश्चिम भूभागमा रहेका देशहरुको प्रभुत्व सोह्रौं र सत्रौं शताब्दीमा शुरू भयो जसलाई स्पेन र पोर्चुगलको महान खोजहरुको शताब्दीले चिनिन्छ। अठारौं शताब्दीमा फ्रान्सको अधिपत्य रहेको देखिन्छ। त्यसपछि उन्नाइसौं शताब्दीमा वेलायतको थियो र बीसौं शताब्दीपछि संयुक्त राज्य अमेरिकाले अधिपत्य जमाउन थाल्यो । मुख्यतः दोस्रो विश्वयुद्ध पछि यूरोपमा आविष्कार गरिएका मूल्यहरुमा आधारित विश्वव्यापी अन्तर्राष्ट्रिय संस्थाहरुलाई अन्त्य गरी विशेष गरी संयुक्त राष्ट्र संघ, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक जस्ता तीन विश्वव्यापी अन्तर्राष्ट्रिय संस्था संयुक्त राज्य अमेरिकामा स्थापित गरियो । हालको अमेरिकी विश्व व्यवस्था सन् १९४५ बाट सुरु भएको हे । जसको टर्च ब्रिटेनले एट्लान्टिक महासागरको पश्चिमी किनारमा रहेको आफ्नो एंग्लो सन्तान (अमेरिका)लाई थमाइदिएको थियो । इतिहासकार अल्फ्रेड म्याककईले सन् २०१७ मा प्रकाशित In the Shadows या the American Century नामक पुस्तकमा अमेरिकी विश्वव्यवस्था कायम रहने भाका सन् २०३० सम्म तोकेका छन्, यद्यपी हालका केही वर्षदेखिका विश्वव्यापी घटनाहरूले त्यो भाका अघि नै सर्ने जस्तो पनि देखिन्छ ।

यी सन्दर्भहरुलाई हेर्दा हाललाई भारत र चीनको बढ्दो प्रभाव र दोश्रो विश्वयुद्धपछि बनेका विश्व संरचनाका आधारहरू क्रमशः कमजोर देखिंदै जानुले पनि विश्व भू-राजनीतिको शक्ति सन्तुलन परिवर्तन भईरहेको प्रष्ट बुझ्न सकिन्छ। यी यावत कारणले गर्दा पनि एसिया विश्व शक्तिको राष्ट्रहरुका आकर्षण क्षेत्र हुँदै गइरहेको छ। सबै राष्ट्रहरु आ-आफ्ना स्वार्थ पूरा गरी सुपर पावर बन्ने होडमा छन् । शीतयुद्ध पछि हाललाई सुपरपावर बन्ने होडमा अमेरिका र चीन नै विश्वका हरेक क्षेत्रमा प्रतिस्पर्धी देखिन्छन् । त्यसैगरी एसियामा चीनले एक ध्रुवीय शक्तिको कल्पना गरेको देखिन्छ भने अमेरिकाले वहुध्रुवीय शक्तिको कल्पना गरेको पाइन्छ । यसैकारण पनि एसियामा हाल आएर विभिन्न किसिमका क्षेत्रीय र उप- क्षेत्रीय संगठनहरुको विकास भईरहेको देख्न सक्छौं। हाल चलिरहेको भू-राजनीतिक घटनाक्रमले लामो समयसम्म प्रभाव पार्नेछ, विशेष गरी क्षेत्रीय सुरक्षा मामिलामा यसको असर देखिने गरेको छ। अघिल्लो वर्ष सम्पन्न भएको विश्वका प्रमुख लोकतान्त्रिक र उन्नत अर्थव्यवस्थाहरु भएका आठ देशका विदेश मन्त्रीहरुले मे २-३ सम्म एक व्यक्तिगत बैठकमा ताइवान र युक्रेनको लागि आवाज उठाएका थिए। चीनको उद्देश्य र जलवायु परिवर्तन र मानव अधिकारका मुद्दाहरु देखि लैंगिक समानतालगायत अन्यविषयहरुमा घनिभूत छलफल गरिएको थियो। अस्ट्रेलिया, भारत, दक्षिण अफ्रिका, दक्षिण कोरियालगायतका अधिकारीहरु अतिथिका रुपमा सामेल भएका थिए ।

अस्ट्रेलिया, भारत, जापान र अमेरिका सम्मिलित Quadrilateral Security Dialogue (QUAD) को बारेमा धेरै बिचार र विश्लेशन भएका छन् । यसले चीनको कूटनीतिक संलग्नतालाई जवाफ दिइरहेको छ । महत्वपूर्ण र स्थायी प्रभावको लागि अझ धेरै प्रयास भइरहेको छन् । यसक्षेत्र र अहिले दक्षिण एसियामा महामारी कूटनीतिको साथ चीनको बढ्दो प्रभावको प्रतिक्रियामा QUADलाई बलियो बनाइएको छ । QUAD ले व्यापार, लगानी र वातावरणलाई प्राथमिकता दिनका साथै साइबर र सामुद्रिक सुरक्षा सहयोग बढाउन प्रक्रियाहरू अगाडि बढाउँदैछ । युनाइटेड किंगडम र फ्रान्स पनि QUAD प्लस राष्ट्रहरूसँग सैन्य संलग्नताको हिस्सा भएका छन् र धेरै नौसेना अभ्यासहरू गरेका छन् । लद्दाख क्षेत्रमा धेरै झडपहरू पछि भारतले विस्तारित चिनियाँ राजनीतिक प्रगतिलाई रोक्न अस्ट्रेलिया, जापान र अमेरिकासँग पारस्परिक सहकार्यको गतिबिधि अगाडि बढाएको छ ।

खासमा अमेरिकाको चिन्ता दक्षिण एसियाली राष्ट्रहरुमा चिनियाँ ऋणको लगानीको बारेमा छ, जसले क्षेत्रीय सुरक्षा अवस्थितिलाई प्रभावित गर्दैछ । हिन्द-प्रशान्त क्षेत्रमा अमेरिकाको मुख्य गरी दुईथरीको चासो देखिन्छ, एक- दक्षिण एसियाली राष्ट्रहरु आफ्नो देशमा विकासको प्रयासको लागिचीनमा निर्भरता र अर्को दक्षिण एसियाली क्षेत्रीय सुरक्षामा आफ्नो प्रभाव बढाउन सदैव तत्परयुक्त अवस्थामा भारतको अवस्थिति । हालसालै आफगानिस्तानबाट अमेरिकी सैनिक पछाडि हट्नु र लगत्तै तालिवानि नेताले चीनसंग भेटघाट गरी आश्चर्यरुपमा आफगानिस्तानमा अधिपत्य जमाउनु, यो पनि दुई दशक पछिको ठूलो राजनैतिक उथलपुथल नै हो । चीनले यो आफगानिस्तानको आन्तरिक मामिला हो भन्दाभन्दै पनि चीनको आफगानिस्तान प्रवेशपछि मुख्यतः युरोप, अमेरिका र भारतलाई भू- राजनैतिक रुपले सबैभन्दा बढी घाटा हुने विश्लेषकहरुबाट आंकलन हुँदै आइरहेको छ ।

## एसिया परिवेश

विभिन्न अध्ययनहरुले एसिया विश्वको आर्थिक र सामरीक केन्द्र भएको तथ्यहरु उजागर गरेका देखिन्छ । हालसालै आएको यूकेको सेन्टर फर इकोनोमिक एन्ड विजनेस रिसर्चको प्रतिवेदनअनुसार चीनले सन् २०२८ मा विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रको रुपमा अमेरिकालाई उछिन्ने र सन् २०३० मा भारत अर्थतन्त्रमा विश्वको तेश्रो ठूलो देश हुनेछ भनि प्रक्षेपण गरेको छ । चीन र भारत मात्र होइन जापान, दक्षिण कोरिया, इन्डोनेसिया, ताइवान र सिंगापुर जस्ता अन्य एसियाली राष्ट्रहरुलेपनि आर्थिकरुपमा तीव्र गति लिइरहेका देखिन्छ ।

अहिले विश्वकै नजर चीन र भारतमा रहेको छ । यी दुई देशका छिमेक नीति अत्यन्तै संवेदनशील रहेको देखिन्छ । भारतको ३८ प्रतिशत व्यापार दक्षिण चीन सागरबाट नै हुने गर्दछ, जहाँ चीनको दवदवा छ । यता चीनको अधिकतम तेल मलाका स्टेटबाट हुने गरेकोले भारत त्यहाँ चीनलाई दवावमा राख्ने रणनीति लिएको देखिन्छ । यी दुई देशको टकराव डोक्लामदेखि लल्वानसम्म बेला- बेलामा देखिने गरिन्छ । हालै चीन सरकारले बेल्ट एन्ड रोड इनिसियटिभ(बिआरआई) भन्ने एकदमै महत्वकांक्षी विकास रणनीति ल्याएको छ ।

यसमा “रोड“ शव्दले समुद्रि मार्गलाइ जनाउँदछ र “बेल्ट“ शव्दले स्थल मार्गलाई । चीनलाई “रोड“ले समुद्रि मार्गद्वारा युरोप र अफ्रिकासँग जोड्नेछ भने बेल्टले चीनको पश्चिमी भागलाई मध्य एसिया, रुस, युरोप, भू-मध्य सागर, दक्षिण एसिया, दक्षिणपूर्वी एसिया र हिन्द महासागरसंग जोड्नेछ । यस परियोजनाले विश्वको ६५ देशलाई यातायातको संजालमा ल्याउने र लगभग ४ अर्ब जनसंख्यालाई लाभान्वित गर्ने अनुमान लिइएको छ । तर भारत भौगोलिक हिसाबले यो परियोजनाको मुख्य सहयात्री हुन सक्ने ठाउँमा हुँदा पनि यो परियोजना अस्वीकार गरेर बसेको अवस्था छ । यसबाट पनि यी दुई देशको टकराव रणनीति रहेको उजागर हुन्छ । चीनको अर्थतन्त्र विश्व वजारमा निर्भर रहेको देखिन्छ, त्यसैले उसलाई कमजोर पार्न एसियामा अमेरीकाले भारतलाई सहयोग गर्दै आएको प्रष्टै बुझ्न सकिन्छ ।

हुनतः भारत र चीनको सम्बन्ध पहिले देखिनै सुमधुर नभएको देखिन्छ । भारतमा जवाहरलाल नेहरु प्रधानमन्त्री हुँदा “सुरक्षा छाताको सिद्वान्त“ अगाडि ल्याएर यस क्षेत्रका राष्ट्रहरुसंग सन्धिसम्झौता गरी आफ्नो रणनीति अघि बढाएका थिए । नेहरुको यस सिद्धान्तलाई काउन्टर दिन समकालीन चीनका नेता माओत्सेतुङगले “पाँच औलाको सिद्धान्त“ अघि सारेका थिए । भारतले मुख्यतयाः ट्रान्स हिमालय एसियाका सा-साना राष्ट्रहरु आफ्नो पकडमा राखी यी राष्ट्रहरु चीनभन्दा टाढै रहोस् भन्ने हेतुले यो सिद्धान्त ल्याएको देखिन्छ, तर अहिले वर्तमान स्थितिमा यो क्षेत्रमा भारत र चीन मात्र नभई अमेरिका, यूरोपेली राष्ट्रहरु पनि आफ्नो वर्चस्व स्थापित गर्न तत्पर रहेका दृश्यहरू देखिन्छन् ।

## चीनको उदय

विश्वव्यापी बजार व्यवस्थाले आफू अनुकूलको शक्ति खडा गऱ्यो, जसले ५०० वर्षसम्मको पश्चिमी प्रभुत्वलाई पहिलो चुनौती दिने एक शक्तिको रुपमा उदाउनु पर्थ्यो । विश्व व्यापार संगठन सन् १९९५ मा नवउदारवादी व्यवस्थालाई स्थापित गर्नका लागि सिर्जना गरिएको थियो । यसलाई सन् २००१ मा चीनले स्वीकार गऱ्यो । सुरुमा त वाशिङ्टनका सम्भ्रान्त वर्गहरूले बेइजिङ आफ्नै अनुयायी हुने विश्वास गरेका थिए, तर त्यसपछिका ३ शताव्दिमा एकतिहाई मानवहरु आर्थिकरुपमा समान भई विश्व प्रणालीमा सामेल हुँदा विशाल भूराजनीतिक परिवर्तन हुन्छ भन्नेबारेमा तिनीहरुले सोचेका पनि रहेनछन् भन्ने म्याककई भनाई रहेको छ ।

म्याककईले विश्व इतिहासमा सबैभन्दा महान चीनको चकित पार्ने वृद्धिलाई दर्शाउने शृङ्खलाबद्ध तथ्याङ्क पेश गरेका छन् । जस्तो कि सन् २०३० भन्दा पहिला नै कूल ग्राह्यस्थ उत्पादन (न्चयकक म्ष्भकतष्अ एचयमगअत) का आधारमा सबैभन्दा ठूलो अर्थतन्त्र बन्ने प्रक्षेपण गरिएको छ । क्रय शक्ति सममूल्यता (एगचअजबकष्लन एयधभच एबचष्तथ) को आधारमा, चीनले सन् २०१४ मा नै अमेरिकालाई उछिनीसकेको छ भने सन् २०३० सम्ममा चिनीयाँहरुको अमेरिकाको भन्दा ४०% ठूलो हुन सक्छ । यसले कम्प्युटिङ, दूरसंचार र एयरोस्पेसका क्षेत्रहरुमा प्राविधिक चुनौतीहरू बढाउँदैछ । सन् २०१६ सम्ममा यी क्षेत्रहरु सम्बन्धित प्याटेन्ट एप्लिकेशनहरू अमेरिकाको भन्दा चीनको दोब्बरले बढ्यो ।

विश्वको कारखाना बनेर चीनले आफ्नो भण्डारमा खरबौं डलरको सञ्चित गऱ्यो । त्यही डलर काखीमा च्यापेर चिनियाँ राष्ट्रपति सी जिनपिङले सन् २०१३ मा बेल्ट एण्ड रोड इनिसिएटिभ घोषणा गर्न कजाकिस्तानमा १३० देशलाई भेला गरे । यूरेसियालाई पूर्वदेखि पश्चिमसम्म जोड्न बीआरआईले राजमार्ग, रेल लाइन, बन्दरगाह, पाइपलाइन र पावर प्लान्टहरूको एक नेटवर्क बिछ्याउनेछ । सन् २०२७ सम्ममा अनुमानित १.३ ट्रिलियन (१३ खरब) डलर खर्च हुने यो इनिसियटिभ विश्व इतिहासकै सबैभन्दा ठूलो लगानी हो । यो मार्शल योजनाको १३ बिलियन डलरभन्दा १० गुणा बढी छ, जुन योजना अमेरिकाले दोस्रो विश्वयुद्धको अन्त्यपछि पश्चिमी युरोपको पुनर्निर्माणका लागि निवेश गरेको थियो । म्याककईले बीआरआईको भाषणलाई ती तीन क्षणहरूसँग तुलना गरेका छन्- जसले अघिका विश्व व्यवस्थाहरुका तीन क्षणहरु- टोर्डेसिलस सन्धी १४९४, भियना कांग्रेस १८१४-१८१५, र संयुक्त राष्ट्रसंघ १९४५ को अधिवेशनलाई झझल्को दियो ।

ज्बिग्न्यू ब्रजेजिन्स्की वैश्वीक नीतिका ठूला वास्तुकारमध्ये एक हुन् । उनले समेत यूरोसियाली प्रतिस्पर्धीहरुको उदय भएको चेतावनी दिएका थिए । पूर्वविदेशमन्त्री माइक पोम्पेओले हालैको एक भाषणमा भन्छन- अमेरिका निर्माणताकाका सेभेन्थ क्याभलरीका पूर्वअफिसर जर्ज आर्मस्ट्रङ कस्टर झैं हठी र अवोध बनेर भएपनि अमेरिकाले “पान-युरेसियाली महादैत्य” (रुस)को उदयलाई रोक्नु पर्छ । अमेरिकाको दवावका कारण रुस, चीन र इरान नजिक बन्दा ब्रजेजिन्स्कीको “महादैत्य” को आगमन हुँदैछ, जसलाई अमेरिकाले ठाउँका ठाउँमा नै रोक्नुपर्छ । व्यापार युद्धले यसलाई रोक्न सकेको छैन । चीनसँग जतातत‌ैबाट कुनै न कुनै युद्ध हुने देखिन्छ, तर त्यसमा अमेरिका हार्ने सम्भावना त्यति नै देखिन्छ ।

## नेपालको स्थिति

नेपालका इतिहासका पानाहरु पल्टायौं भने देशको सार्वभौमिकताको समस्या वाहिरको राजनीतिभन्दा पनि आफ्नै देशको आन्तरीक किचलो, राजनैतिक विसंगती र कलहबाट नै आएको दैखिन्छ । विगतमा पाण्डे र थापा बीचको स्वार्थको लडाई र केही दरबरियाहरुले अंग्रेजलाई समर्थन रहेकै कारणले गर्दा देशको ठूलो भू-भाग गुम्न पुग्यो । आन्तरिक कलह र राम्रो नीति नभएकै कारण कुमाउँ - गढ्वाल गुमाएको ईतिहास छ । राणाहरुले आफ्नो व्यक्तिगत र पारिवारिक स्वार्थले गर्दा देशलाई अंध्यारो कालखण्डबाट गुज्रिन बाध्य बनाए । नेपालको सन्धि सम्झौताको ईतिहास हेर्ने हो नेपालको तिब्बत/ चीन युद्ध अन्त्य गर्न नेपाल र भोटबीच सन् १७९२ मा वेत्रावति सन्धि र सन् १८१६ मा नेपाल र तत्कालीन इस्टइन्डिया कम्पनी अहिलेको भारतसंग भएको सुगौली सन्धिले नेपालले आफ्नो अधीनस्थ भूमिको धेरै भू-भाग गुमाएर आजको भूगोलमा सिमित हुन पुगेको देखिन्छ । त्यसपछिका महत्वपूर्ण सन्धि सन् १९५० मा नेपाल-भारत बीच भएको सन्धि हो, जसलाई “शान्ति तथा मैत्री“ सन्धिको रुपमा चिनिन्छ । “शान्ति तथा मैत्री“ सन्धि भएको केहीसमय देखि नै यो सन्धि विवादमा परेको थियो । दुवै राष्ट्रहरुले आ-आफनै तरिकाले यस सन्धिलाई बुझ्न थालेकाले पनि यो विवादको समाधान नभएको देखिन्छ । यी समस्याहरुको समाधान निकाल्नका लागि दुबैदेशको

तर्फबाट प्रवुद्ध व्यक्ति समूह (ईपिजी) को गठन गरिएको छ। नेपाल-भारत प्रवुद्ध व्यक्ति समूह (ईपीजी)ले दुई वर्षको कार्यकाल पूरा गरेर तयार गरेको प्रतिवेदन चाँही अहिलेसम्म भारतले बुझ्न नमानेको भन्ने कुराहरु मिडियाहरुमा पढ्न पाईन्छ। सोप्रतिवेदन भारतले कहिले बुझ्ने र कहिले कार्यान्वयनमा आउँछ भन्ने चासोको विषय रहेको छ।

पछिल्लो कालान्तरमा भारतले स्वतन्त्रता पाएको र देशको राजनीति राष्ट्रियतामा केन्द्रबिन्दु रहेको, तिब्बतलाई चीनले गाँसेको र सम्पूर्ण चीन माओको प्रभावमा रहेको, दोस्रो विश्वयुद्धको अन्त्य र युरोप गुरुत्वाकर्षणको केन्द्र हुँदाको अवस्थामा दक्षिण एसियाको फरक क्षेत्रीय सुरक्षा वातावरणमा आधारित नेपालको परराष्ट्र नीति अपनाएको थियो। विश्वव्यापी निकाय संयुक्त राष्ट्र संघ र विश्व वित्तीय निकायहरू गठन गरियो। नेपालले कतिपय अवस्थामा भारतमाथि निर्भरताको विचार गरिरहेको भए पनि ऋणको जालमा फस्ने डरले अनुदानको आधारमा सहयोग लिन सक्नुपर्छ भन्ने नीति अङ्गिकार गर्नु नै श्रेयस्कर हो। नेपाल वैदेशिक सहायतामा भर परेको हुनाले विकास सहायतामा रहेको परम्परागत निर्भरता र गैर-चिनियाँ प्रत्यक्ष वैदेशिक लगानीमा हुने सुस्त प्रगतिलाई सुदृढ पार्नु नै चुनौती हो।

हाल नेपालमा चीन र भारत मात्र नभई अमेरिका, यूरोपियन राष्ट्रहरू सबैको भू-राजनैतिक केन्द्रविन्दु बनेको छ। अन्तराष्ट्रिय संघ/संस्थाहरुको भीड र भू-राजनैतिक क्षेत्रमा यी सबैको सक्रियताले छिमेकी राष्ट्र चीन र भारत अझः बढी सशंकित भएको स्पष्ट देखिन्छ। मुख्यतः नेपालको अस्थायी, अपरिपक्व राजनीति र फितलो सुरक्षा व्यवस्था नै छिमेकी राष्ट्रको लागि चिन्ताको विषय बनेको छ।

नेपालको भूराजनीतिक महत्व उच्चभए पनि सामरिक दृष्टिले जोखिमपूर्ण देखिन्छ। किनभने, नेपालको भूराजनीतिक तथा सामरिक महत्व शक्तिराष्ट्रहरूको समीकरण र ध्रुवीकरणले निर्धारण गर्नेछ। जतिजति अमेरिकाको स्वार्थ एसियामा बढ्दै जानेछ र भारत तथा चीनको महाशक्ति बन्ने महत्वाकांक्षा बढ्दै जानेछ। नेपालको भूराजनीतिक, सामरिक तथा कूटनीतिक महत्व पनि बढ्दै जानेछ, त्यसैले भारत र चीन एवम् अमेरिकासहित पश्चिमाहरूसँग सन्तुलित कूटनीतिक र रणनीतिक सम्बन्ध सार्वभौमिकताको सम्बर्दन, राष्ट्रहितको संरक्षण र आर्थिक विकासका दृष्टिले अनिवार्य मात्रै होइन, नेपालको भूराजनीतिक यथार्थ र विदेशनीतिको आधारभूत सिद्धान्त पनि हो।

वि.सं.२०७२ मा संविधान जारी भएपछि गरिएको भारतीय नाकाबन्दी तथा २०७३ मा चीनसँग व्यापार तथा पारवहन सम्झौता भएपछि नेपाल अन्तर्राष्ट्रिय चर्चाको विषय बनेको थियो। यसैगरी चीनको बीआरआई तथा अमेरिकाको एमसीसीमा हस्ताक्षर गरेपछि यसबारेमा निरन्तर बहस र विवाद भइरहेको छ। नेपालजस्तो अल्पविकसित र कमजोर पूर्वाधार भएको देशका लागि बीआरआई र एमसीसीजस्ता ठूला पूर्वाधार निर्माणका परियोजना आवश्यक छन्। त्यसैले, सरकारले हस्ताक्षर पनि गर्‍यो। बीआरआई ऋण परियोजना हो। त्यसैले, भूराजनीतिक र प्राविधिक दुवै दृष्टिले बीआरआई जोखिमपूर्ण देखिन्छ। करिब ५५ अर्बको अनुदान परियोजना भए पनि एमसीसी पनि विवादरहित छैन।

पञ्चेश्वर र अरुणजस्ता ऊर्जा परियोजना, विमानस्थल, रेल र सडकजस्ता सामरिक दृष्टिले समेत महत्वपूर्ण मानिने पूर्वाधार निर्माणसम्बन्धी धेरै परियोजना भारतीय सहयोग र लगानीमा निर्माणाधीन छन् । राजनीतिक तथा कूटनीतिक दृष्टिले जतिसुकै विवाद भए पनि १८०० किमिभन्दा लामो खुला सिमाना भएका नेपाल-भारतबीच राज्यदेखि जनस्तरसम्म यति अभिन्न र घनिष्ठ सम्बन्ध छ कि चाहेर पनि कुनै पनि देशले एक-अर्कालाई उपेक्षा गर्न सक्दैनन्, तर वास्तविकता के हो भने यीसबै केवल विकास परियोजना मात्रै होइनन्, तिनमा गहन भूराजनीतिक, सामरिक, आर्थिक र व्यापारिक स्वार्थसमेत अन्तर्निहित छन् ।

विकास परियोजना र कूटनीतिक सम्बन्धका नाममा शक्तिराष्ट्रहरूको घोषित-अघोषित प्रतिस्पर्धाको प्रतिफलस्वरूप कतिपय समय र सन्दर्भमा सार्वजनिक आरोप-प्रत्यारोप मात्रै होइन, 'प्रोक्सी वार समेत हुँदै आएको छ, त्यसैले उनीहरूको प्रतिस्पर्धाका कारण पञ्चेश्वर, एमसीसी, बीआरआई, रेल, विमानस्थल र सडकजस्ता ठूला विकास परियोजना भूराजनीतिक चक्रव्यूहको शिकार हुने सम्भावना पनि बढ्दै गइरहेको देखिन्छ । नेपालको विकास र समृद्धिका लागि राष्ट्रिय हित र प्राथमिकताअनुरूप सबै परियोजना नेपालले कार्यान्वयन गर्नुपर्छ । यसैगरी तीनै देशले उनीहरूको राष्ट्रिय स्वार्थअनुसार नेपालसँग घनिष्ठ सैन्यसम्बन्ध तथा उच्चस्तरीय रणनीतिक साझेदारी स्थापित गर्न चाहेको देखिन्छ ।

## नेपालले आत्मसाथ गर्नुपर्ने कदमहरू

जब-जब देशको आन्तरिक राजनीतिमा वाह्रय तत्व/ शक्तिको प्रभाव बढ्दछ र त्यसलाई सही ढंगले व्यवस्थापन गर्न सकिंदैन तब-तब उक्त देशको राजनीति मात्र होइन समग्र देशको अवस्था नै संकटतिर धकेलिंदै जाने खतराका वादलहरु आकाशमा देखिन थाल्दछन्, त्यसैले देशको आन्तरिक राजनीति आफैले सम्हाली वाह्रय तत्व/ शक्तिको प्रभाव देशमा बढ्न नदिन सबै नेपाली एकजुट हुनु जरुरी देखिन्छ । विशेषतः देशका नेताहरू देशको लागि ईमान्दार हुनु अपरिहार्य छ । मित्र राष्ट्रहरु समयकालअनुसार फेरिन सक्दछन् तर छिमेकी राष्ट्रहरु कहिल्यै फेरीदैनन्, त्यसैले नेपालीले अंगीकार गर्ने परराष्ट्र नीति र व्यवहार भारत र चीनप्रति एकदमै सुमधुर रहनुपर्छ । दुवै देशलाई सन्तुलनमा राखेर मात्र व्यवहार गर्नुपर्दछ । अहिलेको परिप्रेक्ष्यमा चीन दक्षिण एसियामा पनि आफ्नो पकड जमाउन एकदमै आतुर भएको उसले यस क्षेत्रमा बढाएको उसको गतिविधिले अनुमान गर्न सकिन्छ, त्यसैले पनि यी दुवै उदयमान शक्ति राष्ट्रहरुसंग सुमधुर र सन्तुलित व्यवहार गर्नु नै हाम्रो हितमा हुन्छ ।

## अन्तमा

विश्ववको पावर यूरोपबाट एसिया तिर सर्दै आएको प्रष्टै दैखिन्छ । चीन र भारतलगायतका देश विश्वमा आ-आफ्नो देशलाई आर्थिक र अस्त्रको होडमा धेरै नै अगाडि बढाई सकेका देखिन्छ । चीनले विश्वका धैरैजसो राष्ट्रहरुमा व्यापक लगानी विस्तार गरी द्विपक्षीय र बहुपक्षीय संरचनाहरु समेत खडा गर्दै लगेको देखिन्छ । हालसालै चीनको प्रभाव क्षेत्र बढ्ने गरी आफगानिस्तानमा भएको परीवर्तन र यदी चीन अफगानिस्तानलाई आफ्नो महत्वकांक्षी

परियोजना बेल्ट एन्ड रोड इनिसियटिभ(बिआरआई)मा समेटी आफ्नो अनुकुल प्रयोग गर्न सक्षम हुन्छ भने भविष्यमा चीन अझ: सशक्त भई विश्वको सुपर पावर एसियामा नै रहने सम्भावना बलियो हुन्छ ।

यी अवस्थाहरुका आधारमा वस्तुनिष्ठ विश्लेषण गर्दा, वैदेशिक हस्तक्षेप र चलखेल नेपालको भूराजनीतिक यथार्थ र अभिशप्त नियति भएको देखिन्छ । वैदेशिक हस्तक्षेप र भूराजनीतिक चलखेल हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहने देखिन्छ । यस्तो अवाञ्छित हस्तक्षेप र चलखेल नियन्त्रण गरी राष्ट्रियता, राष्ट्रहित, राष्ट्रिय स्वार्थ, राष्ट्रिय स्वाधीनता र जनताको सार्वभौमिकताको संरक्षण गर्नु सरकार र राजनीतिक दलहरूको अनिवार्य राष्ट्रिय दायित्व र सर्वोच्च प्राथमिकता हो । नेपालको भूराजनीतिक महत्व उच्च भए पनि सामरिक दृष्टिले जोखिमपूर्ण देखिन्छ, किनभने नेपालको भूराजनीतिक तथा सामरिक महत्व शक्तिराष्ट्रहरूको समीकरण र ध्रुवीकरणले निर्धारण गर्नेछ । जतिजति अमेरिकाको स्वार्थ एसियामा बढ्दै जानेछ र भारत तथा चीनको महाशक्ति बन्ने महत्वाकांक्षा बढ्दै जानेछ, नेपालको भूराजनीतिक, सामरिक तथा कूटनीतिक महत्व पनि बढ्दै जानेछ । त्यसैले, भारत र चीन एवम् अमेरिकासहित पश्चिमाहरूसँग सन्तुलित कूटनीतिक र रणनीतिक सम्बन्ध सार्वभौमिकताको संवर्दन, राष्ट्रहितको संरक्षण र आर्थिक विकासका दृष्टिले अनिवार्य मात्रै होइन, नेपालको भूराजनीतिक यथार्थ र विदेशनीतिको आधारभूत सिद्धान्त पनि हो ।

तर सरकार र दलहरू उक्त कर्तव्यबाट च्युत हुँदै आएका छन् । यस्तो अभिशप्त नियतिबाट मुक्ति पाउन नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध, विदेशनीति र कूटनीतिबारे मौलिक रूपमा पुनरावलोकन गर्नुपर्ने उपयुक्त घडी आएको छ ।

# किन भ्रष्टाचारको सिमसारमा भासिन्छन् नेताहरु ?



अधिवक्ता रुद्र कन्दङ्वा

उच्च पदमा बसेका नेताहरु एकपछि अर्को भ्रष्टाचारको काण्डमा फसेपछि नेपाली राजनीति फेरि एकपटक तरङ्गीत भएको छ । भुटानी शरणार्थी काण्डले यतिखेर देशको शिर झुकेको छ । देशको प्रतिष्ठित पदमा बसेका राजनीतिक दलका नेताहरुले कर्माचारीसँग मिलेर आफ्नै देशका नागरिकलाई शरणार्थी बनाई मानव बेचबिखन र ओसारपसार जस्तो जघन्य अपराध गरेका र त्यस्तो कार्यले देशको स्वाभिमानमा लज्जा वोध भई र घिनलाग्दो हर्कत भएको छ ।

आखिर किन हाम्रो देशका नेताहरु यति तलसम्म गिरेर देश र जनता माथि गम्भीर खेलबाड गर्छन् त ? यो प्रश्न सबैको मनमा छ । अर्कोतर्फ भ्रष्टाचारको अभियोगमा जेलमा रहेका नेताहरुलाई कारबाही हुने हो कि नहुने, अदालतले कस्तो फैसला दिने हो भन्ने कुरा पनि आम चासोको विषय बनेको छ । आशा गरौँ कि देशको स्वाभिमान नमर्ने गरी कानून, नियम र विधिअनुरुप निर्णय आउँला र देषीले कानून बमोजिम कडा सजाय पाउलान् ।

यतिखेर प्राय जसो सबै पार्टीका केही महत्वपूर्ण नेताहरु विभिन्न प्रकारका भ्रष्टाचारको आरोपमा फसेका छन् । कतिको अदालतमा मुद्दा छ, त कतिको अनुसन्धान जारी छ । तर, भ्रष्टाचारको आरोपमा धेरै नेताहरु परिरहेका छन् । आखिर किन ठूला नेताहरु बारबार भ्रष्टाचार जस्तो गम्भीर जघन्य अपराधमा फस्छन् ? यो सबैको चासोको विषय हो यस उपर केही माथापच्चीसी गरौं ।

## दिशाविहीन नेपाली राजनीति

व्यक्ति, संस्था वा देश सबैका लागि 'दिशा' महत्वपूर्ण हुन्छ । दिशा भनेको लक्ष्य हो । गन्तव्य हो । एउटा मानिस हिडिरहेको छ भने उ कहाँ पुग्ने हो भन्ने उसले हिड्नु अघि नै तय गर्नुपर्छ । गरेको छैन भने ऊ कहाँ पुग्छ पत्तो हुन्न । यात्रामा निस्कने जो कोहीले आफू हिड्ने बाटो र गन्तव्यको प्रष्ट नक्सा साथमा हुनुपर्छ । छैन भने उ कुइरोको काग जस्तै हुन्छ । यो देशको सन्दर्भमा पनि लागू हुन्छ ।

नेपालको राजनीतिलाई हेर्ने हो भने यसको दिशाविहीन चरित्र प्रष्ट देख्न सकिन्छ । नेपालमा प्रजातन्त्र आएदेखि नै राजनीतिले प्रष्ट दिशा पकड्न सकेको देखिन्न । नेपालमा सधैँ अस्थिर राजनीति चलिरहेको छ । जसको कारण नेपालले प्रशस्त सम्भावना हुँदाहुँदै पनि समृद्धिको यात्रा तय गर्न सकेको छैन । अहिले पनि नेपाल गरीब राष्ट्रहरुको सूचिमा अगाडि उभिरहेको छ । यही दिशाहीन तरल राजनीतिमा सरल तवरले धन कमाउने र आरामको जिन्दगी विताउने नेताहरुमा होड चलेको देखिन्छ । उनीहरुले यस्तो अवस्थालाई पैसा कमाउने गलत

सोच बनाए । त्यसकारण पैसा कमाउन उनीहरुले जस्तोसुकै हर्कत गर्न पछि पर्दैनन् । यसले देशमा भ्रष्टाचार बढ्न सहयोग पुगेको छ । उच्च पदमा बसेका जिम्मेवार नेताहरु पनि लोभमा फसें ।

## राजनीतिक सिद्धान्तनिष्ठताः

हरेक पार्टीको मियो भनेको उसको सिद्धान्त हो । त्यही सिद्धान्तको जगमा पार्टी र तिनका नेता उभिनु पर्छ । सिद्धान्तलाई साथमा लिएर देश र जनताको सम्वृद्धिलाई अगाडि बढाउनुपर्छ । तर, हाम्रो देशमा त्यसो हुन सकेको छैन । राजनीतिक दलहरुसँग स्पष्ट सिद्धान्त छैन । भएपनि कागजमा मात्र छ । त्यसको व्यावहारिक पालना छैन । त्यसको उदाहरण हो -नयाँ पार्टीहरुको गठन । नेपालमा एनजिओ भन्दा पनि छिटो र सजिलो गरी राजनीतिक दल स्थापना हुन्छ । एउटा दल स्थापना हुन त समय लाग्नुपर्ने हो । पार्टीको सिद्धान्त तयार गर्न गहिरो अध्ययन, अनुसन्धान, चिन्तन, मनन गर्नुपर्ने हुन्छ । तर, दलहरु त्यसो गर्दैनन् । पुराना दलहरुले पनि आफ्नो सिद्धान्त अनुरुपको आचरण देखाएका छैनन् । नेपालमा दलहरु सत्ताको लागि जोसँग जसरी पनि मिल्छन् र छुट्टिन्छन् । आफ्नो स्वार्थ पुरा भयो भने पार्टी सिद्धान्त भुलेर उनीहरु जे पनि गर्न पछि पर्दैनन् । किन ? किन कि उनीहरुले आफ्नो पार्टीलाई सिद्धान्तनिष्ठ पार्टी बनाएका छैनन् । सिद्धान्तअनुसार पार्टी नचलेपछि समस्या उत्पन्न हुन्छ । आफ्नो पार्टीको सिद्धान्तलाई बेचेर उनीहरुले आफ्नो स्वार्थ पूरा गर्छन । अहिले र विगतमा भएका सत्ता समीकरणलाई हेर्ने हो भने अचम्म लाग्छ । दलहरुले आफ्नो पार्टीको आदर्श सिद्धान्तलाई भुलेर जे मन लाग्यो त्यही गरे । यस्तै अवस्थाबाट गुज्रेर माओवादी र एमाले मिलेर पहिला ठूलो पार्टी बने, फेरि फुटे, फेरि सत्ताको लागि जोडिए । जबसम्म पार्टीहरु सिद्धान्तनिष्ठ हुँदैन तबसम्म आफ्नो पार्टीको विधान र सिद्धान्तअनुरुप चरित्र देखाउँदैनन्, देशमा सधैं अस्थिरता आउँछ । सधैं तनाव उत्पन्न हुन्छ । पार्टीहरु आफ्नो सिद्धान्त अनुरुप नहिडेकाकारण नेपालको राजनीति सधैं दिशाहीन बनिरह्यो । सहकार्यको नाममा जोसँग जस्तो पनि सम्झौता गर्नु भनेको दलहरुको सत्ताको चाहाना पूरा गर्नु मात्र हो । यसले केही नेताहरुलाई क्षणिक लाभ दिए पनि कालन्तरमा अस्थिरता र दुःख नै निम्त्याउने हो । जबसम्म दलहरु आफ्नो सिद्धान्तलाई इमान्दारीतापूवर्क पालना गर्दैनन्, तबसम्म यसले अस्थिर राजनीतिलाई मलजल गरिरहन्छ । यस्तोबेला लोभीपापी नेताहरु भ्रष्टाचारको मौका हेर्छन । पाउना साथ मौकाको फाइदा उठाउँछन् । उनीहरुलाई पार्टीको सिद्धान्त होइन, पैसाको चिन्ता छ । यसले नेताहरुलाई भ्रष्ट बनाउन अवसर दिएको छ ।

## आदर्शवान नेतृत्व

नेपालमा आदर्शवान नेतृत्वको अभाव छ । पार्टीको मार्गदर्शक सिद्धान्त र विधानलाई केन्द्रमा राखेर देश र जनतको समृद्धिमा समर्पित बौद्धिक तथा चरित्रवान नेता जसलाई हामी आदर्शवान नेतृत्व भन्छौं, त्यसको नेपालमा अभाव छ । हाम्रो शीर्ष नेतृत्वमा त्यो विराट समझ छैन । उनीहरु आफैं स्पष्ट छैनन् । देश र जनताप्रति समर्पित छैनन् । उनको चरित्रमा

दुर्गन्ध छ । बेलाबेलामा विभिन्न काण्डमा नेताहरु परिरहन्छन् । यसबाट उनीहरुको चरित्र कस्तो छ भन्ने उजागर हुन्छ। नेपालको राजनीतिमा हुने अस्थिरताको अर्को महत्वपूर्ण कारण आदर्शवान नेतृत्वको अभाव हो। जब नेतृत्व आदर्शवान हुन्छ उसले त्यस्तै आदर्शवान पार्टीको निर्माण गर्दछ । आफू हिड्ने दिशा प्रष्ट भएको पार्टी नै आदर्शवान पार्टी हो । यस्तो पार्टी देश र जनताप्रति समर्पित हुन्छ । यसले सधैँ देशलाई अगाडि लैजान्छ । अहिले कोही पनि आदर्शवान नेताहरु देखिन्न । आफू पदमा पुग्नको लागि उनीहरुले जे पायो त्यही गरिरहेका छन्। अहिले नेपालको राजनीतिमा देखिने जतिपनि घटनाहरु छन् त्यसलाई राम्ररी नियाल्ने हो भने हामीले नेताहरुको घिनलाग्दो चरित्र देख्छौँ। त्यसमा आर्दश नेताको सुगन्ध छैन, पाइदैन। जसको कारण राजनीतिमा भ्रष्टाचारी नेताहरुको संख्या बढेको छ। आदर्शवान होइन पैसावाल नेताहरु जन्मन थाले । यसले थप ठूला भ्रष्टाचार बढ्यो ।

## सुशासनको अभाव

विश्वको समृद्ध देशहरुलाई नियाल्ने हो भने सरकारले सुशासनलाई केन्द्रमा राखेको देख्छौँ । केहीसमय अघि बेलायतका राष्ट्रपति ऋषि सुनकले गाडीमा बस्दा सिट बेल्ट नबाँधेको सन्दर्भमा जरीवाना तिरे । अमेरिकाको राष्ट्रपति बाइडेनको घरमा पनि अनुसन्धान विभागले छापा मारेको खबर आयो । नेपालमा यस्तै घटनाको परिकल्पना गर्न सकिन्न । देशको प्रमुख प्रशासकलाई कानूनको आडमा सामान्य निकायले कारवाही गर्न सक्छ । सुशासनको कारण मात्र यो सम्भव हुन्छ । जुन देशमा सुशासन केन्द्रमा हुन्छ, त्यहाँ कानूनको अगाडि सबै बराबर हुन्छ । उनीहरुले आफ्नो देशको कानूनलाई महत्वपूर्ण धर्म ठानेका हुन्छन् । हाम्रो देशमा ठूलाबडाले कानूनको पालना भरसक नगर्न पाए हुन्थ्यो भन्ने ठान्दछन्। कानून मिच्ने, नमान्ने, आफू अनुकुल परिवर्तन गर्ने, कानूनको गम्भीर उलंघन गरेकालाई पनि माफी दिने जस्ता सुशासन विरोधी कार्यहरु नेपालमा भइरहन्छन्। भ्रष्टाचारको ठूलो जालो फैलिएको छ। जब देशमा सुशासन हुन्न त्यहाँ सबैले चलखेल गर्छन् । यसोहुँदा स्वार्थ समूह वीचमा गुप्त समीकरण बन्ने र टुट्ने गर्छ। यसले सिंगो देशलाई अस्थिर बनाउँछ। त्यसले राजनीतिलाई पनि असर गर्छ र कालान्तरमा त्यो दिशाविहीन राजनीतिको कारक बन्छ।

## निष्कर्ष:

मानिसको जीउनुको 'केन्द्र' हुनुपर्छ। ऊ आफ्नो केन्द्रद्वारा शासित हुनुपर्छ। हरेक मानिसले आफ्नो केन्द्र के हो भन्ने थाहा पाउनु पर्छ। कसैले धनलाई केन्द्रमा राख्छ। ऊ सधैँ त्यसैको वरिपरी घुम्छ । कसैले मोजमस्तीलाई केन्द्रमा राख्छ । ऊ त्यसैको वरिपरी घुम्छ । कसैले परोपकारलाई केन्द्रमा राख्छ। उ त्यसैको वरिपरी घुम्छ। कसैले भगवानलाई केन्द्रमा राख्छ उ पनि त्यसैको वरिपरी घुम्छ। त्यस्तै राजनीतिक दलको पनि केन्द्र हुनुपर्छ। नेताहरुको पनि आफ्नो केन्द्र हुनुपर्छ। र, त्यही केन्द्रद्वारा ऊ शासित हुनुपर्छ। यसो भयो भने हरेक नेताहरुले सत्मार्ग पाउँछन्। अनि उनीहरु शोषक होइन सेवक बनेर अगाडि बढ्छन्।

नेपालको राजनीतिक दलहरुको केन्द्र अस्पष्ट छ। नेताहरु आफ्नो केन्द्रबारे जानकार छैनन्।

निश्चित रुपमा उसको केन्द्र भनेको सिद्धान्त हो । एउटा पार्टीले आफ्नो सिद्धान्त तय गरेपछि त्यही अनुरुपको आचरण देखाउनु पर्छ ।

हरेक राजनीतिक दलसँग स्पष्ट सिद्धान्त र त्यसैको जगमा उभिएर देशलाई समृद्ध बनाउने प्रष्ट दिशा वा गन्तव्य हुनुपर्छ । तर, नेपालमा यसको ठ्याक्कै उल्टो छ । पार्टीहरुसँग स्पष्ट सिद्धान्त (केन्द्र) छैन । देशको समृद्धिको साटो उनीहरुले आफ्नो र परिवारको समृद्धि मात्र हेरेका छन् । त्यसैले, उनीहरु प्रधानमन्त्री, मन्त्रीलगायतका पदमा पुगे भने ठालु हुनुपर्ने गरी क्रियाकलाप देखाउँछन् । आफ्ना परिवारका मानिसहरु मात्र शक्तिशाली पदमा पुग्नुपर्ने उनीहरुको सोच छ । किन यस्तो हुन्छ ? उनीहरुले केवल आफ्नो मात्र समृद्धि चाहेका छन् । भ्रष्टाचारको अवसर खोजी रहेका छन् । यो घाम झैं छर्लङ्ग छ । यसले राजनीति र देशलाई दिशा विहीन बनायो । यही दिशाविहीनताको जगमा ठूला नेताहरु ठूला भ्रष्टाचार गर्न थाले ।

हरेक नेताको केन्द्र आदर्शमय हुनुपर्छ । त्यो देखिन्न । नेताहरुको चरित्र शंकास्पद देखिन्छ । त्यस्तै शासनको पनि केन्द्र हुन्छ । शासनको केन्द्र शुसासन हो । शुसासनको मन्त्रलाई केन्द्रमा राखेर देश हाँके गन्तव्यमा पुगिन्छ । नत्र ढिलासुस्ती र भ्रष्टाचार बढ्छ । अहिले नेपालमा भएको मूल समस्या नै यही हो ।

समग्रमा भन्दा नेता र पार्टीको 'प्रष्ट दिशा' दलको केन्द्रमा 'सिद्धान्त', नेताको केन्द्रमा 'आदर्श' र शासनको केन्द्रमा 'शुसासान', यी तीन कुरा हुन आवश्यक छ । यसले सबैको चरित्र निर्माण गर्छ । त्यसले सहि दिशा समात्छ र देश समृद्ध हुन्छ । भ्रष्टाचार घट्छ । यदी यसो हुन सकेन भने पुनः भ्रष्टाचार बढ्छ । अहिलेको मूल समस्या नै यही हो । त्यसैले, कार्यकर्तादेखि ठूला नेताहरु समेत भ्रष्टाचारमा फसिरहेका छन् ।

# कालीगण्डकी डाइभर्सन गर्न नहुने कारण



**तुलसी राम पोखरेल**
आचार्य तथा अधिवक्ता

विश्वको एकमात्र शालिग्राम शिला उत्पादन गर्ने कालीगण्डकी नदी करोडौ वर्ष देखि अविछिन्न वग्दै आएको (हिमनदी) हिमालय मुस्ताङबाट बग्दै नारायणीमा मिलेको छ। यसको स्वरुप नै परिवर्तन हुनेगरी नेपाल सरकारले ल्याएको कालिगण्डकी डाइभर्स आयोजना संविधान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि विपरीत छ।

<u>**आयोजनास्थल**</u> **-** राम्दि देखि २ किलोमिटर तल २७ किलो मिटर सुरुङ खनी पाल्पाको रम्भा गाउँपालिका- ३ पिपलडाँडा क्षेत्रमा डाइभर्सनको बाँध रहने छ। वुटवल वेलवाससम्म थप ७ किलोमिटर सुरुङ अनेर तिनाउमा पानी झार्ने योजना सरकारको रहेको छ। यो नदी मुस्ताङको मुक्तिनाथबाट हिन्दुहरुको पवित्र, धार्मिक, सांस्कृतिक, पौराणिक पुष्प भूमि देवघाट नारायणी र त्रिवेणीसम्म रहेको छ। पृथ्वीको यो नदी आदि र अन्त्य नदी मानिन्छ। यो धार्मिक, संस्कृतिक, पौराणिक वैदिक सनातन, धर्मावलम्वीहरुको पवित्र एवं पुण्य नदी हो। वैदिक सनातन धर्ममा काली गण्डकीको जल आचमन गर्नाले मात्र पनि मुक्ति एवम् मोक्ष प्राप्त हुन्छ भनिएको छ।

कालीगण्डकी डाईभर्सन गर्नाले तटीय क्षेत्रको पर्यावरण जैविक विविधतामा ठूलो असर पर्छ। तटीय क्षेत्र भूक्षय भई हराभरा जलस्रोतहरु सुक्छन्। जलचर तथा थलचर जीवजन्तुसमेत संकटमा पर्छन्। वनविनाश, वातावरणीय क्षयीकरण, मानवीय स्वास्थ्य, जीवजन्तु वासस्थल, हिमालय, समुद्र, नदीनाला, जलवायुलगायत जोगाउन घोषणापत्र, प्रस्तावहरु र अन्तर्राष्ट्रिय सन्धी र महासन्धी भएका छन्। १९९७, १९९२, १९८५ र १९९२ मा वातावरणसँग सम्बन्धित भएका सन्धी तथा महासन्धीका पक्ष राष्ट्र भएको नाताले यी सन्धी, महासन्धीहरु नेपालमा बन्धनकारी हुन्छन्। विकासका अन्य सम्भावना हुँदा-हुँदै हाम्रो सभ्यतासंस्कृति माथि प्रहार हुने गरी ल्याइएको काली गण्डकी डाइभर्सन योजना कानून र नेपालको संविधानको धारा २६ (१) तथा (३) र धारा ३० विपरीत छ।

धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्थानुसार धर्मको अवलम्वन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ भन्ने संविधानको भावना रहेको छ, तर काली गण्डकी डाइभर्सन गर्ने सरकारका नीति र योजना संविधान र कानूनको भावना र मर्म विपरित छ। त्यस्तै सर्वोच्च अदालतबाट प्रतिपादित नजिरको विपरीत हुनेगरी सो नीति तथा योजना ल्याएर सरकारले संविधानवाद् र कानूनको शाासनको खिल्लि उडाएको छ। नेपालको संविधानको धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक रहेको छ। योगी नरहरिनाथ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेत २०५३

मा राष्ट्रिय महत्वको विषयहरुमा श्री ५ को सरकारले निर्णय गर्दा राष्ट्रिय हितलाई ध्यानमा राखेर संविधान तथा कानून विपरित नहुने गरी निर्णय गरिनुपर्ने भन्ने नजिर सिद्धान्त सर्वोच्च अदालतले प्रतिपादन गरेको छ ।

नेपालको संविधानको धारा २६ को उपधारामा (३) मा 'यस धाराद्धारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने गरी वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न गराउन वा कसैको धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन' भनिएको छ। त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ पनि उल्लेख छ ।

## शास्त्रमा शालिग्रामको रहस्य

शालेन वृक्षविशेषेण गभ्यते ज्ञायेत पर्वतविशेष शालग्राम गिरिस्तीर्थ विशेष शालाभ्यन्तरग्रामो समूहा यर्स्यस शालः शालस्य ग्राम शालग्राम शलगता वित्यस्माद्धातो शलति वायुना चलतीति ज्वलिति कसंतेभ्योण् इति णेकृते शाल इति सिध्यद्धायति इति व्युत्पत्यर्थ :

**अर्थ**- शालिग्राम घेरिएको शालग्राम शिलामा विष्णु स्त्री जातिबाहेक समूहमा स्थित भएर पूजा गर्न योग्य भएर बसेको देखिन्छ । शालग्राम गण्डकी नामकी स्त्रीत्व भावमा समाहित भएर बसेको कुरा आत्मसात् गरी शालङ्कायन नामका ऋषि शालग्रामको पूजा अर्चना गरेर आफ्ना सेवकहरुका साथ निवास गर्नु भएको तथ्य छ ।

शालग्राम वृक्ष समूहबाट भगवान नारायणको वोधक शालग्राम शव्द निर्माण हुन जान्छ । भगवान नारायणका विविध व्यूह नामहरु रहेका छन् । (१) विष्णु (२) कृष्ण (३) दामोदर (४) प्रद्दुम्न (५) संकर्षण (६) अनिरुद्ध (७) वासुदेव (८) नृसिंह (९) हय्ग्रीव ।

शालग्राम क्षेत्रमा गण्डकी नामकी देवीले दश हजार वर्षसम्म तप गर्दै भगवान विष्णु मै तल्लिन भइन् । गण्डकीदेवीले तन्मयकासाथ स्तुति गरिसकेपछि वरदान माग्न देवीसँग आग्रह गर्दा गण्डकीले भनिन्- 'मसँग हजूर प्रशन्न हुनुहुन्छ भने वाञ्छित वर दिनुहोस्, हे विष्णु- तपाई मेरो गर्भमा रहेर पुत्र हुन स्वीकार गर्नुहोस् ।' विष्णुले तथास्तु भनी वरदान दिनुभयो । सोही बरअनुसार गण्डकीको गर्भमा शालग्राम शिला भएर भगवान प्रकट भएको कथा छ । यस्ती सभ्यता, संस्कृति र धर्मको मूल मर्म बोकेकी काली नदीको डाईभर्सन गर्ने कुरा धर्मशास्त्रसमेत विपरीत छ ।

### (शालग्राम क्षेत्रका महत्वपूर्ण तीर्थहरु)

### कृष्ण गण्डकीका नाम

(१) असिता (२) सदानीरा (३) चक्रनदी (४) हिरव्यवती (५) दृषदवती (६) पुष्पवहा (७) धारणी गण्डी (८) गण्डिगुल्म (९) तमसा (१०) नारायणी (११) कृण्णाभा (१२) कृण्णा (१३) कालीगण्डकी (१४) गण्डकी (१५) कालगण्डिका (१६) करतोया (१७) जाक्षु

## कृष्णगण्डकीमा सम्मिलित सहायक नदी ८ वटा छन्

(१) मिर्सा (२) रहु राखु देविका (३) मंगल (४) मोदीवेनी (५) सेतीवेनी (६) आदि + आँधी + आधी + अन्धावती दीर्घतमा (७) रुद्र गंगा- खद्रवती वडीगाड (८) रुरुगङ्गा ।

कृष्णगण्डकी वा कालीगण्डकी गङ्गा हुन् । चितवन तनहुँ नवलपुरअन्तर्गत रहेको एकमात्र महान् तीर्थस्थल देवघाट, शालग्राम क्षेत्र, प्रथम हरिहर क्षेत्र आदि प्रयाग धाम हो । यो तीर्थस्थल वा नदी समुद्र सतहबाट २९० मिटर उचाईमा रहेको छ। यो तीर्थस्थल भारतस्थित ऋृषिकेशको तपोवनभन्दा श्रेष्ठ धार्मिक र भौगोलिक बनोट छ। मुक्तिनाथ धाम, कालिगण्डकी, शालीग्राम (यस नदीका तीर्थहरु) को धार्मिक महत्व सँगसँगै जोडिएको छ । कालिगण्डकी विनाको शालग्राम सनातन धर्ममा हुनै सक्दैन, मुक्तिनाथ तीर्थ कालीगण्डकी र शालिग्रामसँग जोडिएको विषय हो ।

**कालीगङ्गा-** तिव्वतको पठार टेथिस सागरमा रहेको मानस कल्पकी आदिगङ्गा कष्णगण्डकी तिब्वतकै थोक्छु गाउँभन्दा पर प्रकट भएको हिम नदी नेपालको लोमन्थाङसम्म आईपुग्दा ३५ कि.मी पार गरी प्रवाहित हुन्छिन् । लोमन्थाङबाट कृष्णगण्डकीको नामाकरणमा छुमाखोला निचुङखोला हुँदै सुर्खाङ ढिही गाउँमा पुग्दा दामोदर हिमालयबाट प्रवाहित हिम नदी दामोदर कुण्ड हुँदै दामोदर नदी वा तिरु खोला बन्दै ढिही खोलामा पुग्दा कालीगण्डकी र शालग्राम चक्रनदीको संगम हुँदा ४० कि.मि पार गरेको हुन्छ। कालीगण्डकी ३८.८ कि.मि पार गरेर सम्मिलित हुन्छ ।

यसरी दामोदर चक्रनदी र कालीगण्डकी मुक्ति ज्वाला र मुक्तिधारा १०८ धाराबाट प्रवाहित गण्डकी र चक्रनदी कृष्णगण्डकीको संगम भएर ताङ्ग्वे चैले छुसाङ गाउँ हुदै हिन्दुहरुको महान्तीर्थ कागवेणीमा तादाम्य स्वरुपमा कृष्णगण्डकीको नामाकरण वन्दछ ।

यस नदीको अमृततीर्थ जलाधार क्षेत्र ४६००० वर्ग किलोमिटर रहेको र अधिकांश अमृततीर्थ जलाधार भाग तिब्वतको पठार उपल्लो हिम भागबाट त्रिवेणी धाम- वाल्मीकी आश्रमसम्म भौगोलिक दुरी ४९५ कि.मी रहेको छ । यसले नेपालमा मात्रै ४८३ कि.मी भूभाग समेटेको छ ।

हिमनदी दामोदर कुण्ड चक्रनदी शालग्राम क्षेत्रको परिधी २९ योजन ९६ कोश ३०९ कि.मी मा देवघाट माण्डव्य ऋृषि र सालङ्कायन ऋृषिको तपोभूमि शालग्राम क्षेत्रमा रहेको छ। दामोदर कुण्ड मुक्ति क्षेत्र ३४ कि.मी छ । मनाङ र मुस्ताङ छुट्याउने थोरङला भञ्ज्याङबाट मुक्तिनाथ क्षेत्रमा आइपुग्ने मुक्ति हिमनदीको दुरी ७ कि.मी छ । थोरङला भञ्ज्याङबाट १८ कि.मी मा हिन्दुहरुको पवित्र तीर्थ कागवेणी छ ।

पवित्रतीर्थ दामोदर कुण्ड - देवघाट २६६ कि.मी
पवित्रतीर्थ मुक्तिनाथ - देवघाट २३२ कि.मी
पवित्रतीर्थ रुरुक्षेत्रबाट - देवघाट १६६ कि.मी

तिब्वतको पठारबाट - देवघाट ३९६ कि.मी
देवघाटबाट - त्रिवेणीधाम ९९ कि.मी छ ।

कालीगण्डकी कागवेणीबाट कागखोला आदि हुँदै अन्नपूर्ण र धवलागिरि हिमाललाई चिरेर पाताल गङ्गाको स्वरुप भएर वग्दछिन् । धवलागिरि र अन्नपूर्ण हिमालपछि मध्यपहाडी भूभाग वेनीदेखि रुरु क्षेत्र सम्म घेरिएको छ । रुरु क्षेत्रदेखि नागवेली हुदै पूर्व -उत्तरतर्फ मोडिएर महाभारत पर्वतलाई दक्षिण पारेर प्रवाहित हुँदै राम्दीसम्म कालीगण्डकी पुग्दछिन् । त्यहीबाट उत्तरतर्फ मोडिदा उत्तरबाहिनी गङ्गाको पवित्रतम् स्वरुपमा भएर हुँगीघाट केलादीघाटबाट पूर्वतर्फ मोडिएर स्वाल्टे भन्ने ठाउँमा पुगेर महाभारत पर्वत श्रृखलालाई सीधै काटेर दक्षिणतर्फ प्रवाहित हुन्छिन् । यस्तो हिमनदीलाई डाईभर्सन गर्नु राष्ट्र, राष्ट्रीयता, सभ्यता, संस्कृति, संविधान, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानून विपरीत छ ।

मत्सायणाचार्य विरचित भाब्य ऋग्वेद संहिता खिलभागमा कालीनदीलाई सीता, असिता, शुक्ला-सेती, सरस्वती नदी र असिता कृष्ण गण्डकीको प्रसङ्ग उल्लेख छ । त्यस्तै सायणाचार्य विरचित वाजसनेयी माध्यन्दिनी शतपथब्रह्मणमा सदानीरा नदी उत्तर हिमालयबाट प्रवाहित भएकी कहिल्यै पनि नसुक्ने एक नास रहने कञ्चन अमृतजल हो भनिएको छ । त्यसै नदीलाई नारायणी भनिन्छ । वौद्ध साहित्यमा ललितविस्तर ग्रन्थ निर्वाणगमन परिवर्तः मा वुद्धले हिण्यवती वा सुनपखालेको नदी पार गरेर शालवृक्षको वनभित्र प्रवेश गरी शालवृक्षमा निर्माण प्राप्त गर्ने वेलामा आफ्ना शिब्य आनन्दलाई अव मेरो निर्वाण हुने वेला भयो भनी उल्लेख गरेबाट-कालीनदी र शालीग्रामको महत्व कस्तो रहेछ भन्ने प्रस्ट हुन्छ । पौराणिक साहित्यमा ब्रह्मनिर्मित नारायण- विष्णुसित सम्बन्धित बहुतीर्थ विशाल शालग्राम चक्रनदी क्षेत्र रहेको कुरा उल्लेख छ । ब्रह्माद्धारा निर्मित ब्रह्मपुत्री चक्रनदी तुलसी, बाह्ममीगण्डकी नाम गरेको तीर्थ नदी रहेकी छन् जहाँ चक्रै- चक्रले युक्त (पाषाण) शालग्राम चक्रनदीको क्षेत्रमा भगवान नारायण अर्चावतार विष्णुका सन्निधिमा विशाल शालक्रम चक्र रहेको छ ।

मिथिला महात्म्यमा पनि कोशी र नारायणीको महत्व वर्णन गरिएको छ । हिन्दु धर्ममा पञ्चायन देवताको महत्व उल्लेख गर्दै कालीनदी हाम्रो सभ्यता र संस्कृति हो, राष्ट्र र राष्ट्रियतासँग जोडिएको कुरा हो भन्दै यसको चर्चा गरिएको छ । आर्यहरु, ब्रह्मर्षि, महर्षि, ऋषिहरु, राजर्षिहरु, अग्नि होत्रीहरुले वैद्धिक मन्त्र सहस्रशिषा ..... आदि १६ मन्त्रद्धारा पञ्चायन देवताको षोडशोपचार, पञ्चोपचार विधिले पूजा गर्दथे । हिन्दुले पञ्चायन देवताको पूजा र भगवानलाई अन्न भोग नलगाई अन्न ग्रहण गर्दैनन् । हिन्दुले विष्णु पञ्चायन, शिव पञ्चायन गणेशपञ्चायन देवी पञ्चायन र सूर्य पञ्चायन पूजा गर्नुपर्छ भनिएको छ । गणेश भास्करो, देवी, शिवो विष्णु पञ्चायन देवता हुन् । शालिग्राम भनेको विष्णु हुन् । शालीग्रामको अर्चना गर्दा गण्डकीको जल अपरीहार्य हुन्छ र स्नान प्राण प्रतिष्ठा-पूर्वाङ्गपूजा- उत्तराङ्ग पूजा गर्नुपर्छ । काली नदीमा स्नान गर्नाले जीवनका सारा पाप नाश हुन्छ र सहजै ब्रह्मलोक प्राप्त हुन्छ भनिएको छ । सरकारले आर्थिक वर्ष २०७८/०७९ मा कालीगण्डकी डाइभर्सन गर्ने निर्णय गरेको थियो ।

शोभियत संघले एउटा प्रोजेक्ट गरेको थियो । उजवेगस्थान र काजकिस्तानको बीचको नदी जसको नाम अमुडारे र डारे नदी थियो, डाईभर्सन गरेर ड्याम बनायो । नदी डाईभर्सनका कारण सन् १०६० देखि १९८९ सम्म समूह ६८००० हजार किलोमिटर स्वायर पानी सुकेर पछि समूद्र नै सुक्यो । अहिले त्यो समुद्र १०% मात्र बाँकी छ । यहाँका वासिन्दा विस्थापित भए, माछा मार्ने पेशा गुम्यो । धेरै व्यक्ति त्यहाँबाट विस्थापित भए । काली गण्डकी डाईभर्सनले तटीय क्षेत्रका वासीन्दाहरुको खेतका मूल सुक्छन्, मरुभूमिकरण हुन्छ र पर्यावरणमा ठूलो असर पर्छ ।

वराह पुराणअनुसार भगवान विष्णुले उत्तरी हिमालको भूखण्डमा तप गर्दा सारा संसार र चराचर प्राणी स्तब्ध भएका थिए । भगवान विष्णुले तप गर्दा उहाँको गण्डस्थल (गाला) बाट पसिनाको रुपमा गण्डकी प्रादुर्भाव भईन् । त्यस दिव्यनदी प्रकट भएको देखेर भूर्भूवस्वलोकदेखि महलोकसम्म रहेका देवगणहरु ब्रह्मासहित शिवजी भएको ठाउँमा पुगे । शिवले आफूसमक्ष आउनाको कारण सोद्धा ती भगवानहरुले सबै कुरा बताए । भगवान विष्णुको तपको कारणले यस्तो भएको हो भनी शिवजीले उल्लेख गर्नुभयो । त्यसस्थानमा भगवान शङ्कर, ब्रह्मासहित देवगण उपस्थित भए । एकातर्फ गण्डस्थलबाट गण्डकी झरझर निक्लेकी छन्, त्यसको चारैतर्फ कालो पहाड चक्रमय शालग्रामले घेरिएको छ । शङ्करले विष्णुसँग सोध्नुभयो- ‘यो तप केका लागि गरेको हो ?’ ‘त्रिलोकको कल्याणको लागि यो तप गरेको हो’ भनेर विष्णुले उत्तर दिनुभयो । शिवले ‘त्यसो हो भने यो क्षेत्र आजबाट दर्शन मात्रले मुक्ति दायक मुक्तिक्षेत्र नामबाट प्रसिद्ध हुनेछ, हजूरको गण्डस्थल (गाला) बाट पसिनाका रुपमा उत्पन्न भएकी गण्डकी नदी परम पवित्र नदीहरुमा सर्वोत्तम हुनेछिन्’ भन्नुभयो । काली नदीमा जुनसुकै कर्म गरेपनि सफल हुन्छ र कालीनदीमा स्नान गर्नाले मात्र मुक्ति प्राप्त हुन्छ भनिएको छ ।

हिमवत्खण्डमा कुमारले अगत्य ऋषिलाई भन्नुहुन्छ- जालन्धरकी पत्नी वृन्दाको सतित्व नष्ट गरेपछि वृन्दाबाट पाषाण हुने श्राप परेको कारणले शालिग्राम शिला र तुलसीको रुपमा भगवान विष्णु प्रकट हुनुभयो । त्यसैगरी शंखचूडकी पत्नी तुलसीको पनि भगवान विष्णुले सतित्व नष्ट गरेपछि तुलसीले पनि पाषाण (पत्थर) हुने श्राप दिन्छिन् । त्यसपछि तुलसी ब्रह्माकी पुत्री गण्डकी भएर प्रवाहित हुन्छिन् ।

नेपालमा हिमालदेखि तराई हुदै वगेका नदीहरु मध्ये कोशी, गण्डकी र कर्णाली तीन प्रमुख हुन् । यी तीन प्रमुख नदीमध्ये कोशी नदीको सम्बन्ध ऋषि विश्वामित्रसँग छ । सदानीरा- गण्डकी अग्नि तत्व तिरोहित नदीसँग ब्रह्मर्षि वशिष्ठसँग जोडिएको सावित्री- ब्राह्मी विद्या हो । कर्णाली र भेरी नदीको सँगम सिद्धनाथ धामसँग (जोडिएको) सरस्वती सोरी विद्या हो ।सदानीरा- नारायणी हो भन्ने कुरा वेदले स्पष्ट पारेको छ । आकारसहित अ, उ, म वर्ण र २४ अक्षर सहित २७ अक्षरका द्रव्टा ऋषि नारायण हुन् । शुक्लयर्जुबेदको ३०/२ मा गायत्रीमन्त्रको द्रव्टा र उत्पत्ति क्षेत्र सदानीरा- गण्डकी नारायणी क्षेत्रमा भएको हो । वाल्मिकि ऋषिको रामायण रचना पनि सदानीरा-गण्डकी नारायणीको भूमिमा भएको हो । माण्डव्य र सालङ्कायन ऋषिको तपोभूमि माडि अयोध्यापुरी साखु- सखुवा सालको जंगलले घेरिएको

विशाल भूमि हो भनेर वाल्मिकि रामायणको वालकाण्डमा उल्लेख छ ।

व्यवस्थाहरु आउँछन् जान्छन्, तर जुनसुकै तन्त्रमा सभ्यता, संस्कृति, रितिरिवाज, प्रथापरम्परा र धर्म देशको मूल निधि हुन् । जबसम्म हाम्रा प्राकृतिक नदीनालाको संरक्षण गर्न सक्दैनौ तबसम्म हामी र हाम्रो कानून कमजोर रहेछ भन्ने वुझ्नुपर्छ ।

कालीगण्डकी डाईभर्सन गर्नाले गण्डकी तटीय क्षेत्रमा वसोवास गर्ने कुमाल, वोटे (ढुङ्गा चलाएर जीवन निर्वाह गर्ने जाति), मगर, नेवार, ब्राह्मण, क्षेत्री, दलित वस्ती एवम् आदिकालदेखि वसोसास गर्दै आएका अन्य वस्तीहरुका जल, जमीन र जंगल नष्ट हुनेछन् । उनीहरुको मौलिक अधिकारसमेत हनन् हुनेछ । कालीगण्डकीको तटीय क्षेत्र राम्दिदेखि पाल्पा, स्याङ्गजा, तनहुँ देवघाट, चितवन, नवलपरासी, पुट्टार, वुलिङ्टार, डेढगाउँ, त्रिवेणीलगायत लुम्बिनी वस्तीलाई प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्दछ ।

विश्का १ अरव ३५ करोड हिन्दुहरुको आस्थाका केन्द्र कालीनदी जहाँ शालिग्राम पाइन्छ । जसको पुजन गर्नाले पुण्य प्राप्त हुन्छ, मोक्ष प्राप्त हुन्छ । यस्ती नदीलाई अप्राकृतिक रुपमा डाइभर्सन गरेर रुपन्देहीको तिनाउ खोलामा झार्ने गरी ल्याइएको योजना नेपालको संविधान तथा अन्तर्राष्ट्रिय सन्धि महासन्धि विपरित छ ।

## कालीगण्डकी र कालीनदीबाट तटीय क्षेत्रमा हुनसक्ने आम्दानी

१) सालिग्राम म्यूजियम स्थापना गरेर धार्मिक पर्यटकबाट वार्षिक लगभग छ अरव रुपैयाँ ।
२) हिन्दुहरुको चाडपर्व र नित्य पूजालाई गंगाजल नेपाल भारतमा वेचेर वार्षिक अनुमानित २० अर्व रुपैयाँ ।
३) नेपाल भारतमा आयुवेदिक औषधि तटीय क्षेत्रमा- तुलसी रोपेर वार्षिक आम्दानी २० लाख रुपैयाँ भन्दा बढी ।
४) कपास रोपेर जनै पूर्णिमामा जनै बेचेर वार्षिक करीव ५ अर्व रुपैयाँ ।
५) तटीय क्षेत्रमा सालकोपात, जडिबुटि, धुप, टपरी आदिबाट ३ अरब रुपियाँभन्दा बढी ।
६) मह उत्पादनबाट वार्षिक ५० करोड रुपैयाँभन्दा बढी ।
७) बाख्रा, भैसीलगायत पालन आदिबाट - ३ खरव रुपैयाँ भन्दा बढी ।
८) पक्षीपालनबाट- वार्षिक २० करोड रुपैयाँ ।
९) जडिवुटिबाट- वार्षिक - ५ अरब रुपैयाँ भन्दाबढी ।
१०) नदीको माछाबाट वार्षिक- २ अरब रुपैयाँ भन्दाबढी ।
११) अन्यबाट- वार्षिक ५ अरब रुपैयाँ ।

कालीगण्डकी डाइभर्सन गर्नाले रामदिदेखि देवघाट चितवनसम्मका हजारौँ विघामा रहेका साल सुख्खाको कारणले मर्ने छन् । तटीय क्षेत्रका खएरजस्ता अमूल्य आयुर्वेदिक वृक्षहरु मर्नेछन् । जलस्रोत वा मूल सुकेपछि हर्रो, वर्रो, परिजात, रुद्राक्ष, पीपल, वर, स्वामी जस्ता हजारौ वृक्षहरु सुकेपछि पर्यावरण र मानवीय जीवनमा ठूलो असर पर्ने छ । तटीय क्षेत्रका आयुर्वेदिक र अमूल्य जडिवुटि नाश हुनेछन् ।

कालीगण्डकी डाइभर्सन नगरी अन्य व्यवस्थापन पनि गर्न सकिन्छ। तिनाउको पानी व्यवस्थापन पर्न सके हजारौ विधा जमिन सिंचाइ हुन्छ । वर्षात्को पानी जम्मा गरी बुटवललगायतका ठाउँमा सिंचाई गर्न सकिन्छ ।

त्रिवेणी देवघाट मुक्तिनाथ जलमार्ग- काली गण्डकी जलमार्गबाट प्रशस्त आम्दानी गर्न सकिन्छ । नदी डाइभर्सन गर्नाले संघीयता धरापमा पर्ने, प्रदेश प्रदेश बीचमा द्धन्द वढ्ने हुनालेप्राकृतिक न्यायको सिद्धान्तअनुसार नदी जुन बाटोबाट बगेको छ त्यही बाटोबाट बग्न दिनुपर्छ ।

विष्णो पादोदकं पीत्वा पुर्न जन्म नविद्दते

जसले दिनहुँ गंगामा स्नान गर्छ उसलाई अकाल मृत्यु हुदैन, सम्पूर्ण रोग नाश हुन्छ र पुनर्जन्मपनि हुनु पर्दैन, स्वतः जीवन मुक्ति हुन्छ भनिएको छ । शालिग्राम अर्चनाले विश्वपावनी, विश्वपवित्र पार्दै आत्मा र देह शुद्धी मुक्ति (मोक्ष) प्राप्त हुन्छ भन्ने विश्वास छ ।

ये पिवन्ति नरा नित्य शालग्रामशिलाजलम् पञ्चगव्य सहसैस्तु प्राशितैः कि प्रयोजनम्

जसले शालिग्रामको जल नित्य सेवन गर्छ उसले पञ्चगव्य प्राशन गरिरहनु पर्दैन भनिएको छ । ब्राह्मण क्षत्रीय विशां सच्छुद्राणांमथापि वा शालग्रामेऽ धिकारोऽस्तिन चान्येषां कदाचन ॥ सबैवर्ण जातलाई शालिग्राम पूजा गर्ने अधिकार छ भनिएको छ ।

बह्मह्त्यादिकं पापं यत्तत्किञ्चित कुरुते नरः । तत्सर्व विलयं याति शालग्राम शिलार्चनात् ॥ जसले शालिग्रामको पूजा गर्छ उसले गरेका ब्रह्म हत्या ठूला-ठूला पापहरु समेत पखालिन्छ ।

शालग्रामान्तिके देशे श्रादं वर्ष शतं द्धिवि यः कुरुतेः नरः पितरस्तस्य तिष्ठन्ति तृत्ताः-जसले शालग्राम भगवानको सनिध्यमा (माता पिताको) श्राद्ध गर्दछ, त्यसका पीतृहरु तृप्त भएर अरुपनि सयकोडौ वर्षसम्म स्वर्गमा वास गर्छन् भन्ने विश्वास हिन्दुहरुको छ ।

शालग्राम शिलापूजा विना योस्श्राति मानवःास चाण्डालो हि मुढात्मा विण्ठायाँ जायते कृमीः ॥

अर्थात हिन्दु वैदिक धर्मावलम्वीले शालग्राम पूजा नगरी भोजन गर्दछ त्यो वष्ठाको कीरो भएर जन्मन्छ ।

यदि विप्र समुत्सृज्य शालग्राम शिलार्चनम् ।
स यति नरकं घोरं यावदाचन्द्रतारकम् ॥

कुनै पुरुष व्राह्मणले शालग्रामको पूजा गर्दैन भने, त्यो ब्रह्मण चन्द्रमा ताराहरुको अवधी-पर्यन्त नरकमा बस्दछ भनिएको छ ।

गण्डकी महात्म्य आदि शास्त्रमा शालिग्रामको धार्मिक महत्व दर्शाइएको छ । भन्ने विश्वास छ । तस्या दर्शन मात्रेण महापापि जनोपिच्मुच्यते सर्वपापे४यो ब्रह्मालोकं स गच्छति भनिएको छ ।

कार्तिक्यां पौर्णमास्यां च विशेष फलदा मता । नैवोपमा भवेतस्याः साक्षाब्रह्मस्वरुपिणी ॥ दर्शनात्स्पर्शनात्पापान्मुच्यते नात्र संशय।कार्तिक सकलं मासं य स्नास्यति नर प्रभो सर्वपाप विनिमुक्तो मुक्तिभागी न संशयः । तीर्था परमं तीर्थनां मङ्गलानाञ्च मंगलम् ।

महाभागवत् पञ्चम स्कन्धको अध्याय सातमा गलेश्वर चक्रशिलाको वर्णन गरिएको छ । प्राणान्तमा शालग्रामको चिन्तन पुजक दर्शन गर्नाले चरणामृत पान गर्नाले हृदय र शीरमा धारण गर्नाले जीवात्मालाई मुक्ति मिल्छ ।

कालीनदीपवित्र नदी हो । प्राणान्तमा यसको जल पान गर्नाले मुक्ति प्राप्त हुन्छ । जसले बहुमूल्य हीरा, सुन चाँदी उत्पादन गर्छ त्यो नदी विश्वको एकमात्र कालीनदी हो । यस नदीले चक्रशिला उत्पादन गर्छिन, त्यो शिला विश्व प्रसिद्ध छ । स्कन्ध पुराणमा भनिएको छ- जर्पाचनं हुतं दत्तं स्नातको यः करोति वै । कोटिकोटि गुण मर्त्यः फल प्राप्नोत्यगोचरम् (७९) अर्थात,कालीगण्डकीको तटमा शुभ कार्य गर्नाले कोटिकोटि फल प्राप्त हुन्छ ।

कालीगण्डकीको डाइभर्सन गर्नाले मानिस जलाउने घाटहरुमा ठूलो असर पर्ने छ । राम्दीदेखि देवघाटसम्मका नदी तटका मठ, मन्दिर पाटी पौवा भू-क्षय भई भत्कने र धार्मिक आस्थामा आँच आउने छ, देवघाटधाम एवम् तीर्थलाई पनि असर पर्ने देखिन्छ । हिमालयदेखि बगेको कालीनदीको प्राकृतिक बहावमा छेडछाड गर्नाले सुख्खा हुने बाढिपहिरो जाने र माछा, गोही जलचर जीवहरु नाश हुन्छन् ।

India River Linking Prospect एक विवादास्पद योजना हो । पर्यावरणीय तथा अन्तर्राष्ट्रिय सन्धीसम्झौता तथा प्राकृतिक नियम विपरित हिमाली क्षेत्रका १४ नदी, डेक्कैन पठारका १८ नदी र भारत अन्तर्गत ३७ वटा अन्तरप्रदेशीय नदी जडान गर्ने योजना बनाएको छ । जस अन्तर्गत नेपालका कोशी, गण्डकी, कर्णाली, महाकाली नदी डाईभर्सन पर्दछन् । यस आयोजनाको मुख्य उद्देश्य दक्षिण एसिया भारत पुगेर बग्ने पूर्वका सबै नदी प्राकृतिक प्रवाहलाई भारतको पश्चिम तर्फ लैजानु हो । पूर्वका प्राकृतिक नदीहरुलाई डाइभर्सनका माध्यमद्धारा भारतका सुख्खा पश्चिमी क्षेत्रमा भूमिगत पानी फुटाउने खुला सिचाई गरी कुल ३ करोड ५० लाख हेक्टर जमिन सिचाई गर्ने र ३४ हजार मेगावाट विजुली निकाल्ने उद्देश्य हो ।भारतको यो आयोजना सम्पन्न भएमा वार्षिक १७० अरव क्युविक मिटर भारतका पश्चिमी सुख्खा क्षेत्र सिचाई हुनेछ ।विश्वका महत्वपूर्ण नदीहरु डाईभर्सन गर्नाले ठूला-ठूला वस्ती स्थानान्तरण मात्रै भएका छैनन, राष्ट्र अन्तर्राष्टिय धार्मिक सांस्कृतिक सभ्यता नै नष्ट भएका धेरै उदाहरण छन् । कालीगण्डकी डाईभर्सन गर्नाले तटीय क्षेत्रका जीवजन्तु र पर्यायवरणमा ठूलो असर पर्दछ । संविधान, वातावरण कानूनर राष्ट्र अन्तर्राष्ट्रिय नियम र प्राकृतिक कानून अनुसार हिमनदीलाई डाईभर्सन गर्न पाईर्दैन । नेपालले अन्तर्राष्ट्रिय सन्धि महासन्धिमा हस्ताक्षर गरिसकेको छ । पक्ष राष्ट्रमा नेपाल पनि छ । यी सन्धि महासन्धिको पालन गर्नु नेपालका लागि बन्धनकारी हुन्छ ।

# नेपाली परिपेच्छमा महिला र मानवअधिकार



**अधिवक्ता शर्मिला थापा विष्ट**
**केन्द्रिय सदस्य, डि.एल.ए. नेपाल**

मानिसहरु बीच वर्ग, धर्म, वर्ण, लिङ्ग, जात, भाषा, भुगोल आदि कुनै पनि आधारमा गरिने भेदभावहरु मानवअधिकारका उल्लंघन मानी कानुनले दण्डनीय बनाएपनि संसारमा मानव यी विभेदबाट प्रताडित छन् । लैङ्गिक भेदभावका कारण एक्काईसौं शताव्दीमा आईपुग्दा समेत विश्व आक्रान्तित छ । समृद्ध मुलुकहरुमा पनि महिलाबाटै जन्मिएर महिलालाई हेर्ने दृष्टिकोण समान पाईंदैन । मानव अधिकारको चेतना र नागरिकहरुको सभ्यताको दृष्टिकोणले अमेरिका विश्वकै उच्च स्थानमा रहेको भएपनि अहिलेसम्म महिलालाई राष्ट्रपतिको रुपमा स्वीकारिएको छैन । जवकी महिला भन्दा बढी उत्पीडन र वहिस्करणमा परेको अश्वेत नागरिकबाट राष्ट्रपतिको दुई कार्यकाल भुक्तान भैसकेकोछ । दशकौंदेखि महिलाले देशको कार्यकारी प्रमुखको भुमिका निर्वाह गरेका अन्य समृद्ध मुलुकहरुमा समेत आममहिलाहरुको अवस्था संघर्षरत नै रहिरहेको छ । मर्यादाको दृष्टिले हेर्ने हो भने एक रथको दुई पाङ्गा भनी जीवनको हरेक क्षणमा एकअर्काको परिपूरक रहेपनि लिङ्गकै आधारमा महिला र पुरुषवीचको विभेदपूर्ण हैसियतबाट महिला अभिशप्त  हुनु विश्वकै लागि विडम्वना हो ।

सामाजिक मुल्य मान्यता, संरचना, आर्थिक पक्ष, शिक्षाको तह, भौगोलिक अवस्थिति, धर्म तथा संस्कृति आदिका आधारमा महिला र पुरुषवीच समाजले गर्ने फरक दृष्टिहकोणले महिलाहरु मानवअधिकारबाट विमुख छन् । जैविक भिन्नता भएपनि विवेक र सार्मथ्यमा कुनै भिन्नता हुदैन भन्ने तथ्यलाई उजागर गर्दै विश्वमा भएका लैङ्गिक समानताको आन्दोलनले आत्मसात गरेको विद्यमान सामाजिक परिवेश अनुरुप महिला वा पुरुषलाई समान विन्दुमा पुर्याउने अभीष्ठ अझै पुरा हुन सकेको छैन । प्रायः बिश्वदमा नै महिलाहरु पछाडी रहेका तथा महिलाकै उत्थानका लागि संघर्ष भईरहेकोले लैङ्गिक समानता भन्नाले महिला मात्र केन्द्र बिन्दुमा हुन्छ भन्ने भ्रम समेत पाईन्छ तर यसको अर्थ महिला, पुरुष दुवैको हैसियत र मर्यादालाई समान वनाउनु हो । महिला वा पुरुष एक आपसबाट शोषित वा उत्पिडित हुनु लैङ्गिक समानताको लागि बाधक हुन् । त्यसैले बिश्वमा नै समान लैङ्गिक हैसियत प्राप्तीका लागि समुदायले आ-आफनो संघर्षलाई प्रभावशाली ढंगबाट निरन्तरता दिईरहेका छन् ।

विश्वस्तरमै महिलाहरुले विभेद र अन्याय खेपिरहेको परिप्रेक्ष्यमा नेपाल पनि अछुतो छैन जसलाई हरेक दिन सार्वजनिक हुने घटनाहरुले उजागर गरेको छ। राजनीतिक परिवर्तनकालागि पनि महिलाहरुले २००७ सालदेखि आजसम्म हरेक आन्दोलनहरुमा सहभागिता जनाउँदै रगत र पसिना बगाएका छन् । पुरुषहरुको भन्दा कम योगदान नभएतापनि देशको आमुल राजनीतिक परिवर्तनका सशक्त संवाहक महिला वर्गको जीवन र मर्यादा अझै पुरुष सरह सम्मानित छैन ।

महिलाहरुलाई एउटा सशक्त शक्तिको रुपमा स्वीकार्दै हरेक राजनीतिक दलहरुले आन्दोलनमा भरपूर प्रयोग गरी आन्दोलन पछि दलहरु सत्तामा पुग्दा महिला शक्तिलाई कम आँकिन्छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कूल जनसंख्याको ५१ प्रतिशत महिला रहेको भएता पनि महिलालाई आरक्षणमा मात्र थन्काउने परिपाटीबाट समेत महिला अभिसप्ता छन् । महिला अधिकार स्थापनाकालागि समेत महिलाहरुले बिभिन्न कालखण्डमा स्वरुप र विषयवस्तु पनि परिस्कृत, परिवर्तन र विस्तार गर्दै विभिन्न आन्दोलनहरु गर्दै आईरहेका छन् । विगतको आन्दोलन राजनीतिक सहभागिता, कानुनको संशोधन, महिलाविरुद्धका धार्मिक, सांस्कृतिक, अन्धविश्वास, रुढिवाद परम्परा विरुद्ध तथा पैतृक सम्पत्तिमाथिको अधिकार, गर्भपतनको हक आदिको स्थापनाकालागि थियो तर आज समावेशी प्रतिनिधित्व, समग्र लोकतान्त्रिक अभ्यास, कानुनको शासन र स्वतन्त्र मानवीय गरिमा जस्ता वृहत पक्षहरुसंग जोडिएरको छ । यी सवैकालागि सर्वप्रथमतः कानूनी पक्षबाटै महिलाहरु सशक्त हुनुपर्ने कुरा मनन गरी लैंङ्गिक समानतासंग बाझिएका कानुनहरु परिमार्जन देखि नयाँ कानुन निर्माण सम्मको कामले निक्कै नै व्यापकता पाएकोले पछिल्ला दशकदेखि महिलाहरु कानुनी रुपबाट निक्कै सशक्त भएका अनुभव गर्न सकिन्छ जसले महिलालाई अंश हक, गर्भपतनको अधिकार देखि महिलाविरुद्धको वैवाहिक बलात्कारबाट न्याय पाउने मार्ग समेत प्रशस्त गर्यो । त्यस्तै महिला अधिकारकालागि थुप्रै कानुनहरु समेत निर्माण भएका छन् । यद्यपी तुलनात्मक रूपमा आर्थिक, सामाजिक, राजनैतिक एवं प्रशासनिक क्षेत्रमा महिलाको उपस्थति कमजोर नै छ ।

नेपालले संयुक्त राष्ट्रसंघले सन् १९४८ मा जारी गरेको मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई सन् १४ मे, १९९१ मा अनुमोदन गरेपछि महिला अधिकार स्थापनाको लागि नेपाल अन्तराष्ट्रिय रुपमा समेत प्रतिबद्धित छ । घोषणापत्रमा उल्लेख गरिएका अधिकारलाई वाध्यकारी वनाउने उद्देश्यले नारीको राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९५३, नागरिक तथा राजनीतिक अधिकार, १९६६ र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी अभिसन्धि, १९६६ लाई नेपालले अनुमोदन गरेकोले ति अधिकार आफ्ना नागरिकलाई दिलाउनु राज्यको वाध्यकारी दायित्व हो । विश्वस्तरमा रहेको लैङ्गिक विभेद अन्तकालागि संयुक्त राष्ट्रसंघले पारीत गरेको महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन सम्वन्धी महासन्धि, १९७९ को नेपाल पक्षराष्ट्र भएको हैसियतले महिलाका सम्पूर्ण मानवअधिकारलाई आफ्नो मुलुकभित्र लागु गराउन कानूनी व्यवस्था गर्नु पनि राज्यको दायित्वभित्र पर्दछ । नेपालको सन्धि ऐन २०४७ को दफा ९ ले व्यवस्थापिका-संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागू हुने जनाएको छ । राष्ट्रिय कानून र त्यस्ता सन्धिहरु परस्पर वाझिएमा सन्धिको प्रावधान लागु हुने स्पष्ट व्यवस्थाले पनि अभिसन्धिमा उल्लेखित अधिकारहरुको दावी गर्न सकिने आधार सुनिश्चित गरेको छ ।

संयुक्त राष्ट्रशसंघले सदस्य राष्ट्रका महिलाहरु विभिन्न खाले हिंसाको चपेटामा

परिरहेको कुरालाई मनन गरी सन् १९९३ मा महिला विरुद्ध हुने हिंसा उन्मुलन सम्वन्धी घोषणापत्र पारीत गर्यो । घोषणापत्रका कुराहरु वाध्यकारी नभएतापनि सदस्य राष्ट्रको हैसियतले त्यस अनुकुलको अवस्था निर्माण गर्न नैतिक बन्धनमा पारियो । सन् १९९५ मा नेपालको सरकारी र गैरसरकारी क्षेत्रको उल्लेख्य प्रतिनिधित्व भएको चीनको वेईजिङ्ममा सम्पन्न चौथो विश्व महिला सम्मलेनले पारीत गरेका वेइजिङ्ग घोषणापत्रमा उल्लिखित महिला सरोकारका १२ वुँदाको विशेष महत्व रहेको छ । वास्तवमा  सन् १९९३ को भियना घोषणापत्र तथा सन् १९९५ को चौथो विश्व महिला सम्मेलन वेइजिङ्ग घोषणापत्रले महिलाको मानव अधिकार पुरूष सरह हुने गरी मान्यता प्रदान गरेको छ । सो अनुरुप नेपालका महिलाहरुको अवस्था सुधार गर्न प्रयत्न भईरहेको छ । महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी, १९७९ ले महिला अधिकारलाई व्यवहारमा रूपान्तरण गर्न छुट्टै नीति, संस्थागत संरचना र बजेट विनियोजन हुनुपर्ने उल्लेख गरेको छ । वेइजिङ्ग घोषणापत्रले अधिकार प्राप्त स्वतन्त्र संस्थाबाट महिलाको हित र उन्नतिको प्रयास गर्नुपर्ने दायित्व सरकारको हुने भन्ने उल्लेख गरेको कारण नेपालमा २०५८/११/२३ (७ मार्च २००२) मा तत्कालीन सरकारको कार्यकारी निर्णयबाट राष्ट्रिय महिला आयोग गठन भयो । यस आयोगलाई राष्ट्रिय महिला आयोग ऐन, २०६३ र नियमावली २०६५ जारी भई कार्यान्वयनमा आएपछि कानुनी मान्यता प्राप्त भने वि.सं. २०७२ मा जारी नेपालको संविधानद्धारा  संवैधानिक मान्यता प्राप्त गरी आयोगको कार्यक्षेत्र तथा स्वरूप परिवर्तन भई अधिकार र कर्तव्य समेत संविधानमा नै तोकिए बमोजिम भयो । हाल राष्ट्रिय महिला आयोग ऐन, २०७४ जारी भई कार्यान्वयनमा रहेको छ ।

पञ्चवर्षीय योजनाहरुमा लैङ्गिक सशक्तिकरणकालागि कार्यक्रमहरु तय गर्नु, सहुलियत कर्जा उपलब्ध गर्नु, हुने गरेको छ । महिलाका नाममा घरजग्गा पास गर्दा महसुलमा भएको सहुलियतले धेरै महिलाहरु सम्पत्तीका मालिक समेत बनेका छन् । राजनीति लगायत शिक्षा, रोजगार लगायतमा पनि कोटा निर्धारण गरेर महिलालाई अघि बढाउने नीति अख्तियार गरिएको छ । राज्यसंयन्त्रमा महिला सहभागिता बढ्नुकासाथै देशका प्रमुख अंगहरुमा महिलाहरुले नेतृत्व गर्ने अवसर पाईसकेका छन् ।

२०६२/०६३ सालको लोकतान्त्रिक आन्दोलन, देशको राजनीतिक व्यवस्थालाई फरकधारमा लैजाने महत्वपूर्ण घटनाक्रम भएकोले नारी आन्दोलन र उपलब्धीका हिसावले पनि यसलाई कोशेढूंगा मान्नुपर्दछ । आन्दोलनलाई निर्णायक विन्दुमा पुर्या उन व्यापक महिला सहभागिताले भएकोले तत्पश्चातका हाँसिल गरेको उपलब्धीलाई कम आँक्न मिल्दैन । यसलाई २०६३ जेठ १६ गते पुनःस्थापित प्रतिनिधिसभाबाट पारीत महिला अधिकार सम्वन्धी संकल्प प्रस्ताव तथा हाल हासिल प्रगतिको प्रस्थानविन्दु मान्न सकिन्छ । समान नागरिकका कारण समान हैसियत प्राप्त गर्न मुख्यतया चारवटा लैङ्गिक सवालहरु उक्त प्रस्तावमा समेटिएको थियो । सन्तानलाई नागरिकता दिलाउन आमा बाबुको समान हैसियतको ग्यारेन्टी, राज्यसंयन्त्रमा एक तिहाई सहभागिताको अभ्यास गर्दै अन्ततः समानुपातिक सहभागिताको लक्ष्य भेट्ने सुनिश्चितता, विभेदकारी कानूनहरुको उन्मुलन तथा समग्र महिलाहिंसाका अन्त्य

जस्ता लैङ्गिक सवालका टड्कारा पक्षहरु उक्त प्रस्तावमा उल्लेख थिए । संकल्प प्रस्तावको भावनालाई सर्वप्रथम अन्तरिम संविधान २०६३ ले आत्मसात गर्यो, ३३ प्रतिशत महिला सहभागिता संवैधानिक प्रावधानमै समेटिने क्रमको त्यो सुरुवात थियो । जसका कारण पहिलो संविधानसभाको निर्वाचनबाट एकतिहाई महिला संविधान निर्माणमा संलग्न हुने ढोका खुल्यो तर दोस्रो संविधानसभाको निर्वाचनमा भने दलहरुको रवैयाका कारण ३० प्रतिशत समेत नपुग महिलाहरु मात्रै संविधानसभा पुग्न सफल भए । तर पनि नेपालको संसद, महिला सहभागिताको हिसावले विश्वको ४८ औं स्थानमा पर्न सफल थियो ।

संविधानसभाबाट जारी भएको नेपालको संविधान २०७२, महिलामुखी दृष्टिकोणले उत्कृष्ट र महिलाअधिकार प्रत्याभूतिको हिसावले प्रशंसित छ। संविधानका प्रावधानमा नेपाली महिलाहरु, पुरुष सरह बंश, अंश र पहिचानको अधिकारबाट वशीभूत छन्। महिलाअधिकारहरु मौलिक हकमै समेटिनु र महिलामैत्री संविधान बन्नसक्नुमा पुरुष सभासद्का साथ र महिला सभासद्का हस्तक्षेपकारी भूमिका दुवै महत्वपूर्ण थिए । देशमा हालसम्म बनेका ७ वटा संविधानमध्ये सवैभन्दा बढी महिलामुखी संविधानको दर्जा पाएको यो संविधानले मौलिक हक अन्तर्गत नै लैङ्गिक समानताको ग्यारेन्टी गरेको छ । नयाँ संविधानको कार्यान्वयनसंगै महिलालाई राष्ट्रपतिको कार्यभार मुलुककै पहिलो सुखद पक्ष हो । सोही किसिमको किर्तिमान देशको व्यवस्थापिका र न्यायपालिकाले समेत रच्ने अवसर पायो । राष्ट्रपतिसहित व्यवस्थापिका प्रमुख र न्यायपालिका प्रमुखमा नेपाली महिलाको ऐतिहासिक भूमिका विश्वकै लागि समेत उल्लेखनीय दृष्टान्त सावित भयो । राज्यका सवै निकायमा तेत्तीस प्रतिशत सहभागिताको पूर्ण कार्यान्वयन नभए पनि महिला उपस्थिति उत्साहजनक हिसावले बढिरहेको छ । देशले संघीयतामा प्रवेश गरेपछि सम्पन्न तिनवटै तहको निर्वाचनमा महिला सहभागिता सम्मानजनक रहेपनि पछिल्लो स्थानीय निर्वाचनमा भने गठबन्धन तथा राजनैतिक दलका रवैका कारण महिला सहभागिता आशातित रहन सकेन ।

देश संघीयतामा प्रवेशपछि सम्पन्न तिनवटै तहको निर्वाचन मार्फत महिला सहभागिताले अझ विस्तार हुने मौका पायो । स्थानीय निकायदेखि संघीय संसदमा महिला उपस्थिति विगत भन्दा सम्मानजनक स्थितिमा रहेको छ । महिला अधिकारकालागि नेपालमा जे जति उपलब्धी हासिल भएका छन्, ती सवै राजनीतिक र महिलावादी आन्दोलन दुवैको सम्मिश्रणबाट भएको हो । महिला सार्वजनिक सरोकारका मुद्दाहरु उपर अदालतले समय समयमा गरेका प्रसंशनीय आदेशहरुले पनि महिलाको राजनीतिक, सामाजिक तथा कानुनी आन्दोलनलाई ठूलो भरोसा दिलायो, राज्य र राजनीतिक दलहरुलाई महिला समानता स्थापनाकालागि उत्तरदायी बनाउने परिवेश खडा गर्यो । तर पनि महिला अधिकार प्रत्याभुतीकालागि सिद्धान्त र व्यवहारवीचका अन्तरविरोधहरुको अन्त्य हुनसकेको छैन । संविधानका प्रावधान कार्यान्वयनको कसीमा घोटिन नसक्दा महिलाहरुको अधिकारप्राप्तीको गन्तव्य अझै अनिश्चित नै छ ।

महिलाले आफ्नो पहिचान र अधिकारको खोजी गर्न पाउनु नैसर्गिक अधिकार हो । यो अधिकार संयुक्त राष्ट्रसंघले नेपालकालागि श्रृजना गरेको दायित्व र मुलुकमा विकसित कानुनी

अवस्थाले अझ बढी शसक्त बनाएको छ । देशमा राजनीतिक परिवर्तनको कोर्स पुरा भएको छ तर लैङ्गिक लगायत अन्य विभिन्न विभेदलाई कायम राख्ने सामाजिक, साँस्कृतिक, धार्मिक, अन्धविश्वासी चालचलन, प्रथा, परम्परा लगायतको कोर्सहरुमाथि आवश्यकता अनुसार आन्दोलन हुन सकेको छैन । महिला सवालमा महिला मात्रै संवेदनशील भएर पुग्ने नभई यो पुरुष र महिला भन्दा पनि लैङ्गिक समवेदनशिलताको विषय हो । राज्य संयन्त्रमा महिला सहभागिता बढ्नु र शासन संचालनको प्रक्रियामा महिलावादी मानक स्थापित हुनु महिला आन्दोलनको एउटा ठूलो उपलब्धी हुनसक्ला तर जिम्मेवारीका पदमा रहेका हरेक पुरुषहरु लैङ्गिक समानताप्रति जवाफदेही नभई ठोस प्रतिफल हासिल हुन सक्दैन । अवको आवश्यकता महिलाहरुो आर्थिक सशक्तिकरणको हो । आत्मनिर्भर नभई महिलाहरुले आत्मनिर्णयको अधिकार उपभोग गर्न सक्दैनन् । महिला अधिकार मानवअधिकार हो भन्ने कुरा अन्तराष्ट्रिय दस्तावेजदेखि देशको संविधान र कानुनहरुले व्यवस्था गरिसक्दा पनि व्यवहारमा त्यो चरितार्थ हुन नसक्नुका धेरै कारणहरु जिम्मेवार छन् । ती मध्ये शासन सत्तामा रहेका नेताहरुको पितृसत्तात्मक सोचले धेरै अवरोध खडा गरिरहेको छ भने संविधान र कानुनका प्रावधानहरु कार्यान्वय हुन सकि रहेका छैनन् । सामाजिक तथा पारिवारिक तहमा पनि पितृसत्ताको जगजगीले महिलाहरु अन्याय अत्याचार खेप्न वाध्य छन् । कानुनमा उल्लेख गरिएका उपचार पाउन समेत पीडितले सडक आन्दोलनमा उत्रिनु पर्ने अवस्था सामान्य भईरहेको छ भने पीडकहरुले दण्ड सजायको दायराबाट प्रायःजसो उन्मुक्ति पाउने गरेका छन् । देशको आधा हिस्सा ओगट्ने महिलाहरु उत्पीडन, अन्याय, अत्याचार र शोषणको दलदलमा जहिलेसम्म परिरहन्छन्, समग्र देशको उन्नती असंभवप्रायः रहिरहन्छ । तसर्थ राज्यले पुरुषसरह महिलामा अन्तरनिहित मानवअधिकारको रक्षाको खातिर सुन्य सहनशीलताको नीति अवलम्वन गर्दै लैङ्गिक सशक्तिकरणकालागि आवश्यक सवै उपायहरु अपनाउनु जरुरी छ ।

अठारौं शताव्दीमा नारीवादी अवधारणा सुरु हुनुभन्दा अघि युरोप अमेरिकामा समेत महिलाको स्थिति राम्रो थिएन । उनीहरु घरायसी कामकाज र पुरुषका सहायकको रुपमा मात्र चिनिन्थे । सन् १७८९–१७९० को फ्रान्सेली राज्यक्रान्ति र सन् १९८३ मै सम्पन्न अमेरिकी क्रान्तिले अमेरिका र युरोपेली मुलुकमा प्रजातान्त्रिक अधिकार र स्वतन्त्रता हासिल गरायो तर त्यसबाट लाभ लिने केवल पुरुषहरुमात्र देखिए । महिलालाई आफ्नो स्वविवेक प्रयोग गर्ने, शिक्षा हासिल गर्ने, रोजगारी प्राप्त गर्ने तथा रोजगार महिलालाई पुरुष सरह समान ज्यालाको हक थिएन । पुरुषसरह समान् हैसियत र अधिकारको प्राप्तिकैलागि महिलाहरु आन्दोलित भए र यसै क्रममा नारीवाद अगाडी सारियो । पुरुषको दासत्वबाट मुक्त भएर स्वतन्त्र र निर्णायक हुने क्षमता हरेक नारीहरुले विकास गर्नुपर्छ भन्ने उद्घोषकासाथ विश्वस्तर अझ भनौं युरोपबाट महिलावादी अभियान सुरु भएको थियो । अभियान अघि बढ्दै जाँदा महिलाहरुले उपलब्धी हासिल गर्दै रहे । सुरुवातदेखि अहिलेको अवस्थासम्म आईपूग्दा नारीवादी आन्दोलनले गौरवमय इतिहास बनाईसकेको देखिन्छ तर पनि समानताको कसीमा संसारभर नै महिला आन्दोलन अझै पनि संघर्षकै चरणमा अघि बढिरहेको छ ।

हरेक मुलुकमा त्यस देशका महिलाद्वारा संचालित आन्दोलन मात्र हैन, विश्वस्तरमै लैङ्गिक समानता स्थापनाकोलागि संयुक्त राष्ट्रसंघको प्रयास पनि उत्ति नै उल्लेखनीय छ, जसले आफ्ना हरेक सदस्य राष्ट्रहरुलाई महिला सवालउपर उत्तरदायी बनाउन र विश्वव्यापी रुपमा महिला अधिकारलाई मानवअधिकारको रुपमा स्थापित गर्न भरमग्दुर प्रयास गरिरहेको छ । संयुक्त राष्ट्रसंघले सर्वप्रथम सन् १९४८ मा मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेर “सवै मानव स्वतन्त्र जन्मन्छन्, अधिकार र मर्यादाको हिसावले सवै समान छन्” भन्ने उद्घोष गऱ्यो । मानिसको सम्मान, मुल्य तथा महिला र पुरुषको समान अधिकार उल्लेख भएको यस घोषणापत्र नै संयुक्त राष्ट्रसंघको पहिलो अन्तराष्ट्रिय दस्तावेज थियो । आफ्ना सवै सदस्य देशहरुकालागि उक्त कुरा वाध्यकारी बनाउन घोषणापत्रकै प्रावधानहरुलाई समावेश गरेर सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार, अनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक २ अनुवन्ध ल्याईए । दुवै अनुवन्धलाई अनुमोदन गर्ने मुलुकहरुले पनि नागरिकहरुवीच लैङ्गिक समानताको मुद्दालाई निश्चित उचाईमा पुर्याईउन सकेनन् । तसर्थ विश्वस्तरमा लैङ्गिक समानता कायम गर्ने संकल्पलाई व्यवहारिक रुपमा ढाल्नकालागि सन् १९७९ मा राष्ट्रसंघले ‘महिला विरुद्धका सवै प्रकारका भेदभाव विरुद्धको महासन्धि (CEDAW) पारीत गरेर सदस्य देशहरुलाई लैङ्गिसमता स्थापना गर्न निर्देश गर्योव, आफ्ना मुलुकमा महिला अधिकारको अवस्था समुन्नत बनाउन भएका कामहरुबारेमा आवधिक प्रतिवेदन पेश गर्नुपर्ने संयन्त्र निर्माण गरियो, सरकारी प्रतिवेदनको सत्यता जाँच्न गैरसरकारी संस्थाहरुको छाया प्रतिवेदन पेश गर्ने सम्मका उपायहरु अख्तियार गरियो ।

यस बाहेक राष्ट्रसंघ अन्तर्गत महिला सम्वन्धी अन्य दर्जनौं दस्तावेज, प्रस्तावहरु पारित भएका छन्, संयन्त्रहरु बनाईएका छन् ।  राष्ट्रसंघीय महासभाले सन् १९७६ देखि १९८५ सम्म ‘महिलाकालागि संयुक्त राष्ट्रसंघ दशकः समानता, विकास र शान्ति’ को घोषणा गर्योद । महिला सवालमाथि विश्वव्यापी छलफल गर्नकैलागि ४ वटा विश्व महिला सम्मेलन भए । सन् १९९५ को सेप्टेम्बर ४ देखि १५ सम्म चीनको बेईजिङमा संयुक्त राष्ट्रसंघको महिलासम्वन्धी विश्वव्यापी चौथो सम्मेलन सम्पन्न भयो । जसमा १७ हजार प्रतिनिधि र ३० हजार जति अभियन्ता भेला भएका थिए । यसले संसारभरका महिलाको विकासकालागि जोडदार माग गर्यो१ । मानवअधिकार, गरिबी, आर्थिक समावेशिता, महिलामाथि हुने हिंसासम्वन्धी विषयमाथि सम्बोधन गरिएको सम्मेलनले ‘महिला अधिकार मानवअधिकार हो’ भन्ने घोषणा गरेको थियो । १८९ देशहरुबाट सहभागि भएका महिलाहरुले बेईजिङ् घोषणापत्र र कार्ययोजना पारित गरे । त्यसपछि पाँच पाँच वर्षको अन्तरालमा भईरहेको उक्त सम्मेलनको विश्वव्यापी समिक्षाले यसलाई ठोस आकार दिने काम गरिरहेको छ । यी लगायत संयुक्त राष्ट्रसंघले महिलाको मानवअधिकार सम्बर्धनकालागि निरन्तर प्रयास गरिरहेको छ तर व्यवहारमा समकक्षी पुरुषको तुलनामा जुनसुकै मुलुकका महिला अझै हाराहारीमा पुग्न नसकी पछाडी नै परिरहेको अवस्था विद्यमान छ । महिलाअधिकार र मानवअधिकारलाई अलग अलग ढंगले वुझ्ने क्रम अझै टुंगिएको छैन ।

# मुलुकी अपराध संहितामा वातावरणीय विषयवस्तु



**अधिवक्ता झबिन्द्र ज्ञवाली**

जंगबहादुर राणाले बेलायतबाट फर्केपछि देशका सबै नागरिकको लागि समान न्याय हुन सकोस भन्ने उद्धेश्य राखेर वि.सं. १९१० मा मुलुकी ऐन तयार गर्न लगाएका थिए । देशमा सामाजिक स्थिरता र विधिको शासन ल्याउने दिशामा यो ठुलो छलाङ नै थियो । देशमा छरिएर रहेका प्रथा, परम्परा र केहि बेलायत तथा छिमेकी देशमा प्रचलित अभ्यासलाई समेत नेपाली समाज अनुसार रुपान्तरण गरेर पहिलो मुलुकी ऐन तयार गरिएको थियो । त्यो मुलुकी ऐनमा १६३ वटा महल (खण्ड) हरु रहेका थिए । अधिकाशं महलहरु सामाजिक सुव्यवस्था, पारिवारिक व्यवहार, सामाजिक अपराध र दण्डमा केन्द्रित रहेका भएपनि २ वटा महलहरु वातावरणसंग सम्बन्धित रहेका थिए । १९१० को मुलुकी ऐनको रुख काट्न्याको महल (३२ औ महल) मा कसैले पनि अर्काको जग्गाको रुख काट्न नहुने, बाटा, कुलो र पँधेराका रुख काट्न नहुने र त्यस्ता रुख काटेमा ४ रुपैया सम्म जरिवाना गर्ने कुरा उल्लेख थियो । त्यसैगरी गल्लि सफा (महल ७९) मा सार्वजनिक स्थल, अर्काको घरजग्गा र सडकमा फोहरमैला गर्न नपाइने र त्यसो गरेमा दण्डनिय हुने कुरा उल्लेख गरिएको थियो ।

जंगबहादुरले बनाएको मुलुकी ऐन वि.सं. २०२० मा संसोधन गरि नयाँ मुलुकी ऐन ल्याइएको थियो । नयाँ मुलुकी ऐन बनेको ५४ वर्ष पछि यसमा गरिएको व्यवस्थालाई विभिन्न ५ वटा ऐनमा समाबेश गरेर नया ऐनहरु ल्याइएको छ । २०७५ भाद्र १ देखि देवानी संहिता, अपराध संहिता, देवानी कार्यविधि र फौजदारी कार्यविधि ऐनहरु लागु भएपछि १६५ वर्ष अघि जंगबहादुरले बनाएको नेपालको पहिलो कानून र ५४ वर्ष अघि राजा महेन्द्रले बनाउन लगाएको नया मुलुकी ऐनहरु विधिवत रुपमा हराएर गएका छन । वि.सं. २०२० को नयाँ मुलुकी ऐन तत्कालिन समाजको लागि प्रगतिशील र स्वीकार्य भएपनि देवानी र फौजदारी विषयवस्तुहरु एकै ऐनमा समेटिएको, कतिपय कार्यविधिहरु अस्पष्ट भएको र वर्तमान सामाजिक आवस्यकताहरुलाई समेट्न नसकेकोले त्यसमा परिवर्तन गर्नु आवस्यक थियो । यहि कारणले झन्डै ४२ वर्षको प्रयास पछि देवानी र फौजदारी ऐन र कार्यविधिहरु छुट्टाछुट्टै आएका छन् । नयाँ संहितामा गरिएका व्यवस्थाले भविस्यमा सामाजिक व्यवहार, सुव्यवस्था र न्याय पद्धतिमा कस्तो असर पार्नेछ भन्ने कुराको चिरफार गर्न र यो ऐनका राम्रा कुराहरुको लेखाजोखा गर्न त कम्तिमा एक दशक कुर्नु नै पर्नेछ तर अहिले हेर्दा वातावरणिय दृष्टिले मुलुकी अपराध संहिता २०७४ लाई १६४ वर्ष यता मुलुकी ऐनमा भएका सुधार र थपघट मध्ये सबैभन्दा राम्रो सुधार भएको अवस्थामा देखिएको छ ।

मुलुकी अपराध संहिताको परिच्छेद ५ मा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा र नैतिकता विरुद्धका कसुरहरु समावेश गरिएको छ। यो परिच्छेदको दफा १०४ मा कसैले कसैको ज्यानलाई खतरा पुर्याउन सक्ने कुनै किसिमको संक्रामक रोग फैलाउने वा फैलिन सक्ने कुनै कार्य गर्न नहुने र यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई नियतपुर्वक वा जानीजानी गरेको भए दश वर्षसम्म कैद र एक लाख रुपैयासम्म जरिबाना, लापरवाहीपूर्वक गरेको भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयासम्म जरिबाना र हेलचेक्र्याइँपुर्वक गरेको भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने व्यवस्था छ। त्यसैगरी दफा १०७ मा कसैले सर्वसाधारणले खाने, पिउने वा सेवन गर्ने पदार्थमा खान, पिउन वा सेवन गर्न नहुने कुनै हानिकारक पदार्थ वा खान पिउन वा सेवन गर्न हुने कमसल पदार्थ वा हानिकारक रासायनिक पदार्थ मिसावट गरी उत्पादन गर्न, बिक्री वितरण गर्न वा म्याद नाघेको वा मिसावट भएको खाद्य पदार्थ बिक्री वितरण गर्न वा निर्धारित स्तरभन्दा न्युन स्तरको खाद्य पदार्थ वा अखाद्य पदार्थ बिक्री वितरण गर्न वा पैठारी गर्न वा बिक्री वितरणको लागि राख्न नहुने कुरा उल्लेख छ। यी दुई दफामा गरिएको व्यवस्थाले खासगरी खाद्य पदार्थमा गरिने मिसावट तथा अस्वस्थकर खाद्य पदार्थको विक्री वितरणले स्वास्थ्यमा प्रतिकुल असर परेमा त्यस विरुद्ध कानूनी लडाई लड्न मात्र नभई स्वास्थ्य संस्थाको लापरवाहीको कारणले कुनै रोग फैलिन गएमा कारवाही गर्न समेत सजिलो हने देखिन्छ। पछिल्लो समयमा खानेपानीका श्रोतहरुमा विष हालेर जलचर मार्ने, औद्योगिक फोहरमैला पानीका श्रोतहरुमा मिसाउने प्रवृति बढ्दै गएको छ। पानी प्रदुषित हुदा जनस्वास्थ्य र सिचाईमा प्रत्यक्ष असर पुगिरहेको गुनासाहरु समेत बढी रहेका छन्। कसैले सर्वसाधारणले पिउने पानी वा पिउने पानीको मुहानलाई पिउन नहुने गरी दुषित गर्न वा पिउने बाहेक अन्य कुनै काममा प्रयोग हुने पानीलाई त्यस्तो काममा प्रयोग गर्न नहुने गरी दुषित पार्न नहुने र त्यसो गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुन सक्ने ब्यवस्था दफा १११ ले गरेको छ।

वातावरण संरक्षण ऐन २०७६ को दफा १५ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेष्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा जोखिमपूर्ण पदार्थ निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नको लागि आवश्यक मापदण्ड निर्धारण गर्न सक्ने र कसैले पनि जनजीवन, जनस्वास्थ्य एवं वातावरणमा उल्लेखनीय प्रतिकूलं प्रभाव पार्ने गरी प्रदूषण गर्न वा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीतको काम गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था गरीएको भएपनि प्रदुषण गरेमा के गर्ने भन्ने बारेमा सो ऐनमा स्पष्ट छैन। वातावरण संरक्षण ऐनमा भएको त्यहि कमजोरीलाई सम्बोधन गर्ने काम मुलुकी अपराध संहिताको दफा ११२ ले गरेको छ । ऐनको उपदफा १ अनुसार कसैले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पुर्‍याउने गरी फोहोरमैलाको उत्पादन, प्रसारण वा निष्काशन गर्न वा थुपार्न हुदैन र यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ब्यवस्था छ भने उपदफा २ ले कसैले सर्वसाधारणको स्वास्थ्यमा हानि पुर्‍याउने गरी वा जीउ ज्यानको लागि खतरा हुन सक्ने गरी प्रदृषण गर्न वा

कानून बमोजिम अधिकार प्राप्त अधिकारीको इजाजत विना यान्त्रिक साधनबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण वा जोखिमपूर्ण फोहर मैलाको उत्पादन, प्रसारण वा निष्काशन गर्न वा थुपार्न नहुने र यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ब्यवस्था छ ।

मुलुकी ऐन, २०२० मा पशु करणी र गोबध बन्देजका कुराहरु मात्र भएपनि मुलुकी अपराध संहितामा भने पशु अधिकारका कुराहरु समेत समावेश गरिएको छ । यो ऐनको दफा ११६ ले पशुपन्छी राख्दा लापरवाही गर्न नहुने र कसैले पालेका पशुपन्छिले अन्य कसैलाई हानी नोक्सानी पुऱ्याएमा सजाय हुने व्यवस्था गरेको छ भने दफा ११७ ले पशुपन्छी छाडा छोड्न नहुने तथा दफा २९० मा आफूले पालेको पशुपंक्षी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रुपमा छाड्न नपाइने व्यवस्था गरेको छ । यी व्यवस्थाले आफुलाई फाइदा हुँदासम्म कुकुर, गधा, गाइ-गोरु पाल्ने र आफ्नो स्वार्थ पुरा भएपछि तिनीहरुलाई छाडा छोड्ने प्रवृति रोक्न पक्कैपनि मद्दत पुग्ने देखिन्छ । मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २७ मा पशुपन्छी सम्बन्धि कसुर हुने अवस्था उल्लेख गरिएको छ । यो ऐनको दफा २८९ मा गाई ,गोरु मर्ने वा चोट पुऱ्याउने नियतले कुनै कार्य गर्न नहुने र गरेमा अवस्था हेरी कैद र जरिवानाको व्यवस्था गरिएको छ । ऐनको दफा २९० ले पशुपन्छी प्रति निर्दयी व्यवहार गरेमा तिन महिना सम्म कैद वा पाँच हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ भने दफा २ ९१ ले कसैले पनि कुनै पशु वा पक्षींलाई परम्परादेखि बली दिँदै आएको धार्मिक स्थल बाहेक अन्य कुनै पनि सार्वजनिक स्थलमा मार्न नपाइने व्यवस्था गरेको छ । दफा २९० र २९१ को व्यवस्थाले पशुपन्छी प्रति हुने निर्दयी व्यवहार रोक्न मद्दत पुग्ने भएपनि पशु अधिकारवादीहरुले माग गरेजस्तै बलिप्रथामा रोक लगाएको भने देखिदैन ।

पछिल्ला वर्षहरुमा प्राकृतिक र सार्वजनिक सम्पतिमा अतिक्रमण बढिरहेको छ । सुकुम्बासीको नाममा, सामाजिक संघ सस्थाको नाममा सार्वजनिक सम्पत्तिलाई कब्जा गरेर फाइदा लिने प्रवुति जताततै देखिएको छ र यसलाई राजनैतिक संरक्षण समेत प्राप्त भएकोले रोक्न सकिएको छैन । वन ऐन २०७६, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९, भू संरक्षण ऐन, स्थानीय सरकार संचालन ऐन २०७४ लगायतले सार्वजनिक सम्पदा अतिक्रमण रोक्ने व्यवस्था गरेको भएपनि यो काम प्रभावकारी नदेखिएकोले पहिलो पटक सार्वजनिक सम्पति अतिक्रमणलाई आपराधिक कार्य भनि परिभाषित गर्ने र सजाय तोक्ने काम अपराध संहिताले गरेको देखिन्छ । संहिताको दफा १४८ मा कसैले कुनै सार्वजनिक सम्पदा दर्ता गरी वा नगरी निजी बनाउन वा त्यस्तो सम्पदाको सार्वजनिक भोग चलनमा कुनै किसिमले बाधा अवरोध गर्न वा अन्य कुनै किसिमले कब्जा, आवाद वा अतिक्रमण गर्न वा त्यस्तो सम्पदालाई कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुऱ्याउन नहुने र यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था गरेको छ । त्यसैगरी दफा १४९ मा कसैले कानून बमोजिम बाहेक प्राकृतिक सम्पदामाथि कुनै किसिमले अतिक्रमण वा कब्जा गर्न वा त्यस्तो सम्पदा बिक्री वितरण गर्न

वा त्यसको प्राकृतिक बनावट वा सौन्दर्यमा कुनै किसिमले हानि, नोक्सानी वा क्षति पुऱ्याउन नहुने र यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई दश वर्षसम्म कैद र बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा दशलाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ भन्ने उल्लेख गरिएको छ । यी व्यवस्थाले इच्छाशक्ति भएका स्थानीय सरकारलाई प्राकृतिक श्रोत र सार्वजनिक सम्पतिमा हुने अतिक्रमण रोक्ने बलियो आधार प्रदान गरेको छ ।

नयाँ मुलुकी ऐन ल्याएको ५४ वर्ष पछि यसलाई अन्त्य गरि यसमा उल्लेखित प्रावधानहरुलाई समय सापेक्ष संसोधन गरि देवानी र फौजदारी संहिता ऐन ल्याइएको छ। यो ऐनले वातावरण, प्राकृतिक र सार्वजनिक सम्पदा विरुद्धका कार्यलाई कसुर मानेर सजायको व्यवस्था गरेको छ। वातावरण संरक्षण सम्बन्धि थुप्रै कानूनहरु प्रचलित भएपनि त्यसको सफल कार्यान्वयन हुन नसकेको वर्तमान अवस्थामा आएको नयाँ मुलुकी अपराध संहिता २०७४ ले देशमा कत्तिको असर पार्ला, त्यो हेर्नको लागि त कम्तिमा एक दशक कुर्नै पर्नेछ । स्थानीय सरकार र प्रदेश सरकारले यो ऐनको मर्म अनुसार ऐनहरु बनाएर लागु गर्न सकेमा जल, जमिन, जंगल र प्रदुषण सम्बन्धि धेरै अपराधहरु यो ऐनबाटै नियन्त्रण गर्न सकिने कुरामा भने शंकै छैन ।

*(नोटः लेखक डि.एल.ए नवलपरासीबाट महाधिवेशन प्रतिनिधि हुनुहुन्छ )*

# नेपाली काँग्रेस, डि.एल.ए. र प्रजातन्त्र



**अधिवक्ता सरोज अधिकारी**
केन्द्रीय सदस्य
नेपाल डेमोक्रयाटिक लयर्स एशोसियसन

राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई मुख्य सिद्धान्त मानेर स्थापना भएको नेपाली काँग्रेसले देशमा प्रजातन्त्रका लागि भएका हरेक आन्दोलनको नेतृत्व गरेको कुरा हामी सबैका सामु छर्लङ्ग छ। नेपाली काँग्रेसका तीन आदर्शमध्ये प्रजातन्त्र मुख्य आदर्श हो। प्रजातन्त्र रहेमा मात्र राष्ट्रियता रहन्छ। प्रजातन्त्र रहेमा मात्र समाजवादले मूर्त रुप लिन सक्छ। नेपाली काँग्रेसका संस्थापकमध्येका नेता विपी कोइरालाले भन्नुभएको छ।

> **देश भन्नुहोस् वा राष्ट्र,त्यो भूगोल होइन,त्यो यथार्थमा जनता हो।**
>
> **प्रजातन्त्र बिना देश रहँदैन।**
>
> **राष्ट्रियता र प्रजातन्त्र अविभाज्य छन्।**
>
> **राष्ट्रियता माटो होइन, जनताको सामूहिक भावना (विचार) हो।**
>
> **हलो जोतिरहेको किसानको तस्बिर हेरेर योजना बनाउनू।**

जनता सर्वशक्तिमान हुनुपर्छ, सर्वाधिकार जनतामा नै रहनुपर्छ तथा शाषन व्यवस्थामा प्रजा प्रधान हुनपर्छ भनी नेपाली काँग्रेसले मानीआएको कारण नै नेपाली काँग्रेसलाई :बकक द्यबकभम पार्टी भनेर चिनिंदै आएको छ। एउटा समयमा नेपाली काँग्रेसले प्रजातन्त्रमा राजालाई पनि सँगै लिएर हिंड्नुपर्छ भनी मानिआएको थियो। त्यसरी मान्नुको अर्थ कतै राजतन्त्र नहुँदा राष्ट्रियता संकटमा पर्छ कि भन्ने एउटा डर थियो। तर कालान्तरमा राजतन्त्र नहुँदा राष्ट्रियतामा कुनै खतरा नभएको तर राजतन्त्र नै प्रजातन्त्रको लागि खतरा भएको महसुस गरेर नेपाली काँग्रेसको अगुवाईमा प्रजातन्त्रकै लागि दोश्रो जनआन्दोलन पनि भयो। त्यसैले दोश्रो जनआन्दोलनले नेपालको सार्वभौमसत्ता राजाबाट खोसेर सार्वभौमसत्ता जनतामा राख्यो। तर हामीले देखेका छौं यति लामो अवधिको आन्दोलन पश्चात पनि प्रजातन्त्र संस्थागत हुन सकेको छैन। जनता अझै पनि पूर्णरुपमा सार्वभौम बन्न सकेका छैनन्। यसमा नेपाली काँग्रेसको पनि केही कमजोरी पक्कै होला। तर नेतृत्व तहमा रहेको सिमित व्यक्तिबाट भएका कमजोरीको दोष सम्पूर्ण नेपाली काँग्रेसलाई थोपर्न मिल्दैन। नेपालमा प्रजातन्त्र संस्थागत गर्न नेपाली काँग्रेस विकल्परहित पार्टी हो। नेपाली काँग्रेसको कमजोरी के हो र त्यसलाई कसरी सुधार्न सकिन्छ भनी नेपाली काँग्रेसलाई दिशानिर्देश गर्नु हामी प्रजातन्त्रवादी कानुन व्यवसायीको उत्तरदायित्व हो।

यति भन्दै गर्दा डिएलएले विचार गर्नुपर्ने कुरा के हो भने हामी दिशानिर्देश गर्ने हैसियतमा कसरी रहन्छौं ?

मानवअधिकार, प्रजातन्त्र र कानुनको शासनलाई नेपाली काँग्रेसले स्वीकारेको कारण नै संविधान तथा त्यसले व्यवस्थित गरेका मौलिक अधिकारको रक्षा गर्न हरदम काम गरिरहने प्रजातन्त्रवादी कानुन व्यवसायीहरुले नेपाली काँग्रेसलाई साथ दिइरहेका हौं । नेपाली काँग्रेस प्रजातन्त्र संस्थागत गर्ने मार्गबाट च्युत भएको खण्डमा प्रजातन्त्रवादी कानुन व्यवासायीहरुले नेपाली काँग्रेसका नेतालाई जिन्दावाद मात्र भनिरहनुहुँदैन । विचार खण्डित गर्ने नेता दण्डित हुनै पर्दछ । डिएलए गठन हुँदाको अवस्थाको काँग्रेस र अहिलेको काँग्रेसमा भएका भिन्नताहरु हेरेर डिएलएले नेपाली काँग्रेसालाई दिशानिर्देश गर्न सक्नुपर्छ । संविधानको रक्षा तथा कानुनको शाषन मात्र प्रजातन्त्र होइन । अन्तिम साध्यहरुबाट केन्द्र शाषित हुने व्यवस्था हो प्रजातन्त्र । संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको डिएलए आफ्ना आन्तरिक काम गर्दा वा न्यायपालिका सुधारको लागि काम गर्दा वा नेपाल बारको निर्वाचनमा उमेद्वार मनोनित गरिरहँदा नेपाली काँग्रेस भन्दा स्वायत्त भई काम गर्न सक्दैन भने नाममा मात्र प्रजातन्त्र राखेर डिएलएले प्रजातन्त्रलाई संस्थागत गर्ने आन्दोलन गर्न सक्दैन । डिएलए स्वायत्त भएको अवस्थामा मात्र डिएलएले नेपाली काँग्रेसलाई दिशानिर्देश गर्ने हैसियत बनाउन सक्छ ।

विपी कोइरालाले भन्नुभएको छ "हामीले हाम्रो आफ्नो सिध्दान्तलाई त्यागेर कसैसँग कुनै पनि हालतमा सम्झौता गर्नु हुँदैन ।" डिएलएले संगठन भित्र काम गर्दा प्रजातन्त्रको सिद्धान्तलाई त्याग गरेर नेपाली काँग्रेसको हितलाई हेरेर काम गर्यौं भने त्यो आफ्नै सिद्धान्तमाथिको प्रहार सिवाय अरू केही हुनै सक्दैन । डिएलएले आफ्ना प्रत्येक सदस्यहरुको हितलाई सोचेर काम गर्नु नै प्रजातन्त्रको सच्चा पहरेदारी हुन जान्छ । प्रजातन्त्रलाई संस्थागत गर्न डिएलएले नेपाली काँग्रेसलाई दिशानिर्देश गरेर मात्र पुग्दैन प्रजातान्त्रिक मुल्य र मान्यताई आफैंले पनि पूर्णरुपमा आत्मसात् गरेको हुनुपर्दछ ।

डिएलएले आफ्नो स्वाभिमान कायम राख्दै फोहोरी राजनीति भन्दा पर बसेर स्वायत्त संस्थाको हैसियतमा नेपाली काँग्रेसलाई प्रजातन्त्रको पाठ पढाउने हैसियत बनाई प्रजातन्त्र संस्थागत गर्न डिएलएको एघारौं महाधिवेशन सफल रहोस् भन्ने कामना व्यक्त गर्दछु ।

# नागरिकता सम्वन्धि संवैधानिक व्यवस्था र नागरिकता विहिनताको पिडा



**अधिवक्ता सुधिर कुमार कर्ण**
**उपाध्यक्ष**
**नेपाल बार एशोसिएशन**

राज्य र व्यक्तिसँग कानुनी सम्वन्ध स्थापित गर्ने र व्यक्तिले अधिकारको प्रत्याभूति गर्ने दस्तावेज नागरिकता हो । नागरिकताले व्यक्तिको पहिचान गराउँछ । यसले राज्यबाट प्राप्त हुने सबैप्रकारका वैयक्तिक तथा राजनैतिक अधिकारलाई सुरक्षित समेत गर्दछ । त्यसैले बिश्वको कुनै पनि देशमा नागरिक र गैह्नागरिकहरु बिचका मानव अधिकारका सवालहरुमा बाहेक बिभेदपूर्ण कानूनहरु लागु गरेका हुन्छन् र राज्यले उपलब्ध गराउने सेवा र सुविधामा समेत बिभेद हुन्छ ।

नेपाली नागरिकताको सम्बन्धमा अध्ययन गर्दा नागरिकता प्रमाणपत्र जारी नगरेपनि नेपाल सरकार वैधानिक कानुन, २००४ तथा नेपालको अन्तरिम शासन विधान २००७ को व्यवस्थालाई हेर्ने हो भने नागरिक र गैह्य नागरिक भनि बिभेद गरिएको छ । नेपालमा प्रजातन्त्रको उदय भएपछि पहिलो पटक मिति २००९/०१/२६ मा ***नेपाली नागरिकता ऐन २००९*** बन्यो । यो नै नेपाली नागरिकताको नीतिगत शुत्रपात हो । तत्पश्चात ऐनमा नै सर्वप्रथम नागरिक र गैरनागरिक छुट्याउने आधार तोकियो ।

नेपाली नागरिकता ऐन २००९ को दफा २(क) मा ***"जो नेपाल राज्यमा जन्मेको हो"***, २(ख) मा ***"जसको आमाबाबु एक जना नेपाल राज्यमा जन्मेका हुन ति नेपाली नागरिक ठहर्छन"***, दफा ३ मा "कुनै किसिमको वैवाहिक सम्वन्ध भएको स्वास्नीमानिस नेपाली नागरिक ठहर्नेछ" भन्ने व्यवस्था थियो भने दफा १० मा ***"नेपाली लोग्नेमानिस भोटमा रहेको वखत भोटिनी स्वास्नीवाट पाएको छोरा नेपाली नागरिक र छोरीहरु भोटका नागरिक ठहर्छन"*** भन्ने व्यवस्था थियो । वि.सं.२०१५ सालमा नेपाल अधिराज्यको संविधान, २०१५ जारी भयो । यसमा नागरिकता सम्वन्धि प्रावधान थिएन । यो संविधान अवधिभर पनि नागरिकता ऐन, २००९ र नागरिकता नियम २००९ नै यथावत् कायम थियो । यो भन्दा अघि राणाशासनको समयमा बनेको नेपाल सरकार बैधानिक कानुन, २००४ र प्रजातन्त्र स्थापनाको संगै आएको अन्तरिम शासन विधान, २००७ मा पनि नागरिकतालाई लिएर कुनै प्रावधान रहेको पाईदैन यद्यपी यी कानूनमा नागरिक र गैह्य नागरिक बिचको भिन्नता भने ब्यवस्था गरिएको थियो । वि.स. २०१७ साल पौष १ गतेको राजनैतिक परिर्वतन पछि २०१९ साल पौष १ गते देखि लागु हुने गरी नेपालको संविधान, २०१९ जारी भयो । यसको भाग २ मा नागरिकता सम्वन्धि छुट्टै प्रावधान राखियो । नेपालको ईतिहासमा नै सर्वप्रथम नागरिकता सम्वन्धी प्रावधानलाई संविधानमा नै स्थान दिईयो । ऐन र नियमको

संशोधन सहज हुने हुंदा नागरिकता सम्वन्धि प्रावधानलाई सुदृढ र स्थिर बनाउन संविधानमा समाविष्ट गरियो । नेपालको संविधान २०१९ को धारा ७ मा "यो संविधान प्रारम्भ हुंदाका वखत (२०१९ साल पौष १ गते) ***नेपालमा स्थायी बसोवास भएको देहायका व्यक्ति नेपालको नागरिक ठहर्ने*** भन्दै (क) ***जो नेपालमा जन्मेको हो,*** (ख) ***जसका आमाबाबुमा एक जना नेपालमा जन्मेको हो,*** (ग) ***नेपालको कानुन र रित बमोजिम नेपालको नागरिकका साथ कुनै किसिमको वैवाहिक सम्वन्ध भएको स्वास्नीमानिस,*** (घ) ***नेपालको कानुन बमोजिम जसले नागरिकता प्रमाणपत्र लिई सकेको छ"*** भन्ने व्यवस्था गरियो । नेपालको संविधान, २०१९ को धारा ८ ले ***"नागरिकताको प्राप्ती र समाप्ती कानुनले निर्धारित गरे बमोजिम हुने"*** भनि व्यवस्था गरी सोहि व्यवस्था बमोजिम मिति २०२०।०८।२९ मा नागरिकता अध्यादेश, २०२० जारी भयो र यसलाई निष्क्रिय गरी नागरिकता ऐन, २०२० मिति २०२०।११।१६ मा लागु भयो । नागरिकता ऐन २०२० को दफा ३(१) मा ***"यो ऐन प्रारम्भ भए पछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुंदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति बंशजको नाताले नेपालको नागरिक हुनेछ"*** भन्ने व्यवस्था राखियो । नागरिकता ऐन, २०१९ मा मिति २०२४।०४।०४ मा पहिलो संशोधन, मिति २०३३।०६।१० मा दोश्रो संशोधन र मिति २०३८।०५।३१ मा तेश्रो संशोधन, मिति २०४६।०५।०१ मा चौथो संशोधन र मिति २०४९।०१।०८ मा पांचौ संशोधन गरिएको थियो । नेपालको अधिराज्यको संविधान २०४७ मा नागरिकता ऐन, २००९ को दफा २(क) बमोजिम नै ***"बाबु आमा दुवै विदेशी भए पनि तिनीहरुवाट कुनै व्यक्ति नेपालमा जन्मिएको छ र नेपालमै स्थायी बसोवास गरेको छ भने नेपालको जन्मसिद्ध नागरिक ठहर्ने"*** प्रावधान गरेको थियो भने नेपालको संविधान, २०१९ ले संविधान लागु हुनुभन्दा अघिका त्यस्ता जन्मसिद्ध नागरिकलाई संविधान लागु हुंदाका वखतका नागरिकका रुपमा स्वीकार गरेको थियो । तर नेपालको संविधान, २०१९ ले दिएको अधिकार अन्तर्गत बनेको नागरिकता अध्यादेश, २०२० र नागरिकता ऐन २०२० ले जन्मसिद्ध नागरिकताको प्रावधान राखेको छैन । नेपालको अधिराज्यको संविधान, २०४७ को धारा ८ मा ***"नेपालमा स्थायी बसोवास भएका निम्न व्यक्तिहरु यो संविधान प्रारम्भ हुंदाका वखत नेपाली नागरिक ठहर्ने हुन्छन"*** भनि उपधारा (१) मा नेपालको संविधान, २०१९ को धारा ७ बमोजिम नागरिक ठहर्ने व्यक्तिहरु, उपधारा (२) मा ***"नेपाल नागरिकता ऐन, २०२० को दफा ३ बमोजिम बंशजको नागरिक ठहर्ने व्यक्तिहरु"***, उपधारा (३) मा ***"नागरिकता ऐन, २०२० को दफा ६ बमोजिम नेपालको अंगिंकृत नागरिकता लिई सकेको व्यक्तिहरु" सम्वन्धमा व्यवस्था गरिएको थियो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८ मा "नेपालमा स्थायी बसोवास गरेका देहायका व्यक्ति नेपालको नागरिक ठहर्ने"*** भन्दै उपधारा (१) मा ***"यो संविधान प्रारम्भ हुनु भन्दा अघि बंशजको आधारमा नागरिकता प्राप्त व्यक्ति"***, उपधारा (२) मा ***"कुनै व्यक्तिको जन्म हुंदा निजको बाबु वा आमा नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति पनि नेपाली नागरिक हुनेछन्"*** भन्ने व्यवस्था रहेको थियो । नागरिकता सम्बन्धि यस्ता कानून तथा संवैधानिक प्रावधानहरुले पनि बाबु आमाले नेपाली नागरिकताको प्रमाणपत्र नपाएको कारणले नेपालमै जन्मेर पनि नागरिकता प्राप्त गर्न नसकेकाहरुलाई समेट्न सकेन । निजहरु नागरिकता प्राप्त गर्ने हकवाट वर्जित हुन पुगे । जनआन्दोलनको परिणाम स्वरुप राजनैतिक परिवर्तन पश्चात आएको नेपालको अन्तरिम संविधान, २०६३ मा भएको नागरिकता सम्वन्धि व्यवस्थाले समेत यस्ता नागरिकहरुको नागरिकता सम्बन्धि सवाललाई संवोधन गर्न सकेन । जस्ले गर्दा नेपालको तराई मधेसमा बसोवास गर्ने समुदायले आन्दोलनमा नै उत्रिन वाध्य

भए । परिणाम स्वरुप नेपालको अन्तरिम संविधान, २०६३ मा मिति २०६३।११।३० मा पहिलो संशोधन नै गरी धारा ८(५) मा "सम्वत् २०४६ साल चैत्र मसान्त सम्म नेपाल सरहद भित्र जन्म भई नेपालमा स्थायी बसोवास गर्दै आएका व्यक्तिले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ" भन्ने व्यवस्था गरियो र यो एकपटकका लागि तोकिएको अवधिभित्र निवेदन दिई सक्नु पर्ने व्यवस्था गरियो । सोहि संवैधानिक व्यवस्था बमोजिम नागरिकता ऐन, २०६३ को दफा ४ मा संविधानको धारा ८(५) को व्यवस्थालाई राखियो । सोहि ऐनको दफा ४(२) मा ***"पहिलो संविधान सभाको निर्वाचन हुनु अगावै जन्मसिद्ध नागरिकताका लागि निवेदन दिन सक्ने र उक्त समायावधी भित्र विशेष कारणवश निवेदन दिन नसक्ने व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले २ वर्ष भित्र तोकिए बमोजिम निवेदन दिन सक्नेछ"*** भन्ने व्यवस्था गरियो । नेपालको अन्तरिम संविधान, २०६३ मा भएको जन्मसिद्ध नागरिकताको व्यवस्था समेतलाई समावेश गरी नागरिकता ऐन, २०६३ को तर्जुमा भएकोमा जन्मसिद्ध नागरिकका सन्तानका हकमा के हुने सो नागरिकता ऐनमा प्रष्ट व्यवस्था गरिएन ।

मिति २०७२।०६।०३ मा नेपालको संविधान २०७२ जारी भयो । नेपालको संविधानको धारा ११(३) मा "यो संविधान जारी हुनु भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकका सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन भने निज बालिग भए पछि बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छन" भन्ने व्यवस्था गरियो । त्यस्तै धारा ११(७) मा ***"यस धारामा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि विदेशी नागरिकसंग विवाह गरेकी नेपाली महिला नागरिकवाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमै स्थायी बसोवास गरेको रहेछ भने निजले संघिय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्नेछ"*** भन्ने व्यवस्था गरियो । यसरी ०७२।०६।०३ मा जारी भएको नेपालको संविधानमा जन्मसिद्ध नागरिकका सन्तान र विदेशी नागरिकसंग विवाह गरेकी नेपाली महिलाको सन्तान नेपालमै जन्म भई नेपालमै स्थाई बसोवास गरी आएका व्यक्ति जसको संख्या करिब ७ लाख भन्दा बढी रहेको छ ति नेपाली नागरिकलाई नागरिकता पाउने संवैधानिक व्यवस्था गरिए पनि नागरिकता ऐनमा संशोधन हुन नसक्दा संवैधानिक रुपमा नागरिकता प्राप्त गर्न योग्य नेपाली नागरिकहरु समेत नागरिकतावाट बंचित छन भएका मौलिक हकहरुको प्रचलनका लागि समेत नेपालको नागरकता प्राप्त गर्नु पर्ने भन्ने संविधानिक प्रावधानले गर्दा यि नेपाली नागरिकहरु मौलिक हकहरुवाट पनि बंचित हुन पुगेका छन् । हुनत सम्मानित सर्वोच्च अदालतबाट कतिपय मुद्दामा जन्मसिद्ध नागरिकका सन्तान जसका आमा र बाबु दुवै नेपाली नागरिक छन निजहरुलाई बंशजका आधारमा नागरिकता दिनु भनि संविधानको व्याख्या समेत गरी सम्वन्धित जिल्ला प्रशासन कार्यालयका नाममा परमादेशको आदेश जारी भएको छ । उक्त आदेश रिट निवेदकका हकमा मात्र मान्य हुने गरी सम्वन्धित जिल्ला प्रशासन कार्यालयले नागरिकता दिने गरेका छन् । एकातर्फ नेपालको संविधानको धारा १०(१) मा ***"कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकवाट बन्चीत गरिने छैन"*** भन्ने संवैधानिक ग्यारेन्टी गरिएको छ भने अर्को तर्फ नागरिकता ऐन, २०६३ मा संशोधन नभएको कारण ति लाखौं नेपाली नागरिकहरु नागरिकता हकवाट बन्चीत भएका छन । नागरिकताकै कारण उच्च शिक्षा हासिल गर्न, वैदेशिक रोजगारमा जान, सवारी चालक अनुमतीपत्र लिन, बैंक खाता खोल्न तथा कुनै रोजगार व्यवसाय गर्नबाट समेत बञ्चित

छन् । त्यस्ता व्यक्तिहरुको मानवाधिकारको सवालमा राज्य ज्यादै उदासिन देखिन्छ । २०७२ सालमा जारी भएको संवैधानिक व्यवस्थालाई कानुन संशोधन गरी कानुनी व्यवस्था गर्न पटक पटक आवाजहरु उठे पनि २०७८ साल जेष्ठ ९ गते मात्र तत्कालिन प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीको नेतृत्वको सरकारले अध्यादेश मार्फत नागरिकता ऐन, २०६३ लाई संशोधन गरी जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता पाउने व्यवस्था गर्योन र तत्कालिन महामहिम राष्ट्र्पती विद्यादेवी भण्डारीबाट सो अध्यादेश प्रमाणीकरण समेत गरियो । तर संसद विघटनको मुद्दा सम्मानित सर्वोच्च अदालतमा विचाराधिन रहेको अवस्थामा ल्याईएको सो अध्यादेशलाई सर्वोच्च अदालतले कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरेपछि लाखौं नेपालीहरुको नागरिकता पाउने ढोका बन्द भयो । तत्पश्चात तत्कालिन प्रधानमन्त्री श्री शेर बहादुर देउवा नेतृत्वको सरकारले सो नागरिकता संशोधन विधेयक संसदमा प्रस्तुत गरी संसदको दुवै सदनले पारित गरे पनि तत्कालिन महाहिम राष्ट्र्पति श्री विद्यादेवी भण्डारीले पुर्नविचारका लागि संसदमा पठाउनु भयो । पुर्नविचारका लागि फिर्ता पठाईएको विधेयक पुनः प्रमाणिकरणका लागि राष्ट्र्पति समक्ष पठाईएकोमा तत्कालिन राष्ट्रपतिबाट संविधानको धारा ११३(४) बमोजिम प्रमाणिकरण भएन । यसरी तत्कालिन राष्ट्रपतिबाट संविधानको धारा ११३(४) को उपहास गर्दै संसदको अधिकारलाई खुम्चाई विधेयकलाई प्रमाणिकरण नगरेको कारण पुनः एक पटक नागरिकता पाउने आशमा रहेका नेपाली नागरिकहरुको आशा तुहिन पुग्यो । संसदको दुवै सदनले पारित गरिसकेको विधेयक राष्ट्रपतिले एकपटक पुनः विचारका लागि सो विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सक्ने र संसदले पुनः कुनै संशोधन सहित वा संशोधन रहित राष्ट्र्पति समक्ष प्रमाणिकरणका लागि पेश गर्नसक्ने संवैधानिक प्रावधान अनुरुप पठाएको विधेयकलाई राष्ट्रपतिले वेवास्ता गरी संविधानको धारा ११३(४) को गम्भीर उल्लंघन गरियो । यसले संविधानको रक्षक नै भक्षक भएको प्रमाणित गर्योर ।

यसरी एक पटक संसदको दुवै सदनवाट पारित भई सकेका विधेयक राष्ट्रोपतिले संविधान विपरित प्रमाणिकरण नगरेको अवस्थामा पछिल्लो राष्ट्र्पतिबाट संविधानको संरक्षकको हैसियतले संविधानको गलत अभ्यासलाई सच्याँउदै मिति २०८०।०२।१७ मा प्रमाणिकरण गर्नु संवैधानिक सर्वोच्चता तथा विधिको शासनको ज्वलन्त उदाहरण हो । यसले संसदीय लोकतन्त्रलाई संस्थागत गर्ने तर्फ कोशे ढुंगा सावित भएको छ र यस महत्वपुर्ण कदमलाई नेपालको ईतिहांसले सदैव गौरव गर्नेछ । राष्ट्रपतिको यस कदमले नागरिकता विहिन लाखौं नेपालीहरुको आशा र भरोसालाई सिञ्चित गरेको छ । यद्यपी यो विधेयक प्रमाणिकरण उपर सम्मानित सर्वोच्च अदालतमा पुनः रिट निवेदन दायर भई सर्वोच्च अदालतको एकल ईजलासवाट अल्पकालिन आदेश जारी भएको छ । सम्मानित सर्वोच्च अदालतवाट हुने अन्तिम निर्णयले नेपाली नागरिकले जन्मशिद्ध अधिकारको रुपमा नागरिकता पाउने बिषयलाई संवोधन गर्नेछ भन्ने आशा र भरोसालाई मायुश गराउने छैन भन्ने कुरा विश्वास गर्न सकिन्छ ।

# सरोगेसी सम्वन्धी कानून : नेपालमा कानूनको आवश्यकता र चुनौति एक विश्लेषण[1]



**अधिवक्ता विष्णु वस्याल**
उप-प्राध्यापक, नेपाल ल क्याम्पस

## १ पृष्ठभुमि

वैवाहिक दाम्पत्य सम्वन्धमा बाँधिएका हरेक दाम्पतिले आफनै सन्तान जन्माउनु, परिवारको चाहना गर्नु, घर बसाउन खोज्नुनै वैवाहिक दाम्पत्य जीवनको आधारभुत मान्यता हो र मानव जीवनको एउटा महत्वपूर्ण भाग हो । मानिसको स्वाभवले उनिहरु आफनै वंश भएको वच्चा जन्माउने तर्फ अग्रसर हुन्छ । हाम्रो समाजमा बच्चा जन्माउनु मानव जीवनको आवश्यकता र मापदण्ड ठान्ने पितृसत्तात्मक समाजको दवाबले गर्दा यो प्रक्रियाको अझ बढी महत्व हुन्छ । बच्चा जन्माउन नसक्ने आमालाई समाजमा बाँझको रुपमा परिभाषित गरिन्छ भने पुरुषहरुको हकमा पुरुषको पुरुषत्व माथि प्रश्न गरिन्छ । तसर्थ समाजमा दाम्पतीको लागि बच्चा जन्माउनु अनिवार्य मानिन्छ । यस्तो समाजमा कुनै दाम्पती वा दम्पती कुनै एक पार्टनर बाँझोपन भएको वा वच्चा जन्माउन असमर्थ भएमा अन्य विकल्पहरुको खोजि गरिन्छ जसमध्ये सरोगेसी पनि एक हो । सरोगेसी भनेको गर्भ धारण गर्न नसक्ने आमाले अरु कुनै आमाको कोख प्रयोग गरि लिएर बच्चा जन्माउने प्रक्रिया हो । सामान्य अर्थमा सरोगेसी भन्नाले ती दाम्पतिको लागि एक वैकल्पिक व्यवस्था हो जसले वच्चा जन्माउन सक्दैनन् जसले एक दाम्पत्तिलाई इच्छुक सरोगेट आमाको माध्यमबाट वच्चा जन्माउन अनुमति दिन्छ ।

त्यसैले सरोगेसी मानिसमा आफनो जीवन प्रक्रियालाई पूर्ण रुपमा महसुस गर्नको लागि यो एक धेरै महत्वपुर्ण प्रक्रिया हो । मानिसको जीवन सामान्यता विभिन्न चरणमा विभाजित हुन्छ । यस्तो चरणमध्ये एक हो विवाह गर्नु र बच्चा जन्माउनु पनि हो । यद्यपि समाजमा अर्को समुह पनि छ जसले सरोगेसी प्रयोग गर्दछ किनभने उनिहरु जैविक दोषको कारणले बच्चा जन्माउन सक्दैन् र वच्चा जन्माउन असमर्थ हुन्छन् भने कति महिलाहरुले आफनो क्यारियर प्रतिबद्धताहरुको कारण सारोगेट मार्फत वच्चा जन्माउन छनोट गर्छन र केहिले सरोगेसीलाई अधिकारको रुपमा यसलाई छनोट गर्दछ । विभिन्न विद्धानहरुको भनाईलाई हेर्दा सरोगेसी दाम्पत्य सम्वन्ध वचाउनको लागि कसले वाध्यताको कारणले पनि सरोगेसी प्रणाली वाट वच्चा जन्माउन सक्दछन् भने कसैले वच्चा जन्माउने वा अरु वाट वच्चा जन्माई आफुले ग्रहण गर्ने विषयलाई महिलाको छनोटको(रोजाई)को विषय हो भन्ने उल्लेख गरेको

१ पुष्पराज पाण्डे वि नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय , सिहदरबार, २०७४ कानून पत्रिका ज्येष्ठ महिना अंक २ नि.न. ९७५७

देखिन्छ । तसर्थ सरोगेसी वाध्यता र छनौट दुवैको अधिकारको रुपमा हेरिन्छ । आमाबाबुले सरोगेसीको विकल्प रोज्ने निर्णय गरिसकेपछि सवैले दिमागमा आउने प्रमुख प्रश्नहरु हुन् सरोगेट को हुन ? र कसैले किन अरु कसैको लागि वच्चा जन्माउँछ ? भन्ने विषयलाई हेर्दा संसारभर यसको अभ्यास भएको देखिन्छ । यस अभ्यासमा मुख्यता दुईवटा अवधारणहरुको विकास भएको पाइन्छ । एउटा मातृत्वको र अर्को परोपकारीको पक्षमा केन्द्रित छ । त्यस्तै गरि कतिपय अवस्थामा सरोगेसीलाई व्यवसायीक सरोगेसीको रुपमा पनि व्याप्त प्रचलनमा ल्यायका उदाहरणहरु पनि छन् जसलाई कतिपय मुलुकले अपराध मानि सजाँय समेतको व्यवस्था गरेको छ । नेपालको सन्दर्भमा सरोगेसी सम्वन्धि छुट्टै कानूनी व्यवस्था नभए तापनि पुष्पराज पाण्डेको मुद्दामा सम्मानित अदालतले परोपकारी अवधारणमा आधारित सरोगेसी सम्वन्धी कानूनी व्यवस्थाका लागि केहि निर्देशन गरि कानून वनाउनको लागि सम्वन्धित निकायलाई आदेश गरेको छ । यस लेखकमा लेखकले सरोगेसी भन्नाले के वुझिन्छ , सरोगेसी सम्वन्धि राष्ट्रिय र अन्तराष्ट्रिय कानूनी व्यवस्था के छ । सरोगेसी कानूनमा देखिएको समस्या के हो भन्ने र नेपालमा सरोगेसी सम्वन्धी कानूनको आवश्कता छ छैन भन्ने विषयमा केन्द्रित रहेको छ ।

## २ सरोगेसी सम्वन्धी अवधारणा (Concept of Surrogacy)

साधारण अर्थमा सरोगेसी भन्नाले कोख भाडामा दिएर अरुका लागि वच्चा जन्माइदिने कार्य सरोगेसी सेवा हो । सामान्यता कुनै महिलाको पाठेघरमा वच्चा रहन नसक्ने अवस्थामा ती दाम्पतिको डिम्व र शुकक्रिटलाई टेस्ट टयुम्बमा गर्भधारण गराएर भ्रुण विकास गरि अर्को महिलाको गर्भमा प्रत्यारोपण गरि वच्चा जन्माउने विधि सरोगेसी हो । सरोगेट **ल्याटिन** शव्द सरोगेटस् बाट आएको हो जसको अर्थ विकल्प सट्टा हो अर्थात अर्को व्यक्तिको स्थानमा कार्य गर्न तोकिएको व्यक्ति भन्ने वुझिन्छ । सरोगेसी खास गरि प्राकृतिक रुपमा कुनै आमाले वच्चा जन्माउन नसक्ने भएमा उसको सट्टा अर्को आमाले वच्चा जन्माउनेलाई सरोगेसी भनिन्छ भन्ने वच्चा जन्माइदिने आमालाई सरोगेट मदर अर्थात सट्टा आमा भनिन्छ । सरोगेट मदरले आफुले वच्चा जन्माए पश्चात उक्त वच्चा जुन दाम्पति संग वच्चा जन्माई हस्तारन्तरण गर्ने भनि सम्झौता भएको हो उनै दाम्पतिलाई वच्चा दिनु पर्दछ । **According to Black's law dictiornary,** मा सरोगेसी लाई **surrogacy means the process of carrying and birthing a child for another person** अर्थात अर्काको वच्चा धारण गरि जन्माई हस्तान्तरण गर्ने विधि भनि परिभाषित गरिएको छ । त्यस्तै गरि **New encylopaedia Britanica defines** Surrogacy as a practice in which a woman bears a child for a cuuple who is ubable to produce children in the usual way.

**According to Warnock Report on Human Fertilization and embryology of 1984,** Surrogacy is the practice , whereby one women carries a child for another eithe the interntion thae child should be handed over after birth to the intended

couple[२]

माथि उल्लेख गरिएको सरोगेसी सम्वन्धी अवधारणा हेर्दा सरोगेसी एक प्रक्रिया हो जसमा एक महिलाले कुनै एक दाम्पत्तिको लागि वा अर्को महिलाको लागि कुनै परोपकारी भावनामा आधारित रहेर वा कुनै आर्थिक लाभ लिई गर्भधारण गर्न स्वीकार गर्दछ र वच्चको जन्म भए पश्चात आफुले जन्माएको वच्चालाई त्याग्ने प्रतिज्ञा गरि निसन्तान दाम्पतिको लागि सन्तानको सुख प्राप्त गर्दछिन् ।

## सरोगेसी दाम्पतिको लागि किन आवश्यक छ ?

कुनै पनि महिलाको शारिरिक समस्या र बाझोपनका कारण गर्भ धारणा हुन नसक्ने अवस्था भएको हुनाले वैवाहिक सम्वन्ध निरन्तरता दिनको लागि सरोगेसी दाम्पतिको लागि आवश्क छ ।

शारिरिक समस्याहरु जसले महिलालाई गर्भरहन अथवा गर्भ वोक्न असम्भव बनाउँछ । यदि गर्भ रहेमा महिलाको शरिरलाई खतरा हुन सक्ने हुनाले सन्तानको चाहान हुने तर आफुले गर्भवोक्न नसक्ने महिलालको लागि सरोगेसी आवश्यक छ ।

विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय कानूनले वैवाहिक दाम्पत्य सम्वन्धमा रहेका व्यक्तिले घर वसाउन, परिवार वनाउन , वैवाहिक दाम्पत्य सम्वन्ध सुमधुर राख्न पाउने अधिकारको पत्याभुति गरेको हुनाले परिवार निर्माण गर्न र वैवाहिक दाम्पत्य सम्वन्ध सुमधुर राख्नको लागि पनि आवश्यक छ ।

सरोगेसी हेरक वाँझ आमालाई विज्ञान र प्रविधिको अग्रिम उपहार हो जसका कारण हरेक महिलाले आमा हुनुको सवैभन्दा अचम्मको भावनालाई सम्मान गर्दछ । तसर्थ आमा वन्न पाउनु महिलाको छनोटको विषय भएकोले सरोगेसी आवश्यक छ ।

सरोगेसी सम्वन्धमा राष्ट्रिय र अन्तराष्ट्रिय अदालत बाट भएका महत्वपुर्ण फैसला

अधिवक्ता पुस्कर राज पाण्डे विरुद्ध नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय [३]

नेपालमा कानूनले तोकेको सर्तहरुको अधिनमा रहि केवल आफना निःसन्तान दम्पतिको हकमा भने परोपकारी सरोगेसी सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने गरेको अभ्यासलाई मध्यनजर गरि नेपालमा व्यावसायिक सरोगेसी सेवालाई नियन्त्रण गर्न र सन्तान सुःख प्राप्त गर्न असक्षम भएका स्वदेशी निःसन्तान दम्पतिको हकमा सामाजिक चाहना अनुरुप सट्टा आमा सम्बन्धी सेवा कानून बनाएर सञ्चालन तथा नियमन गर्न सरोगेसी सम्वन्धी कानून निर्माण हुनु आवश्यक भएको हुँदा निम्न विषयहरुको सम्बोधन हुने गरि कानून निर्माण गर्न विपक्षी बनाइएका सरकारी निकायहरुको नाउँमा प्रस्तुत निर्देशनात्मक आदेश जारी गरिएको छ ।

२ R.S sharma , social , ethical , medical & legal aspect of Surrogacy , A indial Ccenario .PMC434557

३ नेपाल कानून पत्रिका २०७४ अंक २ पृष्ठ २३१

महिलाको कोखको व्यापारिक रुपमा प्रयोग गर्न नमिल्ने हुँदा व्यावसायिक सट्टा आमा (Commercial Surrogacy) लाई पूर्णरुपमा प्रतिवन्धित गर्ने । कम्जोर स्वास्थ्य अवस्थाको कारण वा प्रजनन् क्षमता नभएको कारण सन्तान सु:ख प्राप्त गर्न नसक्ने भनी स्वीकृत मेडिकल बोर्डले सिफारिस गरेका नेपाली नागरिक रहेका नि:सन्तान विवाहित दाम्पतिलाई मात्र सरोगेसी सेवा उपलव्ध गराउने । नेपाली समलिङ्गि दाम्पति वा एकल पुरुष वा एकल महिलालाई सरोगेसी सेवा उपलव्ध नगराउने, कुनै पनि विदेशी नगरिकलाई नेपालमा सरोगेसी सेवा उपलव्ध नगराउने ।

सट्टा आमाबाट सन्तान प्राप्त गर्न नेपाली नागरिक रहेका नि:सन्तान विवाहित दम्पति दुवैको मन्जुरी हुनुपर्ने । सट्टा आमा हुन चाहने महिला कुनै आर्थिक लाभ आर्जन गर्ने तथा व्यावसायिक दृष्टिले सट्टा आमा हुन नपाउने केवाल परोपकारको भावनाले निजको स्वतन्त्र सहमतिले मात्र सट्टा आमा वन्न सक्ने, सट्टा आमा वन्न कनै महिलालाई वाध्य पार्न नपाइने । परोपरारी सट्टा आमा हुन चाहने महिलाको निश्चित तोकिएको योग्यता पूरा हुनुपर्ने निजको उमेरको अवस्था , बच्चा जन्माउने सक्ने स्वास्थ्य अवस्था हुनुपर्ने , निज अविवाहित हुनु नहुने, कम्तिमा एउटा सन्तान जन्माई सकेको आमा हुनुपर्ने, कुनै महिला एकपटक भन्दा बढी आमा हुन नपाउने , सट्टा आमा हुने निजको पति वा परिवारको उमेर पुगेको कुनै एक सदस्यको समेत मन्जुरी हुनुपर्ने

नेपाली नागरिकलाई सारोगेसी सेवा उपलव्ध गराउन चाहने स्वास्थ्य सेवाले पूरा गर्नुपर्ने भौतिक पूर्वधारका सम्वन्धमा निश्चित मापदण्ड तोकि तोकिएको मापदण्डा पूरा गर्ने स्वास्थ्य संस्थाले कानूनले तोकेको निकाय वा अधिकारी बाट अनुमति पत्र लिएर मात्र कानून बमोजिम सरोगेसी सम्वन्धी स्वास्थ्य सेवा प्रदान गर्न सक्ने कानूनबमोजिम सरोगेसीसम्बन्धी स्वास्थ्य सेवा प्रदान गर्न सक्ने । कानून बमोजिम सरोगेसी सेवा सम्वन्धमा निवदेन दिई उक्त निकायबाट छानविन गरी सरोगेसी सेवाको लागि योग्य मानी सिफारिस गरेको व्यक्तिहरुको हकमा मात्र स्वास्थ्य संस्थाले सरोगेसी सेवा उपलव्ध गराउने ।

सरोगेसी प्रक्रियाबाट जन्मेको वच्चाको कानूनी रुपमा आमा बुवाको निर्धारण गरी बच्चाको आमा बुवासंग हक तथा बच्चा प्रतिको आमा बाबुको दीयित्वसमेत प्रष्ट गर्ने । सट्टा आमाले आफुले जन्म दिएको वच्चामा के कस्ता हक हुने हो सो प्रष्ट गर्ने । वच्चाको व्यक्तिगत घटना दर्ता र पञिजकरणको सम्वन्धमा प्रष्ट गर्ने । सरोगेसी सम्बन्धी सेवा प्रवाह कानून सम्मत रुपमा प्रवाह भए नभएको हेर्ने नियमनकारी निकायको व्यवस्था गर्ने । सरोगेसी सम्वन्धमा विवाद उत्पन्न भएमा मुद्दा हेर्ने अधिकाक्षेत्र भएको निकाय कानूनमा तोकिदिने र कानून प्रतिकुल सरोगेसी सेवा प्रदान गर्ने व्यक्ति तथा स्वास्थ्य संस्था एवं सो सेवा लिनेलाई कसुरको मात्र अनुसार कैद र जरिवाना वा दुवै सजाय हुन सक्ने कानूनी व्यवस्था गर्ने ।

अधिवक्ता पविन पान्दक समेत विरुद्ध नेपाल सरकार मन्त्रीपरिषदको कार्यालय[४]

४ रिट नं ०७२-WO-०१२० फैसला मिति २०७३ साल असार ३० गते

कुनै पनि कार्यलाई वैध मान्न त्यो कार्य सामाजिक रुपमा स्वीकार्य , नैतिक, मूल्य र मान्यतामा उचित हुनुको साथै कानून बाट स्वीकृत हुनु आवश्यक हुन्छ । त्यस्तो कार्य न्यायपुर्ण छ छैन सो समेत महत्वपुर्ण हुन्छ । सरोगेसी आमा वन्नु पनि महिलाको स्वेच्छिक परोपकारको चाहना हो वा वाध्यता हो विचारणीय कुरा हो । सन्तान नभएकालाई सन्तान दान दिने परोपकारमुक्त स्वेच्छिक चाहना भए त्यहाँ कुनै रकमकलमको अवस्था हुदैन् । जव रकम लिएर सरोगेसी आमा वन्नुपर्ने सम्झौता हुन्छ भने त्यो आर्थिक कम्जोरीको वाध्यता हो भन्ने प्रष्ट हुन्छ । आमा र वच्चा बीचको सम्वन्ध सास्वत, पवित्र र सवैभन्दा नजिकको नाता पनि हो । सारोगेट आमाले आफनो कोखमा हुर्काएको जन्माएको वच्चा पूर्व सम्झौता अनुसार अन्य व्यक्तिलाई दिनुपर्ने भए तापनि वच्चा प्रतिको गहिरो मातृत्व रहने नै हुन्छ । केवल आर्थिक अभावको कारण अन्य तेस्रो व्यक्तिको वच्चा आफनो कोखमा धारण गर्ने , आफुले नै महिनाको गर्भमा राखेर जन्म दिएको बच्चाबाट भौतिक एवं कानूनी रुपमा सदाको लागि टाढा हुने गरि हुने सम्झौता कुनै पनि महिलाको लागि सहज विषय होइन ।

आफुले वच्चा जन्माएपछि  आमाले त्यो वच्चा अरुलाई सुम्पनु निकै गाहो कुरा हो । केहि देशमा सरोगेट आमाले वच्चा जन्माएपछि दिन नमानेको तथा वच्चालाई आमाबाट छुटाएपछि त्यस्ता महिलामा मानसिक समस्या भएको दृष्टान्त समेत छ । यसले सरोगेसी हुने महिलालाई सदाको लागि पिडित वनाउने , सरोगेट आमालाई कुनै पनि दृष्टिले न्याय नगर्ने र महिलाको भावना र सम्वेदनशिलता संग गासिएको भएकोले हुँदा यसलाई न्यायपुर्ण मान्न नसेको कारण कतिपय देशहरुमा व्यवसायीक सरोगेसीलाई कानून वनाई वन्देज लगाईको पाइन्छ । त्यस्तो अवस्थामा नेपालमा कानून नै नवनाई Commericial Surrogacy सेवा सँचालन गर्नु वा दिनु कुनै पनि हिसावले उचित मान्न सकिन्न् । सरोगेसी सेवा सन्चालनका सम्वन्धमा अन्तरनिहित हुने कानूनी एवं नियमकारी सस्थागत संरचनाको सुनिश्चिताको आवश्यकतालाई उपेक्षा गरी यस्तो गम्भिर मानविय एवं सर्वसाधारण जनताको सार्वजनिक स्वास्थय, शिष्टाचार र नैतिकता र महिलाको भावना र सम्वेदनशिलता गार्सिएको विषयमा विना कानूनी व्यवस्था कुनै पनि किसिमको Surrogacy सेवा सन्चालन गर्नु वा गराउनु कानून सम्मत नहुने हुनाले नेपालको अस्पतालहरुबाट विदेशी नागकिहरु सरोगेसी सेवा उपलव्ध गराउने विषय त्रुटिभई उक्त निर्णयलाई वदर भएको हुनाले सो रिट निवेदन खारेज हुने ठहर्छ ।

**Baby M case Vs**[५]

यस मुद्दामा Marry Beth Whitehead सरोगेट आमा थिइन भने William stern / Elizabeth Stern निःशन्तान दाम्पत्ति थिए ।उनिहरुको बीचमा सरोगेट सम्झौता भई सन् १९८६मा सरोगेसी आमा : Mary Beth whitehead af6 hlDfPsL Melissa Stern -Baby ": को जन्म पश्चात सट्टा आमाले सम्झौता अनुसार वच्चा हस्तान्तरण गर्न अस्वीकार गरेकी थिइन् । यस मुद्दामा अमेरिकाको New jersey  राज्यको सर्वोच्च अदालतले बच्चाको कानूनी बावु William stern भएपनि कानूनी आमा Mary Beth whitehead भएको ठहर गर्दै उनीहरु

५ Baby M case. 537 A.2d 1227, 109 N.J. 396 (N.J. 1988) USA

बीच भएको वच्चा हस्तान्तरणको सम्झौतालाई सार्वजनिक नीति विरुद्धको कार्य भनी उक्त सम्झौतालाई गैरकानूनी घोषित गरेको थियो ।

**Baby Manji Yamada Vs Union of india**

यस मुद्दामा जापानका दाम्पति Ikufumi and Yuki Yamada निशन्तान दाम्पति थिए । उनिहरु भारत आई भारतकी नागरिक प्रितिबन मेताइली सरोगेट आमा वन्न मन्जुर भएकाले हरुबीच सम्झौता भएको थियो । यसमा Yamada's sperm र वेनामी अण्डकोष मेहताको पाठेघरमा प्रत्यारोपण गरेको थिए र वच्चा जन्मेपछि भारत आउने पर्खाईमा जापनी दाम्पतिहरु जापान फर्के । जापान फर्केपछि Ikufumi and Yuki Yamada को वैवाहिक सम्वन्धमा विवाद भई उनिहरु बीच सम्वन्ध विच्छेद भयो र यता प्रितिवेनले वच्चा जन्माएको कारण Yamuda भारत आई आफनो वच्चा सम्झौता अनुसार प्रितिवेन संग लिए । Yamuda ले आफनो पुर्व पत्निलाई ikufumi भारतमा गई वच्चा लिएर आउने आग्रह गर्दा यात्रा गर्न अस्वीकार गरिन् । यमुदाले वच्चा जापन लिएर जाने प्रक्रियामा भारतमा वच्चाको जन्मदर्ता वनाउने क्रममा भारत सरकारले वच्चाको आमा बावु दुवै विना जन्मदर्ता वनाउन नमिल्ने र भारतको कानुन अनुसार एकल वावुले वच्चा गोद लिन पनि सक्दैन भनि वच्चाका कागजपत्र बनाउन इन्कार गरयो । भारतस्थित जापानी दुतावासले पनि मन्जीलाई जापनी राहदानि र भिसा दिन अस्वीकार गरेको थियो किनकी जापानको नागरिक कानून अन्तर्गत वच्चा जन्माउने आमालाई मात्र मन्यता दिएको थियो । सरोगेट आमाबाट जन्मेको वच्चाको कानूनी हैसियत के हुने भन्ने सम्वन्धको कानूनी अभावको कारण जापानी दुतावासले पनि वच्चाको राहदानी दिन इन्कार गरयो । पछि मन्जीकी हजुरआमा एमिको यामादाले राजस्थान उच्च अदालतमा मान्जीको सवैभन्दा नजिकको रक्त नाताको रुपमा भारतमा अस्थायि हिरासतको लागि निवेदन दिइन जवसम्म उनको छोराले वच्चा लान सकिदैन् । यसरी यमुदाले वच्चा प्राप्त गरेतापनि वच्चालाई विभिन्न कानूनी समस्याले गर्दा वच्चालाई जापान लग्न सकेनन् । तर अन्तिममा यमुदाले आफुसंग जापान लैजाने अनुमति पाएका थिए । यस मुद्दामा भारतमा Commericial Surrogacy लाई मान्यता गएको देखिन्छ।

**सरोगेसि सँग जोडिएका विभिन्न विवादित विषयहरू**

**१) सरोगेसिलाई कानूनी मान्यता दिने विषय**

सरोगेसिलाई कानूनी मान्यता दिने भन्नाले कुनै पनि देशको कानूनले त्यसलाई कानूनू रुपमा गर्न मिल्ने कार्य भनेर स्वीकार गर्ने विषय भनेर बुझ्न पर्छ। सरोगेसीलाई कानूनी मान्यता दिने कि नदिने भन्ने तर्फ दुवै तर्फमा विचारहरू पाईन्छन कतिपयले सरोगेसी भनेको कुनै पनि महिलाको आफ्नो शरिरमा हुने अधिकारको विषय हो र यसले सन्तानको हकसँग पनि जोडिएको हुनाले यसलाई कानूनी मान्यता दीनु पर्छ भनेर भन्दछन भने कतिपयले सरोगेसीलाई देहको व्यापार वा बच्चाको व्यापारको रूपमा लिने गर्दछन जसले गर्दा सरोगेसिलाई कानूनी मान्यता दिनुहुँदैन भन्ने गर्दछन ।

यसै क्रममा कतिपयले परम्परागत सरोगेसीलाई भने मान्यता दिनुपर्ने तर व्यापारिक सरोगेसिलाई भने मान्यता दिन नहुने भनेर धारणा लिएको पाइन्छ। नेपालको सर्वौच्च अदालतले पनि नेपालको महिलाहरूको आर्थिक स्थितिले गर्दा सरोगेसी जस्तो कार्य मा वाध्यतावस सहभागि हुने भएकोले व्यापारिक सरोगेसिको रोक लगाउन पर्छ भनेको पाइन्छ। तर कति पय ईजरायल जस्ता देशमा भने सरोगेसी दुई पक्ष बीच करार गरेर गरिन्छ र यहाँ सरोगेट आमाको लागेको समयको लागि सम्म पैसा दिनुपर्छ भनिन्छ। अझ यस देशमा के मान्यता रहेको छ भने बच्चा जन्माउनु भनेको ईश्वरीय कार्य हो र यसको सरहाना गर्दै उनीहरूलाई रकम दिनु पर्छ भनिएको छ ।

## २) सरोगेसी वाध्यता हो कि इच्छा

सरोगेसिलाई प्रतिबोंधित गर्नुपर्छ भन्नुको मुख्य कारण भनेको सरोगेट आमाहरूले पैसाको लागी सोरगेसी प्रक्रियामा सहभागी हुन्छन भनिएको पाईन्छ। यस सम्बोंधि पेंचिमा देशको विचार हेर्ने हो भने कुने पनि महिलाको आफ्नो शरीर माथि पूर्ण स्वतन्त्रता हुन्छ र सरोगेट आमा हुनु उसको स्व इच्छाको कुरा हो। तर यो तब सम्भव हुन्छ जब महिलाहरुको सम्पूर्ण अधिकार सुनिंचित गरेरे कुनै पनि वाध्यतावश निर्णय लिनुपर्ने बाध्यता गराइँदैन। त्यसैले नेपाल जस्तो मुलुक मा सरोगेसी इच्छा भन्दा पनि वाध्यताको कुरा भएको पाइन्छ ।

## सरोगेसी प्रक्रियामा सहभागीहरूको अधिकार

परोपकारी सरोगेसीलाई मान्यता दिने भनेर कुरा आइरहँदा तब पनि केही विषयहरुकमा विशेष जोड दिनु पर्ने देखिन्छ । सो विषयहरु निम्न रुपमा उल्लेख गरेको पाइन्छ ।

क) सरोगेट आमाको अधिकार

सरोगेट हुने आमाको पनि अन्य आमाको सरह स्वास्थ्य, प्रजनन सम्बोंधि अधिकार हुन्छ। यसको सुनिंचितता गरेर मात्र सरोगेसीको प्रक्रिया अगाडि बढाउनु पर्ने हुन्छ। सरोगेसी प्रक्रियामा यदि इन्टेन्डेड अभिभावकले चाहेको जस्तो बच्चाको जन्म नभएर उनीहरूले स्वीकार्न नसकेको हकमा के हुन्छ र त्यसपछि सरोगेट आमाको अवस्था के हुन्छ भन्ने कुराको पहिला नै निर्क्योल गर्नुपर्ने हुन्छ। त्यति मात्र हैन सरोगेट आमा हुने दौरानमा उसको लागी चाहिने पौषटिक आहारको व्यवस्था, स्वास्थ्य खर्चको पनि जिम्मेवारी कसले लिने भन्ने कुरा पूर्व निर्धारण गरेर यो सबैको लागि करार गरेर मात्र प्रक्रिया गर्नु पर्ने देखिन्छ।

## ख) इन्टेन्डेड अभिभावकको अधिकार

इन्टेन्डेड अभिभावकको पनि परिवार सम्बोंधि हक हुन्छ र उनीहरूको हक सुनिंचित गर्नु पनि यस प्रक्रियाको मुख्य उद्धेश्य हो। यदि सरोगेसि प्रकरियाको दौरानमा सरोगट आमाले बचच्चा दिन नमानेको खण्डमा उनीहरूको हकको के हुने भन्ने कुरालाई पनि सुनिंचित गर्नु पर्ने देखिन्छ। साथै सरोगेसी पर्करियाको दौरानमा सरोगेट आमाले लापरवाही गरेर बच्चालाई केही हानी नोकसानी भएको खण्डमा पनि के हुने भनेर निर्कयोल गर्नु पर्ने हुन्छ।

## ग) बच्चाको अधिकार

सबैभन्दा महत्त्व भनेको बालबालिकाको हकअधिकारलाई दिने पर्ने हुन्छ। जोंमिएपछि उनीहरुको जन्म दर्ता लालन पोषण आदिको कुरा जोडिएर आउँछ। यो सबै विषयको निर्कयोल गरेर मात्र सरोगेसि प्रकिया शुरु गर्नुपर्ने हुन्छ।

### घ) सरिगेसी करार

माथी उल्लेखित सबै हक अधिकारको सुनिर्चित गर्नको लागि एउटा करार गर्न अत्यावश्यक देखिन्छ। सो करारले बालबालिकाको हक, सरिगेट आमाको हक, इन्टेन्डेड अभिभावकको हक आदिलाई समेटेको हुनुपर्छ।

### ङ) नियमनकारी निकाय

सरोगेसी सम्बेधि विषयहरू नियमन गर्नको लागि एउटा नियमनकारी निकाय पनि आवश्यक देखिन्छ। कसलाई सरोगेट हुन दिने, कसलाई इन्टेन्डेड अभिभावक हुन दिने, सो चाहिने कुराहरूको पुरा भएको छ कि छैन, आदि इत्यादि कुराहरू हेर्नको निमित्त सरोगेसी नियमनकारी निकायको आवश्यकता पर्दछ।

### सरोगेसीसँग सम्बन्धीत अन्य विषयहरू

सरोगेसीमा सरोगेट आमा कसलाई हुन दिने, कसकसलाई सरोगेसी प्रक्रियाबाट अभिभावक हुन दिने भन्ने विषयहरू पनि उतिकै महत्त्वपूर्ण हुन्छन सरोगेट आमा कसलाई दिन हुने सन्दर्भमा नेपालको सर्वौच्च अदालतले आफू पहिला आमा भइसकेको हुने पर्ने र इन्टेन्डेड अभिभावकसँग नाता हुन पर्ने भनिएको पाइन्छ। साथै विवाहित हुन पर्ने हुन्छ, स्वास्थ्य पनि राम्रो हुन पर्छ भनेको छ र कतिमा पनि एकजना घरपरिवारको मानिसको स्वीकृति चाहिन्छ जस्ता भन्ने कुरा पाइन्छ। कसले कसले सरोगी प्रक्रियाबाट आफू अभिभावक हुने पाउने भन्ने हकमा विभिन्न देशको आ आफ्नो अभ्यास रहेको पाइन्छ। नेपालमा स्वीकृति प्राप्त गर्नेले मात्र यो प्रक्रियाको लाभ उठाउन पाउने देखिन्छ। नेपालमा यसको लागी विवाहित महिला र पुरुषको आवश्यकता हुन्छ। तर यदि इजरायलको सन्दर्भमा हेर्ने हो भने यसले समयौनिक जोडीलाई पनि सरोगेसि प्रक्रियामा सहभागी हुने भने दिने देखिन्छ। यी सबै कुराहरू निर्कयोल गरेर मात्र सरोगेसिको प्रक्रियामा जानु उपयुक्त हुने देखिन्छ।

### निष्कर्ष

निशान्तले पनि सन्तानको सुख प्राप्त गर्न पाउनु पर्दछ भन्ने मान्यतालाई राष्ट्रिय र अन्तराष्ट्रिय कानूनले पनि मान्यता दिएको पाइन्छ। सरोगेसी हरेक बाँझ आमालाई विज्ञान र प्रविधिको अग्रिम उपहार हो जसका कारण हरेक महिला आमा हुनुको सवैभन्दा हर्सितको भावनालाई सम्वोधन गर्दछ। तसर्थ यसलाई प्रतिवन्धित गर्नु हुदैन वरु उपयुक्त कानून वनाएर यसलाई लागु गर्नु पर्दछ। कुनैपनि देशले आफ्नो देशमा सरोगेसीको लागी कस्तो प्रक्रिया चाहिन्छ पूर्ण रुपले बन्देज लगाउने हो कि वा सबै प्रकारको सरोगेसीलाई कानूनी मान्यता दिने हो कि वा परोपकारी सरोगेसीलाई मात्र मान्यता दिने हो भन्ने कुराहरु निंक्योल गर्नुपर्ने हुन्छ । यसका साथै सरोगेसी प्रक्रिया कसरी गराउने हो भन्ने कुरा पनि हेरेर निंक्योल गर्नु पर्ने हुन्छ। सरोगेसी आफैमा नराम्रो प्रक्रिया भने होइन। यसले कसैको परिवारको हकबाट वञ्चित हुन बाट रोक्छ तर यसको गलत प्रयोग नभएको भने होइन। अत आवश्यक कानून बनाई, प्रक्रिया तोकेर सो को सही नियमन गर्ने सक्ने हो भने सरोगेसीको प्रक्रियाले राम्रो परिणाम ल्याउन सक्छ।

# कानूनी सहायताको विकासक्रम र दक्षिणपूर्वी एशियामा यसको अभ्यास



**अधिवक्ता कृष्णप्रसाद भण्डारी**
उच्च अदालत बार इकाइ, हेटौंडा

**बिषय प्रवेश :** विश्वमाकानूनी सहायता सम्बन्धी सिद्धान्तको विकास यूरोपको राष्ट्रमण्डल र संयुक्त राज्य अमेरिकाबाट भएको पाइन्छ । नागरिकलाई परामर्शको अधिकार (Right to counsel) र स्वच्छ सुनुवाईको अधिकार (Right to a fair Trial) **को सुनिश्चितताको लागि** १९ सौं शताब्धीमा कानूनी सहायता प्रारम्भ भएको देखिन्छ। बीसौं शताब्धीको मध्य (१९४०) तिरआर्थिक,सामाजिक र सास्कृतिक अधिकार समेतका अधिकारहरुलाईकानूनी सहायताले जोड दिन्थ्यो । बीसौं शताब्धीको सो समयमा विरामी र बेरोजगारीको कारणले अशक्त व्यक्तिहरुलाई आर्थिक सामाजिक र सास्कृतिक अधिकारहरु प्रदान गर्ने कार्यमा राज्यको उत्तर दायित्व रहन्छ भन्ने अनुमान पनि गरिन्थ्यो ।

पछि, दोश्रो बिश्वयुद्धको ्समयताका कल्याणकारी राज्यको उदय भयो । उक्त समयमा UN Basic Principles on the Role of Lawyersले गरीवहरु र पिछडिएका व्यक्तिहरुका लागि पर्याप्त साधनको व्यवस्था गर्नु पर्छ, कानून व्यवसायीहरुको व्यवसायिक संगठनले सेवा सहजीकरण तथा अन्य साधनको व्यवस्था मिलाउन (Organise) मा समन्वय गर्नु पर्छ भन्ने कुरा समेत उल्लेख गऱ्यो ।

सन् १९५० र १९६० को दशकमा कल्याणकारी राज्यको भूमिकामा परिवर्तन आयो । सामाजिक उद्देश्यहरु साझा उद्देश्य रहेनन् । सर्वसाधारण आफ्नो लक्ष्यतयगर्न स्वतन्त्र भए । यस दशकमा आर्थिक सामाजिक र सास्कृतिक अधिकारलाई कानूनी रुपमै लागू गर्नेको लागि बैयक्तिक अधिकारको मागमा बृद्धि भयो । अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र,१९६६ले कानूनी सहायतालाई आधारभूत मानव अधिकारको मान्यता दिदै राज्यले जनतालाई अनिवार्य कानूनी सहायता प्रदान गर्नु पर्ने बिषय अघि साऱ्यो । फलस्वरुप कल्याणकारी कानून व्यवसायीहरु (Welfare lawyer)ले न्यून आय भएका व्यक्तिहरुलाई कानूनी सहायताको लागि सल्लाह दिन थाले ।

सन् १९८० को दशकमा भने कल्याणकारी राज्यको यस प्रकारको भूमिकालाई सकार ात्मक र निरन्तरता आवश्यक ठानिएन । यो दशकमा निजी संस्थाहरुबाट कल्याणकारी से वा प्रदान गर्ने बिषय बढ्दो थियो । कानूनी सहायता निजी क्षेत्रका सेवा प्रदायक संस्थावाट

प्रदान गर्न थालियो । यो समय बजार अर्थतन्त्रले प्रबेश गरीसकेको समयथियो । बजारमा आधारित अर्थतन्त्रको सिद्धान्त (Principles of market based economy)ले राज्यको भूमिका आपूर्तिकर्ता र सेवा प्रदायकको (Supplier and Service Provider) को रुपमा र नागरिकलाई एउटा उपभोक्ता (Consumer) को रुपमा रहने कुरालाई जोड दियो ।

## कानूनी सहायताको अर्थ (Meaning of Legal Aid)

कानूनी सहायता न्यायमा पहुँचका लागि कानूनी प्रतिनिधित्वको निमित्त खर्च व्यहोर्न असमर्थ, अदालती प्रणालीमा पहुँच नभएका नागरिकहरुका लागि सहयोग गर्ने प्राबधान हो ।(Legal aid is the provision of assistance to people who are unable to afford legal representation and access to the court system.)

कानून व्यवसायीको पारिश्रमिक तिर्न नसक्ने वा असमर्थ सेवाग्राहीलाई कानूनी सहायता उपलव्ध गराउने सिद्धान्त कानूनी सहायता हो । कानूनी परामर्श लिँदा लाग्ने आबश्यक खर्च व्यवस्था गर्न नसक्ने असमर्थ पक्षहरुलाई कानूनी सहायताले सहयोग गर्छ । साथै सेवाग्राहीले कानूनीसहायताको सेवा लिन कानूनी सहायताको लागि योग्य मुद्दा (Issue) र सेवाग्राहीले आफू कानूनी उपचारको लागि लाग्ने खर्च व्यहोर्न असमर्थ रहेको कुरा पुष्टि गर्न सक्नुपर्छ ।

सामान्यतया कानूनी सहायता कानूनको दृष्टिमा समानता,परामर्शको अधिकार र स्वच्छ सुनुवाईको अधिकारलाई केद्रमा राखेर न्यायमा पहुँचका लागि कानूनी प्रतिनिधित्वको निमित्त असमर्थ पक्षहरुलाई राज्यका तर्फवाट गरिने सहयोग हो । (Legal aid is regarded as central in providing access to justice by ensuring equality before the law, the right to counsel and the right to a fair trial .) कानूनी सहायतामा न्यून तथा मध्यम आयवाला देवानी कानूनी समस्या भएका नागरिलाई निशुल्क सहयोग दिइन्छ । जस्का समस्याहरु गैर-फौजदारी हुन्छन् । (Civil legal aid is free legal assistance to low and middle-income people who have civil legal problems).

## कानूनी सहायताको परिभाषा (Definition of Legal aid):

न्यू इन्साईल्को पेडिया ब्रिटानिकाका अनुसार कानूनी सहायता अत्यन्त गरिव व्यक्तिहरुलाई सहयोग आबश्यक पर्दा निःशुल्क वा नगण्य रकममा प्रदान गरिने व्यवसायिक/पेशागत कानूनी सहयोग हो । **"(A legal aid as the professional legal assistance given either free or for a nominal sum, to indigent persons in need of such help . "** ***-The New Encyclopedia Britanica*****).** सही अर्थमा कानूनी सहायता,समाजका कमजोर क्षेत्रमा उनीहरुको संविधान तथा कानून बमोजिम प्राप्त सुविधा तथा अधिकारहरुको संरक्षणको निमित्त प्रदान गरिने सहयोग हो । (A legal aid in the truest sense of the words suggest the assistance provided to weaker sector of the society in the protection of their rights and privilege under the law and constitution.)

## कानूनी सहायताको नमूनाहरू (Model of Legal Aid)

कानूनी सहायता प्रदान गर्ने विभिन्न नमूनाहरु विकसित हुँदै आएका छन् केही नमुनाहरुनिम्न बमोजिम रहेका छन् :

- **ड्युटी लयर** (Duty lawyer),
- **सामुदायिक कानूनी परामर्श केन्द्र** (Community legal Clinic) र,
- व्यक्तिगतरुपमा कानूनी सहायता पाउने पक्षको तर्फवाट मुद्दा हेर्ने **कानून व्यवसायीको शुल्क भुक्तानी गरिदिने व्यवस्था** (The payment of lawyer to deal with case for individuals who are entitle to legal aid.) आदि ।

## कानूनी सहायताको लागि आयको सीमा :

कानूनी सहायताको लागि प्रत्येक मुलुकमा आयको सीमा निर्धारण गरिएको पनि पाइन्छ । तर यो सीमा देश अनुसार फरक फरक देखिन्छ । तोकिएको सीमा भन्दा बढी आयभएका सेवाग्राहीहरुलाईनिशुल्क कानूनी सहायता पाउन योग्य मानिदैन । विभिन्न मुलुकहरुमाआयको यस्तो सीमा देहाय अनुसार रहेको देखिन्छ :

- बेलायत र वेल्समा सगै वसेको परिवारको आय सहित वार्षिक ३१,८८४ । स्टर्लिङ पाउण्ड अर्थात प्रति महिना २,६५७ । ००
- भुटानमा कानूनी सहायताको लागि योग्य हुनको लागि बार्षिक आय रु ३९,००० । (NU) अर्थात न्गुल्ट्रम (Ngultrum) तोकिएको छ ।
- भारतमा बार्षिक आम्दानी ५०,००० । भन्दा कम भएका व्यक्ति ।
- नेपालमा बार्षिक आम्दानी ४०,००० । भन्दा कम भएका व्यक्ति ।
- श्रीलंकामा मासिक आय रु १८,००० । भन्दा कम आय हुने व्यक्ति ।
- वंगलादेशमा कानूनी सहायता पाउन बार्षिक ४००० । टाका भन्दा कम आय हुनु पर्ने व्यवस्था रहेकोमा हाल यसको सीमा बार्षिक ५०,००० । टाका तुल्याईएको छ । तर,स्वतन्त्रता सेनानीको हकमा भने ७५००० । टाका कायम गरिएको देखिन्छ ।
- पाकिस्तान, वंगलादेश तथा माल्दिभ्समा स्पष्ट सीमा खुलेको पाइएन ।

## कानूनी सहायताको खर्च सोधभर्ना :

कानूनी सहायतामा मुद्दाको लागि स्थानीय रुपमा लागेको खर्च मुद्दा टुंगो लागेपछि त्यस्ता सेवाग्राहीलाई आर्थिक लाभ हुने भएमा त्यस्ता सेवाग्राहीले पछिबाट सोधभर्ना गर्नु पर्छ भन्ने बिदेशी मुलुकहरुमा अभ्यास भएको पाइन्छ । नेपालमा पनि कानूनी सहायतामा लागेको खर्च पछि मुद्दा सकिई आर्थिक लाभ प्राप्त गरेमा त्यस्ता सेवाग्राहीबाट सोधभर्ना लिन सकिने कानूनी व्यवस्था गरिएको छ । तर, सोधभर्ना लिने अभ्यास भने अझसम्म गरिएको छैन ।

## कानूनी सहायता किन र कसरी ?

बिभेद रहित, पक्षपात रहितढङ्गबाट न्यायमा सवैको समान पहुँच सुनिश्चितताको लागि (access equally and equitable to all) कानूनी सहायता आवश्यक ठानिएको हो । यस्तो सहायता कानून व्यवसायी द्वारा उपलव्ध गराइन्छ । कानूनी सहायताउपलव्ध गराइने केही तरिकाहरु निम्न छन् :

» निशुल्क कानूनी सहायता,
» न्यूनतम शुल्कमा कानूनी सहायता,
» वित्तीय सहायता प्राप्त गरेर उपलब्ध गराईने कानूनी सहायता ।

राज्यको कल्याणकारी प्रबृत्तिका प्रभावले गर्दा राज्यले कानूनी सहायता सम्बन्धी प्रावधानअंगिकार गरेको हुनाले कानूनी सहायता र कल्याणकारी राज्य परस्पर सम्बन्धित छन् ।

## दक्षिणपूर्वी एशिया (SAARC) मुलुकमा कानूनी सहायताः

### क. भूटानमा कानूनी सहायता :

भुटानको संविधानको धारा ९(६) अनुसार भुटानमा आफ्ना नागरिकहरुलाई कानूनी सहायता अनिवार्य गरिएको भएतापनि भुटानमा कानूनी सहायताको सुविधा उपलव्ध हुन सकेको छै न । त्यस्तैगरीसंबिधानको धारा७(१५)मा कानूनको संरक्षण समान र प्रभाबकारी हुने कुरालाइ अनिवार्य (Mandatory) वनाईको छ तर न्यायको पहुँच सवैको लागि **समान छैन** ।

सन् २०१७ को नोभेम्बरमा भुटानको राष्ट्रिय परिषदले अत्यधिक गरीवीबाट पीडित व्यक्तिहरुको लागि कानूनी सहायता सेवा प्रदान गर्ने प्रस्ताव सम्बन्धी विषयलाई औपचारिकता दिनुका साथैभुटानमा बार काउन्सिललाई गरिवहरुलाई प्रो-वोनो सेवाको लागि अनिवार्य गरिएको छ । तर कानूनी सहायताको विषयमा अनिवार्य गरिएको छैन । भुटानको संविधान र अन्य कानूनहरुमा कानूनी सहायताको स्पष्ट व्यवस्था गरिएको देखिएतापनि कानूनी सहायता उपलब्ध गराउने सम्बन्धमा कुनै पहल भएको देखिन्न ।

कानूनी सहायताका लागि जिम्मेवार मानिने निकायहरु महान्यायाधिवक्ता, न्यायपालिका, भुटान राष्ट्रिय कानून इन्टिच्यूट, नेशनल कमिशन फर वमन एण्ड चिल्ड्रेन तथा वार काउन्सील कसैले पनि मुलुकमा कानूनी सहायता सम्बन्धमा पहल गरेको देखिएको छैन ।

७.३ मिति २०७५/०८/८ मा डि.एल.ए. केन्द्रको आयोजनामा लुम्बिनी प्रदेश समिति वुटवलमा ने.कां केन्द्रीय सदस्य अर्जुन नर्सिह केसी ज्यूको प्रमुख आतिथ्यतामा "<u>स्वतन्त्र, निष्पक्ष एव सक्षम न्यायपालिका र ने.वा.ए को केन्द्रीय निर्वाचनमा डि.एल.ए.को भुमिका</u>" बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।

७.४ मिति २०७५।०९।०५ गते नेपाली कांग्रेसको महासमिति बैठकमा नेपालका विभिन्न स्थानबाट भाग लिन आउनु भएका महासमिति सदस्य कानून ब्यवसायी ज्युहरुसँग डि.एल.ए. नेपाल केन्द्रीयकार्यसमितिले पुतलीसडक स्थित शेयर बजार भवनमा भेटघाट तथा जलपान सहित समसामयिक बिषयमा छलफल कार्यक्रम सम्पन्न गरिएको थियो ।

७.५ मिति २०७७/१०/०९ गते DLA Nepal को केन्द्रीय कार्यसमिति तथा एकाईका डि.एल.ए जिल्ला र उच्च डि.एल.ए.नेपालको पदाधिकारीसंग डि.एल.ए. नेपालको अधिवेशन र सदस्यता वितरण, जिल्ला ईकाईहरुको निर्वाचन, डि.एल.ए., नेपालको केन्द्रीय कार्यसमितिको निर्वाचन, नयाँ सदस्यता वितरण, राष्ट्रमा देखिएको संकट लगायत भाविदिशा सम्वन्धी पाटी र पेशागत सगठनको भुमिका बिषयमा छलफल कार्यक्रम सम्पन्न गरिएको थियो ।

७.६ मिति २०७७/११/२१ गते शुक्रबार नेपाली काङ्गेसका तत्कालिन महामन्त्री डा. शशांक कोइरालाज्युको प्रमुख आतिथ्यतामा लैनचौर ब्यान्केटमा "<u>वर्तमान राजनीतिक अवस्था र नेपाली कांग्रेसको भूमिका</u>" बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

७.७ मिति २०७५/०७/१७ गते शनिवार डि.एल.ए. नेपालको आयोजनामा मोरङ्ग बार कै आतिथ्यमा मोरङ्ग बार एशोसिएशनको सभा हलमा ने.का. प्रभावशाली नेता एवं केन्द्रीय सदस्य शेखर कोइराला ज्यू को विशिष्ट आतिथ्यतामा डि.एल.ए. केन्द्रका पूर्व अध्यक्ष, पदाधिकारी एबं सदस्य, वरिष्ट अधिवक्ताज्यूहरु

तथा डि.एल.ए. आवद्ध सदस्यहरुको समुपस्थिति कोशी प्रदेश समिति भेलामा "विधिको शासन लोकतन्त्रको मर्म, स्वच्छ न्यायपालिका डि.एल.ए को धर्म" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।

८. **सभा, सम्मेलन तथा भेला**

८.१ डि.एल.ए. नेपालको २९ औ स्थापना दिवसको उपलक्ष्यमा डि.एल.ए. नेपाल द्धारा तीन दिबसीय बिभिन्न कार्यक्रमहरु आयोजना गरेको थियो ।

**मिति २०७५/०८/४ गते मगलबार(पहिलो दिन):**

क. कानून र न्यायको क्षेत्रमा समसामयिक बिषयमा डि.एल.ए. केन्द्रीय समितिद्धारा पत्रकार भेटघाट तथा अन्तरक्रिया (Press Meet) गरी कार्यक्रम सम्पन्न ।

ख. डि.एल.ए. केन्द्रीयमहिला समितिद्धारा "महिला हिंशा र मिटु अभिमान" सन्दर्भमा केन्द्रीय कार्यालयको हलमा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

**मिति २०७५ ।०८।०५ गते वुधवार (दोस्रो दिन):**

क. अनुपम फुडल्याण्ड बत्तीसपुतलीमा नेपाली काँगेसका सभापति श्री शेर बहादुर देउवा ज्यूको प्रमूख आतिथ्यता, नेपाली काँग्रेस सचेतक पुष्पा भूषाल लगाएतका विशिष्ट व्यक्तित्वहरुको आतिथ्यमा ऐतिहासिक रुपमा भव्यताका साथ कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा बार परिक्षामा सर्बोत्कृष्ट अंक ल्याउने एक छात्र र एक छात्रा तथा कानुनी क्षेत्रमा कलम चलाउने पत्रकारलाई नगद पुरस्कारले सम्मान समेत गरियो साथै डि.एल.ए.का पूर्व अध्यक्षज्यूहरु, ने.बा.ए.का पुर्व अध्यक्ष ज्यूहरुलाई समेत सम्मान गरियो ।

**मिति २०७५।८। ६ गते बिहीबार (तेस्रो दिन):**

क. डि.एल.ए. केन्द्रद्धारा नेपाल ल क्याम्पसमा रक्तदान कार्यक्रम सुसम्पन्न गरियो ।

८.२ डि.एल.ए. केन्द्रको आयोजनामा मिति २०७५/०८/ ७ गते शुक्रवार गण्डकी प्रदेश समिति भेला पोखरामा ने.वा.ए. का तत्कालिन अध्यक्ष शेर व. के.सी ज्यूको प्रमूख आतिथ्यता तथा डि.एल.ए.का पूर्व अध्यक्ष ज्यूहरुको आतिथ्यतामा सम्पन्न गरिएको थियो ।

८.३ मिति २०७५/०८/ १४ गते शुक्रवार जनकपुरमाडि.एल.ए. केन्द्रको आयोजनामा वरिष्ठ अधिवक्ता ज्यूहरु, डि.एल.ए. प्रदेश समितिका अध्यक्ष लगायतको अथिथ्यतामा मधेस प्रदेशसमिति भेला सम्पन्न गरियो ।

८.४ मिति २०७५/०८/१६ गते डि.एल.ए. नेपालद्धारा नेपाल बार एसोसियसन निर्वाचनलाई मध्यनजर गर्दै विभिन्न पदका आकांक्षी उम्मेद्धारहरुको प्रतिबद्धता जाहेर तथा उम्मेद्धार घोषणा सभा डि.एल.ए. केन्द्रीय कार्यलय सभाहल थापाथलीमा आयोजना गरियो ।

८.५ डि.एल.ए. केन्द्रको आयोजनामा मिति २०७५/०८/१९ गते बुधवार डि.एल.ए. नेपाल सुदुर पश्चिम प्रदेश समिति भेला धनगडीको शुभश्री पार्टी प्यालेस हसनपुरमा भव्यताका साथ सम्पन्न गरियो ।

८.६ डि.एल.ए. केन्द्रको आयोजनामा मिति २०७५/०८/ २० गते बिहीबार ६ नं प्रदेश समिति प्रदेश भेला सुर्खेतको नमस्ते नेपाल होटेलमा सम्पन्न भएको थियो ।

८.७ केन्द्रीय कार्य समितिसंगको सहकार्यमा डि.एल.ए. एकाई झापाले मिति २०७५।०८।२४ मा जि.स.स. हल चन्द्रगढीमा लोकतान्त्रीक कानून व्यवसायीको भेला आयोजना गरेको थियो ।

८.८ मिति २०७५/१०/१० मा डि.एल.ए नेपाल महिला समितिले ९२ जना कानून व्यवसायीहरुको सहभागितामा कृतिम गर्भधारण र सरोगेसी प्रणाली सम्वन्धि कानूनी व्यवस्था सम्बन्धमा केन्दिय कर्यालय थापाथलीमा कार्यक्रम सम्पन्न गरेको थियो ।

८.९ मिति २०७६/१२/१६ गते सम्पन्न भएको नेपाल बार एशोसिएशनको निर्वाचनमा डि.एल.ए. नेपालवाट गठन गरिएको उम्मेदवार छनौट समितिलाई ३३% महिला सहभागिता सुनिश्चित गर्नको लागि ध्यानआर्कषण गराई डि.एल.ए. नेपाल महिला समितिले अपिल गरेको थियो भने ने.वा.ए.को विधानलाई समावेशी वनाई सविधानद्धारा प्रद्रत्त अधिकारको सम्मान गर्नको लागि समेत ने.वा.ए.को ध्यान आर्कषण गराईएको थियो ।

८.१० डि.एल.ए. नेपालको ३० औं वार्षिक साधारण सभामा मिति २०७६।०८।०५-०६ मा कास्की जिल्लाको पोखरा स्थित ह्वाइट हाउस पार्टी प्यालेसमा भव्यताका साथ सम्पन्न गरियो ।

८.११ मिति २०७७/०२/२७ मा सो मिति सम्ममा मुलुकभर ३१ जना गर्भवति तथा सुत्केरी महिलाहरुले COVID–19 को कारण मृत्यूवरण गर्नु परेकाले राज्यलाई सविधानको धारा ३८(२) बमोजिमको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धि अधिकारलाई कार्यान्वयन गर्न राज्यको दायित्व प्रति ध्यान आर्कषण गराउदै निजहरुको नाममा प्रत्येक कानून व्यवसायीले आ-आफ्नै घर आँगनवाट दिप प्रज्वलन गर्दै श्रद्धान्जली कार्यक्रम सम्पन्न गर्योद ।

८.१२ मिति २०७८/११/१५ गते देखि १७ गते सम्म सम्पन्न भएको नेपाल बार एशोसिएशनको नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलनमा भाग लिन देशभरीबाट आउनु भएका यस संस्थासंग आवद्ध सदस्यहरुको उपस्थितीमा लैनचौर स्थित माई च्वाईस बैङक्वट लैनचौरमा भेला आयोजना गरी समय सापेक्ष छलफल गरी केन्द्रले राय सल्लाह सुझाव संकलन गरेको थियो ।

## ९. आधारभूत सिप तथा क्षमता बृद्धि कार्यक्रम

९.१ मिति २०७६।२।३१ गते डि.एल.ए. नेपालद्धारा युवा कानून ब्यवसायीहरुलाई लक्षित गरीबरिष्ठ अधिवक्ता पूणमान शाक्य ज्यूबाट आफ्नो अनुभव प्रस्तुत गर्दै रोचक ढंगबाट आधारभुत सिप तथा क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरियो । उक्त कार्यक्रममा १०२ जना नव प्रवेशी युवा कानून ब्यवसायीहरुको सहभागीता रहेको थियो ।

९.२ २०७६/०३/२० गते शुक्रवारका दिन डि.एल.ए. केन्द्रीय महिला समितिबाट नवोदित तथा अन्य कानून ब्यवसायीहरुलाई लक्षित गरी साइबर विरुद्धको हिंसा सम्बन्धी १ दिने प्रशिक्षण कार्यक्रम संचालन गरियो ।

## १०. कानून व्यवसाय, पेशागत स्थायित्व, कानून व्यवसायीको सम्मान र स्वाभिमानको रक्षा

१०.१ अत्यन्त क्रुर अपराधीको पक्षमा वकालत गर्ने कानून ब्यवसायीलाई पनि अभियोजन नगरिने विश्वव्यापी मान्यता र अभ्यास विपरित फिराद तथा प्रतिउत्तर प्रमाणित गर्दा पक्ष तथा कम्पनीले गरेको काम कार्वाहीमा दोषी देखाई अधिवक्ताद्वय योगेन्द्र पोखरेल र बाबुराम रेग्मीलाई मुद्दा लगाइएको र कम्पनीको प्रवन्धपत्र तथा नियमावली प्रमाणित गरेको आधारमा अधिवक्ता रामबहादुर शाह र लिखत प्रमाणित नक्कल लिन निवेदन दिएको आधारमा अधिवक्ता चन्द्रप्रकाश खनाललाई दोषी दावी गरी मुद्दा चलाइएकोमा डि.एल.ए., नेपालले विरोध जनाउदै अभियोजन फिर्ता गर्न सरकारसंग माग गरी २०७६/०४/२८ गते प्रेस बक्तब्य जारी गरेको थियो ।

१०.२ COVID–19 को विषम परिस्थितिमा पेशी व्यवस्थापनको लागि कानून व्यवसायमा नै प्रतिकुल असर पर्ने गरी सम्मानित सर्वोच्च अदालतद्वारा प्रकाशित सूचनाको बिरोध गर्दै अदालतमा उपस्थित हुँदा ज्भबतिज कबाभतथ ञ्भबकगचभक अपनाई बहस पैरवी गर्न र कानून व्यवसायी रोज्न पाउने पक्षको अधिकार तथा पेशा व्यवसाय गर्न पाउने कानून व्यवसायीको संविधान एवं कानून प्रदत्त अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्न सम्मानित सर्वोच्च अदालतबाट जारी भएको सूचना बिरुद्ध परिमार्जनका लागि मिति २०७७/०७/२७ गते आग्रह गरिएको थियो ।

१०.३ वरिष्ठतम् वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले सम्मानित सर्वोच्च अदालतमा गर्नुभएको बहसका विषयमा सरकार प्रमुखको रुपमा रहेका के.पी.ओलीले “बाजे वकिल“ र “तमासा“ जस्ता शब्द प्रयोग गरी गरेको टिप्पणीमा आपत्ति जनाउँदै यस कटाक्ष प्रति “कानून व्यवसायीको मर्यादा र गरिमा माथि प्रधानमन्त्री जस्तो जिम्मेवार पदाधिकारीबाट निर्मम प्रहार गरिनु अधिनायकवादी, चरम स्वेच्छाचारी र अनुशासनहीन प्रवृत्ति प्रतिबिम्बित भएको भन्दै उक्त टिप्पणी प्रति आपत्ति जनाउदै नेपाल सरकारलाई ध्यानाकर्षण गराएको थियो ।

१०.४ नेपाल बार एशोसिएशनले नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलन मिति २०७७/०२/१४-१६ मा तय गरेकोमा सहभागीहरुलाई तोकेको चर्को दस्तुरले कानून व्यवसायीहरुको सहभागिता सुनिश्चित हुन नसक्ने भएकोले शुल्कमा संशोधन गर्न डि.एल.ए. नेपालका तर्फबाट मिति २०७७/११/११ गते अनुरोध गरी रजिष्ट्रेशन फीमा संशोधन गर्न लगाईएको थियो ।

१०.५ मिति २०७६/३/१७ मा नेपाल सरकारलको कानूनी परामर्श सेवामा मूल्य अभिबृद्धी कर (भ्याट) मा दर्ता गर्नु पर्ने विधेयक जारी गरी सुचना समेत प्रकाशित भई कानून व्यवसायीहरुलाई अनिवार्य भ्याटमा दर्ता गर्नु पर्ने सरकारको गैर जिम्मेवारीपूर्ण ब्यवस्थाबाट नेपालको संविधान २०७२ प्रदत्त न्याय सम्बन्धी हक हनन भई न्यायमा सहज पहुंच, मानव अधिकार, कानूनी राज्य, संबैधानिक सर्वोच्चता जस्ता गंम्भिर बिषयमा प्रत्यक्ष सरोकार राख्ने सरोकारवाला निकायमा प्रत्यक्ष असर हुनसक्ने ठहर गर्दै सो कानून ब्यवसायीमा बितृष्णा आई ब्यवसायबाट नै बिस्थापित हुन सक्ने यस संस्थाको निर्णय प्रति गम्भिर ध्यानाकर्षण गराई विज्ञप्ती जारी गरि दवाब श्रृजना गरेकोले उक्त ब्यवस्थालाई सम्बोधन गरी नेपाल सरकार, अर्थ मंत्रालयले ने.वा.ए. समेतको कार्यदल गठन गरी कानून व्यवसायीको सिलिङ तोकेर भ्याटमा जाने ब्यवस्था गरेको थियो ।

## ११. <u>निर्वाचन प्रचारप्रसार र परिचालन</u>

११.१ नेपाल वार एशोसिएशन निर्वाचनः

(क) नेपाल बार एशोसिएशनको २०७६-०७८ को केन्द्रीय कार्य समिति चयनको सम्बन्धमाः

११.१.१ नेपाल बार एशोसिएशनको २०७६-०७८ को केन्द्रीय कार्य समिति चयनको लागि २०७५/११/१६ गते सम्पन्न भएको नेपाल बार एशोसिएशनको निर्वाचनमा डि.एल.ए. नेपालको तर्फबाट उम्मेद्धार छनौट गर्नका लागि मिति २०७५/०९/१४ गतेको वरिष्ठ अधिवक्ता वसन्तराम भण्डारी ज्यूको संयोजकमा छनौट

समिति गठन गरी उम्मेदवार छनौट मापदण्ड तय गरिएको थियो ।

११.१.२ ने.वा.ए को मिति २०७५ साल चैत्र १६ गतेको निर्वाचनलाई मध्य नजर गर्दै निर्वाचनको प्रचार प्रसारको सन्दर्भमा फागुन १२ गतेबाट लोकतान्त्रिक कानून ब्यवसायीको उम्मेदवारको निर्वाचन प्रचार प्रसार सम्पन्न गरियो ।

११.१.३ मिति २०७५/११/७ गतेको केन्द्रीय कार्य समितिको निर्णयबाट डि.एल.ए.को तर्फबाट छनौट भएका उम्मेद्धारहरुलाई बिजयी गराउन बरिष्ठ अधिवक्ता बसन्तराम भण्डारी ज्यूको संयोजकत्वमा मुलसमिति र अन्य विभिन्न समितिहरुमा उम्मेदवार तथा मतदाता ठाउँ सारी समिति, निर्बाचन समन्वय समिति, निर्बाचन प्रचारप्रचार उपसमिति, निर्बाचन प्रचारप्रचार ब्यबस्थापन समिति, सुचना तथा संञ्चार समन्वय समिति, निर्बाचन आर्थिक परिचालन समिति, निर्बाचन मतदाता सम्पर्क तथा समन्वय समिति, निर्बाचन यातायात परिचालन ब्यबस्थापन समिति, निर्बाचन स्वयं सेवक समिति, निर्बाचन भोजन ब्यबस्थापन समिति समेत गठन गरी भौतिक रुपमा प्रचार प्रसार गरियो ।

११.१.४ मिति २०७५/११/०९ गते बिहीवारका दिन डि.एल.ए. नेपालले आसन्न ने.वा.ए. को निर्वाचनको सम्बन्धमा पत्रकारहरुसंग अन्तरक्रिया कार्यक्रम गरेको थियो ।

११.१.५ मिति २०७५/१२/१४ गते विहिवार बृहत लोकतान्त्रीक समुहको चुनाबी सभा योगम्बर पार्टी भेन्यू सिंहदरवार काठमाडौंमा लोकतान्त्रिक कानून ब्यवसायीहरुको बृहत भेला सम्पन्न गरियो ।

११.१.६ २०७५/१२/१६ गते ने.वा.ए.को निर्वाचनमा लोकतान्त्रिक कानून ब्यवसायी उम्मेदवारहरु तथा मतदाताहरुलाई उत्साहका साथ सहभागिता रह्योच ।

११.१.७ ने.वा.ए. कार्यसमिति २०७५-०७८ को लागि भएको निर्वाचनमा डि.एल.ए.को अकल्पानिय नतिजा प्राप्त गरे प्रति DLA Nepal को केन्द्रीय कार्य समितिको गम्भिर ध्यानआकर्षण भएकोले उक्त नतिजाको सम्बन्धमा विस्तृत रुपमा सुझाव संकलन गर्न सातवटै प्रदेश तथा मातहतका सम्पूर्ण डि.एल.ए. एकाईसंग आवश्यक जाचबुझ गरी १५ दिनभित्र डि.एल.ए. नेपालको केन्द्रीय कार्यालयमा प्रतिवेदन पेश गर्न निर्देशन जारी गरिएको

र उक्त प्रतिवेदन समेत केन्द्रले प्राप्त भई अनुशासन समितिलाई बुझाइयो ।

(ख) नेपाल बार एशोसिएशनको २०७९-२०८१ को केन्द्रीय कार्य समिति चयनको सम्बन्धमाः

११.१.८ मिति २०७८/११/१५ मा मिति २०७८/११/१५-१७ मा सम्पन्न भएको नेपाल बार एशोसिएशनको नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलनमा भाग लिन देशभरीबाट आउनु भएका यस संस्थासंग आवद्ध सदस्यहरुसंग माई च्वाईस बैङक्वट लैनचौरमा भेला आयोजना गरि ने.वा.ए.को यस केन्द्रीय कार्यसमितिको निर्वाचनमा भाग लिन ईच्छुक सदस्यहरुलाई आकांक्षीहरुलाई आफ्नो ईच्छा जाहेर गराईएको थियो ।

११.१.९ मिति २०७८/१२/१९ गते निर्वाचनको घोषणा गरिएकोले मिति २०७८/११/२३ का दिनमा बृहत लोकतान्त्रिक प्रगतिशिल समावेशी तथा पेशागत कानून व्यवसायी समुहमा राजनैतिक गठबन्धनका तर्फबाट उम्मेदवारी दिईयो ।

११.१.१० निर्वाचनको लागि गठबन्धनका तर्फबाट एक निर्वाचन ब्यवस्थापन तथा प्रचार प्रसार समिति गठन गरि धनगढीबाट पहिलो चरणको र झापाबाट दोश्रो चरणको निर्वाचनको प्रचारप्रसार अभियान सञ्चालन गरी अन्तमा काठमाडौंसम्मको बृहत चुनावी घोषणा सभा सम्पन्न गरिएको थियो ।

११.१.११ अन्ततः नेपाल बार एशोसिएशनको २०७९-२०८१ को केन्द्रीय कार्य समितिमा बृहत लोकतान्त्रिक प्रगतिशिल समावेशी तथा पेशागत कानून व्यवसायी समुहको बिजयी गराउन यस संस्था सफल भएको थियो ।

## ११.२ <u>काठमाण्डौ जिल्ला बारको निर्वाचनः</u>

११.२.१ मिति २०७६/०३/६ गते शुक्रबार डि.एल.ए. नेपालद्धारा काठमाडौं जिल्ला बारको आसन्न निर्वाचनलाई विजय हाँसिल गराउन लोकतान्त्रिक कानून ब्यवसायी तर्फका उमेदवारहरुको परिचयात्मक तथा चियापान कार्यक्रम आयोजना गरिएको थियो ।

## ११.३ <u>नेपाल कानून ब्यवसायी परिषदको पार्षद पदको निर्वाचनः</u>

२.१.१ २०७६/१०/२५ गते सम्पन्न भएको नेपाल कानून ब्यवसायी परिषदको पार्षद पदको निर्वाचनमा डि.एल.ए., नेपालको तर्फबाट प्रदेश न.१

बाट (देबेन्द्र कोइराला,मधेश प्रदेशबाट श्यामकुमार मिश्र, बाग्मती प्रदेशबाट प्रा.गुणनिधी न्यौपाने, गण्डकी प्रदेशबाट मुकुन्दराज अर्याल, लुम्बिनी प्रदेशबाट बाबुराम पाण्डे, कर्णाली प्रदेशबाट दमनराज बम र सुदूरपशिचम प्रदेशबाट खगेन्द्रराज जोशीलाई) वटै ७ उम्मेदवार बनाई सम्पुर्ण उम्मेदवारहरुलाई बिजय गराउन आवश्यक प्रचारप्रसार तथा व्यबस्थापन गर्ने कार्य गरिएको थियो ।

## १२. <u>सामाजिक अभियन्ताको भूमिकामा डि.एल.ए., नेपाल</u>

१२.१ COVID–19 को संक्रमणले भयावहको अवस्थामा नेपाल सरकारले लकडाउनले मात्र कोरोना नियन्त्रण हुन सक्छ भन्ने भ्रम फैलाई रहेको समयमा सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा पर्याप्त प्रयास नभएको भन्दै यस संस्थाद्धारा मिति २०७६/१२/२९ मा प्रेस बक्तब्य जारी गरेको थियो ।

१२.२ कोभिड १९ को वन्दावन्दीको समयमा अत्याधिक संख्यामा सुत्केरी तथा गर्भवती महिलाको मृत्यु भएको सन्दर्भमा DLA Nepal, महिला समितिले नेपाल सरकारलाई महिलाको स्वास्थ्य सम्वन्धी अधिकारको कार्यान्वयन तथा व्यवस्थापन प्रति नेपाल सरकार गम्भीर नभएको विषयमा ध्यानाकर्षण गराउदै यस अवधिभित्र मृत्युवरण गरेका दिवङ्गगत आत्माको शान्तिको लागि सम्पुर्ण कानून ब्यबसायीहरुलाइ आह्वान् गरी दिप प्रज्वलन तथा श्रद्धान्जली कार्यक्रम आयोजना गरेको थियो ।

१२.३ संविधानको धारा ३५ को स्वास्थ्यसम्बन्धी हकअनुसार जोखिममा रहेका सबै नागरिकलाई पीसीआर पद्धतिबाट निःशुल्क परीक्षण गराउन २०७७/०२/१६ गते वक्तव्य जारी गर्दै नागरिकको स्वास्थ्य परीक्षणलाई अनिवार्य गरी आवश्यकता र उपयुक्तताको आधारमा प्राथमिकता तोकी, सामाजिक दूरी कायम गरी लकडाउनलाई क्रमशः खुकुलो पार्न सरकारको ध्यान आकर्षण गराउँदै डि.एल.ए., नेपालले सुझाव समेत दिएको थियो ।

१२.४ कोरोना संक्रमण नियन्त्रणका लागि सरकारको अदूरदर्शीताका कारण जनताको स्वास्थ प्रति खेलबाड गर्दै समुदाय तहसम्म राहत सहित ठोस योजना र कार्यक्रम ल्याउन नसकेको साथै अस्पतालमा उपचार पाउन सरकारको सिफारिस लिनुपर्ने, स्वास्थ्य सामाग्री, खाद्यन्न तथा दैनिक उपभोग्य सामानमा दलालीकरण गर्नु सरकारको निरिहताको पराकाष्ठा भएको भन्दै अस्पताल चाहार्दा चाहर्दै जीवन गुमाउनु पर्ने दुखद् स्थिति भोग्नष जनता अभिसप्त हुनुपरेको प्रति सरकारको गम्भीर ध्यानाआकर्षण गर्दै विज्ञप्ति जारी गरिएको थियो ।

१२.५ COVID–19 ले आहत भएको समयमा सुरक्षाका सामाग्री सहित राहत बोकी

जोखिमको अग्रपंक्तीमा रहेर काम गर्ने समुहहरु देखि बस्ती-बस्तीका बिभिन्न क्षेत्रमा समेत **डि.एल.ए. नेपाल** पुगेको थियो ।

१२.६ डि.एल.ए. नेपालको पहलमा विश्वभरी फैलिएको कोरोना कहरको समयमा तत्कालीन कानून मन्त्री शेर बहादुर तामाङलाई अनुरोध गरी कानून व्यवसायीहरुको लागि पहिलो पटक खोपको व्यवस्था गराउन सफल भएको थियो ।

## १३. विविध क्षेत्रलाई सहयोग र सम्मान

१३.१ मिति २०७७/०१/१७ गते बुधबारको दिन Covid–19 मा अग्र पंक्तिमा रहेर काम गर्ने २५ जना राष्ट्रिय स्तरका सञ्चारकर्मी तथा पत्रकारहरु लगायत सुरक्षाकर्मी र स्वास्थ्यकर्मीलाई यस डि.एल.ए., नेपालको नामबाट महासचिवको व्यक्तिगत स्रोतमा करिब १०५०००/- रुपैया रकमबाट (ब्यक्तिगत सुरक्षा सामग्री) पिपिइ, मास्क, पन्जा र सेनिटाइजर बितरण गरिएको थियो ।

१३.२ ने.का.का सभापति शेर बहादुर देउवाको प्रमुख आतिथ्यमा डि.एल.ए., नेपालले मिति २०७६/०८/६ मा पोखरामा आयोजित डि.एल.ए., नेपालको वार्षिक साधारणसभाका अवसरमा डि.एल.ए. नेपालले कानून र न्यायको क्षेत्रमा पत्रकारिता मार्फत महत्वपूर्ण योगदान पुर्या एका पत्रकार द्धय अजय शिवाकोटीलाई कानून पत्रकारिता सम्मान तथा जीवन भण्डारीलाई क्रियाशील युवा न्यायिक पत्रकारिता पुरस्कार प्रदान गरिएको थियो ।

## १४. सर्वसत्तावादी अधिनायकवादी प्रवृत्तिको विरोध

१४.१ जनताको बीच अलोकप्रिय बन्दै गएको र सर्वसत्ताबादतर्फ उन्मुख भएको तत्कालीन ओली सरकारद्वारा तनहुँको बुल्दी खोलाको मोटरेवल पुल उद्धाटन कार्यक्रममा पुग्नु भएका तत्कालिन नेपाली काँग्रेसका वरिष्ठ नेता सम्माननिय रामचन्द्र पौडेलज्यू, जिल्ला सभापति जित प्रकाश आलेलाई ने.क.पा.का कार्यकर्ता र प्रहरीले अवरोध र धरपकड गरी प्रहरी हिरासतमा लिएको अत्यन्त निन्दनीय घटना प्रति खेद व्यक्त गर्दै सरकारको ज्यादती, धरपकड, प्रहरी हस्तक्षेपका बिरुद्ध डि.एल.ए. नेपालले तत्काल रिहाइको निम्ति मिति २०७७/०८/१७ गते जोडदार माग गरेको थियो ।

१४.२ मिति २०७७/०९/१ मा प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले जारी गरेको संवैधानिक परिषद सम्वन्धी अध्यादेश विधिको शासन, शक्ति पृथकिकरणको सिद्धान्त र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रचलन विपरित रहेकोले यस्ता कार्यले लोकतान्त्रिक प्रणालीलाई ध्वस्त बनाउने अभिष्ट लुकेको दावी गर्दै आफ्नो अधिनायकवादी र लोकतन्त्र विरोधी यस संस्थाले

अध्यादेश तत्काल फिर्ता लिन सरकारसँग जोडदार माग गर्दै फिर्ता नभएमा केन्द्र आन्दोलनमा उत्रने चेतावनी समेत दिएको थियो ।

१४.३ प्रधानमन्त्रीको सिफरिसमा राष्ट्रपतिले नेपालको संविधानको धारा ७६(१), (७) र ८५ एवम् संसदीय प्रणालीको हवाला दिँदै प्रतिनिधिसभा विघटन गर्ने कार्य अनाधिकार, गैरसंवैधानिक र गैरसंसदीय कार्य भएको र संविधानको धारा ७६ (७) र ८५ (१) मनसाय बिपरित निरन्तर अमुक दलको गुट विशेषको स्वार्थसिद्धिमा सहयोगी भई देश र जनता कोरोना कहरले थिलथिलो भएको समयमा मध्यावधि निर्वाचनमा धकेल्ने असंवेदनशील कार्य राजनीतिक बेइमानी समेत भएकोले असंवैधानिक, अनधिकृत र अधिनायकवादी कदम असफल पार्दै एकताबद्ध भई परिणाममुखी पहलका लागि सरोकारवालालाई आह्वान समेत गरेको थियो ।

१४.४ प्रधानमन्त्रीको सिफारिशमा राष्ट्रपतिबाट प्रतिनिधिसभा बिघटन गरिएको कदमका सम्बन्धमा देशको पछिल्लो राजनीतिक स्थिति र सम्भाव्य कानूनी उपाय लगायतका बारेमा डि.एल.ए., नेपालको केन्द्रीय कार्यसमिति र डि.एल.ए., नेपालका पूर्व अध्यक्षज्यूहरूका साथ भएको भर्चुअल कार्यक्रममा राष्ट्रपतिको उक्त कार्य असंवैधानिक र निन्दनीय रहेको ठहर गर्दै सम्मानित सर्बोच्च अदालतबाट रिट मार्फत सो कदमका विरूद्ध कानूनी उपचारको खोजी गर्ने निर्णय गरियो ।

१४.५ सरकारको प्रतिनिधिसभा विघटनको असंबैधानिक कदमबाट विरुद्ध नेपाली काङ्ग्रेस निकट सम्पूर्ण शुभेचछुक संस्था (बुद्धिजीवी, पेशाकर्मी तथा श्रम जिविहरू) द्वारा आयोजित बिरोध प्रर्दशन कार्यक्रममा कालो पट्टि, मास्क सहित भौतिक दुरि कायम गर्दे मिति २०७७/१०/२४ गते शनिवारका दिन DLA Nepal को नेतृत्वमा भद्रकाली देखि टुडिखेल परिसर सम्मको बिशाल बिरोध प्रदर्शन गरिएको थियो ।

१४.६ सरकारको प्रतिनिधिसभा विघटनको असंबैधानिक कदमबाट विरुद्ध २०७७/१०/२४ गते सम्पुर्ण प्रदेश तथा जिल्ला डि.एल.ए. इकाइहरुलाई सदरमुकाम वा तोकिएको स्थानमा बिरोध प्रदर्शनीमा सहभागी गराएको थियो ।

१४.७ वलि सरकारको असंबैधानिक प्रतिनिधिसभा विघटनको बिरुद्धमा मिति २०७७/१०/३० मा प्रजातान्त्रिक बिचार समाजद्वारा माइतीघर मण्डलामा आयोजना गरिएको बिरोध प्रदर्शनीमा प्रजातन्त्रबादी कानून व्यावसायीहरुको नेतृत्व उपास्थित भै एकबद्धता जनाएको थियो ।

## १५ <u>वेविनार</u>

१५.१ मिति २०७७।०२।०९ मा कानून व्यवसायीहरु ऋयखष्म-ज्ञढ मा ियअपमयधल को समयमा घरमा बसी रहेको अवस्थामा DLA Nepal ले "IMPACT OF Covid–19 AND ROLE OF LAWYER" बिषयक WEBINAR सम्पन्न गरेको थियो ।

१५.२ मिति २०७७/०२/२६ मा डि.एल.ए. केन्द्रीय कार्यसमितिले विभिन्न राजनैतिक दलका व्यक्तिहरुको सहभागितामा "<u>सविधान संशोधन सिद्धान्तः प्रक्रिया र चुनौति</u>" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन गरेको थियो ।

१५.३ नेपालको न्याय प्रणालीलाई थप प्रविधिमैत्री बनाई अदालतमा सवैका लागि न्याय र न्यायमा सहज पहुँचको सुनिश्चिताको लागि न्याय प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउनु पर्ने र अदालतका धेरै काम प्रविधिबाटै गर्न संभव रहेको दाबी गर्दै "<u>न्यायमा पहुँच र सूचनाप्रविधिको प्रयोग</u>" विषयमा डि.एल.ए., नेपालले २०७७/०२/२८ गते वेविनार आयोजना गरि वेविनार र बैठकको फरक, वेविनार तथा बैठक सञ्चालन गर्ने तरिका, त्यसका लागि उपलब्ध प्रविधिहरु, वेविनारको तयारी गर्दा ध्यान दिनु पर्ने कुराहरु लगायत बिषयमा प्रशिक्षण गराईएको थियो ।

१५.४ मिति २०७७/०५/२० मा "<u>कानून व्यवसायी महिला र सेवाग्राहीमा पर्नसक्ने मनोसामाजिक प्रभाव र तनाव व्यवस्थापन</u>" सन्दर्भ कोभिड १९ विषयमा डा. र मनोसामाजिक परामर्श कर्ता र कानून व्यवसायी विच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो ।

१५.५ मिति २०७७/०५/२७ मा केन्द्रीय महिला समिति र कोशी प्रदेश महिला समितिको सयुक्त आयोजनामा "<u>कानून व्यवसायी महिलालाई पेशामा परेको असर र समाधानका उपाय</u>" सन्दर्भ COVID–19 विषयक कार्यक्रम सम्पन्न गरियो ।

१५.६ मिति २०७७/०६/३ मा डि.एल.ए केन्द्रीय कार्यसमितिले "संघिय लोकतान्त्रिक सविधान कार्यन्वयनका पाँच वर्षः सफलता र चुनौतिहरु" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन गर्यो ।

१५.७ मिति २०७७/०६/१० मा केन्द्रीय महिला समिति र मधेस प्रदेश महिला समितिको सयुक्त आयोजनामा "कानून व्यवसायमा महिलाः पितृसत्ता कति वाधक?" विषयक कार्यक्रम सम्पन्न गरियो ।

१५.८ मिति २०७७/०७/२२ मा केन्द्रीय महिला समिति र वागमती प्रदेश महिला समितिको सयुक्त आयोजनामा "<u>महामारीमा महिला अधिकारः सर्वोच्च</u>

अदालतको फैसलाको विधिशास्त्रीय समिक्षा" विषयक कार्यक्रम सम्पन्न गरियो ।

१५.९ मिति २०७७/०८/१४ मा केन्द्रीय महिला समिति र गण्डकी प्रदेश महिला समितिको सयुक्त आयोजनामा "साइबर अपराधः महिला विरुद्धको हिंसा र नेपालको कानुनी व्यवस्था" सम्वन्धी कार्यक्रम सम्पन्न गरियो ।

१५.१० मिति २०७७/९/११ मा केन्द्रीय महिला समिति र लुम्विनी प्रदेश महिला समितिको संयुक्त आयोजनामा महिलाका मुद्दामा "फैसला कार्यान्वयनमा देखिएका चुनौती र समाधानका उपायहरु" विषय कार्यक्रम सम्पन्न गरियो ।

१५.११ प्रतिनिधि सभा बिघटन गर्ने राष्ट्रपतिको कार्य असंवैधानिक र निन्दनीय भएकोले देशको पछिल्लो राजनीति र कानुनी मार्ग प्रसस्त गर्ने उपायबारे DLA नेपालको केन्द्रीय कार्यसमिति र DLA नेपालका पुर्व अध्यक्ष ज्युहरुका बिच मिति २०७८/०२/२० मा छलफल गरियो ।

## १६. नागरिक समाजसँग सहकार्य

मिति २०७७/०६/२० मा डि.एल.ए. नेपालले आम नेपाली नागरिकहरुले निःशुल्क गुणस्तरिय शिक्षा तथा स्वास्थ्य सेवामा समान पहुँचको सुनिश्चतता र सरकारको लुटतन्त्र तथा अनियमितता विरुद्ध त्रि.वि.वि. शिक्षण अस्पतालमा लामो समय सत्याग्रह (आमरणअनशन)मा रहेका डा. गोविन्द के.सी.संग भेटी निजको माग प्रति एक्यबद्धता जाहेर गर्दै उक्त मागहरुको सम्बोधन साथ निजको जीवनको रक्षा गरी सरकारले सामन्तीपन, निरंकुशता, भ्रष्टाचार र केन्द्रिकृत कुनियतबाट बाहिर आई नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार र कानूनी राज्यको अवधारणालाई सम्मान गरी नागरिकलाई बहुदलीय लोकतान्त्रिक शासन प्रणाली लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादका शासन प्रणालीलाई अंगीकार गरेको तथ्य प्रत्याभूत गराउन सरकारसंग जोडदार माग गरेको थियो ।

## १७. स्थापना दिवसमा शुभकामना

आफ्नो उद्देश्य प्राप्तिको दिशामा सम्पुर्ण डि.एल.ए. आबद्ध कानून व्यवसायी तथा सम्पूर्ण न्यायप्रेमी महानुभावहरूको साथ, सल्लाह र सहयोगको अपेक्षासहित यस DLA Nepal को ३१ औं वार्षिक स्थापना दिवसको अवसरमा चरम Covid का कारण भौतिक रुपमा उपस्थित भै कार्यक्रम गर्न असमर्थ हुदा मिति २०७८/०८/०५ मा भर्चुअल कार्यक्रम गरिएकोमा वरिष्ठ अधिवक्ताज्यूहरू, अधिवक्ताज्यूरु लगायत संस्थामा आवद्ध सदस्य ज्यूहरुबाट शुभकामना प्राप्त भइको थियो ।

## १८. केन्द्रीय कार्यसमितिलाई पूर्णता

नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको बिधानबमोजिम केन्द्रीय कार्य समिति लाई पूर्णता दिदै कार्यसमितिको सदस्य पदमा अधिवक्ताहरु क्रमशः मदनकुमार

डंगोल,हेमन्तराज दाहाल, गणेशराज सिग्देल र सुधा रिजाललाई मनोनित गरिएको थियो ।

२०. **सुझाव संकलन**

मिति २०७७/१०/९ गते डि.एल.ए., नेपालको केन्द्रीय कार्यसमिति र डि.एल.ए. जिल्ला र उच्च इकाईका पदाधिकारीसंग डि.एल.ए. नेपालको आगामी अधिवेशन र सदस्यता वितरण, जिल्ला ईकाइहरुको निर्वाचन, डि.एल.ए., नेपालको केन्द्रीय कार्यसमितिको निर्वाचन र नयाँ सदस्यता वितरणको अवस्थाका बारेमा जानकारी लगायत विविध बिषयमा राष्ट्रमा देखिएको संकट र भावी दिशा सम्वन्धी पाटी र पेशागत सगठनको भुमिका बिषयमा छलफल गरी उपस्थित सहभागीहरुको अमुल्य सुझाब लिने कार्य गरियो ।

अन्त्यमा, यस संस्थाको गरिमा अनवरत रुपमा स्थापित गर्न हाम्रो कार्यकाललाई सहयोग सद्भाव, प्रेरणा र मार्ग निर्देशन गर्नुहुने डि.एल.ए., नेपाल आवद्ध सम्पूर्ण वरिष्ठ अधिवक्ताज्यूहरु, डि.एल.ए., नेपालका पूर्व अध्यक्षज्यूहरु लगायत पदाधिकारी तथा सदस्यज्यूहरु, अनुशासन समिति तथा सल्लाहकार समिति लगायत विभिन्न समितिका संयोजक र सदस्यज्यूहरु, केन्द्रीय कार्यसमितिका अध्यक्षज्यू लगायत पदाधिकारी ज्यूहरुतथा सदस्यज्यूहरु, विभिन्न इकाईका पदाधिकारी ज्यूहरुतथा सदस्यज्यूहरु, बिभिन्न समिति तथा उप समितिमा रहि यस महाधिवेशनलाई सफल बनाउन भूमिका निभाउनु हुने संयोजक तथा सदस्य ज्यूहरु, यस डि.एल.ए.नेपालमा आवद्ध समस्त सदस्य ज्यूहरु तथा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा हामीसाथ रहनुभएका सम्पूर्ण शुभचिन्तकहरु, कर्मनिष्ट कर्मचारीहरु, पत्रकार बन्धुहरु, यस कार्यक्रम स्थल उपलब्ध गराई दिनुहुने स्टार होटेल परिवार, तथा यस कार्यक्रमलाई सफल बनाउने सहयोगी हातहरु प्रति पुनः आभार प्रकट गर्दै यस महाधिवेशनबाट यो प्रतिवेदन पारित गरी दिनु हुन सादर अनुरोध गर्दछु ।

धन्यवाद

**लक्ष्मीदेवी दाहाल (रावल)**
महासचिव

## नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको ११ औं महाधिवेशनमा पेश गरिएको

# कोषाध्यक्षको आर्थिक प्रतिवेदन, २०८०

नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनका अध्यक्ष तथा यस गरिमामय महाधिवेशनका सभाध्यक्षज्यू नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएशनको कार्यसमितिमा रहनु भएका बरिष्ठ उपाध्यक्ष ज्यू, बरिष्ठ महिला उपाध्यक्ष ज्यू, सातै प्रदेशका उपाध्यक्षज्यूहरु, सचिवज्यूहरु तथा सम्पूर्ण केन्द्रीय सदस्यज्यूहरु साथै प्रत्येक प्रदेशका कार्यसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु, सबै जिल्ला इकाईका कार्य समितिमा रहनु भएका पदाधिकारी एवं सदस्यज्यूहरु, नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएसनका संस्थापकज्यूहरु, पूर्व अध्यक्षज्यूहरु, पूर्व पदाधिकारी तथा सदस्यज्यूहरु, डि.एल.ए नेपालमा आवद्व आजिवन सदस्यज्यूहरु, यस महाधिवेशनलाई सभ्य र भव्यताका साथ सफल बनाउनका लागी यस सभामा उपस्थित हुनु भएका सम्पूर्ण विद्वान विदुर्षि बरिष्ठ अधिबक्ता, अधिबक्ता तथा अभिवक्ताज्यूहरु र उपस्थित आमसञ्चार जगतका पत्रकारज्यूहरुमा उच्च स्वागत, सम्मान ब्यक्त गर्दै सम्पूर्ण कार्यसमिति तथा म कोषाध्यक्षको तर्फबाट हार्दिक न्यानो अभिवादन टक्र्याँउन चाहन्छु ।

नेपाल डेमोक्रयाटिक लयर्स एशोसिएशनको १० औं महाधिबेशन, नवलपुर, गैडाकोटको मिति २०७५/०४/१२ गते सम्पन्न निर्वाचनबाट निर्वाचित हाम्रो कार्यसमितिलाई मिति २०७५/०५/०७ गते पदभार हस्तान्तरण भए देखि कार्यसमितको कोषाध्यक्ष पदको कार्यभार सम्हाल्दै आएको कुरा सबैमा सर्बविदितै छ । डि. एल. ए. नेपाल को स्थापना दिवसको अवसरमा २०७६ साल मंशिर ५ र ६ गतेका दिन पोखरामा भएको बाार्षिक साधारण सभामा आ. ब. ०७५/०७६ को लेखा परीक्षण प्रतिबेदन प्रस्तुत गरे पश्चात् बिश्वब्यापी कोरोनाको संक्रमण सरुवा रोगका कारण डि. एल. ए. नेपालको कार्यक्रमहरु सम्पूर्ण स्थगन भएको अवस्था भएतापनि नेपाल वार एशोशिएशनको निर्वाचन र त्यसपछि लगतै स्थानिय निकायको निर्वाचन हुने भएकाले ती निर्वाचनमा डि.एल ए नेपालले निर्वाह गर्नुपर्ने अहम भुमिका र कर्तब्यका कारण तथा अन्य विविध कारणबस हामीले चाहेर पनि बार्षिक साधारण सभाहरु प्रत्येक वर्ष सम्पन्न गर्न नसकेको तथ्य यहाँहरु सबै जानकार नै हुनुहुन्छ । तथापी यहाँहरुको न्यानो माया, सदभाव, सहयोग र सुझावहरुलाई आत्मसात गर्दै आजको यस गरिमामय सभामा आ.व.२०७६/०७७, ०७७/ ०७८ र ०७८/ ०७९को लेखा परिक्षण सहितको कार्यसमितिको आर्थीक प्रतिवेदन प्रस्तुत गर्ने अवसर पाँउदा यहाँहरु समक्ष कृतज्ञता प्रकट गर्न चाहन्छु । प्रत्येक आर्थिक वर्षको आय ब्ययको हर हिसाव र त्यसलाई प्रमाणीत गर्ने सम्बन्धित विल, भरपाईहरु, प्रत्येक वर्षको अलग अलग सुरक्षित गरि, त्यसैका आधारमा लेखा परिक्षण गरि लेखा परिक्षण सहितको आर्थिक बर्ष ०७५ /०७६, ०७६/०७७, ०७७/०७८ र ०७८/ ०७९ को लेखा परिक्षणबाट सम्पूर्ण आय, ब्यय खर्च र बैंक मौज्दात आदी समेतको विस्तृत विवरण समावेश गरि लेखा परिक्षण सहितको यो आर्थीक प्रतिवेदन महाधिबेशनमा उपस्थित महाधिबेशन प्रतिनिधीहरु समक्ष बितरण गरि हातहातमा पुर्याएको हुदाँ यहा संक्षिप्त विवरण

मात्र प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक बर्ष ०७४/०७५ को आर्थिक प्रतिबेदनमा जम्मा रु.२,३५,१७०।३५(अक्षेरुपी दुई लाख पैतिस हजार एक सय सत्तरी रुपैयाँ पैतिस पैसा) देखाईएतापनि हामीलाई पदभार हस्तान्तरण (२०७५।५।०७ ) पछि डेमोक्र्याटिक लयर्स एसोसिएसनको बैंक मौज्दात यस प्रकार रहेको थियो ।

| सि.नं. | बित्तीय संस्थाको नाम | खाता नम्बर | जम्मा रकम |
|---|---|---|---|
| १. | कृषि विकास बैंक लिमिटेड पुतलीसडक, काठमाण्डौं । | ०२०९९००२६५१४४०१० | ४,१६,५१३।०३ |
| २. | प्रभु बैंक लिमिटेड, बबरमहल काठमाण्डौ. । | ००१००१०००३४९५०००००००२ | २,९६,५८२।२६ |
| | | प्राप्त जम्मा रकम | ७,१३,०९५।०० |

यसैगरी नेपाल डेमोक्र्याटिक लयर्स एसोसिएसनको निर्वतमान कार्यसमितिले २०७५ साल भदौ महिनाको ७ गते नयाँ कार्यसमितिलाई पदभार हस्तान्तरण गर्दा प्राप्त प्रतिवेदनमा नगद रु.४,००,०००/-(अक्षरुपी चार लाख),१० औं महाधिबेशनमा प्रकाशित लिगल आई महाधिबेशन विशेषांक प्रकाशन तथा विज्ञापन गर्दा प्राप्त भएको रकम रु.२०,०००/- र रु.१५,०००/- समेतको २ थान चेक गरि जम्मा रु.४,३५,०००/-रुपैयाँ प्राप्त भएको थियो । सो रकम मध्ये आ.ब.०७०/०७१ देखि आ.ब.०७४/०७५ सम्मको ५ बर्षको संस्था नविकरण खर्च रु.२३,८६०/-, संस्थामा प्रिन्टीङ्ग एण्ड स्टेशनरी खर्च रु.३१,५८३/- माइक स्पीकर खरिद खर्च रु. १०,९००/- र विविध खर्च रु ५००।- समेत गरि जम्मा खर्च रकम ६६, ८८५/- खर्च भई उक्त रुपैयाँ मध्ये बाँकी रहेको रकम प्रभु बैंक लिमिटेडको खाता नम्बर ००१००१०००३४९५०००००००२मा मिति २०७५/११/२२ मा बैंक मौज्दात रु.३,६८,११५/-रहेको छ ।

संस्थाको आ.ब.०७५/०७६ को लेखा परीक्षण प्रतिबेदन बमोजिम बैंकखातामा मौज्दात रकम यस प्रकार छ ।

| सि.नं. | आम्दानी | खाता नम्बर | जम्मा रकम |
|---|---|---|---|
| १. | कृषि विकास बैंक लिमिटेड पुतलीसडक, काठमाण्डौं । | ०२०९९००२६५१४४०१० | ४,३४,२३७४५ |
| २. | प्रभु बैंक लिमिटेड, बबरमहल काठमाण्डौ. । | ००१००१०००३४९५०००००००२ हाल परिवर्तित खाता नम्बर ००१०००३४९५००००२१ | ९,०१,९५१।५८ |
| | | प्राप्त जम्मा रकम | १३,३६,१८९।०३ |

संस्थाको आ.ब.०७५/०७६ को लेखापरिक्षण बमोजिम जम्मा आम्दानी रु २३४७२५३।२२(अक्षेरुपी तेहिस लाख सत्चालिस हजार दुइ सय त्रिपन्न रुपैया बाइस पैसा ) भएकोमा संस्थामा भएको खर्च रु २३,४७३६१।५० ( अक्षेरुपी तेहिस लाख सत्चालिस हजार तीन सय एकसाठ्ठी)भएको छ। तसर्थ आ.ब.०७५/०७६ मा लेखा परीक्षण प्रतिबेदन बमोजिम रु.१०८।२८ (अक्षेरुपी एक सय आठ रुपैयाँ अठ्ठाईस पैसा) नोक्सान भएको छ । संस्थाले तिर्न बाँकी रु.१४,६१,१०६।४६( चौध लाख एकसठ्ठी हजार एक सय छ रुपैया छयालीस पैसा) रहेको छ । पोखरामा भएको बाार्षिक साधारण सभाबाट आ. ब. ०७५/०७६ को लेखा परीक्षण प्रतिबेदनको सम्पुर्ण विवरण प्रस्तुत गरी सकेको हुँदा यहाँ पुनराबृति गरिरहनु परेन ।

त्यसैगरी यस संस्थाको आ.ब.०७६/०७७ को लेखा परीक्षण प्रतिबेदन बमोजिम बैंकखातामा मौज्दात रकम यस प्रकार रहेको छ ।

| सि.नं. | आम्दानी | खाता नम्बर | जम्मा रकम |
|---|---|---|---|
| १. | कृषि विकास बैंक लिमिटेड पुतलीसडक, काठमाण्डौं । | ०२०९९००२६५१४४०१० | ५,५६५।७८ |
| २. | प्रभु बैंक लिमिटेड, बबरमहल काठमाण्डौ. । | ००१०००३४९५००००२१ | ३०,४६९।२९ |
| | | प्राप्त जम्मा रकम | ३६,०३५।०७ |

संस्थाको आ.ब.०७६/०७७ को लेखा परीक्षण प्रतिवेदन बमोजिम जम्मा आम्दानी रु.२३,९४६।०४ (अक्षेरुपी तेह्रिस हजार नौ सय छयालीस रुपैयाा चार पैसा) भएकोमा संस्थामा भएको खर्च रु.२,१२,५९४।८८(अक्षेरुपी दुई लाख बाह् हजार पाँच सय चौरानब्बे रुपैयाँ अठासी पैसा) रहेको छ । आ.ब.०७६/०७७ मा लेखा परीक्षण प्रतिबेदन बमोजिम रु.१,८८,६४८।८४(अक्षेरुपी एक लाख अठासी हजार छ सय अठ्चालिस रुपैयाँ चौरासी पैसा) संस्थाले नोक्सानी ब्यहोर्नु परेको छ। संस्थाले तिर्न बाँकी रु.२,७९,६०६।४६ दुई लाख उनासी हजार छ सय छ रुपैयाँ छयालिस पैसा) तिर्नु पर्ने रहेको छ ।

त्यसैगरी संस्थाको आ.ब.०७७/०७८ को लेखा परीक्षण प्रतिबेदन बमोजिम बैंकखातामा मौज्दात रकम यस प्रकार रहेको छ ।

| सि.नं. | संस्था | खाता नम्बर | जम्मा रकम |
|---|---|---|---|
| १. | कृषि विकास बैंक लिमिटेड पुतलीसडक, काठमाण्डौं । | ०२०९९००२६५१४४०१० | ११,८३३।५२ |
| २. | प्रभु बैंक लिमिटेड, बबरमहल काठमाण्डौ. । | ००१०००३४९५००००२१ | २,४८,११०।५७ |
| | | प्राप्त जम्मा रकम | २,५९,९४४।०९ |

संस्थाको आ.ब.०७७/०७८ को लेखा परीक्षण बमोजिम जम्मा आम्दानी र रु.२,२०,९९९।०२

(अक्षेरुपी दुई लाख बीस हजार नौं सय उनान्सय रुपैयाँ दुई पैसा) भएकोमा संस्थामा भएको खर्च रु.१,९५,०९६।१६(अक्षेरुपी एक लाख पन्चानब्बे हजार छयानब्बे रुपैयाँ सोह्र पैसा) रहेको छ भने रु.२५,९,०२।८६ (अक्षेरुपी पच्चीस हजार नौ सय दुई रुपैयाँ छयासी पैसा) संस्थालाई नोक्सान भएको छ । संस्थाले तिर्न बाँकी रु.४,२५,११६।४६(अक्षेरुपी चार लाख पच्चीस हजार एक सय सोह्र रुपैयाँ छयालिस पैसा) रहेको छ ।

त्यसै गरी यस संस्थाको आ.ब.०७८/०७९ को लेखा परीक्षण प्रतिबेदन बमोजिम बैंकखातामा रहेको मौज्दात रकम यस प्रकार छ ।

| सि.नं. | बित्तीय संस्था | खाता नम्बर | जम्मा रकम |
|---|---|---|---|
| १. | कृषि विकास बैंक लिमिटेड पुतलीसडक, काठमाण्डौं । | ०२०९९००२६५१४४०१० | १,८४,७१८।५२ |
| २. | प्रभु बैंक लिमिटेड, बबरमहल काठमाण्डौ. । | ००१०००३४९५००००२१ | २,०३,१९०।१३ |
| | | प्राप्त जम्मा रकम | ३,८७९०८।६५ |

संस्थाको आ.ब.०७८/०७९ को लेखा परीक्षण प्रतिवेदनमा जम्मा आम्दानी रु.२,०४,२६४। ९२ (अक्षेरुपी दुई लाख चार हजार दुई सय चौसठ्ठि रुपैयाँ बयानब्ने पैसा) रहेकोमा संस्थामा भएको खर्च रु.१,९७,८५२।१२ (अक्षेरुपी एक लाख सन्तानब्बे हजार आठ सय बाउन्न रुपैयाँ बाह्र पैसा) भएको छ । आ.ब.०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन बमोजिम रु.६,४१२।८०(अक्षेरुपी छ हजार चार सय बाह्र रुपैयाँ असी पैसा)संस्थालाई आम्दानी भएकोमा गत साल आ.ब.०७७/०७८ मा संस्थामा भएको खुद नोक्सान रु.७,५७५।६३(अक्षेरुपी सात हजार पाँच सय पचहत्तर रुपैयाँ त्रिसठ्ठी पैसा) रहेकोमा, उक्त रकम कट्टा गरि खुद नोक्सान रु.१,१६२।८२(अक्षेरुपी एक हजार एक सय रुपैयाँ बैसठ्ठि पैसा) रहेको छ भने संस्थाले तिर्न बाँकी रु.५,०७,२९६।१० (अक्षेरुपी पाँच लाख सात हजार दुई सय छयानब्बे रुपैयाँ दश पैसा) रहेको छ ।

हाम्रो नयाँ कार्यसमिति चयन भई पदभार ग्रहण गरे पश्चात् विगत (आ.व.०७०/०७१ देखि ०७४/०७५) संस्थाको नविकरण गर्न बाँकी रहेको हुँदा उक्त कार्य गर्नलाई कार्य समितिका पदाधिकारी सचिव श्री खड्ग बहादुर बुढाथोकी, कोषाध्यक्ष म सुधा खतिवडा र सदस्य श्री दिब्यराज घिमिरे समेतबाट सम्पन्न भएको हुँदा वहाँहरुलाई यस कार्यसमिति र मेरो ब्यक्तिगत तर्फबाट धन्यबाद दिन चाहन्छु ।

कार्यसमितिले डि.एल.ए.नेपालको केन्दिय कार्यालयको ठेगाना का.जि.का.म.न.पा.वडा नं.३५ बाट परिवर्तन गरी हाल का.जि.का.म.न.पा.वडा नं. ११ थापाथली जेसिस भवन काठमाण्डौंमा संस्थाको केन्द्रिय कार्यालय भाडामा लिई संस्थाको कार्य संचालन गर्दै आइरहेका छौ .। संस्थामा रहेको जिन्सी सामानहरुको विवरण अनुसुची-१ मा उल्लेख गरेको छु ।

संस्थाको दैनिक कार्य सञ्चालनका लागी आवश्यक टेलिफोन, इन्टरनेटको जडान, डि.एल.ए नेपालको वेभ साइड बनाएको, लिगल आई वार्षिक साधारण सभा विशेषाङ्क २०७६ को प्रकाशन, क्यालेन्डर प्रकाशन र समय समयमा गरिएको बिभिन्न मिटिङ, सेमिनार छलफल कार्यक्रमहरु, नेपालीहरुको महान चाडपर्वहरुमा चियापान कार्यक्रम, महिलाको महान चाड हरितालिका तिजपर्व कार्यक्रम साथै यस संस्थामा डि.एल.ए. नेपालका भु. पु. अध्यक्षहरुको तस्वीर बनाइ डि.एल.ए. केन्द्रिय कार्यालयमा राखिएको ब्यहोरा जानकारी गराउदछु। संस्थामा सरसफाई कार्यालय सहयोगी र सहयोगी कर्मचारी, संस्थाको कार्यक्रमको लागि आवश्यक पर्दा आवश्यक सहयोगी कर्मचारी समेत राखी कार्यालय संचालन गरिएको ब्यहोरा सर्वविदितै छ ।

संस्थामा आबद्ध भएका सदस्यहरुज्यूहरुको नविकरण वाहेक यस संस्थाको कार्यालय संचालन गर्न हाम्रो नियमित दिगो आम्दानीको अन्य स्रोत केही नभएको अवस्था छ। संस्थाको आर्थिक कारोबार संचालन गर्न अफठ्यारो परिरहेको बेला बिश्वब्यापी रुपमा फैलिएको कोरोना महामारीको प्रभावले कानून ब्यवसायी कै ब्यवसाय धराप भएको अवस्थामा समेत हाम्रो कार्य समितिले जुम मार्फत धेरै भर्चुवल मिटिङ्गबाट कार्यक्रमहरु समेत सञ्चालन गरेका थियौं ।

डि.एल.ए नेपाल लाई आ.ब. २०७५/०७६ मा आदरणीय बरिष्ठ अधिबक्ता ज्यू, अधिबक्ता ज्यू, अभिबक्ता ज्यू, संघ, संस्थाहरुबाट निम्न बमोजिम सहयोग प्राप्त भएको विवरण तपशिल बमोजिम रहेको छ ।

१. मिति २०७५ सालको महिला तिज विशेष कार्यक्रममा बरिष्ठ अधिबक्ता, अधिबक्ता र अभिबक्ताज्यूहरु बाट सहयोग बापत प्राप्त रकम निम्न प्रकार रहेको छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | डि.एल.ए.नेपालका अध्यक्ष बरिष्ठ अधिबक्ता योगेन्द्र बहादुर अधिकारी ज्यू.बाट | ७,०००।०० |
| २. | डि.एल.ए.नेपालका बरिष्ठ उपाध्यक्ष अधिबक्ता सुरेश कुमार पौडेल ज्यू.बाट | ५,०००।०० |
| ३. | डि.एल.ए.नेपालका महिला बरिष्ठ उपाध्यक्ष डा.सुषमा बराल (बास्कोटा)ज्यू.बाट | ५,०००।०० |
| ४. | डि.एल.ए.नेपालका प्रदेश नम्बर ३ का उपाध्यक्ष अधिबक्ता राजु कटुवाल ज्यू.बाट | ५,०००।०० |
| ५. | डि.एल.ए.नेपालका महा-सचिव अधिबक्ता लक्ष्मी रावल (दाहाल)ज्यू.बाट | ५,०००।०० |
| ६. | डि.एल.ए.नेपालका सचिव अधिबक्ता खड्ग (सुबास) बहादुर बुढाथोकीज्यू.बाट | ५,०००।०० |
| ७. | डि.एल.ए.नेपालका सचिव अधिबक्ता बिष्णु बस्यालज्यू.बाट | ५,०००।०० |
| ८. | डि.एल.ए.नेपालका कोषाध्यक्ष अधिबक्ता सुधा खतिवडा ज्यू.बाट | ५,०००।०० |
| ९. | डि.एल.ए.नेपालका सदस्य अधिबक्ता शर्मिला थापा विष्टज्यू. बाट | ५,०००।०० |
| १०. | डि.एल.ए.नेपालका सदस्य अधिबक्ता शर्मिला गौतम(बस्याल) ज्यू.बाट | ३,६००।०० |
| ११. | डि.एल.ए.नेपालका सदस्य अधिबक्ता अर्जुन कुमार बास्कोटा ज्यू.बाट | ३,०००।०० |
| १२. | डि.एल.ए.नेपालका सदस्य अधिबक्ता कुमार मगरज्यू.बाट | १,०००।०० |

| | | |
|---|---|---|
| १३. | डि.एल.ए.नेपालका पूर्व अध्यक्ष बरिष्ठ अधिबक्ता गोपाल कृष्ण घिमिरेज्यू.बाट | ५,०००।०० |
| १४. | बरिष्ठ अधिबक्ता शुभद्रा उप्रेति सिटौलाज्यू.बाट | ५,०००।०० |
| १५. | अधिबक्ता राजेश्वर अधिकारीज्यू.बाट | २,०००।०० |
| १६. | अधिबक्ता अनिता मानन्धर जोशीज्यू.बाट | ५,०००।०० |
| १७. | अधिबक्ता विनिता कार्कीज्यू.बाट | ५,०००।०० |
| १८. | अधिबक्ता इन्दु कोइरालाज्यू.(चितवन)बाट | ५,०००।०० |
| १९. | अधिबक्ता निद्रा देवीज्यू.बाट | १,०००।०० |
| २०. | अधिबक्ता सरीता खनालज्यू बाट | २,०००।०० |
| | सहयोग वापत जम्मा रकम | ८४,६००।०० |

२. मिति २०७५ सालको डि.एल.ए.नेपालको विविध विषय अर्न्तगत बरिष्ठ अधिबक्ता, अधिबक्ता र अभिबक्ताज्यूहरुबाट सहयोग बापत प्राप्त रकम निम्न प्रकार रहेको छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | व.अधिबक्ता सुनिल कुमार पोखरेलज्यू.बाट इन्टरनेट जडान खर्च वापत रकम प्राप्त भएको । | रु ११,०००।- |
| २. | बरिष्ठ अधिबक्ता हरिहर दाहालज्यू.बाट डि.एल.ए.घर भाडा वापत प्राप्त भएको । | रु १५,०००।- |
| ३. | बरिष्ठ अध्यक्ष योगेन्द्र बहादुर अधिकारीज्यू.बाट डि.एल.ए.घर भाडा वापत प्राप्त भएको । | रु ३५,०००।- |
| ४. | अधिबक्ता लक्ष्मी रावल(दाहाल)बाट डि.एल.ए.घर भाडा वापत प्राप्त भएको । | रु ३०,०००।- |
| ५. | अधिबक्ता सतिस कुमार झाज्यू.बाट डि.एल.ए.घर भाडा वापत प्राप्त भएको । | रु २५,०००।- |
| ६. | अधिबक्ता राजु कट्वालज्यू.बाट डि.एल.ए.घर भाडा वापत प्राप्त भएको । | रु ३०,०००।- |
| ७. | बरिष्ठ अध्यक्ष योगेन्द्र बहादुर अधिकारीज्यूबाट डि.एल.ए.मा प्रोजेक्टर खरिद वापत प्राप्त भएको । | रु ५१,५००।- |
| ८. | अधिबक्ता शर्मिला गौतम(बस्याल)ज्यू.बाट प्लाष्टीक कुर्सी खरिद वापत प्राप्त भएको । | रु २५,५००।- |
| ९. | रेवत बहादुर कार्कीज्यू. बाट सहयोग प्राप्त भएको । | रु १०,०००।- |

| | | |
|---|---|---|
| १०. | डि.एल.ए.नेपालको महिला समितिको आयोजनामा साईबर अपराध कानूनको बिषयमा कार्यक्रम सञ्चालन गर्न बरिष्ठ अधिबक्ता सुषमा बास्कोटा, अधिबक्ता विष्णु बस्याल र अधिबक्ता सुधा खतिवाडाज्यूहरु बाट सहयोग वापत | रु १,९७७।- |
| ११. | डि.एल.ए.नेपालको महिला समितिको आयोजना गरिएको कृतिम गर्भधारण र सरोगेसी प्रणाली बिषय सम्बन्धी कार्यक्रमका लागी बरिष्ठ अधिबक्ता माधमाधव बास्कोटाज्यूबाट रु.१०,०००/- अधिबक्ता सुधा खतिवडा ज्यूबाट रु.२,३७२/-अधिबक्ता विष्णु बस्यालज्यू. बाट रु.५२५/- समेत सहयोग प्राप्त भएको । | रु १२,९९७।- |
| १२. | डि.एल.ए.नेपालको घर भाडा वापत अधिबक्ता लक्ष्मी  रावल ज रावदाहलयू बाट सहयोग प्राप्त भएको । | रु ४०,०००।- |
| १३. | डि.एल.ए.नेपालको घर भाडा वापत अधिबक्ता शर्मिला थापा (विष्ट) ज्यू.बाट सहयोग प्राप्त भएको । | रु ३०,०००।- |

यसरी हामीलाई विभिन्न शिर्षकमा आ. ब. ०७५/०७६ मा बिभिन्न समयमा आर्थिक सहयोग प्राप्त भएको रकम आ. ब. ०७५/०७६ को आर्थिक प्रतिबेदनमा आम्दानी खर्च विवरण समावेश भई सकेकाले यहाँ पुनराबृत्ती गरिएको छैन । यसरी हामीलाई सहयोग गर्नु हुने आदरणीय बरिष्ठ अधिबक्ता,  अधिबक्ता, अभिबक्ताज्यूहरु  र सम्पूर्ण ब्यक्तिहरुमा उच्च सम्मानका साथ हार्दिक धन्यबाद दिर्दै निरन्तर सहयोगको अपेक्षा राख्दछौं ।

आ.ब.२०७६/०७७ आ.ब.२०७७/०७८ र आ.ब.०७८/०७९ मा डि.एल.ए नेपालमा आवद्ध रहनु भएका आदरणीय बरिष्ठ अधिबक्ता, अधिबक्ता, अभिबक्ताज्यूहरुवाट निम्न अनुशार नगद/चेक दिई संस्थालाई सहयोग  गर्नु भएको ब्यवहोरा निम्नानुसार रहेको छ ।

| **क्र.सं.** | **विवरण** | **रकम** |
|---|---|---|
| १. | पुर्व डि. एल. ए. महिला कार्य (शिवाली जोशी) समिति बाट हस्तान्तरण गरि प्राप्त भएको रकम | रु ७०००।- |
| २. | डि.एल.ए.नेपालको अफिस भाडा वापत अध्यक्ष ब.अ.योगेन्द्र वहादुर अधिकारीज्यू.वाट सहयोग प्राप्त भएको । | रु ३०,०००।- |
| ३. | डि.एल.ए.नेपालको अफिस भाडा वापत बरिष्ठ उपाध्यक्ष अधिवक्ता सुरेश पौडेल ज्यू.बाट सहयोग प्राप्त भएको । | रु ३०,०००।- |
| ४. | डि.एल.ए. नेपालको अफिस भाडा वापत बरिष्ठ उपाध्यक्ष महिला बरिष्ठ अधिबक्ता सुषमा बास्कोटा (बराल)ज्यू. बाट सहयोग प्राप्त भएको । | रु ३०,०००।- |

| | | |
|---|---|---|
| ५. | डि.एल.ए.नेपालको अफिस भाडा वापत सचिव अधिबक्ता खड्ग(सुबास)बहादुर बुढाथोकी ज्यू. बाट सहयोग प्राप्त भएको । | रु ३०,०००।- |
| ६. | डि.एल.ए.नेपालको अफिस भाडा वापत महिला सचिव अधिबक्ता विष्णु बस्यालज्यू. बाट सहयोग प्राप्त भएको । | रु ३०,०००।- |
| ७. | डि.एल.ए.नेपालको अफिस भाडा वापत कोषाध्यक्ष अधिबक्ता सुधा खतिवडाज्यू. बाट सहयोग प्राप्त भएको । | रु ३०,०००।- |
| ८. | डि.एल.ए.नेपालको अफिस भाडा वापत पूर्व महा-सचिव अधिबक्ता मेघ राज पोखरेलज्यू. बाट सहयोग प्राप्त भएको । | रु ३०,०००।- |
| ९. | डि.एल.ए.नेपालको अफिस भाडा वापत सदस्य अधिबक्ता दिब्यराज घिमिरेज्यू. बाट सहयोग प्राप्त भएको । | रु ३०,०००।- |
| १०. | डि.एल.ए. नेपालको अफिस भाडा वापत अधिबक्ता छवि रमण निरौलाज्यू. बाट सहयोग प्राप्त भएको । | रु ३०,०००।- |
| ११. | डि. एल. ए. नेपालको कार्यालय सञ्चालन सहयोगी कर्मचारीलाई पारिश्रमी वापत डि. एल. ए. अध्यक्ष बरिष्ठ अधिबक्ता योगेन्द्र बहादुर अधिकारी, उपाध्यक्ष अधिबक्ता राजु कटुवाल, महा-सचिव लक्ष्मी देवि रावल, सचिव खड्ग (सुबास) बहादुर बुढाथोकी, सदस्यहरुमा रामबन्द शर्मा, अर्जुन कुमार बास्कोटा, रुपेश लामा, कुमार मगर, शर्मिला थापा(विष्ट) र दिब्यराज घिमिरेज्यू समेतबाट प्रति ब्यक्ति रु.१०००/-का दर रकम सहयोग प्राप्त भएको । | रु ११,००० ।- |
| १२. | डि. एल. ए. नेपालका पूर्व अध्यक्ष बरिष्ठ अधिबक्ता शेर बहादुर के. सी. ज्यू. बाट अफिस सरसफाई सहयोगी कर्मचारी लाई पारिश्रमीक वापत सहयोग प्राप्त भएको । | रु १०,००० ।- |
| १३. | डि. एल. ए. नेपालका सदस्य अधिबक्ता हेमन्त दाहालज्यू. बाट अफिस सरसफाई सहयोगी कर्मचारी लाई पारिश्रमीक वापत सहयोग प्राप्त भएको । | रु १०,००० ।- |

| | | |
|---|---|---|
| १४. | डि. एल. ए. नेपालको वयब साईड बनाउन सहयोग प्राप्त भएको रकम यस प्रकार रहेको छ ।<br>ब.अ.योगेन्द्र बहादुर अधिकारीज्यू.बाट सहयोग रु.५,०००/-<br>अधिबक्ता सन्तोष तिवारीज्यू.बाट सहयोग रु.९,०००/-<br>अधिबक्ता दिब्यराज घिमिरेज्यू.बाट सहयोग रु.१०,०००/-<br>डि.एल.ए.नेपालका कार्यसमितिबाट सहयोग रु.१६,०००/-<br>जम्मा रु.४०,०००।०० | रु ४०,०००।- |
| १६. | डि. एल. ए. नेपालको **वयब साईड** प्रत्येक बर्ष रु.६,०००।०० को दरले आ.ब.०७६/०७७, ०७७/०७८ र ०७८/०७९ को जम्मा रकम रु.१८,०००।००(अक्षेरुपी अठार हजार)रुपैयाँ डि.एल.ए.का सदस्य अधिबक्ता सन्तोष तिवारीज्यू.बाट सहयोग वापत प्राप्त भएको । वहाँले वएब साईड अपडेट लगायत सम्पूर्ण डि. एल. ए. का गतिविधी कार्यक्रम पोष्ट गर्ने जिम्मेवारी समेत लिई सहयोग गर्नु भएको । | रु १८,००० ।- |
| १७. | डि. एल. ए. नेपालको अध्यक्ष ब.अ.योगेन्द्र बहादुर अधिकारी ज्यू.बाट आ.ब.०७५/०७६ देखि ०७६/०७७ र ०७७/०७८ को घर बहाल कर स्थानीय निकायमा बुझाउन सहयोग वापत प्राप्त भएको । | रु ६३,०००।- |
| १८. | आ.ब.०७६/०७७, ०७७/०७८ र ०७८/०७९ सम्मको दैनिक संस्थाको गतिविधी कार्यक्रम लगायतका भैपरी आउने खर्च( सम्मान पत्र, मसलन्द, मिठाई, खादा-माला एवं अतिथी सत्कार समेतमा डि.एल.ए.महा-सचिव लक्ष्मी रावल(दाहाल) ज्यू.बाट सहयोग वापत प्राप्त भएको रकमबाट खर्च भएको रकम । | रु १,००,०००।- |
| १९. | कोबिड-१९ को महामारीमा औषधीहरु (सेनिटाइजर, माक्स, पि.पी., ग्लब्स, सुरक्षाका समाग्रीहरु लगायतका सर-सामान उपकरणहरु काठमाण्डौं जिल्ला किर्तिपुर नगरपालिका लगायतका नेपाल राज्यभित्र अग्रपक्तिमा रहेर काम गर्ने सुरक्षा कर्मी, गर्ने डि. एल. ए. नेपालको निर्णय बमोजिम डि.एल.ए.महा-सचिव लक्ष्मी रावल(दाहाल) ज्यू.बाट सहयोग वापत प्राप्त भएको रकमबाट खर्च भएको । | रु १,०५०००।- |
| | सहयोग वापत प्राप्त भएको आय र ब्ययको जम्मा रकम | रु ६,३४,०००।- |

यसरी हामीलाई विभिन्न शिर्षकमा आ.ब.०७६/०७७, आ.ब.०७७/०७८ र आ. ब.०७८/०७९ सहयोग गर्नु हुने आदरणीय बरिष्ठ अधिबक्ता ज्यू, अधिबक्ता ज्यू, अभिबक्ता ज्यू. र अन्य सहोग दाता ब्यक्तिहरुमा हार्दिक कृतज्ञता एवं आभार प्रकट गर्दै निरन्तर सहयोगको

अपेक्षा राख्दछौं ।

डि.एल ए पुर्व अध्यक्ष बरिष्ठ अधिबक्ता उपेन्द्र केशरी न्यौपाने ज्यू.वाट मिति २०७८-० ९-२१ को मिब ल्भउर्बा को नाममा रु.३०,०००।- (तिस हजार) को चेक दिई सहयोग गर्नु भएकोमा वहाँलाई संस्थाको कोषाध्यक्ष र बर्तमान डि.एल ए कार्यसमितीका तर्फवाट कृतज्ञता ज्ञापन गर्दछु ।

नेपाल डेमोक्र्याटिक लर्यस एशोसिएसनको विधान, २०४७(तेश्रो संशोधन-२०६८ सहित) को धारा ४४ ले दिएको अधिकार प्रयोग गरी डि.एल.ए.नेपालको साधारण सदस्यहरु विधान बमोजिम आजीवन सदस्य वितरण गरी आजीवन सदस्यज्यूहरुबाट प्राप्त भएको उक्त रकमको सञ्चालन नेपाल डेमोक्र्याटिक लर्यस एशोसिएसन ९मिबल्भउबा०को आजीवन सदस्य खाता सञ्चालन निर्देशिका, २०७० जारी गरि तत्कालीन डि.एल.ए.नेपालका अध्यक्ष बरिष्ठ अधिबक्ता यदुनाथ खनाल-१, बरिष्ठ अधिबक्ता बाबुराम कुवँर-१ र बरिष्ठ अधिबक्ता शेर बहादुर के.सी.-१ समेत ३ जनाको संयुक्त हस्ताक्षरबाट सञ्चालीत कृषि विकास बैंक रामशाह पथ काठमाण्डौंमा नेपाल डेमोक्र्याटिक लर्यस एशोसिएसनका नाममा अक्षय कोषको खाता नम्बर ०१००२००५२१००८०२० रहेकोमा हाम्रो कार्यसमीतीले पदभार ग्रहण गर्दा उक्त खाता उपलब्ध नगराईएकोमा डि.एल.ए पर्सा शाखाको आयोजनामा आयोजित कार्यक्रममा मिति २०७९।११।१३ गतेका दिन बरिष्ठ अधिबक्ता यदुनाथ खनालज्यूले सार्वजनिक गर्नु भएकोले थाहा हुन आएकोले उक्त खाताको सम्बन्धमा कृषि विकास बैंक लिमिटेडबाट मिति २०८०/०२/१६ गते प्राप्त गरेको स्टेटमेण्टबाट निम्न बमोजिम बैंक मौज्दात रहेको छ ।

| सि.नं. | बित्तीय संस्था | खाता नम्बर | जम्मा रकम |
|---|---|---|---|
| १. | **अक्षय कोष खातामा : -**कृषि विकास बैंक लिमिटेड कर्पोरेट बैंकिङ्ग कार्यालय रामशाह पथ, काठमाण्डौंमा डि. एल. ए.नेपालको नाममा आजीवन सदस्यहरुबाट प्राप्त भएको साँवा रकम । | ०१००२००५२१००८०२० | ११,००,०००।०० |
| २. | **चल्ती खाता :-** कृषि विकास बैंक लिमिटेड कर्पोरेट बैंकिङ्ग कार्यालय रामशाह पथ, चल्ती खाता काठमाण्डौंमा डि. एल. ए. नेपाल को नाममा आजीवन सदस्यहरुबाट प्राप्त भएको साँवा रकमबाट मिति २०८०/०२/१६ गते सम्म प्राप्त भएको ब्याज रकम । | ०१००२००५२१००८०१२ | ७,४१,२००।८९ |

माथी उल्लेखित खातामा मौज्दात रहेको रकम नेपाल डेमोक्र्याटिक लर्यस एशोसिएसनको नाममा सुरक्षित अक्षयकोष मौज्दात रहेको ब्यहोरा जानकारी गराउन चाहन्छु ।

# नेपाल डेमोक्र्याटिक लयर्स एशोसिएसन

थापाथली, काठमाण्डौं ।

## अनुसूची-१

| क्र.सं. | नेपाल डेमोक्र्याटिक लर्यस एसोसिएसनको सचिवालयमा रहेको जिन्सी सर-सामान एवं उपकरणहरुको विवरण | संख्या |
|---|---|---|
| १. | नयाँ सोफासेट(ऱ्याक्जिनको)एक सेट | ३ |
| २. | घुम्ने कुर्सी २ थान | २ |
| ३. | अफिस टेबल २ थान | २ |
| ४. | सानो आकारको कुर्सी फलामको ४ थान | ४ |
| ५. | खैरो कभर भएको फलामको कुर्सी ७ थान | ७ |
| ६. | पोज्ड्रेज अफिस दराज सानो १ थान | १ |
| ७. | टेलिफोन सेट २ थान | २ |
| ८. | डस्टविन १ थान | १ |
| क्र.सं. | नेपाल डेमोक्र्याटिक लर्यस एसोसिएसनको सचिवालयमा रहेको जिन्सी (जिन्सी सर-सामान एवं उपकरणहरुको विवरण | संख्या |
| १. | पुरानो सोफा सेट १ सेट | १ |
| २. | कम्प्युटर टेबल(पुरानो कार्यसमितबाट प्राप्त भएको) १ थान | १ |
| ३. | कम्प्युटर कुर्सी (पुरानो कार्यसमितबाट प्राप्त भएको) १ थान | १ |
| ४. | पानीको डिस्पेनसर १ थान | १ |
| ५. | सामसुङ्ग कम्प्युटर १ थान | १ |
| ६. | ब्रदरको प्रिन्टर १ थान | १ |
| ७. | स्टीलको दराज ऱ्याक भएको पोज्ड्रेजको खुल्ला १ थान | १ |
| ८. | अफिस टेवल १ थान | १ |
| ९. | टि-टेवल १ थान | १ |
| १०. | स्पीकर माइक | १ |
| ११. | चिया खाने अफिस कप | १७ |
| १२ | खाजा खाने प्लेट ६ थान | ६ |
| १३ | इलेक्ट्रीक चियाको कित्ली १ थान | १ |

| क्र.सं. | नेपाल डेमोक्र्याटिक लर्यस एसोसिएसनको हलमा रहेको जिन्सी , जिन्सी सर-सामान एवं उपकरणहरुको विवरण | संख्या |
|---|---|---|
| १. | कठको अफिस टेवल २ थान | २ |
| २. | कोडिम् १ थान | १ |
| ३. | फलामको कुर्सी ११ थान | ११ |
| ४. | फलामको खुट्टा भएको पलाष्टिक कुर्सी कलर हरियो भएको | ९ |
| ५. | सोफा एक सेट १ | १ |
| ६. | प्लाष्टिकको कुर्सी ५० पिस | ५० |
| ७. | हलमा लगाएको पर्दा | ५ |
| ८. | सिसाको टेवल १ वटा | १ |
| ९. | नेपाल डेमोक्र्याटिक लर्यस एसोसिएसनका पूर्व अध्यक्षज्यू.हरुको फ्रेम सहितको तस्वीर १२ थान | १२ |
| १०. | प्रोजेक्टर १ | १ |

अन्त्यमा, पुन एकपटक नेपाल डेमोक्र्याटिक लर्यस एशोसिएसनको म कोषाध्यक्ष भए पश्चात भए गरेका विभिन्न रचनात्मक कार्यक्रमहरुमा सहयोग गर्नु हुने आदरणीय बरिष्ठ अधिबक्ता, अधिबक्ता, अभिबक्ता, संघ, संस्था र ब्यक्तिहरुमा हार्दिक कृतज्ञता एवं आभार प्रकट गर्दै निरन्तर सहयोगको अपेक्षा राख्दछु ।

नेपाल डेमोक्र्याटिक लर्यस एशोसिएसनको केन्द्रीय कार्य समितिबाट आ-आफ्नो तर्फबाट अतुलनिय सहयोग, सद्भाव र सहकार्यका लागी अतुलनीय सहयोग पुर्‍याउनु हुने कार्यसमतिका पदाधिकारी एवं सदस्यज्यूहरु तथा नेपाल डेमोक्र्याटिक लर्यस एशोसिएसनमा आबद्ध सम्पूर्ण आदरणीय बरिष्ठ अधिबक्ता, अधिबक्ता, अभिबक्ताज्यूहरु र कर्मचारीहरुमा हार्दिक धन्यबाद दिदै आजको यस गरिमामय ११.औं महाधिबेशन सभा समक्ष प्रस्तुत गरेको यो आर्थिक प्रतिवेदन माथि छलफल गरी पारित गरि दिनु हुन हार्दिक विनम्रताका साथ सादर अनुरोध गर्दछु । धन्यबाद

॥ समाप्त ॥

**सुधा खतिवडा**
कोषाध्यक्ष

# J.PANDIT & ACCOCIATES

**Registered Auditors**
Licenase No – 2045 B
PAN No - 601136098

Kathmandu, Nepal

Phone No. 0977-9841290304
9841387384

***INDEPENDENT AUDITOR'S REPORT TO THE***
***BOARD MEMBERS***
***OF NEPAL DEMOCRATIC LAWYERS ASSOCIATION***

We have audited the accompanying Balance Sheet of **M/s NEPAL DEMOCRATIC LAWYERS ASSOCIATION, Kathmandu, Nepal** as of Ashadh 31st, 2076,(16th July 2019) Income Statement, Cash Flows Statement for the year then ended. These financial statements are the responsibility of the management of the Company. Our responsibility is to express an opinion on these financial statements based on our audit.

We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement. An audit includes examining on a test basis, evidence supporting the amounts and disclosures in the financial statements. An audit also includes assessing the accounting principles used and significant estimates made by the management as well as evaluating the overall financial statement presentation. We believe that our audit provides a reasonable basis for our opinion.

On the basis of our examination, we would like to report that:

- We have obtained all the information and the explanations, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit.
- In our opinion, proper books of accounts as required by law have been kept by the company in so far as it appears from my examination of those books of accounts.
- The balance sheet and the Income Statement and the cash flow statement dealt with by this report are in agreement with the books of accounts maintained by the company.
- In our opinion, the financial statements give a true and fair view of the financial position of the company as of 31st. Ashadh 2076 (16th July 2019).

**Place: Kathmandu**
**Date:-** 2076/08/02

................................
**Janardan Pandit**
**For J.Pandit & Associates**
**Registered Auditors**

J. PANDIT & ASSOCIATES REGISTERED AUDITORS Kathmandu

## NEPAL DEMOCRATIC LAWYERS ASSOCIATION

Kathmandu, Nepal

BALANCE SHEET

AS at 31 Ashadh 2076

| Particulars | Sch | This Year | Last Year |
|---|---|---|---|
| **Capital & Liabilities** | | | |
| Accimulated Fund | 1 | 155,062.07 | 155,170.35 |
| **Total Fund (A)** | | **155,062.07** | **155,170.35** |
| **Assets** | | | |
| Fixed Assets | 2 | 279,979.50 | |
| **Current Assets** | | | |
| Advance, Deposit & Receivable | 4 | | |
| Bank & Cash Balance | 5 | 1,336,189.03 | 235,170.35 |
| **Total Current Assets** | | **1,616,168.53** | **235,170.35** |
| Less: Current Liabilities | | | |
| Bill Payable | 3 | 1,461,106.46 | 80,000.00 |
| **Net Current Assets** | | **155,062.07** | **155,170.35** |
| **TotaL** | | **155,062.07** | **155,170.35** |

Nepal Democratic Lawyer's Association Estd. 1990 DLA-Nepal

Treasure Secretary General President Reg. Auditor

J. PANDIT & ASSOCIATES REGISTERED AUDITORS Kathmandu

# NEPAL DEMOCRATIC LAWYERS ASSOCIATION

Kathmandu, Nepal

Fund Accountability Statement

